# *परिच्छेद - एक*

# शोध अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

लोकतन्त्र भन्नाले अंग्रेजी भाषाको Democracy शब्दको नेपाली रुपान्तरणलाई जनाउँदछ । अर्को शब्दमा लोकतन्त्रलाई जनतन्त्र, प्रजातन्त्र, गणतन्त्र पनि भनिन्छ । सामान्य अर्थमा जनाताबाट निर्वाचित, जनताप्रति उत्तरदायी जनप्रतिनिधिहरुद्वारा सञ्चालन हुने शासन व्यवस्थालाई लोकतन्त्रको रुपमा लिइन्छ । लोकतान्त्रिक शासन व्यवस्था कानुनी शासनमा निर्भर रहन्छ । कानुनी शासन भनेको राज्यका प्रमुख संरचना र जनताको त्यससँग सम्बन्ध तथा मानवअधिकारको व्यवस्था भएको संविधानद्वारा गरिने शासन हो । यस्तो संविधान आयोग समिति वा कुनै राष्ट्र प्रमुखद्वारा बनाई लागू गर्ने प्रचलन पाइन्छ । संविधान निर्माणको लोकतन्त्रमा उत्कृष्ट पक्ष भनेको जनताद्वारा संविधानसभाबाट नै संविधानको निर्माण गरी लागू गर्नु हो । निर्वाचित लोकतान्त्रिक पद्धतिको अवधारणासँगै "लोकप्रिय राज्यको आधार तयार पार्न र शासन व्यवस्था जनइच्छा अनुकूल र उत्तरदायीपूर्ण रहोस भन्ने अभिप्रायले राज्य व्यवस्थाको ऐनाको रुपमा रहेको संविधान निर्माण पनि जनताकै प्रतिनिधि मार्फत गरिनु पर्छ भन्ने मान्यताका आधारमा संविधान निर्माण गर्ने सबैभन्दा लोकतान्त्रिक पद्धतिको रुपमा संविधानसभालाई लिइन्छ (बराल, २०६३ : १२) । जनइच्छाको माग र अभ्यासलाई संस्थागत र संग्रहीकरण गर्ने प्रकृयामा ब्यापकरुपमा प्रत्यक्षत जनता स्वयंको सहभागिता र रोजाइले प्राथमिकता पाउनु पर्छ" (बराल, २०६३ : १३) ।

यो सैद्धान्तिक मान्यतासँगै आधुनिक नेपालको सन्दर्भमा २००७ सालमा तत्कालीन नेपाली काँग्रेसले संविधानसभाको प्रसंग उठाएको थियो तर त्यो व्यवहारिक रुपमा सम्बोधन हुन सकेन । २००७ मा उठेको संविधानसभाको माग पूरा हुन नपाउँदै २०१५ सालमा तत्कालीन राजा महेन्द्रले २०१७ मा दलविहीन पञ्चायती ब्यवस्था लागू गरी २०१९ मा नेपालको संविधान २०१९ जारी गरे । बहुदलीय प्रजातन्त्रको स्थापना र पञ्चायती व्यवस्था अन्त्यका लागि संघर्ष भइरहँदा २०४६ चैत २४ गतेका दिन ३० वर्षे पञ्चायती ब्यवस्था अन्त्य भई प्रजातन्त्र प्राप्तिको सफलता हात लागेको थियो । २०४६ को जनआन्दोलनको उपलब्धीलाई

संस्थागत गर्ने सन्दर्भमा गठित संविधान मस्यौदा आयोगबाट नेपाल अधिराज्यको संविधान २०४७ तर्जुमा भई जारी गरियो । प्रारम्भमा विश्वको उत्कृष्ट र प्रजातान्त्रिक संविधानको रुपमा केही विश्लेषकहरुले यसको प्रचारवाजी गरे तर पनि निर्माण भएको ५ वर्षको अवधिमै राष्ट्रियता र जनजिविकाका सवाललाई सम्बोधन गर्न नसकेकोले संविधानसभाबाटै पुन संविधान निर्माण गरिनु पर्छ भन्ने मागसहित २०५२ फागुन १ गतेदेखि ने.क.पा.माओवादीको नाउँबाट जनयुद्ध प्रारम्भ भयो । हत्या, हिंसा, अपहरण र भौतिक संरचनाको विनाश गर्दै जनयुद्ध उत्कर्षमा पुग्यो । संसदवादी दलहरु प्रतिनिधिसभा र सरकार गठन विघटनको खेलमा रहँदै गर्दा तत्कालीन राजा ज्ञानेन्द्रले जननिर्वाचित सरकार भङ्ग गरी शासन सत्ताको कार्यकारी अधिकार समेत २०५९ असोज १८ को शाही घोषणाबाट आफ्नो नियन्त्रणमा लिए । राजाको सो कदमबाट संसदवादी ७ दल र तत्कालीन विद्रोही ने.क.पा. माओवादीबीच जनयुद्ध स्थगन गर्दै संयुक्त संसद, अन्तरिम सरकार गठन गरी संविधानसभाको निर्वाचनमार्फत राज्यको पुनर्संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गर्ने उद्देश्यका साथ १२ बुँदे समझदारी भयो । सो १२ बुँदे समझदारी वमोजिम २०६२ चैत्र २१ गतेदेखि दोस्रो जनआन्दोलन प्रारम्भ भयो । १९ दिनसम्मको निरन्तरको जनआन्दोलनको बलमा २०६३ बैशाख १० को राजाको घोषणाले विघटित प्रतिनिधिसभा पुनर्स्थापित भयो ।

विघटित प्रतिनिधिसभा पुनर्स्थापना भएपछि तत्कालीन विद्रोही ने.क.पा.माओवादी र संसदवादी दलसहितको अन्तरिम संसद, अन्तरिम सरकार गठन गरी संविधानसभाको निर्वाचनमार्फत राज्यको अग्रगामी पुनर्संरचनासहित लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान निर्माण गर्ने ७ दल र माओवादीबीच सहमति समझदारी बमोजिम नेपालको अन्तरिम संविधान २०६३ जारी गरियो । २०६४ चैत्र २८ गते संविधानसभाको लागि निर्वाचन सम्पन्न भयो । संविधानसभाको कार्यकाल २०६५ जेठ १५ देखि २ वर्षको लागि हुने भन्ने संवैधानिक ब्यवस्था भएतापनि सो अवधिबीच संविधानसभाबाट संविधान निर्माण कार्य सम्पन्न नभएकाले पटक-पटक गरी संविधानसभाको कार्यकाल २ वर्ष थप गरी संविधानमा संशोधन गरी संविधानसभाको कार्यकाल ४ वर्ष बनाउँदा पनि संविधानसभाबाट संविधान निर्माण नहुँदै २०६९ जेठ १४ गते संविधानसभा विघटन हुन पुग्यो । नयाँ संविधान बनाउन संविधानसभा नै आवश्यक पर्ने भएकोले पुनः दोश्रोपटक २०७० मंसिर ४ मा संविधानसभाको निर्वाचन भएको छ ।

उपरोक्त घटनाक्रमबीच नेपालबाट २४० वर्षीय शाहवंशीय राजतन्त्रात्मक शासन व्यवस्था अन्त्य भई नेपाल धर्म निरपेक्ष, बहुजातीय, बहुभाषिक, लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र घोषित भएको पाइन्छ । तथापि संविधानसभाबाट संविधान निर्माण नहुँदा सविधान निर्माण र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत रुप दिने अन्तिम कार्य बाँकी नै रहँदा नेपाली जनताले लोकतन्त्र प्राप्तिका लागि गरेको संघर्षको औचित्यमाथि प्रश्न उठ्न थाल्यो । जब संविधानसभा विघटन भयो तब राज्यको व्यवस्थापिकीय र कार्यपालिकीय काम कर्तव्य अधिकार र सिमामा संवैधानिक एवं राजनीतिक गतिरोध उत्पन्न भई राजनीतिक दलबीच एकअर्काको नेतृत्व स्वीकार्ने विषयमा अविश्वास चुलियो । अन्तत : लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न राजनीतिक संक्रमणको व्यवस्थापनको लागि पुनः दोस्रो संविधानसभाको निर्वाचन गरी संविधान निर्माण गर्नुको विकल्प छैन भन्ने ठूला ४ राजनीतिक शक्ति ठम्याईका साथ स्वतन्त्र व्यक्तिको अध्यक्षतामा चुनावी मन्त्रिपरिषद गठन गरी सो सरकारले संविधानसभाको दोस्रो निर्वाचन गराउँदै राजनीतिक एवंम संवैधानिक गतिरोध फुकाउनमा सहमत भएपछि ४ दलीय शीर्ष नेतृत्वको बैठकको सिफारिसबमोजिम राष्ट्रपतिद्वारा संविधानको २५ वटा भागमा संशोधन गरी सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीलाई चुनावी मन्त्रिपरिषदको अध्यक्षमा नियुक्त गरियो । संसद नभएको बखत ४ दलले मात्र संविधानमा जथाभावी संशोधन गरी संविधानको मूल मर्म छेदन गरी गैरदलीय सरकार गठन गरेको असंवैधानिक कदम सच्चयाई सर्वदलीय गोलमेच सम्मेलनमार्फत निकास लिनुपर्छ भनी एकातर्फ वैद्य नेतृत्वको ने.क.पा माओवादी लगायत ३३ राजनीतिक दलले निर्वाचनको सशक्त बहिष्कार गर्ने निर्णय साथ विभिन्न बाधा अवरोध पुऱ्यायो भने अर्कोतर्फ संविधान संशोधन गरेको नाउँमा वहालवाला न्यायपालिका प्रमुख र कार्यपालिका प्रमुख एकै व्यक्तिलाई दिनु शक्ति पृथकीकरण एवं नियन्त्रण सन्तुलनको सिद्धान्त विपरीत भएको भनी नेपाल वार एशोसिएसन लगायत नागरिक समाजले यसको आलोचना गरिरहे । त्यतिका चुनौती र जटीलताका बीच २०७० मंसिर ४ मा संविधानसभा निर्वाचन सम्पन्न भई २४० सिटका लागि प्रत्यक्ष निर्वाचन प्रणालीबाट र ३३५ समानुपातिक प्रणालीबाट निर्वाचित भइ गए पनि निर्वाचन भएको करिब ५ महिनासम्म पनि मन्त्रीपपरिषदबाट संविधानसभाका लागि २६ सदस्य मनोनीत हुने कुनै लक्षण देखिएको छैन । अर्कोतर्फ २०६४ को निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा फरक जनमत देखा

परेको र यो निर्वाचनलाई ठूला साना गरी ३३ दलले बहिष्कार गरेको हुँदा संविधान निर्माण र शान्ति प्रक्रियालाई पूर्णरुपमा निष्कर्षमा पुऱ्याउने कार्यमा झनै जटिलता थपिएको छ ।

यसरी विश्व राजनीतिक इतिहासको युगमा १ पटक हुने संविधानसभाको निर्वाचन नेपालको सन्दर्भमा २००७ सालदेखि उठान भएर पनि करिब ५७ वर्षपछि २०६४ मा सम्पन्न हुनु, त्यो पनि संविधान निर्माण नहुँदै विघटन भई पुनः दोस्रो पटक संविधानसभाको निर्वाचन गर्नुपरेको सन्दर्भमा नेपालमा विभिन्न कालखण्डमा भएका राजनीतिक संघर्षबाट प्राप्त लोकतान्त्रिक उपलब्धि किन संस्थागत हुन सकेन ? संविधानसभा निर्वाचन के कस्तो पद्धतिबाट सम्पन्न गरिए ? भन्ने सम्बन्धमा हालसम्म संगठित ठोस अनुसन्धान हुन नसकेको हुँदा तत्सम्वन्धमा बस्तुगत एवम् संहिताबद्ध तुलनात्मक खोज र अनुसन्धान गरिने उद्देश्यका साथ यो अनुसन्धान गरिएको छ ।

## १.२ समस्या कथन

आमनागरिकको सहभागितामा जनताबाट निर्वाचित जनप्रतिनिधिमार्फत जनअपेक्षाअनुरुप नीति तर्जुमा गरी शासन व्यवस्था सञ्चालन गर्ने पद्दति लोकतन्त्र (Democracy) हो । लोकमतको सर्वोच्चता, लोकमतमा आधारित शासन व्यवस्था, बहुदलीय प्रतिष्पर्धा, नागरिकको मौलिक हक तथा नागरिकको आर्थिक, राजनीतिक, सामाजिक अधिकार र स्वतन्त्रताको प्रत्याभूति, आलोचनाको अधिकार, स्वस्थ र निष्पक्ष निर्वाचनमार्फत जनप्रतिनिधि चयनको व्यवस्था, राजनीतिक चेतनाको विकासको पर्याप्त अवसर, स्वतन्त्र निष्पक्ष र सक्षम न्यायप्रणाली, जनउत्तरदायी सरकारको निर्माण जस्ता सकारात्मक गुण र तत्व लोकतान्त्रिक व्यवस्थाका आधारशीला हुन् । उपरोक्त प्रावधानहरुको सुनिश्चित प्रत्याभूति भएकै कारण आधुनिक विश्व राजनीतिमा प्रचलित विभिन्न शासन प्रणालीमध्ये लोकतान्त्रिक शासन प्रणाली विश्वको सर्वोत्कृष्ट र लोकप्रिय शासन प्रणालीको रुपमा स्थापित र विकसित हुँदै आएको छ ।

लोकतान्त्रिक शासन पद्धतिको विकास एवम् सुदृढीकरण तबमात्र सम्भव हुन्छ, जब जनअपेक्षाअनुरुप नीति तर्जुमा गरी शासन व्यवस्था सञ्चालन गर्ने प्रयोजनका लागि व्यापक जनसहभागिताका आधारमा स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचनका माध्यमबाट जनप्रतिनिधि

चयन गरी राज्यको शासन व्यवस्था सञ्चालन हुन्छ । यदि शासकले जनहित र जनअपेक्षा विपरीत काम गरेमा त्यस्तो शासकलाई अपदस्थ गरी सोको सट्टामा जनइच्छाबमोजिम शासन गर्ने जनप्रतिनिधि चयन गर्ने सर्वसम्मत र लोकप्रिय माध्यम लोकसहभागितामा सम्पन्न हुने निर्वाचनमात्र हो । त्यसैले निर्वाचनलाई लोकतन्त्रको प्राण भन्ने गरिन्छ । लोकतन्त्रभित्र निर्वाचनको प्रयोग मुख्यरुपमा दुई अवस्थामा महत्वपूर्ण मानिन्छ । प्रथमत : जनआन्दोलन, विद्रोह वा क्रान्तिमार्फत प्राप्त लोकतान्त्रिक उपलब्धिलाई सार्थक तुल्याउन आवश्यक हुने राज्यको सम्पूर्ण शासन व्यवस्था सञ्चालन गर्ने प्रमुख दस्तावेजको रुपमा रहने संविधान निर्माणमा राज्यका हरेक जातजाती, लिङ्ग, धर्म सम्प्रदायका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित हुने गरी व्यापक जनसहभागितामा निर्वाचन गरी निर्वाचित जनप्रतिनिधिमार्फत जन अपेक्षाअनुरुप संविधान निर्माण गर्न र दोस्रो, जनअपेक्षाअनुकूल शासन सञ्चालनगर्न आवधिक रुपमा निर्वाचन गरी जनप्रतिनिधि चयन गर्न ।

नेपालको सन्दर्भमा जहाँनीया निरंकुश राणा शासनको अन्त्य र प्रजातन्त्रको प्राप्तिको पक्षमा तत्कालीन राजनीतिक दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीको अगुवाईमा भएको क्रान्तिबाट १०४ वर्षे पारिवारिक राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापना भएको थियो । प्रजातन्त्र स्थापनाको २००७ को घोषणामार्फत राजा त्रिभुवनले देशको शासन व्यवस्था अब उप्रान्त जनताबाट निर्वाचित प्रतिनिधिहरुको सभाले तर्जुमा गरेको विधान बमोजिम संचालन हुने भनी संविधान सभाको निर्वाचनको प्रतिबद्धता गरेका थिए । उनीपछिका उत्तराधिकारी राख्दा महेन्द्र संविानसभाका विपक्षमा रहेकोले २०१५ सालमा आफैले संविधान प्रधान गरी संसदका लागि निार्वचन गराए । तत्कालीन राजनीतिक नेतृत्वको सत्ताकेन्द्रित अन्तरद्वन्द्व र दरबारसँगको सम्झौतावादी प्रवृत्ति र प्रत्यक्ष शासनको महत्वकांक्षा राखेका राजा महेन्द्रको कुटिलताका कारण संविधानसभामात्रै नभै संसदीय प्रजातन्त्रसमेत तुहिन पुग्यो । फलस्वरुप राजा महेन्द्रले नेपालमा २०१७ पौष १ गते जननिर्वाचित सरकारलाई अपदस्थ गरी शासकीय शक्ति आफ्नो कब्जामा लिई पौष २२ गते निर्दलीय पंचायती व्यवस्था लागु भएको घोषण गरे । त्यसपछि ३ दशकभन्दा बढी समयसम्म ओझेलमा परेको संविधान सभा निर्वाचनको माग दोहोर्‍याउदै तत्कालीन ने.क.पा माओवादीद्वारा २०५२ फागुन १ देखि जनयुद्धको घोषणा भयो ।

१० वर्षे सशस्त्र जनयुद्धको जगमा भएको २०६२/२०६३ को १९ दिने जनआन्दोलनको परिणामस्वरुप नेपाल धर्म निरपेक्ष, बहुजाती, बहुभाषी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र घोषित भई मिश्रित निर्वाचन प्रणाली (प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ २४० र राज्यभित्रका सम्पूर्ण वर्ग, क्षेत्र, लिङ्ग, महिला र अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी दलीय समानुपातिक प्रणालीबाट ३३५ सदस्य निर्वाचित हुने गरी) को आधारमा नेपालको इतिहासमा प्रथम पटक २०६४ चैत्र २८ गते संविधानसभा निर्वाचन सम्पन्न भयो । तर दुर्भाग्यवश सो संविधानसभाले संविधान निर्माण नगरी यसको विघटन हुन पुग्यो । अन्ततः लोकतान्त्रिक शासन प्रणालीको संस्थागत विकास एवं सुदृढीकरणका लागि संविधानसभामार्फत संविधान निर्माण गर्ने बाहेकको अर्को विकल्प नहुँदा पुनः २०७० मंसिर ४ गते दोस्रो पटक संविधानसभाको निर्वाचन भई पुनः ५७५ सदस्यीय संविधानसभा गठन भएको छ । पहिलो पटक संविधानसभाको निर्वाचन ४ वर्षको कार्यकाल व्यतित हुँदा पनि संविधान बन्न नसक्नु यो जटिल समस्या रहेको छ ।

त्यसैले नेपालको लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणका लागि इतिहासको विभिन्न कालखण्डमा संविधानसभा निर्वाचनको माग उठिरहेको भए पनि करिब ६ दशकपछिको अवधिमा पहिलो पटक २०६४ चैत २८ र दोश्रो पटक २०७० मंसिर ४ मा मात्र मिश्रित निर्वाचन प्रणलीवाट संविधानसभाको निर्वाचन सम्पन्न भएको छ । अघिल्लो संविधानसभा संविधान निर्माण नगर्दै विघटन भएकोले र पछिल्लो पटकको निर्वाचनमार्फत गठित संविधानसभाले आमनेपालीको अपनत्व साझा स्वामित्व महसुस हुने लोकतान्त्रिक संविधान निर्माण हुने अपेक्षा गर्न सकिन्छ । यतिको महत्वको विषय समावेश भएको प्रस्तुत शोध अध्ययनमा शोधअध्ययनकर्ताले निम्न विषयलाई समस्या कथनका रुपमा लिएको छ ।

(१) नेपालमा लोकतन्त्र र निर्वाचनको इतिहास के कस्तो रहेको छ ?
(२) विगतदेखि संविधानसभाका लागि के कस्ता मागहरु उठदै आएका थिए ?
(३) संविधानसभा निर्वाचन २०६४ र २०७० मा के कसरी सम्पन्न भए ? र यी निर्वाचनका प्रवृत्तीहरु र परिणामहरु के कस्ता रहे ?
(४) संविधानसभा निर्वाचन २०६४ र २०७० मा दलीय, जातीय, लैंगिक प्रतिनिधित्व के कस्तो रहे भएको छ ?

## १.३ अध्ययनको उद्देश्य

नेपालमा भएको लोकतन्त्र र निर्वाचनसम्बन्धी इतिहासको समीक्षा गर्दै संविधानसभा निर्वाचनमा राजनीति पक्षबारे प्रकाश पार्नु प्रस्तुत शोधपत्रको सम्भाव्य उद्देश्य रहेको छ । त्यसको अतिरिक्त यस शोध अध्ययनको निम्न लिखित विशेष उद्देश्यहरु रहेका छन् ।

(१) नेपालमा संविधानसभाको लागि भए गरेका संघर्ष एवं मागको बारे खोजी गर्ने ।

(२) संविधानसभा निर्वाचन २०६४ र २०७० का प्रवृत्तीहरु र परिणामहरुका बारेमा अध्ययन र विश्लेषण गर्ने ।

(३) संविधानसभा निर्वाचन २०६४ र २०७० का परिणामहरुलाई दलीय, लैंङ्गीक तथा जातीयताका आधारमा तुलनात्मक अध्ययन गर्ने ।

## १.४ अध्ययन विधि

प्रस्तुत शोधपत्रमा नेपालमा लोकतन्त्रका लागि भएको संघर्ष र संविधानसभाको निर्वाचन २०६४ र २०७० को परिणामको स्थितिको बारेमा विश्लेषण र तुलना गरिएकोले प्रस्तुत शोध अध्ययन सम्बन्धित विषयको विवरणात्मक, विश्लेषणात्मक र तुलनात्मक ढाँचामा तयार पारिएको छ । यस शोधपत्रका लागि आवश्यक तथ्यांकहरु द्वितीय श्रोतमा आधारित रहेको छ । त्यस्तै तथ्यांकको प्रकृति मात्रात्मक (Quantitative) र गुणात्मक (Qualitative) रहेको छ । सामान्यतया निर्वाचनका परिणामहरु मात्रात्मक लोकतन्त्र तथा संविधानसभासम्बन्धी घटनाक्रमहरुका तथ्यहरु गुणात्मकरुपमा रहेका छन् । यी तथ्यांङ्क तथा तथ्यहरुलाई सम्प्रेषण विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको द्वितीय श्रोतको रुपमा निर्वाचन आयोगबाट जारी भएका २०६४ र २०७० को संविधानसभा निर्वाचनसम्बन्धी व्यवस्था र सिद्धान्तका आधारहरु र निर्वाचन परिणामलाई लिइएको छ । साथै लोकतन्त्र प्राप्तिका लागि भएका संघर्ष र संविधानसभा निर्वाचनका विषयमा सम्वन्धित लेख रचना पुस्तक पत्र पत्रिका साथै आवश्यक र प्रासंगिक भनाइ एवं उद्दरणहरु यसमा समावेश गरिएको छ ।

## १.५ पूर्वसाहित्यको समीक्षा

नेपाली राजनीतिक सन्दर्भमा २०६२/०६३ को जनआन्दोलन एक अभूतपूर्व माध्यम बन्यो । जसले मूलतः ३ उल्लेख्य घटनाक्रम चरितार्थ गर्न सफल भयो । प्रथमतः राजनीतिक परिवर्तन हत्या हिंसा एवं हतियारको माध्यमबाट मात्र नभई शान्तिपूर्ण प्रक्रियाबाट पनि सम्भव छ भन्ने मान्यताका साथ १० बर्षे जनयूद्ध सुरु गरेको तत्कालीन विद्रोही ने.क.पा. माओवादीलाई हिंसात्मक मार्ग त्यागी शान्तिपूर्ण एवं संवैधानिकमार्गमा रुपान्तरण गऱ्यो । दोश्रोः नेपालबाट परम्परागतरुपमा सत्ताको नायकको रुपमा रहेको शाहवंशीय राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गराई नेपालमा गणतन्त्रको स्थापना गरायो र तेश्रो अबको नेपालको शासन व्यवस्था र राज्यको पुनर्संरचना जनताबाट निर्वाचित जनप्रतिनिधिहरुको सभा, संविधानसभाले बनाएको संविधानअनुरुप हुने निर्धारण गऱ्यो । फलतः २०६४ चैत्र २८ मा पहिलो र २०७० मंसिर ४ मा दोश्रो पटक संविधानसभाको लागि निर्वाचन सम्पन्न भयो । नेपालको राजनीतिक एवं संवैधानिक इतिहासको अभूतपूर्व घटनाका रुपमा रहेको संविधानसभाका बारेमा धेरै लेख रचना पुस्तकहरु पाइन्छन् । त्यस्ता साहित्यमध्ये केहीको समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

- डा. इन्द्रप्रसाद ढकालद्वारा लिखित "संविधानसभा, लोकतन्त्र समावेशीकरण र संघीय राज्य प्रणाली २०६४ नामक" पुस्तकमा नेपालको राजनीतिक सन्दर्भमा लोकतन्त्र र निर्वाचनको सम्बन्धमा सैद्धान्तिक पक्ष एवं दृष्टिकोण समावेश भएको पाइन्छ । तथापि सो पुस्तकमा संविधानसभाको बस्तुगत परिणाम उल्लेख हुन सकेको पाइँदैन ।
- अधिवक्ता खिमलाल देवकोटाद्वारा लिखित "संविधानसभा र राज्यको रुपान्तरण" नामक पुस्तकमा संविधानको परिभाषा, संविधानसभा र संविधान निर्माणका विधिका पक्षमा विश्वका केही राष्ट्रले अवलम्वन गरेका अभ्यासका सन्दर्भमा उल्लेख भएको पाइन्छ तर सो पुस्तकमा नेपालमा अभ्यास भएको संविधानसभा निर्वाचनका सकारात्मक तथा नकारात्मक पक्षहरुको विवेचना छैन ।
- त्रि.वि. पृथ्वीनारायण क्याम्पसअन्तर्गत राजनीतिशास्त्र विभागद्वारा प्रकाशित Journal of Political Science Volume-6 मा उमानाथ बरालद्वारा "जनआन्दोलन २ को सन्देश, संविधानसभा, समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचना" विषयक लेखमा नेपालमा लोकतन्त्र प्राप्तिका लागि भएका संघर्ष एवं राजनीतिक अभ्यासको

ऐतिहासिक चर्चा र नेपालमा संविधानसभा निर्वाचनको सैद्धान्तिक पक्षको विश्लेषण भएको पाइन्छ । तर नेपालमा २ पटकसम्म सम्पन्न भइसकेको संविधानसभा निर्वाचन र परिणामका सम्वन्धमा उल्लेख भएको पाइँएन । निर्वाचन पूर्वका अवस्थामा प्रकाशित लेखमा सैद्धान्तिक पक्ष बाहेकका विषय उल्लेख हुन सक्ने अवस्था पनि रहेन ।

- त्रि.वि. जनप्रिय क्याम्पस, प्राध्यापक संघद्वारा प्रकाशित जनप्राज्ञमञ्च २०६० वर्ष ४ अंक १ मा उमानाथ बरालद्वारा "नेपालमा निर्वाचन सम्वन्धी व्यवस्था" विषयमा लेख प्रकाशित भएको पाइन्छ । सो लेखमा लोकतन्त्रको परिभाषा, प्रतिनिधिमूलक प्रजातान्त्रिक व्यवस्था, प्रजातन्त्र र निर्वाचनबीचको सम्बन्ध, नेपालको राजनीतिक सन्दर्भमा अवलम्वन भएका निर्वाचन प्रणालीको समग्र चर्चा गर्दै संविधानसभा निर्वाचनमार्फत राजनीतिक परिवर्तनको निकास हुन सक्ने सैद्धान्तिक विश्लेषण गर्ने प्रयास भए पनि नेपालले अभ्यास गरिसकेको संविधानसभा निर्वाचन र ताजा परिणामसमेतको तथ्यांक पाइएन ।
- जिवनाथ ढकाल र हरिसिंह के.सी. द्वारा सम्पादित एवं सिरा नेपाल नामक गैह्रसरकारी संस्थाद्वारा प्रकाशित "ऐतिहासिक संविधानसभा निर्वाचन २०६४ संक्षिप्त अध्ययन २०६५" पुस्तकमा नेपालमा लागू भएका नेपाल सरकार वैधानिक कानून २००४ देखि नेपालको अन्तरिम संविधान २०६३ सम्मका ६ वटा संविधानको संक्षिप्त चर्चा र प्रथम पटक सम्पन्न संविधानसभा निर्वाचन २०६४ को निर्वाचन परिणामसम्म उल्लेख भएको पाइन्छ तर दोश्रो पटक सम्पन्न संविधानसभा निर्वाचनको परिकल्पनासम्म उल्लेख भएको छैन । २०६५ मा प्रकाशित पुस्तकले २०७० को निर्वाचनको पूर्वानुमान गर्ने अवस्था नै रहेन ।
- उपरोक्त साहित्यहरुको समसामयिक राजनीतिक अवस्था र घटना क्रमबीच आ-आफ्नै विशेष महत्व रहेको छ । प्रस्तुत शोध अनुसन्धानमा संविधानसभा निर्वाचन परिणाम २०६४ र २०७० को दलीय जातीय लिङ्गीय परिणामको हालसम्म कुनै तुलनात्मक अध्ययन भएको नपाइएकोले प्रस्तुत अध्ययन एक महत्वपूर्ण एवं मौलिक शोध अध्ययनको रुपमा रहेको छ ।

## १.६ अध्ययनको सिमा

प्रस्तुत शोध अध्ययनमा नेपालको प्रजातान्त्रिक एवम् लोकतान्त्रिक इतिहासको साथै विभिन्न निर्वाचनको बारेमा सामान्य चर्चा गरिएको छ । यससम्बन्धी सूक्ष्म र गहन अध्ययनको प्रयास गरिएको छ । यस अलावा प्रस्तुत शोधपत्रको अध्ययन निम्न कुरामा मात्रै सिमित रहेको छ ।

१) नेपालको लोकतन्त्रमा संविधानसभाको लागि भएको संघर्षको इतिहास ।

२) संविधानसभा निर्वाचन २०६४ र २०७० का राजनीतिक गतिविधिहरु र प्रवृत्तीहरु ।

३) संविधानसभा निर्वाचन २०६४ र २०७० का परिणामहरु एवं तीनको तुलनात्मक अध्ययन ।

## १.७ अध्ययनको महत्व

“आधुनिक विश्वमा लोकतन्त्र चर्चित र लोकप्रिय शव्द बन्न पुगेको छ । सामान्यतः शासनमा जनताको पहुँच, शासक जनताप्रति उत्तरदायी र जनाधिकारको सुरक्षण आदि सिद्वान्त र यसको व्यवहारिक प्रयोगको कारणले नै यसको सार्थकता स्थापित हुन पुगेको छ” (बराल, २०६०:५४) । राज्यको स्वरुप संरचना, जनसंख्या समानताको अनुकूल नागरिकहरुले राजनीतिक दल खोलेर, सभा जुलुसमा सहभागी भएर उम्मेदवार बनेर, मतदान गरेर, शासकसँग माग समर्थन गरेर प्रतिनिधिमूलक लोकतन्त्रलाई सक्रिय तुल्याई जीवन्तता दिँदै आएको हुन्छ ।

प्रतिनिधिमूलक लोकतान्त्रिक राज्य व्यवस्थामा राज्यका सवै जातजाति वर्ण लिङ्ग समुदाय अल्पसंख्यकलगायत विशाल जनसहभागितामार्फत हुने स्वच्छ स्वस्थ तटस्थ र निष्पक्ष राजनीतिक प्रतिष्पर्धाका आधारमा जननिर्वाचित प्रतिनिधिद्वारा राज्यको सम्पूर्ण शासन व्यवस्था संचालन हुने दस्तावेजको रुपमा रहेको संविधान निर्माणको प्रचलनले व्यापकता पाउँदै आएको छ । संविधान निर्माण प्रयोजनको लागि भएको त्यस्तो निर्वाचनलाई संविधानसभा निर्वाचन भनिन्छ । यस पद्धतिमार्फत निर्माण हुने संविधानले राज्यको लोकतान्त्रिक व्यवस्थालाई सुदृढ र जीवन्त बनाउनुको साथै त्यसरी निर्माण भएको संविधानमा राज्यको सम्पूर्ण नागरिकको अपनत्व हुन्छ । हाल विश्वका करिब ४० राष्ट्रले संविधानसभाबाट संविधान निर्माण गरिसकेको अवस्था छ । नेपालको सन्दर्भमा वि.सं.

२००७ सालमा उठेको संविधानसभामार्फत संविधान निर्माणको ऐजेण्डाले करिब ६० वर्ष पछिमात्र गति लिएको छ । नेपालको राजनीतिक इतिहासमै प्रथम पटक २०६४ चैत्र २८ गते संविधानसभा निर्वाचन सम्पन्न भएकोमा सो सभाबाट संविधान निर्माण नगर्दै कार्यकाल समाप्त भएकोले पुनः दोश्रो पटक २०७० मंसिर ४ गते संविधानसभा निर्वाचन सम्पन्न भई संविधानसभाको गठन भइसकेको छ ।

यस शोध अध्ययनमा नेपालमा सामान्यत लोकतन्त्रको विकासक्रम र विशेषतः संविधानसभाको निर्वाचन र यसको परिणामसमेतको विश्लेषण गर्ने प्रयास गरिने हुँदा यो एक मौलिक एवं विशिष्ट कार्यका रुपमा रहेको छ । प्रस्तुत शोत्रपत्रले लोकतन्त्रमा संविधानसभाका महत्व झल्काउने यस्ता अध्ययनले अन्ततः नेपालमा लोकतन्त्रको संस्थागत स्वरुपलाई सहयोग पुऱ्याउँछ । यसको अतिरिक्त लोकतन्त्र र निर्वाचनबीच अनोन्याश्रित सम्बन्ध रहने र नेपालमा लोकतन्त्र प्राप्तिका लागि भएका संघर्ष र संविधानसभा निर्वाचन २०६४ र २०७० को निर्वाचन परिणामको तुलनात्मक विश्लेषण गरिने हुनाले तत्सम्वन्धमा जिज्ञासा राख्ने सर्वसाधारण, राजनीतिक दलका नेता कार्यकर्ता, विद्यार्थी, शिक्षक, पत्रकारलगायत नागरिक समाजका प्रवुद्ध व्यक्तित्व सबैका लागि यो अनुसन्धान उपयोगी एवं महत्वपूर्ण हुनेछ ।

## १.८ अध्ययनको संरचना

प्रस्तुत अध्ययन १६१ पृष्ठमा सीमित गरिएको छ । कुल पाँच परिच्छेदमा विभक्त गरी तयार पारिएको यस शोधपत्रमा आवश्यकता अनुसारका मूल शीर्षकहरु र सहायक शीर्षकहरु र उपशीर्षकहरु समावेश गरिएका छन् । प्रथम परिच्छेद अध्ययनको परिचयसँग सम्बन्धित छ भने दोश्रो परिच्छेद चर्चासँग सम्बन्धित छ । त्यस्तै तेश्रो परिच्छेदमा नेपालको लोकतन्त्र, निर्वाचन र संविधानसभासम्बन्धी तथा भए घटेका राजनीतिक घटनाहरुको प्रस्तुति रहेको छ भने परिच्छेद चारमा नेपालमा भएको संविधानसभा निर्वाचन, २०६४ र २०७० का परिणामहरुको विश्लेषण गरिएको छ । अन्त्यमा परिच्छेद पाँचमा अध्ययनको निष्कर्ष समावेश गरिएको छ ।

# *परिच्छेद - दुई*

# लोकतन्त्र, निर्वाचन र संविधानसभासम्बन्धी सैद्धान्तिक अवधारणा

## २.१ लोकतन्त्रको अर्थ र स्वरुप

सामान्यतया अंग्रेजी भाषाको Democracy शब्दको नेपाली रुपान्तरणको रुपमा प्रजातन्त्र, लोकतन्त्र जनतन्त्र आदि शब्दहरु प्रयोग गर्ने गरिन्छ (बराल,२०६३:१३) । लोकतन्त्र (Democracy) यूनानी शब्द Demos र cratia मिलेर बनेको हो । जसको अर्थ क्रमशः जनता (People) र शासन (Rule) हुन्छ । शब्द उत्पत्तिको दृष्टिले लोकतन्त्र जनताको शासन (Rule of the People) हो । विकासक्रमको दृष्टिले लोकतन्त्रमा शासन सत्ता जनताको हातमा हुन्छ र यसको प्रयोग उनीहरुले आफ्ना प्रतिनिधि मार्फत गर्दछन् । नेपाली बृहत् शब्दकोषअनुसार लोकतन्त्रलाई जनताद्वारा चुनिएका प्रतिनिधिहरुद्वारा शासन सत्ता र नीति निर्धारण गर्ने अधिकार हुने शासन पद्धति अथवा जनताद्वारा चुनिएका प्रतिनिधिहरुको सम्मतिअनुसार देशको सार्वजनिक कार्य सञ्चालन हुने व्यवस्था लोकतन्त्र हो भनिएको छ (भण्डारी; २०६४:२१) ।

लोकतन्त्रका सम्बन्धमा विभिन्न विद्वानहरुले आ-आफ्नै तवरबाट परिभाषित गरेको पाइन्छ । जसमध्ये केही विद्वानहरुले गरेको परिभाषालाई निम्नानुसार उल्लेख गरिन्छ :

Abraham Linchon- "Democracy is the government, of the people, for the people by the people." अर्थात् "प्रजातन्त्र भनेको त्यस्तो सरकार हो, जुन जनताको, जनताका लागि, जनताद्वारा निर्माण गरिएको हुन्छ ।" (उद्धृत मञ्च, २०६४:१५९) Giddings का अनुसार "Democracy may be either a form of government, a form of state, a form of society or a combination of all the three." अर्थात् "प्रजातन्त्र एउटा त्यस्तो शासन पद्धति हो जसमा सामाजिक आर्थिक र राजनैतिक न्यायको प्रत्याभूति हुन्छ" (बराल, २०५८) । Jabaharlal Neharu का अनुसार "Democracy is the life Philosophy of the People" अर्थात् लोकतन्त्र भनेको जनताको जीवन दर्शन हो (ठाकुरः २०६४:१५९) । विद्वान Hall का अनुसार, "राजनीतिक संगठनको एउटा स्वरुप जसमा जनताको नियन्त्रण रहन्छ" त्यस्तै Diecy का

अनुसार, "लोकतन्त्र सरकारको त्यो रुप हो, राज्यको प्रशासकीय शक्ति कुनै एक वर्गको हातमा नरहेर सम्पूर्ण जनसमाजका सदस्यहरुमा रहन्छ" (उद्धृत भण्डारी, २०६४:२२) ।

उपरोक्त विद्धानको परिभाषाका समीक्षाबाट राज्यको नीति निर्धारण र शासन व्यवस्था संचालनमा निरंकुश तानाशाह स्वेच्छाचारी सम्भ्रान्त वा अन्य त्यस्तै कुनै वर्ग विशेषको नियन्त्रण नभइ समाजका सम्पूर्ण सदस्यहरु आफै वा आफ्ना प्रतिनिधिमार्फत् शासन व्यवस्था संचालन गर्ने र नीति निर्धारणमा सहभागी हुने, साधारण जनताको आर्थिक सामाजिक राजनीतिक न्यायिक स्वतन्त्रता र अधिकारको सुनिश्चित प्रत्याभूति हुने विशिष्ट पद्धति लोकतन्त्र (Democracy) हो भन्न सकिन्छ ।

लोकतन्त्रको विकासक्रमको समीक्षा गर्दा मानव सभ्यताको विकासको क्रमसँगै मानिस एक आपसमा संगठित भई एक अर्काको भलाईको निम्ति अग्रसर हुँदै आएको पाइन्छ । यसैक्रममा कुनै निश्चित भू-भागमा शक्तिको माध्यमबाट क्रुर शासकहरुको उदय भइ निरंकुश शासन गर्दै आउने सन्दर्भमा समाज र राज्यमा त्यस्ता क्रुर शासकको उत्पीडनबाट उन्मुक्तिको खोजी गर्दै शान्ति र न्याय स्थापित गर्न मानव समुदाय प्रयत्नशील रहँदै आयो । आफूलाई सुलभ हुने भौतिक वस्तुको उत्पादन र उपभोगदेखि लिएर नयाँ राजनीतिक व्यवस्थाको खोज गर्दै समयअनुसार परिष्कृत र परिमार्जन गर्दै लगेको देखिन्छ । प्रत्येक व्यक्तिमा फरक-फरक आस्था विचार जे भएपनि राज्य सत्ताबाट प्राप्त गर्ने हरेक वस्तु सेवाको वितरण समान होस, सार्वभौम सत्ताका आधारमा व्यक्ति एक अर्कामा समान हुन सकुन, प्रत्येक व्यक्तिमा फरक फरक आस्था विचार राजनीतिक चिन्तन भएपनि राज्य सत्ताका आधारमा भेदभाव नहोस्, शासक शासितप्रति उत्तरदायी भई शासकले शासितको आर्थिक राजनीतिक सामाजिक न्यायिक सांस्कृतिक स्वतन्त्रता अधिकारप्रति उच्च सम्मान गरोस् भन्ने मान्यताका साथ प्रजातान्त्रिक विचारको उद्भव भएको पाइन्छ ।

ई.पू. ५०० वर्षअगाडि नै ग्रिककालीन स-साना नगरराज्यमा लोकतन्त्रको सैद्धान्तिक विजारोपण भएको थियो । तत्कालीन ग्रिक राजनीतिक चिन्तकहरुले निरंकुश शासक र शासन व्यवस्थालाई निकृष्ट र तल्लो दर्जामा परिभाषित गर्दै लोकमत र कानुनको शासनलाई जोड दिँदै प्रजातन्त्रको सैद्धान्तिक एवं व्यवहारिक अवधारणाको प्रादुर्भाव गरेका

थिए । तथापि लोकतन्त्रको सैद्धान्तिक प्रयोग व्यवहारमुखी हुन निकै लामो समय लाग्यो । सन् १२१५ मा बेलायतमा जारी स्वतन्त्रताको महाधिकार पत्र १२१५ (magnacarta libertium-1215) र बेलायतमा सन् १६८८ मा सम्पन्न गौरवमय क्रान्तिद्वारा बेलायतमा लोकतन्त्रको प्रादुर्भाव भएको हो । त्यसैले पनि बेलायतलाई लोकतन्त्रको जननी (mother of democracy) भन्ने गरिन्छ । त्यसपछि सन् १७७६ मा भएको अमेरिकी स्वतन्त्रता संग्राम, सन १७८९ को फ्रान्सेली राज्यक्रान्तिमार्फत लोकतान्त्रिक व्यवस्थाको गति अघि बढ्दै आएको हो । त्यसपछि पनि सन् १९४६ देखिको भारत छोड आन्दोलन सन् १९४९ को चिनिया जनक्रान्तिमार्फत लोकतान्त्रिक पद्धतिको तीव्रतर विकास भइ आजसम्म आइपुग्दा लोकतन्त्रको स्तर ज्यादै मजबुद भएको छ । त्यसरी प्राचीन यूनानमा ई.पू. ५०० मा प्रादुर्भाव भएको लोकतन्त्रको राजनीतिक दर्शन र सिद्धान्तको व्यवहारिक कार्यान्वयन १६ औ शताब्दीसम्म सुषुप्त रहेको र १७ औ शताब्दीदेखि यसले विस्तारित रुप लिँदै १८ औं शताब्दीसम्म ओझेलमा परेको र "१९ औँ शताब्दीको प्रारम्भदेखि नै एउटा लोकप्रिय शासन प्रणालीको रुपमा स्थापित हुन पुग्यो । २० औँ शताब्दीमा यसको लोकप्रियता पराकाष्ठमा पुग्यो र २१ औँ शताब्दीमा आजको युग नै लोकतान्त्रिक युग भन्न थालिएको छ" (ठाकुर; २०६४: १५८) ।

### २.१.१ लोकतन्त्रको उदारवादी धारणा

दुई वा दुई भन्दा बढी राजनीतिक दल स्वतन्त्र निष्पक्ष र तटस्थ निर्वाचन पद्धतिमार्फत राजनीतिक प्रतिष्पर्धा गर्ने धारणा एवं पद्दति नै लोकतन्त्रको उदारवादी धारणा हो । खुल्ला बजार, खुल्ला अर्थनीति, निजी सम्पत्ति र स्वामित्वजस्ता मान्यतालाई उदारवादी लोकतन्त्रको अभिन्न अङ्गको रुपमा स्वीकार गरिन्छ । यस पद्धतिमा स्वतन्त्र न्यायपालिका एवं विभिन्न स्तरका हित र दबाब समूह क्रियाशील रहन्छ । खुल्ला अर्थनीति अवलम्बन गरिने हुँदा राजनीतिक दलमा सम्भ्रान्त र आर्थिक पहुँचवालाको प्रभाव हुने र त्यस्तो पहुँचको आधारमा सत्तामा पुग्ने भएकोले यो वास्तविक लोकतन्त्र होइन भनी यसका आलोचकहरुले आलोचना गर्दछन् तर यसका अनुयायीहरु "व्यक्तिको स्वतन्त्रा राजनीतिक समानता, सामाजिक तथा आर्थिक स्वतन्त्रता न्यायिक स्वतन्त्रता मार्फत लोक कल्याणमा विशेष जोड दिने र बालिग मताधिकारबाट खुल्ला दलीय प्रतिष्पर्धामार्फत योग्य र कुशल शासक चयन गरिने हुँदा यो नै वास्तविक र उत्कृष्ट लोकतन्त्र हो भनी वकालत गर्दै आएको पाइन्छ । यो पद्धति पश्चिमी

राष्ट्रको उपजको रुपमा रहेको र हाल बेलायत, फ्रान्स, अमेरिका, स्वीट्जरल्याण्ड, भारत, जापान र नेपालले यसको अवलम्बन गर्दै आएको पाइन्छ (भण्डारी, २०६४) ।

### २.१.२ लोकतन्त्रको साम्यवादी धारणा

लोकतन्त्रलाई समाजवादीहरु समाज पद्दतिको माध्यम, व्यक्तिवादीहरु स्वतन्त्रताको संरक्षणको आधार भन्दछन् भने साम्यवादीहरु लोकतन्त्रलाई श्रमजीवीहरुको सत्ता संचालनको आधार हो भन्दछन् । राज्यभित्रका उत्पादन र वितरणको साधनहरुमा सार्वजनिक स्वामित्व, समान वितरण र राज्यसत्तामा सर्वहारा वर्गको अधिनायकत्व स्थापित गर्ने मान्यता नै लोकतन्त्रको साम्यवादी धारणा हो । यो व्यवस्थाले बहुसंख्यक सर्वहारा रहेको दलबाटै सर्वहारा वर्गलाई सत्तामा पुऱ्याउने र सर्वहारा वर्गको दलको अधिनायकत्व स्थापित गर्ने मान्यताको निरन्तर वकालत गर्दछ । खुल्ला पूँजी बजार र खुल्ला अर्थ नीतिबाट पहुँचवाला र सम्भ्रान्तवर्गको हातमा सत्तामा पुग्ने हुँदा त्यो वास्तविक लोकतन्त्र हुनै सक्दैन भन्दै यसका समर्थकहरु उदारवादी लोकतन्त्रको आलोचना गर्दै साम्यवादी लोकतन्त्रको पक्षमा सशक्त वकालत गर्दछन् । यसमा बहुदलीय व्यवस्थाको परिकल्पना नै रहँदैन जनवादी शासनका समर्थकहरु नै साम्यवादी शासन व्यवस्थाका शासक बन्दछन् । “शासन सत्ता तल्लो वर्गका बहुसंख्यक जनताको प्रतिनिधित्व गर्ने अग्रगामी दलको नियन्त्रणमा रहन्छ । यसको प्रमुख उद्देश्य वर्गीय शोषण र असमानताको अन्त हो (भण्डारी : २०६४ ९१)” । लोकतन्त्रको साम्यवादी धारणा कार्लमार्क्स, लेनिन र माओत्सेतुङ्गको विचारमा आधारीत रहेको र यो पद्धति सोभियत रुस र चीनमा प्रचलनमा रहेको पाइन्छ ।

### २.१.३ प्रत्यक्ष लोकतन्त्र

राज्यको शासन व्यवस्था सञ्चालन र नीति निर्धारणको लागि राज्यका सम्पूर्ण नागरिकहरु एक ठाँउमा भेला जम्मा भएर सामूहिक निर्णयको आधारमा कानून निर्माण गर्ने पद्धति नै प्रत्यक्ष लोकतन्त्र (Direct Democracy) हो । प्रत्यक्ष लोकतन्त्रमा राज्यका नागरिक शासन व्यवस्था र नीति निर्माणमा आफैँ प्रत्यक्ष सहभागी भएर सामूहिक निर्णयका आधारमा कानुन निर्माण गर्दछन् र निर्वाचनद्वारा सरकारी कर्मचारी नियुक्त गर्दछन् । आवश्यकताअनुसार सार्वजनिक सभा गरेर आफ्नो इच्छा अभिव्यक्त गर्दछन् । प्राचीनकालमा यो प्रणाली यूनान, रोम, चीन र भारतमा प्रचलित थियो । वर्तमानमा यो स्वीजरल्याण्डको पूर्ण क्यान्टन (ग्लेरस)

र ४ अर्ध क्यान्टन (अवो वाल्डेन, निड वाल्डेन, इनर अपेन्जल र आउट अपेन्जल) मा कायम रहेको छ" (भण्डारी; २०६४:२४) । प्राचीनकालमा प्रत्यक्ष लोकतन्त्र अत्याधिक प्रचलनमा थियो ।

प्राचीनकालमा राज्यको आकार भौगोलिक दृष्टिले सानो र जनसंख्या सिमीत हुनु, मानिसका आवश्यकता कम हुनु, सामाजिक र आर्थिक समस्या एवं जटिलता कम हुनु र दास प्रथाका कारण राजनीतिमा चासो राख्नेहरुका लागि फुर्सदको समय मिल्नुजस्तो कारणहरुबाट यसले आफ्नो लोकप्रियता हासिल गरेको हो । "विश्वका विभिन्न देशमा यस्तो लोकतन्त्र सम्भव भएको भए शासनको स्वरुप सर्वोत्तम हुन सक्थ्यो त्यसैले प्रत्यक्ष लोकतन्त्रको बारेमा भनिएको छ शुद्धरुपमा लोकतन्त्र त्यस्तो व्यवस्थ हो जसको प्रभुसत्ता सञ्चालनसम्बन्धी कार्य प्रतिनिधिविना नै सम्पूर्ण जनताले सम्पन्न गर्न सक्दछन्" (पूर्ववत) ।

यसको अतिरिक्त प्रत्यक्ष लोकतन्त्रमा राज्यको शासन व्यवस्था सञ्चालन र नीति निर्माणमा नागरिक कुनै प्रतिनिधि वेगर स्वयं सहभागी भई निर्णय गरिने हुँदा नागरिकमा राजनीतिक सक्षमता अभिवृद्धि हुने, नागरिकहरुको व्यापक सहभागितामा प्रत्यक्षरुपमा जनइच्छा अनुकूलको कानुनको निर्माण गरिने हुनाले जनताबाट कानुनको सहीरुपमा पालना र कार्यान्वयन भई कानुनी शासनको अवस्था सुदृढ र समृद्ध हुने, नीति निर्माण र शासन व्यवस्था संचालनमा प्रत्यक्षरुपमा नागरिकहरु सहभागी हुने हुँदा दलीय गुट-उपगुट र दलीय अतिवाद हावी नहुने, आदि सबल लोकतन्त्रका सबल पक्षहरुको विद्यमानता रहन्छ । तर वर्तमान राजनीतिक परिस्थितिमा राज्यको भौगोलिक क्षेत्र ठूलो भएको, राज्यमा जनसंख्या र जनताको आवश्यकताहरु बृद्धि हुँदै आएको, विभिन्न वर्ग क्षेत्र सम्प्रदाय र सीमान्तकृत वर्गहरु र हित एवं दबाब समूहको बृद्धि हुँदै आएको, आर्थिक एवं सामाजिक समस्या जटिल बन्दै आइरहेको अवस्था हुँदा प्रत्यक्ष लोकतन्त्रको प्रयोगमा समेत थप कठिनाई उत्पन्न हुँदै आएको पाइन्छ । परिणामस्वरुप प्रत्यक्ष लोकतन्त्र शुद्ध लोकतान्त्रिक पद्धति हुँदाहुँदै पनि यसको विकल्पमा प्रतिनिधिमूलक लोकतान्त्रिक परिपाटीको प्रयोग र थालनी हुँदै आएको छ । केवल स्वीट्जरल्याण्ड (१ मात्र राष्ट्र) मा मात्र हालसम्म निरन्तररुपमा प्रत्यक्ष लोकतान्त्रिक पद्धति अवलम्बन गरी शासन व्यवस्था सञ्चालन भएको पाइन्छ ।

प्रत्यक्ष लोकतन्त्रलाई सबल र सुदृढ पद्धतिको रुपमा स्थापित गर्न जनमत संग्रह, (राज्यको कुनै कानुन तथा नीति तर्जुमा गर्न जनताको स्वीकृतीको लागि प्रस्तुत गर्ने प्रक्रिया) प्रस्तावाधिकार (राज्यमा आवश्यक हुने कानुन निर्माणका लागि जनताको हस्ताक्षर संकलन गरी व्यवस्थापिका समक्ष आवदेन दिने प्रक्रिया), प्रत्याहवान (लोकमत अनुरुप कर्तव्य पूरा नगर्ने जनप्रतिनिधिलाई आफ्नो पदबाट फिर्ता बोलाउने जनताको अधिकार) लोकमत सङ्कलन (राज्यको प्रादेशिक अखण्डता राजनीतिक अधिकार र संविधानको स्वरुप निर्धारण जस्तो महत्वपूर्ण विषयमा जनताको बहुमत बुझ्ने र निर्धारण गर्ने प्रक्रिया) जस्ता पद्धतिहरु प्रयोग गरिन्छ । यी सम्पूर्ण पद्धतिको प्रयोगको अन्तिम न्यायाधीश स्वयं जनताहरु नै भएकोले प्रत्यक्ष लोकतन्त्र नै लोकतन्त्रको सुन्दर र विशिष्ट रुप हो भन्नेमा दुईमत रहँदैन ।

### २.१.४ अप्रत्यक्ष (प्रतिनिधिमूलक) लोकतन्त्र

वर्तमान अवस्थामा राज्यको विशाल स्वरुप संरचना, जनसंख्याको अधिकता र विविध प्रकारको जटिलताको कारण प्रत्यक्ष लोकतन्त्र व्यवहारिक हुन सकेको छैन । त्यसैले बहुसंख्यक जनताहरु निर्वाचनको माध्यमद्वारा आफ्नो हितको रक्षा गर्न, आफ्नो स्वार्थ परिपूर्ति गर्न आफ्नो तर्फबाट प्रतिनिधित्व चयन गरी व्यवस्थापिकामा पुऱ्याउने र उनीहरुले गरेको शासन व्यवस्था संचालन र नीति निर्माणका कार्यलाई अपनत्व ग्रहण गर्ने जुन पद्दति विकसित भयो, त्यसलाई प्रतिनिधिमूलक लोकतन्त्र भनिन्छ । अर्को अर्थमा जनताका प्रतिनिधिमार्फत जनताले लोकतान्त्रिक अधिकार उपयोग गर्ने पद्दति प्रतिनिधिमूलक लोकतन्त्र हो । "आजको लोकतन्त्रमा आमनागरिकहरुले आफ्ना प्रतिनिधि मार्फत शासन कार्यमा सहभागी हुन्छन् र यस्ता प्रतिनिधिहरु आमनागरिकप्रति उत्तरदायी रहन्छन् । प्रजातन्त्रको यो स्वरुपलाई प्रतिनिधिमूलक लोकतन्त्र भनिन्छ । यसप्रकारको आजको सर्वप्रचलित लोकतन्त्रमा नागरिकहरुले बालिगमताधिकारको प्रयोग गरेर, आमसभामा भाग लिएर, जुलुसमा सहभागी भएर, राजनीतिक दल र दबाब समूहको सदस्य बनी तिनीहरुको कार्यक्रममा भाग लिएर, शासकसँग माग र समर्थन गरेर, निर्वाचनमा उम्मेदवार बनेर, आदि प्रक्रियाबाट यस्तो प्रतिनिधिमूलक लोकतन्त्रलाई सकृय एवं जीवन्त पारिएको हुन्छ" (बराल; २०६०:५४) ।

"जनउत्तरदायी सरकार, आवधिक निर्वाचन, वालिग मताधिकार, कानुनी राज्य, स्थानीय स्वायत्त शासन, प्रेस स्वतन्त्रता, जनतामा सम्प्रभुत्ताको निवास" का प्रत्याभूति प्रतिनिधिमूलक लोकतन्त्रको महत्वपूर्ण विशेषता हुन् । यस प्रणालीले नागरिकका मौलिक हक, स्वतन्त्रता, समानता र बन्धुत्वको उच्च सम्मान गर्दछ । जनइच्छामा आधारित शासन, आलोचनाको अधिकार, व्यक्तिगत स्वतन्त्रता, लोकमतको सर्वोच्चता, कानुनको शासन, जनउत्तरदायी र सक्षम सरकार, राजनीतिक चेतनाको विकास, स्वशासन र स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति जस्ता सबल लोकतान्त्रिक गुणहरुले प्रतिनिधिमूलक लोकतन्त्र सर्वाधिक प्रचलित र लोकप्रिय प्रणालीको रुपमा विकसित हुँदै आएको छ (भण्डारी; २०६४: २९) ।

## २.२ निर्वाचन र निर्वाचन प्रणालीहरु

### २.२.१. लोकतन्त्रमा निर्वाचन

राज्यको शासन व्यवस्था र निर्णय निर्माणमा आम नागरिकको पहुँचबाट मात्र लोकतान्त्रिक शासन व्यवस्था सुदृढ, सक्रिय र जिवन्त रहन्छ । आधुनिक राज्यका विशाल स्वरुप, संरचना, जनसंख्याको अधिकता आर्थिक र सामाजिक जटिलतामा आएको व्यापकता, असमानता जस्ता समस्याका कारण आम नागरिकहरु एकै स्थानमा भेला जम्मा भई शासन कार्य र निर्णय निर्माणमा प्रत्यक्षत सहभागी हुने प्रत्यक्ष लोकतन्त्रको अभ्यास गर्ने कार्य कठिन बन्दै आइरहेको छ । त्यसप्रकारको प्रत्यक्ष लोकतन्त्रको वैकल्पिक माध्यमको रुपमा आम नागरिकहरुले आफ्ना प्रतिनिधि मार्फत शासन कार्य र निर्णय निर्माणमा सहभागिता जनाउने र त्यस्ता जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायी भई शासन व्यवस्था संचालन गर्ने संस्कृतिको विकास भइसकेको छ । लोकतन्त्रको त्यस प्रकारको स्वरुप र संस्कृतिलाई प्रतिनिधिमूलक लोकतन्त्र भनिन्छ । यस प्रकारको सर्वप्रचलित प्रतिनिधिमूलक लोकतन्त्रमा नागरिकहरुले मतदान गरेर उम्मेदवार बनेर हित र दबाब समूहको सदस्य बनी शासकसँग माग र समर्थन गरेर सभा जुलुसमा सहभागी भई शासन व्यवस्था र निर्णयमा आफ्नो नियन्त्रण राख्दछन् ।

प्रतिनिधिमूलक लोकतन्त्रको सफलता आम नागरिकहरुको व्यवस्थामा रहने सहभागितामा निर्भर गर्दछ । यस्तो राजनीतिक सहभागिताको आधारभूत र सर्वप्रचलित स्वरुप नै निर्वाचन हो । निर्वाचन सबै जसो लोकप्रिय लोकतान्त्रिक व्यवस्थाको एउटा यस्तो राजनीतिक

सहभागिताको नियमित प्रकृया हो, जसद्वारा जनताले वास्तविक रुपमा सम्प्रभुत्ताको प्रयोग गर्दै आफ्ना प्रतिनिधिद्वारा शासन कार्यमा भाग लिन्छन् । प्रजातान्त्रिक राजनीतिक सिद्धान्तमा शासनको महत्वपुर्ण भूमिकाको बारेमा निर्वाचनलाई जोड दिएको पाइन्छ यसको मूल कारण निर्वाचनद्वारा सहमति र वैधानिकता जस्ता दुई अन्योन्याश्रित लोकतान्त्रिक सिद्धान्तको यथार्थ र व्यवहारिक प्रयोग हुन्छ । निर्वाचन नै यस्तो एक महत्वपूर्ण माध्यम हो जसद्वारा सामान्य जनता राजनीतिक व्यवस्थामा सहभागी हुन्छन र त्यसलाई वैधता प्रदान गर्दछन् (बराल; २०६०:५४) ।

लोकतान्त्रिक शासन व्यवस्थामा निर्वाचनहरु नै यस्ता महत्वपूर्ण घटनाक्रमहरु हुन् जसमा प्रत्येक नागरिकको व्यक्तिगत एवं सामूहिक निर्णयहरुद्वारा सम्पूर्ण राजनीतिक र सामाजिक प्रक्रियाहरुलाई प्रत्यक्ष प्रभावित पारिन्छ । निर्वाचन नै यस्तो माध्यम हो जसले राजनीति र समाज, सम्भ्रान्त र सामान्य वर्ग एवं व्यक्ति र उसको सरकारबीच सम्बन्धको पुल जोड्ने गर्दछ । यसर्थ निर्वाचन नै राजनीतिक सामाजिकीकरणको मूल माध्यमहरु हुन् । सामान्य जनताहरु जुन राजनीतिक व्यवस्थाका सदस्यहरु हुन उनीहरुको सहमति र इच्छाअनुसार मात्र त्यस्तो व्यवस्था विकसित हुनुपर्छ भन्ने लोकतन्त्रको सर्वमान्य सिद्धान्त अनुसार नै निर्वाचन प्रकृयाद्वारा उनीहरुलाई शासन व्यवस्थामा सहभागी गराईन्छ । "लोकतन्त्रको प्राणको रुपमा रहेको राजनीतिक सहभागिताको निर्वाचनको माध्यमबाटै नागरिकहरुले आफ्नो हितको अभिव्यक्त गर्ने र आफ्ना प्रतिनिधिमार्फत शासन व्यवस्थामा सहभागिता जनाउँदछन् ।

लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकहरुको राजनीतिक सहभागिताको आधारमा हुने निर्वाचनमार्फत जनप्रतिनिधि चयन हुने र जनताले आफ्नो मतद्वारा ती प्रतिनिधिहरुलाई सत्ताको प्रयोग गर्ने आदेश दिन्छन र निश्चित समयपछि राज्यको सत्ताको निर्णय गर्ने अधिकार पुन जनताकै हातमा फर्केर आउँछ । त्यस्तो एक सशक्त माध्यम नै निर्वाचन भएकोले नागरिक सहभागिताका आधारमा हुने निर्वाचन लोकतन्त्रको अभिन्न अंग हुन्छ । अर्को अर्थमा राज्यका आम नागरिकहरु राज्यको शासन सत्ताको प्रयोगका लागि उम्मेदवार बन्ने, मतदान गर्ने सत्ताको प्रयोगमा परस्पर स्वस्थ प्रतिस्पर्धा गर्दै आमनागरिकहरुले आफूद्वारा प्रतिनिधि छनौट गरी राज्यको शासन सत्ता र निर्णय निर्माणमा आफ्नो इच्छा

अभिव्यक्त गर्ने एक मात्र विशिष्ट माध्यम निर्वाचन हो । तर राज्यको शासन सत्ताको महत्वपूर्ण र लोकप्रिय अभ्यासको रुपमा रहेको निर्वाचन स्वयंमा निष्पक्ष स्वतन्त्र र तटस्थ प्रक्रियाद्वारा सम्पन्न हुनुपर्दछ । अन्यथा वास्तविक र यथार्थ रुपको लोकतन्त्रको परिकल्पनासम्म पनि गर्न सकिँदैन । शासनको विभिन्न तहमा राज्यका आम नागरिकले प्रतिनिधि छानेर पठाउने प्रणाली निर्वाचन हो । कुनै पनि मुलुकले अपनाएको निर्वाचन प्रणाली सम्बन्धित मुलुकको भौगोलिक, अवस्था, सामाजिक अवस्था जनसंख्याको अवस्था, वस्तुगत आवश्यकता, राजनीतिक शक्तिहरुबीचको सहमति आदिद्वारा प्रभावित हुन्छ ( भण्डारी; २०६४: १४) ।

यसर्थमा निर्वाचन लोकतान्त्रिक शासन व्यवस्थाको मुटु हो । जसको माध्यमबाट आम नागरिकहरुले राज्यको शासन कार्य एवं निर्णय निर्माणमा आफ्नो हित वा इच्छा अभिव्यक्त गर्दै शासनमा सहभागी हुने संस्कृतीको विकास गर्दै शासक माथि आफ्नो नियन्त्रण कायम राख्ने हैसियत राख्दछन् । त्यस्तो निर्वाचनबाट मात्रै लोकतान्त्रिक शासनलाई गतिशील एवं जीवन्त बनाई अझ लोकप्रिय व्यवस्थाको रुपमा स्थापित गराउन सकिन्छ ।

### २.२.२ निर्वाचन प्रणालीको विकास

राज्यका आम नागरिकहरुको व्यापक सहभागितामा नागरिकहरु स्वयं राज्यको नीति तर्जुमा एवं शासनमा सहभागि हुन प्रतिनिधि चुन्ने र चुनिने विशिष्ट पद्धति र प्रक्रिया नै निर्वाचन हो । निर्वाचन लोकतन्त्रको स्थायित्व र सुदृढीकरणको एक मात्र आधारभूत र अनोन्याश्रित पक्ष हो । यस अर्थमा निर्वाचनको अवधारणा र अभ्यास लोकतन्त्रको प्रादुर्भावसँगै भएको पाइन्छ । विश्व राजनीतिक प्रचलनको अध्ययन गर्दा हाल मुख्यरुपमा ३ निर्वाचन प्रणालीहरु प्रचलनमा रहेको पाइन्छ । जसलाई निम्नरुपमा उल्लेख गरिएको छ ।

(क) बहुमत निर्वाचन प्रणाली

ख) समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली

ग) मिश्रित निर्वाचन प्रणाली

### २.२.२.१ बहुमत प्रणाली

“विश्वमा ६०० बी.सी. देखि निर्वाचन प्रजातन्त्रमा अपरिहार्य हुँदै आएको पाइन्छ । प्रजातन्त्र भन्ने शब्द सबैभन्दा पहिले एथेन्समा उक्त समयदेखि प्रयोगमा ल्याइएको थियो । सबैभन्दा पहिलो अभिलेखमा बढी मत निर्वाचन पद्धति (Majority vote system) को प्रयोग भएको पाइन्छ (ज्ञवाली; २०६४:१०५) । सो समयमा अस्तित्वमा रहेको सो निर्वाचन प्रणालीको अवधारणा र अभ्यास लामो समय सुषुप्त अवस्थामा रहेको र फ्रान्सेली राज्यक्रान्तिको समयमा सन् १७७० मा Jean Charles Di Bonda ले मतदानको सिद्धान्तको बारेमा पेयरवाइज सिद्धान्तको प्रस्ताव गरेपछि निर्वाचन पद्धतिको बहस प्रारम्भ भयो । सो बखत नै marquese condercet ले निर्वाचनमा बहुमतको सिद्धान्त प्रस्ताव गरे । Di Bonda र Condercet ले प्रस्ताव गरेका दुई अलग सिद्धान्त परस्परमा बाझिन गई ती सिद्धान्त बीच विवाद सिर्जना भएको थियो । पछि १८ औं शताब्दीमा रामन लिउलले Condodercet र Di Bonda दुबैको गन्ने र बहुमत हुने पद्धतिलाई एकै स्थानमा राखेर मतगणना गर्दा जसले बढी मत प्राप्त गर्दछ उही विजयी हुने पद्धति स्थापित गरे । जुन पद्धतिलाई बढी मत पद्धतिको रुपमा अभ्यासमा लिन थालियो । बढी मत पद्धति अन्तर्गत (i) सामान्य बहुमत (Simple/Relative majority) (ii) पूर्ण बहुमत (Absolute majority) (iii) अधिक बहुमत (Maximum majority) निर्वाचन प्रणाली विकसित हुँदै आएको पाइन्छ ।

सामान्य बहुमत  भन्नाले प्रतिष्पर्धी उम्मेदवारहरुमध्ये सबैभन्दा बढी मत ल्याउने उम्मेदवार विजयी हुने पद्धतिलाई जनाउँछ । यस्तो पद्धतिलाई first past the post system अर्थात जो पहिलो हुन्छ उसैले पद प्राप्त गर्दछ भन्ने गरिन्छ (बराल;२०६०:५७) । विश्वका २०० राष्ट्रमध्ये करिब ६३ राष्ट्रले यो निर्वाचन प्रणाली अवलम्बन गरेको पाइन्छ । (ज्ञवाली, २०६४) “नेपालमा पनि २०१५, २०१९ र २०४७ को संविधानअन्तर्गत भएका निर्वाचनमा बहुमतीय प्रणालीअन्तर्गत पहिलो हुनेले जित्ने निर्वाचन पद्धति अपनाएको पाइन्छ (ज्ञवाली, २०६४:७४) ।

सामान्य बहुमतीय निर्वाचन पद्धतिअर्न्तगत निर्वाचन हुँदा बहुमत प्राप्त गर्नेको प्रतिनिधित्व हुने भए तापनि शासनमा बहुमतको शासनको आभास हुन सक्दैन भन्ने अवधारणा विकसित भयो । अर्को तर्फ प्रजातन्त्र भनेको बहुमतको शासन हो त्यसैले सम्पूर्ण जनमतको ५०%

भन्दा बढी मत प्राप्त गरेको उम्मेदवारले मात्र शासन गर्ने बैधानिकता राख्दछ भनि पचास जोड एक (५०+१) अर्थात् ५१ प्रतिशत बहुमत प्राप्त उम्मेदवारमात्र निर्वाचित हुने व्यवस्थाको प्रयोग गर्न थालियो । जसलाई दोस्रो मत (Second Ballot) अर्थात् पूर्ण बहुमत ( Absoulte Majority) भन्ने गरिन्छ । सो पद्धति अन्तर्गत निर्वाचन गर्दा प्रथम पटकको निर्वाचन हुँदा प्रतिष्पर्धा गर्ने धेरै उम्मेदवारमध्ये सबैभन्दा बढी मत प्राप्त गर्नेले कुल मतको ५१% मत प्राप्त गरेमा उही विजयी हुने अन्यथा कुनै पनि उम्मेदवारले पूर्ण बहुमत (५१% वा सो भन्दा बढी मत) प्राप्त नगरेको अवस्थामा सबैभन्दा धेरै मत प्राप्त गर्ने २ जनाको बीच पुनः निर्वाचन प्रतिष्पर्धा गरी जसले कम्तिमा ५१% मत प्राप्त गर्दछ उसैलाई विजयी घोषित गरिन्छ र बहुमतको शासनको सुनिश्चित प्रत्याभूति हुन्छ । विश्वका करिब ३० राष्ट्रले यस प्रणालीको अवलम्बन गरेको पाइन्छ । त्यस्तै बहुमतीय प्रणालीभित्र अत्याधिक बहुमतको अवधारणा पनि रहेको रहेको पाइन्छ । व्यबहारमा २/३ (दुई तिहाई) बहुमतको प्रावधान पनि यसै अबधारणामा आधारित छ । जस्तै नेपालमा २०३७ साल पछिको राष्ट्रिय पंचायतमार्फत प्रधानमन्त्री बन्न ६०% सदस्यको समर्थन आवश्यक पर्दथ्यो । “कतिपय आधुनिक प्रजातान्त्रिक राष्ट्रहरुमा संविधान संशोधन महाअभियोगजस्ता प्रस्ताव व्यवस्थापिकाबाट पारित गर्न २/३ वा सो भन्दा माथिको बहुमत चाहिने व्यवस्था यसै अधिक बहुमत ( Maximum or Qualified Majority) भित्र पर्दछ” (बराल; २०६०:५७) ।

### २.२.२.२ समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली

समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीको केही विधि र सिद्धान्त सर्वप्रथम अमेरिकामा Alexgender Hemiltan, Thomas Jephersan र Danial Webstar ले १८ औं शताब्दीमा प्रतिपादन गरेका हुन् । जसको आधारमा १८ औं शताव्दीमै अमेरिकाको तल्लो सदनमा जनसंख्याको अनुपातमा प्रतिनिधित्व गराइयो । पछि सो प्रणालीका विधि सिद्धान्तलाई थप परिमार्जन गर्दै १९ औँ शताव्दीमा यूरोपीय मुलुकले यस प्रणालीलाई थप परिष्कृत रुप प्रदान गरे । फलतः समानुपातिक प्रतिनिधित्व प्रणाली लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणको पक्षमा लोकप्रिय निर्वाचन प्रणालीको रुपमा विकसित हुँदै आएको छ ।

समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत मुख्य रुपले २ पद्दतीको विकास भएको पाइन्छ । ती हुन (१) दलीय सूची प्रणाली (party list system) र (२) एकल संक्रमणीय मत (हेयर)

प्रणाली (Single Transferable (Hare) Vote System) । दलीय सूची प्रणालीअन्तर्गत व्यवस्थापिकामा छुट्टयाइएको कुल सिटलाई दलहरुले राष्ट्रियरुपमा प्राप्त गरेको मतको आधारमा दलहरुले निर्वाचित गरी पठाउने गरिन्छ । यस पद्धतिलाई पनि मुख्यरुपले २ तरिकाबाट प्रयोग गरिन्छ । ती हुन् : (१) खुल्ला सूची प्रणाली र (२) बन्द सूची प्रणाली ।

खुल्ला सूची प्रणालीमा निर्वाचन अगावै दलका तर्फबाट उम्मेदवारको नाम सार्वजानिक गरेर निर्वाचन परिणाम आएपश्चात प्राप्त परिणामका आधारमा दलले आफ्ना तर्फबाट सूचीका उम्मेदवारलाई व्यवस्थापिकामा प्रतिनिधित्व गराइन्छ भने बन्द सूची प्रणालीअन्तर्गत दलहरुले निर्वाचन अगावै दलका तर्फबाट प्रतिनिधित्व गराउने प्रतिनिधिहरुको सूची तयार गरी निर्वाचन आयोगमा बुझाउने र निर्वाचन परिणामपश्चात आफ्नो दलले पाएको मत एवं सिट संख्याको आधारमा बन्द सूचीमा उल्लेखित नाम मध्येबाट छनौट गरी व्यवस्थापिकामा प्रतिनिधित्व गराइन्छ । सूची प्रणालीका यी दुई पद्धतिमध्ये तुलनात्मकरुपमा बन्द सूची प्रणाली अत्याधिक प्रचलनमा रहेको पाइन्छ । “विश्वका करिब ५९ राष्ट्रले समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीअन्तर्गत दलिय सूची प्रणाली अवलम्वन गर्दै आएको पाइन्छ” (ज्ञवाली; २०६४:७१) ।

समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीअन्तर्गत एकल संक्रमणीय (हेयर) मत प्रणाली अर्को एक महत्वपूर्ण पद्धतिको रुपमा रहेको छ । सन् १८५५ मा डेनमार्कका कार्ल आण्ड्रेले पत्ता लगाएको यो प्रणालीलाई सन् १८५६ मा डेनमार्कमा प्रयोग गरियो र सो प्रणालीमा देखिएका कमी कमजोरीलाई परिमार्जन गर्दै बेलायतका Thomos Hare ले एकल संक्रमणीय मत प्रणालीलाई परिष्कृत रुप दिएका हुन् । त्यसपश्चात एकल संक्रमणीय मत प्रणालीको प्रयोग पहिलो पटक इङ्गल्याण्डमा सम्पन्न भयो । बेलायतले प्रयोग गरेपश्चात यसको लोकप्रियताको दायरामा बृद्धि हुँदै सन् १८९६ मा तास्मानियामा यस पद्धतिको प्रयोग गरियो र सन् १९०० मा बेल्जियमले समेत यस पद्धतिको प्रयोग गरेको पाइन्छ । जब बेल्जियमले यस पद्धतिको प्रयोग मार्फत निर्वाचन सम्पन्न गरायो, यसको लोकप्रियतामा थप बृद्धि भएको हो । हाल विश्वका फिनल्याण्ड, इजरायल, आयरल्यान्ड, स्वीडेन, नर्बे लगायत अधिकांश लोकतान्त्रिक राष्ट्रहरुले यस पद्धतिको प्रयोग मार्फत निर्वाचन गरेका छन् । नेपालको सन्दर्भमा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम राष्ट्रिय सभाका ६० मध्ये ५० जना

प्रतिनिधि यसै निर्वाचन पद्धतिमार्फत निर्वाचित हुने व्यवस्था रहेको थियो । यस पद्धतिमा विभिन्न उम्मेदवारमध्ये कुनै १ उम्मेदवारले विजयी बन्ने कोटा (मत संख्या) पार गर्नासाथ उसको बाँकी मत उसको निकटतम प्रतिद्वन्द्वीलाई सर्दै जाने व्यवस्था हुन्छ । Thomos Hare ले यसलाई परिपक्व रुप दिई प्रयोग गरी लोकप्रियता हासिल गरेको हुँदा यस पद्धतिलाई Hare System पनि भनिन्छ । "मतगणनाको विशेष प्रक्रियाअनुसार एकल संक्रमणीय मत प्रणाली (Single Transferable vote system ) र मतदानको तरिकाअनुसार यसलाई प्राथमिकता मत प्रणाली भन्ने गरिन्छ" (बराल; २०६०:५८) ।

### २.२.२.३ मिश्रित निर्वाचन प्रणाली

मिश्रित निर्वाचन प्रणाली बहुमत प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको संयुक्त स्वरुप हो । बढी मत बहुमत प्रणालीमा अल्पमतको तर्फबाट राज्य व्यवस्थामा प्रतिनिधित्व हुन नसक्ने, अल्पसंख्यक पिछडिएका वर्गको मतको राज्य व्यवस्थामा प्रतिनिधित्व हुन नसक्ने र समानुपातिक प्रणालीबाट निर्वाचित प्रतिनिधिको नागरिकसँगको प्रत्यक्ष सम्वन्धको पहुँच स्थापित हुन नसक्ने समेतका दुबै प्रणालीको अवगुणलाई मेटाउँदै र दुवै प्रणालीको सम्मान स्वरुप स्थापित प्रणाली हो । यो प्रणाली २० औं शताब्दीदेखि प्रयोगमा आउन थालेको पाइन्छ । "जर्मनी, इटाली, न्युजिल्याण्ड, जापान, कोरिया र थाइल्याण्डलगायतका मुलुकले यस प्रणालीको अभ्यास गरिसकेका छन् (मञ्च;२०६४:११८) । दक्षिण एशियामा यो प्रणालीको प्रयोग सर्वप्रथम श्रीलंकाले सन् १९९५ देखि गरेको हो ।

बहुदलीय ब्यवस्थालाई सुदृढ पार्दै लोकतन्त्रको रक्षा गर्न र राज्यको नीति तर्जुमा एवं शासन कार्यमा राज्यका अल्पसंख्यक पिछडिएका वर्गको प्रतिनिधित्व गर्नु यस पद्दतीको उद्देश्य हो । यस पद्दतीले एकल सदस्यीय निर्वाचन क्षेत्रबाट बहुमतीय प्रणालीका आधारमा निर्वाचित हुने निश्चित सिट र बहुजातीय, पिछडिएको लिङ्ग, धर्म, संस्कृति सम्प्रदाय र वर्गको तर्फबाट व्यवस्थापिकामा प्रतिनिधित्व हुने गरी वालिगमताधिकारको माध्यमबाट निश्चित सिट जनप्रतिनिधि निर्वाचित गरी पठाउने ब्यवस्था सुनिश्चित गर्दछ । यसरी हेर्दा मिश्रित सदस्य निर्वाचन प्रणालीले समानुपातिक प्रतिनिधित्व प्रणालीका तत्व र बहुमत प्रणाली दुबैका तत्वहरुलाई एक अर्काबाट स्वतन्त्र रुपले सञ्चालन गरी प्रयोगमा ल्याउँछ । मिश्रित निर्वाचन प्रणालीको प्रमुख विशेषता यो हो कि मिश्रित निर्वाचन प्रणालीले बहुमत प्रणालीको

प्रयोगको परिणामबाट व्यवस्थापिकामा निर्वाचित हुने असन्तुलित सिट एवं सिर्जित अमिल्दो भिन्नतालाई समानुपातिक प्रतिनिधित्व प्रणालीको तत्वमार्फत क्षतिपूर्ति गरी व्यवस्थापिकामा सन्तुलन मिलाउँछ । "विश्वका करिब १९९ राष्ट्रमध्ये ३० राष्ट्रले (१५% राष्ट्रले) मिश्रित निर्वाचन प्रणालीको प्रयोग गर्दै आएका छन्" (आइडिए; २००५:३१) ।

नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावनामा सबै वर्ग, लिङ्ग क्षेत्र, सम्प्रदायको समावेशीता सुनिश्चित गर्दै संविधानसभाको निर्वाचनमार्फत गठित संविधानसभाबाट लोकतान्त्रिक गणतन्त्र संघीय नेपालको संविधान निर्माण गर्ने संकल्प गरेको छ भने संविधानको धारा ६३ को उपधारा ३ मा "संविधानसभामा समान जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्ठताका आधारमा र मधेशमा जनसंख्याको प्रतिशतको आधारमा मिश्रित निर्वाचन प्रणाली बमोजिम निर्वाचित गरी संविधानसभा गठन गर्ने, धारा ६३ (३) को (क) मा नेपाललाई २४० निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत निर्वाचित २४० सदस्य र धारा ६३ (३) (ख) मा सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने ३३५ सदस्य" निर्वाचित गर्ने गरी मिश्रित निर्वाचन प्रणालीको प्रयोग मार्फत संविधानसभा गठन गर्ने संवैधानिक व्यवस्था तर्जुमा भएको पाइन्छ । (नेपालको अन्तरिम संविधान २०६३) सो प्रावधान वमोजिम २०६४ मा पहिलो पटक र २०७० मा दोश्रो पटक संविधानसभा निर्वाचन सम्पन्न भइसकेको छ ।

यसरी विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणालीका मुख्य परिवार अन्तर्गत (१) बहुमत/बढी मत प्रणाली (२) समानुपातिक निर्वाचन प्रणाली र (३) मिश्रित निर्वाचन प्रणाली गरी ३ मुख्य परिवार रहेका छन् । विश्वमा प्रचलित निर्वाचन प्रणालीको उपरोक्त परिवारको प्रयोगको सन्दर्भको अध्ययन गर्दा "विधायिकाको निमित्त प्रत्यक्ष निर्वाचन गर्ने विश्वका १९९ मुलुक मध्ये ९१ राष्ट्र (४६% राष्ट्र) ले बहुमत प्रणालीको प्रयोग गर्दछन् भने ७२ राष्ट्र ( ३६% राष्ट्र) ले समानुपातिक प्रतिनिधित्व प्रणालीको प्रयोग गर्दछन् । ३० राष्ट्रले अन्य प्रणालीको प्रयोग गर्दछन्" (आइडीए : सन् 2005:31) । निर्वाचन प्रणालीको उपरोक्त ३ प्रमुख परिवारलाई सम्वन्धित राष्ट्रको जनसंख्याको आकार, जात जनजाती लिङ्ग वर्गको अनुपात, भूगोल, राजनीतिक अवस्था आदिका आधारमा विभिन्न १२ उप-प्रणालीको

माध्यमबाट निर्वाचन पद्दतीको प्रयोग गर्ने गरेको पाइन्छ । जसलाई संक्षेपमा निम्नानुसार तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

### २.२.३ निर्वाचन प्रणालीका परिवारहरु

विश्वमा प्रचलित ३ मुख्य उपरोक्त प्रणाली र अन्य प्रणाली अन्तर्गत निम्न उप-प्रणालीहरु प्रचलनमा रहेको पाइन्छ जसलाई निम्न तालिका बाट प्रस्तुत गरिन्छ ।

**तालिका १ : निर्वाचन प्रणालीका परिवार**




### २.२.३.१ बढी मत/बहुमत प्रणाली

बढी मत/बहुमत प्रणाली (Majority Vote System) अन्तर्गत निम्न उप-प्रणाली रहेका छन् ।

क) पहिलो हुने निर्वाचित हुने प्रणाली (First past the post system)

ख) दुई चरण दौड प्रणाली (Two round system)

ग) बैकल्पिक मत प्रणाली (Alternative vote system)

घ) एकमुष्ठ मत प्रणाली (Block vote system)

ङ) दलीय एकमुष्ठ मत प्रणाली (Party Block vote system)

**२.२.३.१ (क) पहिलो हुने निर्वाचित हुने प्रणाली**

बहुमतीय प्रणाली अन्तर्गतको पहिलो हुने निर्वाचित प्रणालीको विशिष्ट स्वभाव भनेको यो प्रणालीमा प्रतिष्पर्धा गर्ने एक सदस्यीय निर्वाचन क्षेत्रको सबै उम्मेदवारमध्ये सबैभन्दा धेरै मत प्राप्त गर्ने एक जना उम्मेदवारले आफ्नो निकटतम प्रतिद्वन्द्वीभन्दा १ मत मात्र बढी प्राप्त गरेमा ऊ विजयी हुन्छ ।

यो निर्वाचन प्रणाली एक सदस्य निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ र यसमा मतदाताले कुनै १ दलको उम्मेदवार वा स्वतन्त्र उम्मेदवारलाई आफ्नो १ मत दिने अधिकार रहन्छ । यदि अरु प्रत्येक उम्मेदवारले १/१ मतको दरले मत प्राप्त गरेमा २ मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुन्छ (आइडीए सन् २००५:३९) । पहिलो हुनेले जित्ने यस प्रणालीमा हारेको उम्मेदवारले प्राप्त गरेको मतको कुनै लेखाजोखा हुँदैन । नेपालमा २०१५ सालको आमनिर्वाचनमा २०४८, २०५१ र २०५६ को प्रतिनिधिसभाको निर्वाचनमा यो पद्धति प्रयोग गरिएको थियो । हालसम्म विश्वका ६३ राष्ट्रमा यो निर्वाचन पद्धतिको अभ्यास भइसकेको छ" (ज्ञवाली; २०६४:६७) ।

**२.२.३.१ (ख) दुई चरण दौड प्रणाली**

दुई चरण दौड निर्वाचन प्रणाली बहुमतको शासनको अवधारणासँग अन्तरसम्बन्धित छ । वालिग मताधिकारको प्रयोग मार्फत हुने निर्वाचनबाट व्यवस्थापिकामा प्रतिनिधित्व हुने ब्यक्तिले पूर्ण बहुमत प्राप्त गर्नुपर्छ त्यसो भएमामात्र बहुमतको शासनको लोकतान्त्रिक मूल्य मान्यता र व्यवस्थाले सफलता प्राप्त गर्दछ भन्ने यो प्रणालीको उद्देश्य हो । यो प्रणाली दुई चरणको निर्वाचनमा पूरा हुन्छ । पहिलो निर्वाचनमा कुनै उम्मेदवारले कूल सदर मतको पूर्ण बहुमत (५०% भन्दा बढी, ५१% वा सो भन्दा बढी मत) पाएको खण्डमा दोश्रो पटकको निर्वाचन आवश्यक हुँदैन तर पहिलो पटकको निर्वाचनमा कसैको पनि स्पष्ट बहुमत (५१%) नआएको खण्डमा प्रतिष्पर्धी उम्मेदवारहरु मध्ये सबैभन्दा बढी मत प्राप्त गर्ने २ जना उम्मेदवारबीच मात्र तत्कालै पहिलो पटकको निर्वाचन परिणाम आएको मितिले (१ हप्ता देखि १५ दिन भित्रै) दोश्रो पटक निर्वाचनको व्यवस्था गरिएको हुन्छ । दोश्रो पटकको निर्वाचनमा सहभागी २ उम्मेदवार मध्ये जसले कुल सदर मतको ५१% वा सोभन्दा बढी मत प्राप्त गर्दछ ऊ व्यवस्थापिकाका लागि निर्वाचित हुन्छ (ज्ञवाली; २०६४:१०९) ।

यो प्रणालीमा साना दल तथा उम्मेदवारको लोकप्रियताको अभाव एवं प्रचारप्रसार नभएका उम्मेदवार पराजित हुने, उनीहरुले प्राप्त गरेको मतको औचित्य नहुने, पिछडिएका जाति वर्ग समुदायको व्यवस्थापिकामा प्रतिनिधित्वको पहुँच हुनै नसक्ने परिपाटी विकास गर्दछ तर बहुमत प्राप्त व्यक्तिले मात्र शासन सत्ताको जिम्मेवारी पाउने लोकतान्त्रिक मान्यतालाई भने अभिन्नरुपमा आत्मसात गर्दछ । दुई चरणको निर्वाचन प्रणाली २२ राष्ट्रिय विधायिकाहरुको निर्वाचन गर्न र राष्ट्रपतिहरुको प्रत्यक्ष निर्वाचन गर्न अधिकांश राष्ट्रमा प्रयोग भएको छ । फ्रान्स, अफ्रिका क्षेत्रका केन्द्रिय अफ्रिकी गणतन्त्र कंगो, ग्यावोन, माली, मारिटानिया, टोगा, उत्तर अफ्रिकामा इजिप्ट, कोमोरसद्धीप, हाइटी, इरान, किरीवाटी तथा भियतनाम र केही पूर्व सोभियत गणतन्त्र राज्यहरु (बेलारुस, किर्गिस्तान, तर्कुमिनेस्तान तथा उज्वेकिस्तान) मा यो प्रणाली गर्ने गरिन्छ । त्यसको अतिरिक्त जर्जिया, काजकास्तान र ताजकिस्तानलगायतका मुलुकमा जिल्ला प्रतिनिधिहरुको निर्वाचनमा मिश्रित निर्वाचन प्रणालीको अंशको रुपमा दुई चरणको निर्वाचन प्रणाली अपनाउने गरिन्छ (आइडिईए सन् २००५:६१) ।

### २.२.३.१ (ग) वैकल्पिक मत प्रणाली

वैकल्पिक मत भनेको एकल सदस्सीय निर्वाचन क्षेत्रहरुमा प्रयोग भएको प्राथमिकता दिइएको बहुमत प्रणाली हो । मतदाताहरुले मतपत्रमा आफ्नो प्राथमिकता क्रम संकेत गर्न अंक प्रयोग गर्ने गर्दछन् पहिलो प्राथमिकताको सदर मतको पूर्ण बहुमत (५०% र थप १ मत) प्राप्त गर्ने उम्मेदवार विजयी भएको घोषणा गरिन्छ । पहिलो प्राथमिकताको पूर्ण बहुमत कुनै उम्मेदवारले प्राप्त गर्न नसकेमा सवै भन्दा कम मत प्राप्त गर्ने उम्मेदवारहरु हटाइन्छन् र निजले प्राप्त गरेको मत कुनै उम्मेदवारले पूर्ण बहुमत प्राप्त नगरेसम्म मतदाताहरुको दोश्रो प्राथमिकताअनुसार पुनः बाडफाँड गरिन्छ  (आईडिइए २००५:५४) । यस पद्धतिमा मतदाताले राजनीतिक दलहरुलाई भन्दा उम्मेदवारलाई मतदान गर्दछन् । एक सदस्य मात्र निर्वाचित गर्नुपर्ने निर्वाचन क्षेत्रबाट १ उम्मेदवारलाई मात्र मत संकेत नगरी मतदाताले उपयुक्त उम्मेदवारको छनौटको पर्याप्त विकल्प (सबैभन्दा बढी मन परेको उम्मेदवारलाई मतपत्रमा क्र.सं १ मा, दोश्रो मन पर्ने उम्मेदवारलाई २ नं. मा, त्यसपछिको तेश्रो नं. ३ मा) मा मत संकेतको आधारमा बहुमत प्राप्त उम्मेदवारलाई विधायिकामा निर्वाचित गरी पठाइने भएकाले यस पद्धतिलाई प्राथमिकताको मतदान पनि भनिन्छ ।

यस प्रणालीबाट भएको निर्वाचनमा मतगणनाको पनि आफ्नै विशिष्ट तरिका रहेको छ । जबसम्म कुनै पनि उम्मेदवारले (१ उम्मेदवारले) बहुमत प्राप्त गर्दैन तबसम्म सबैभन्दा कम मत प्राप्त गर्ने उम्मदेदवारको मत बढी मत प्राप्त गर्ने उम्मेदवारको पक्षमा जोड गर्दै कम प्राप्त गर्नेलाई मतगणनाको प्रक्रियाबाट हटाई एक उम्मेदवारलाई बहुमतको आधारमा निर्वाचित घोषणा गरिन्छ । मत सर्ने प्रक्रिया उम्मेदवार निर्वाचित भएको घोषणा नभएसम्म दोहोर्‍याई रहने र अन्तमा बहुमत प्राप्त उम्मेदवारलाई विजयी घोषित गरिने हुँदा यसलाई बहुमत प्रणालीको परिवार अन्तर्गत  सूचीमा राख्ने गरिएको छ । यस पद्धतिले निर्वाचनमा खसेको मतलाई विल्कुल खेर जान दिँदैन । अष्ट्रेलिया, फिजी, पपुवान्युगिनी, प्रशान्त महासागर क्षेत्रका दीप समूह, यूरोप तथा उत्तर अमेरिका उपराष्ट्रिय क्षेत्रमा यस प्रणाली प्रचलनमा रहेको पाइन्छ ।

### २.२.३.१ (घ) एकमुष्ठ मत प्रणाली

एकमुष्ठ मत भनेको बहुसदस्सीय निर्वाचन क्षेत्रमा बढीमत/बहुमत प्रणालीको प्रयोग हो । निर्वाचित हुने संख्या जति नै संख्यामा मतदाताले मतदान गर्न पाउँछन् । कुल मतको सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरु विजयी हुन्छन् (आइडिइए; सन् २००५:४९) । यो पद्धतिमा निश्चित कोटा मध्ये सबै वा १ मत मात्र राख्न पनि मतदाताहरु स्वतन्त्र रहन्छ । कोटा अनुसारको मतदान गरेको वा नगरेको आधारमा मात्र मत सदर वा बदर हुने अवस्था पनि हुँदैन । दलीय व्यवस्था नै नभएको वा भएर पनि दलहरु कमजोर भएका राष्ट्रको लागि यो प्रणालीको प्रयोग सामान्य मानिन्छ । केभ्यान दिप, फकल्याण्ड दिपहरु, गुएर्नसी, लेवनान, कुवेत, माल्दिभ्स, प्यालेष्टाइन, मंगोलिया, थाइल्याण्ड, फिलिपिन्स, सीरियाली अरव गणतन्त्र, तुभालु र टांगा लगायतका राष्ट्रहरुले एकमुष्ठ मत प्रणालीको अभ्यास गरिसकेका छन् ।

### २.२.३.१ (ङ) दलीय एकमुष्ठ मत प्रणाली

दलीय एकमुष्ठ मत प्रणाली बहुसदस्य निर्वाचन क्षेत्रमा प्रयोग हुने बहुमत प्रणाली हो । जसमा मतदाताले आफ्नो छनौटको दललाई एकल दल केन्द्रित मतको मतदान गर्दछन्, उम्मेदवारहरु बीच मत प्रतिष्पर्धा गर्दैनन् र सबैभन्दा बढी मत प्राप्त गर्ने दलले निर्वाचन क्षेत्रका प्रत्येक स्थान जित्ने गर्दछन् (आईडिइए; सन् २००५:५३) । यस प्रणालीमा पहिलो हुने निर्वाचित हुने प्रणालीमा अपनाइने भन्दा भिन्न रुपमा बहुसदस्सीय निर्वाचन क्षेत्रको व्यवस्था

हुन्छ । यो प्रणालीमा मतदाताको मूल्य (अधिकार) १ मतको मात्र रहेको हुन्छ तर निर्वाचित गर्नुपर्ने पद व्यक्ति विशेष भन्दा उम्मेदवार भएको दलबाट मतदानको माध्यमबाट छनौट गरिन्छ । सबैभन्दा बढी मत प्राप्त गर्ने दलले निर्वाचन क्षेत्रका सम्पूर्ण उम्मेदवार दलको सूचीको आधारमा निर्वाचित गर्दछन् । यस पद्धतिमा पहिलो हुने निर्वाचित हुने प्रणालीमा जस्तो सम्पूर्ण मतको बहुमत ल्याउनु जरुरी हुँदैन । सेनेगाल, टयूनिशिया, सिंगापुर जिवुटी क्यामेरुन चाडलगायतका राष्ट्रमा यो पद्धति प्रयोग भइसकेको पाइन्छ ।

### २.२.३.२ समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली

राष्ट्रको भूगोल, जनसंख्याको आकार र स्तर (राज्य भित्रका जातजाती जनजाती पिछडिएका लिंग वर्ग सम्प्रदाय) अनुसार सवै क्षेत्रको समान अनुपातमा दलीय प्रतिष्पर्धाको माध्यमबाट विद्यायिकामा जनप्रतिनिधि निर्वाचित गर्ने पद्धति समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली हो । राष्ट्रिय राजनीतिमा क्रियाशील राजनीतिक दल एवं समूहले विद्यायिकामा छुट्टयाइएका निश्चित कोटाका लागि दलले प्राप्त गरेको मतको अनुपातमा राज्यका जाती जनजाती पिछडिएको लिङ्ग, वर्ग समुदायको समान प्रतिनिधित्व रहने गरी दलद्वारा निर्वाचित गरी व्यवस्थापिकामा पठाइने हुँदा यस पद्धतिमा बहुमतीय प्रणालीमा जस्तो खसेको मत खेर जाने सम्भावना विल्कुलै हुँदैन । यो प्रणाली बहुमत प्रणालीको ठीक विपरीत मानिन्छ । बहुमतीय प्रणालीमा हार्ने उम्मेदवारको पक्षमा खसेको मतको कुनै लेखाजोखा र हिसाब हुँदैन र कममत (अल्पमत) को विद्यायीकामा प्रतिनिधित्व नै नहुने समस्याको कारण सो को विकल्पमा अल्पमतको सम्मान र विद्यायिकामा समावेशी स्वरुपका प्रतिनिधिहरु समावेश गर्ने गराउने उपयुक्त प्रणालीको रुपमा यसको शुरुवात एवं विकास हुँदै आएको हो । हालसम्म पहिचान गरिएका ७२ समानुपातिक प्रतिनिधित्व प्रणालीमध्ये अधिकांशले सूचीमा आधारित समानुपातिक प्रणालीको प्रयोग गर्दछन् (आईडीए; सन् २००५: ६७) ।

### २.२.३.२ (१) दलीय सूची प्रणाली

(१) दलीय सूची प्रणालीमा “दलका विभिन्न सूचीहरु मध्ये मतदाताले आफूले मन पराएको कुनै एक सूचीमा मतदान गर्दछन् र मतदान सकिएपछि राज्यको व्यवस्था अनुसार सम्पूर्ण राज्यलाई १ क्षेत्र मानी वा विभिन्न क्षेत्रमा त्यहाँ खसेको मतलाई भिन्नाभिन्नै दलहरुको सूचीका आधारमा छुट्टाछुट्टै गणना गरिन्छ र प्राप्त मतको अंशको आधारमा प्रतिनिधित्व हुने

संख्याको अनुपातमा विधायिकाको लागी सदस्य संख्या बाँडिन्छ ।" जस्तो जर्मनीको संसद बुण्डेस्टागमा रहने कुल सदस्य संख्या मध्ये आधा सामान्य बहुमत प्रणालीद्वारा र बाँकी आधा संख्या सूची प्रणालीद्वारा पूर्ती गरिन्छ (बराल; २०६०:६९) । यो निर्वाचन प्रणालीमा बहुमत प्रणाली जस्तो उम्मेदवारको व्यक्तिगत प्रभाव पहुँच सम्पन्नता जस्ता विषयको नभई राजनीतिक दल एवं समूहको राष्ट्रिय एजेण्डा, नीति विचारको प्रभाव रहने गर्दछ । बहुमतीय प्रणालीको तुलनामा यो प्रणाली सहज सरल र आर्थिक रुपले कम खर्चिलो हुन्छ । दलीय सूची प्रणालीलाई पनि २ उपप्रणालीमा विभाजन गरी अभ्यास गर्ने गरेको पाइन्छ ती मध्ये (१) खुल्ला सूची प्रणाली र (२) बन्द सूची प्रणाली रहेको पाइन्छ ।

खुल्ला सूची प्रणालीमा दलहरुले मतदाता समक्ष आफ्ना उम्मेदवारको सूची प्रस्तुत गर्दछन् र मतदाताले आफ्नो मत प्राथमिकताका आधारमा १ व्यक्ति वा २ व्यक्तिको लागि मतपत्रमा १,२,३,४ गरी मतपत्रमा चिन्ह लगाउँछन् र दलले प्राप्त गरेको सिटको आधारमा दलले ती उम्मेदवारलाई विजयी घोषित गर्दछन् भने बन्द सूची प्रणालीमा मतदाताको मत उम्मेदवारलाई नभई दललाई हुन्छ । प्रत्येक दलहरुले आफूलाई प्राप्त मतको आधारमा प्राप्त सिटमा समानुपातिक तवरले बाँडफाँड गर्दछन् । यस्तो सूचीमा प्राथमिकताको आधारमा उम्मेदवारहरुको सूची दलहरुले निर्वाचन आयोगमा दर्ता गरेका हुन्छन् । दलले प्राप्त गरेका सिटका आधारमा दलको अन्तिम छनौटमा परेका आफ्ना उम्मेदवारलाई विजयी घोषित गरिन्छ । जहाँ पूरै देशलाई दलले एउटै निर्वाचन क्षेत्र मानी बन्द सूचीमा राखेका हुन्छन् । "विश्वका ५९ राष्ट्रहरुमा दलीय सूची प्रणाली प्रयोग भएको पाइन्छ" (ज्ञवाली :२०६४:११४) ।

### २.२.३.२ (२) एकल संक्रमणीय मत प्रणाली

एकल संक्रमणीय मत भनेको प्राथमिकता दिइएको मत प्रणाली हो । जहाँ मतदाताले बहुसदस्सीय निर्वाचन क्षेत्रका उम्मेदवारहरुको क्रम निर्धारण गर्दछ र पहिलो प्राथमिकता दिइएको मतको निर्धारित कोटा पार गर्ने उम्मेदवारहरु तत्कालै विजयी हुन्छन् त्यसपछिका मतगणनाहरुमा सवैभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारहरुलाई सूचीबाट हटाइन्छ र त्यस्ता उम्मेदवारहरुको मत र विजयी भएको सफल उम्मेदवारको कोटाको बचत भएको मत आवश्यक संख्यामा उम्मेदवारहरु निर्वाचित भएको घोषणा नभएसम्म निर्वाचित हुन बाँकी नजिकको प्रतिष्पर्धीमा पुनः वितरण गरिन्छ । दलगत सूचीको विकल्पको सम्भावना भए पनि

मतदाताले राजनीतिक दललाई भन्दा यस पद्धति अन्तर्गत उम्मेदवारलाई मतदान गर्ने गर्दछन्  (आइडीइए; सन् २००५:८९) ।

### २.२.३.३ मिश्रित निर्वाचन प्रणाली

मिश्रित निर्वाचन प्रणाली भन्नाले बहुमत प्रणाली र समानुपातिक प्रतिनिधित्व प्रणाली दुवैका गुणहरु अवगुणबाट सिर्जित दुवै प्रणालीका टकरावलाई व्यवस्थापन गर्दै प्रतिनिधि चयन गर्ने विशिष्ट पद्धतिलाई जनाउँदछ । बहुमतीय प्रणालीबाट अल्पसंख्यकको प्रतिनिधित्व नहुने र पूर्ण समानुपातिक प्रणालीबाट नागरिकप्रति उत्तरदायी जनप्रतिनिधिको चयन हुन नसक्ने लगायतका समस्यालाई सही व्यवस्थापन गर्न दुवै प्रणालीको संयोजनबाट तेश्रो विकल्पको रुपमा यस प्रणालीको प्रादुर्भाव भएको हो । यसलाई समानान्तर प्रणाली पनि भनिन्छ । समानान्तर प्रणालीले समानुपातिक प्रतिनिधित्वको तत्व र बढीमत/बहुमत (वा अन्य) तत्व दुवैलाई एक अर्काबाट स्वतन्त्र रुपले सञ्चालन गरी प्रयोगमा ल्याउँछ । तर यसमा के फरक हुन्छ भने बढीमत/बहुमत अथवा अन्य प्रणालीमा सिर्जित अमिल्दो भिन्नतालाई समानुपातिक प्रतिनिधित्व प्रणालीको तत्वले क्षतिपूर्ति गर्दछ र सामान्यतया समानान्तर प्रतिनिधित्व प्रणालीले ज्यादै बढी समानुपातिकताको परिणाम ल्याउँछ । अफ्रिका र पूर्व सोभियत संघका नयाँ प्रजातान्त्रिक देशहरुमा समानान्तर र मिश्रित सदस्य समानुपातिक प्रणालीलाई व्यापक रुपमा प्रयोगमा ल्याइएको छ  (आइडीइए; सन् २००५:३१) ।

यस पद्धति अन्तर्गत मतदाताहरु ऊनै हुन्छन्, मतदान गर्ने विधि पनि एउटै हुन्छ र दुवै निर्वाचन प्रणाली अन्तर्गतका प्रतिनिधिहरुको निर्वाचनको लागि मतदाताहरु सहभागी भई मतदान गर्दछन् । ती प्रणालीहरु मध्ये एउटा एकल सदस्सीय निर्वाचन क्षेत्र प्रणाली अपनाउने बढीमत/बहुमत वा अन्य कुनै प्रकारको प्रणाली र अर्को चाँहि सूची समानुपातिक प्रणाली हो । यस प्रणालीअन्तर्गत बहुमत प्रणालीबाट कस्तो दल वा उम्मेदवारको कति स्थान आउने हो वा परिणामको प्रभाव कस्तो प्रभाव पर्छ भन्ने आकँलनका आधारमा समानुपातिक प्रणालीको कोटा (सिट) निर्धारण गरी बहुमत वा अन्य त्यस्तै प्रणालीबाट सिर्जित असमान परिणामलाई समानुपातिक प्रणालीमार्फत् क्षति पूर्ति गरिन्छ । मिश्रित प्रणालीलाई निम्न २ प्रणालीमा विभाजन गरिएको पाइन्छ ।

### २.२.३.३. (क) मिश्रित सदस्य समानुपातिक प्रणाली

यस प्रणालीमा मतदातावाट अभिब्यक्त भएको छनौटलाई सूची समानुपातिक प्रणाली र बढी मत प्रणाली मार्फत व्यवस्थापिकाका लागि सदस्यहरु निर्वाचित गर्ने अभ्यास गरिन्छ । यस स्थितिमा बढीमत प्रणाली मार्फत प्रतिनिधि चयनमा देखिने असन्तुलन र परिणामको भिन्नतालाई समानुपातिक प्रणालीले प्रतिनिधि चयन गरी असमान सन्तुलनलाई समान सन्तुलनमा ल्याउने भुमिका निर्वाह गर्दछ । यस पद्दतिमा मतदान गर्दा मतादाताले १ स्थानमा (१ निर्वाचन क्षेत्र) मा प्रत्यक्ष रुपमा भूगोलको उम्मेदवारलाई र अर्को १ मत सूची प्रणाली भित्रका आफ्नो मन परेको दललाई मत दिन्छन् । यस प्रणालीको प्रयोग सर्वप्रथम दक्षिण अफ्रिकाबाट प्रारम्भ भएको र पछि इटाली, हंगेरी, वोलिभिया, जर्मनी, मेक्सिको, अल्वानिया भेनेजुएला र न्यूजिल्याण्डमा भएको पाइन्छ (ज्ञवाली; २०६४:११६) । यसको मुख्य उद्देश्य विद्यायिकामा बहुमतको निरंकुशतालाई समावेशी प्रतिनिधित्वले सन्तुलन र नियन्त्रणमा लिनु हो ।

### २.२.३.३ (ख) समानान्तर मत प्रणाली

समानान्तर प्रणालीले पनि समानुपातिक प्रतिनिधित्व र बढीमत/बहुमत प्रणाली दुवैका तत्वहरुलाई समावेश गर्ने गर्दछ तर मिश्रित सदस्य समानुपातिक प्रणालीको विपरीत यस प्रणालीको समानुपातिक तत्वले बहुमतमा आधारित निर्वाचन क्षेत्रको कुनै अमिल्दो भिन्नता वापत क्षतिपूर्ति दिँदैन । यस प्रणालीमा मिश्रित सदस्य समानुपातिक प्रणालीमा जस्तो प्रत्येक मतदाताले १ मतपत्र पाउँछन् सो मतपत्रमा मतदाताले उम्मेदवार तथा निजको दल दुबैलाई मत दिन्छन् अथवा एउटा मतपत्रमा बढीमत बहुमत स्थानको लागि र अर्को मतपत्र समानुपातिक स्थानको लागि प्रयोग गर्ने गरी दुई छुट्टा छुट्टै मतपत्र पाउन पनि सक्छन् । यस पद्दतीमा मतदाताले १ मत प्रत्यक्ष निर्वाचन (बढीमत मत प्रणाली) अन्तर्गत र १ मत सूचीमा रहेको दल वा उम्मेदवारलाई दिन्छन् । त्यसरी हेर्दा मतदाताले प्रयोग गर्ने मत बराबर भएतापनि सिट भने बरावर नहुन सक्दछ । तथापि यसको मकसद भनेको समानान्तर प्रतिनिधि निर्वाचित गर्नु हो । व्यवस्थापिकाको सिट संख्याको हिसावलाई बढीमत प्रणाली निर्वाचन क्षेत्र र समानुपातिक प्रणाली तर्फको सिट समान भने रहेको पाइँदैन । अण्डोरोसा रुस तथा यूक्रेनमा दुवै प्रणालीबाट समान प्रतिनिधि चयन गरिन्छ भने दक्षिण कोरीयाको २९९ कूल सिट मध्ये ८१% सिट बहुमत प्रणाली र वाँकी १९%

समानुपातिकवाट, जापानमा ६०% बहुमत प्रणालीबाट ४०% समानुपातिक सूचीबाट, टिमोर-लेष्टेमा ७५% समानुपातिक सूचीबाट र बाँकी २५% अर्को प्रणालीबाट प्रतिनिधि चयन भई आउने ब्यवस्था रहेको छ (आइडीइए; २००५:१२२) । तथापि यसको मकसद समान अनुपातमा विद्यायिकामा २ प्रणालीबाट प्रतिनिधि चयन गर्ने हो ।

### २.२.३.४ अन्य प्रणालीहरु

विश्वमा प्रचलित निर्वाचन प्रणलीको अध्ययन गर्दा केही त्यस्ता प्रणालीहरु पनि रहेका छन् जुन माथि विबेचित बहुमत, समानुपातिक र मिश्रित प्रणालीभित्र नरही स्वतन्त्र प्रणालीको रुपमा स्थापित भएका छन् । ती हुन् : एकल असंक्रमणीय मत प्रणाली, सिमित मत प्रणाली र प्राथमिकता प्रणाली :

**क) एकल असंक्रमणीय मत प्रणाली** : यो मत प्रणालीमा एकल संक्रमणीय मतप्रणालीमा जस्तो विजयी उम्मेदवारको बढी मत अरु उम्मेदवारलाई जोडिदैन । कुनै १ निर्वाचन क्षेत्रका लागि १ भन्दा धैरै कोटाको सदस्य निर्वाचित गर्नुपर्ने हुन्छ तर मतदाताले केवल एउटा मात्र मतको प्रयोग गर्ने गर्दछन् र बढी मत प्राप्त गर्ने उम्मेदवारहरु चाहिने कोटामा निर्वाचित हुन्छन् । जस्तो १ निर्वाचन क्षेत्रमा ५ जना उम्मेदवारहरु निर्वाचित गर्नुपर्ने भएको छ तर उम्मेदवार १० जना छन् भने मतदाताले १ मतमात्र प्रयोग गर्छन् । अन्ततः बढी मत प्राप्त गर्ने ५ जना उम्मेदवार निर्वाचित हुन्छन् र बाँकी ५ जना पराजित हुन्छन् । एकल असंक्रमणीय मतबाट राजनीतिक दलले चुनौतीको सामना गर्नुपर्ने हुन्छ । उदाहरणको लागि ४ सदस्यीय कुनै निर्वाचन क्षेत्रमा न्यूनतम २०% भन्दा केही बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने निश्चित हुन्छ । ५०% भन्दा बढी मत पाएको दलले यसरी ४ सदस्यीय कुनै निर्वाचन क्षेत्र जित्ने अपेक्षा गरिन्छ (आइडीइए; २००५:१३२) । सो अवस्थामा दुई उम्मेदवारले २५%-२५% मत प्राप्त गरेको अवस्थामा त्यसरी २ सिट निर्वाचित हुन सक्छन् तर १ उम्मेदवारले ४०% र अर्को उम्मेदवारले १०% मत प्राप्त गरेमा सो दलका २ उम्मेदवारले जम्मा ५०% मत प्राप्त गरेतापनि निर्वाचित हुने सिट भने जम्मा १ मात्र हुन्छ । न त बढी (४०%) भन्दा बढी उम्मेदवारको मत बाँडिन्छ न त १०% मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छ । त्यसैले बढी मत प्राप्त गर्ने उम्मेदवारको बाँकी मत सोही दलको अन्य उम्मेदवारलाई नजोडिने हुँदा दलहरुले यो प्रणालीको प्रयोगबाट उच्च जोखिम बहन

गर्नुपर्ने हुन्छ । यो मत प्रणाली ताइवान, जोर्डन, जापान र बनौटुमा मात्र प्रचलनमा रहेको छ (ज्ञवाली; २०६४:११७) । त्यसको अतिरिक्त प्रणाली "अफगानिस्तान पिकर्टनद्विप तथा भानुआतमा विधायिकी निर्वाचन गर्नको लागि इण्डोनेशिया तथा थाइल्याण्डको दोश्रो सदनको निर्वाचनको लागि प्रयोग भएको पाइन्छ (आइडीइए; सन् २००५:१३२) । यो प्रणाली स्वतन्त्र प्रणाली भनिए पनि समानुपातिक प्रणालीको अवधारणासँग नजिक छ ।

**ख) सीमित मत प्रणाली :** सीमित मत बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग हुने उम्मेदवार केन्द्रित निर्वाचन प्रणाली हो । जसअन्तर्गत मतदाताहरुलाई १ भन्दा बढी तर निर्वाचित हुने उम्मेदवारभन्दा कम मतको अधिकार हुन्छ । कुल मतको सबैभन्दा बढी मत प्राप्त गर्ने निश्चित सिटका उम्मेदवारहरु निर्वाचित भएको घोषणा गरिन्छ । यसको सैद्धान्तिक एवं व्यवहारिक मान्यताहरु बहुमत प्रणालीसँग केही मिल्दोजुल्दो देखिन्छ । यसको प्रयोग जिब्राल्टर र स्पेनमा मात्र रहेको पाइन्छ (आइडीइए; सन् २००६) ।

**ग) प्राथमिकता गणना प्रणाली :** प्राथमिकता गणना एकल सदस्यीय वा बहुसदस्यीय दुबै निर्वाचन क्षेत्रमा प्रयोग गर्न सकिने उम्मेदवार केन्द्रित प्राथमिकता प्रणाली हो । यस प्रणालीमा मतदाताहरुले आ-आफ्नो मतपत्रमा उम्मेदवारको प्राथमिकता तोक्न १, २, ३ अङ्कको प्रयोग गर्दछन् र चिन्ह लगाइएको प्रत्येक प्राथमिकतालाई समानस्तरमा मूल्यमा निर्धारण गरिन्छ । यी मूल्य (मत) हरुको गणनाको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको घोषणा गरिन्छ । प्रशान्त क्षेत्रका साना मुलुक नाउहरुमा यसको प्रयोग गरिएको पाइन्छ । प्राथमिकता गणनामा पहिलो प्राथमिकताको मूल्य एक हुन्छ, दोश्रो प्राथमिकताको मूल्य आधा र तेश्रो प्राथमिकताको मूल्य एक तिहाइ र त्यसैगरी मूल्य निर्धारण हुँदै जान्छ । यी सबै प्राथमिकताको मूल्य जोडिइ अन्त्यमा बढी मत (कुल मत) पाउने विजयी घोषणा हुन्छ ।

### २.२ ३.५ नवीन अवधारणा

राज्यको शासन कार्य र निर्णय निर्माणमा जनईच्छाबमोजिमको शासक निर्वाचनबाट छनौट गरी विधायिकामा पठाउनु पर्छ भन्ने मान्यता लोकतन्त्रको आधारभूत मान्यतासँग अन्तरसम्बन्धित छ । सार्वभौमिकताको मालिक जनता भएमा मात्र लोकतन्त्रको स्थायित्व र

विकास हुन्छ । तर पछिल्ला दिनहरुमा दलीय असक्षमता, अदूरदर्शिता, जननिर्वाचित प्रतिनिधि राष्ट्रिय हित र स्वार्थमा भन्दा नातावाद, कृपावाद, चाकडीवादजस्ता प्रवृत्तिमा लिप्त भइरहेको र राष्ट्रिय शक्ति र स्रोत राष्ट्रिय हित र स्वार्थमा भन्दा निजीरुपमा प्रयोग गर्दै आइरहेको जनतालाई Vote Bank को रुपमा मात्र प्रयोग गर्ने दलीय अतिवाद, इत्यादि समस्याका कारण लोकतन्त्र नाममात्रको दायरामा सीमित हुन पुगेको दृष्टान्त पाइन्छ । यस्तो परिस्थितिमा असक्षम दल उम्मेदवार विधायिकाको सदस्य हुन योग्य छैनन् भनेर मत जाहेर गर्ने अधिकार पनि सुनिश्चित हुनुपर्ने मान्यता विकसित हुँदैआएको पाइन्छ ।

यसको प्रयोग निर्वाचन प्रक्रियामा मतपत्रमा No Vote को कोष्ठमा मतदान गरेर गर्न सकिन्छ । नेपालको सन्दर्भमा २०४८ सालदेखि निरन्तर एउटै व्यक्ति निर्वाचनमा प्रतिष्पर्धा गरी विजयी भइ विधायिकामा प्रतिनिधित्व गर्दा समेत राष्ट्रिय हित र स्वार्थमा समर्पित रहेको पाइँदैन् तर बाध्यतावश वा अन्य वा कुनै प्रकारको प्रभावले मतदाता उही उम्मेदवारलाई वा अन्य अयोग्य लागेको उम्मेदवारलाई पनि मतदान गर्न बाध्य छन् । निर्वाचन प्रक्रियामा सहभागी हुनुपर्ने तर उम्मेदवार योग्य छैन भन्ने लागेमा No Vote मा मतदान गरेर उम्मेदवारको अयोग्यता सम्बन्धमा आफ्नो अभिव्यक्ति जाहेर गर्ने अधिकारको प्रत्याभूति गर्न नेपालको सम्मानित सर्वोच्च अदालतले पछिल्लो पटक रिट निवेदक विकास लकाई खड्का समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको रिट नं. ०७०-WO-२३२६ भएको उत्प्रेषण मुद्दामा २०७०।९।२१ मा सरकार र निर्वाचन आयोगको नाउमा आदेश जारी गरिसकेको अवस्था छ । नागरिकको अभिव्यक्ति स्वतन्त्रताको अधिकार बेगरको लोकतन्त्र वास्तवमा लोकतन्त्र हुनै सक्दैन । त्यस अर्थमा सो रिटमा भनिएको छ "अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत जसरी बोल्ने अधिकार (Right to Speak) हुन्छ, चूप लाग्ने अधिकार पनि त्यसमा निहीत हुन्छ । ठीक त्यसप्रकारले मत दिन पाउने अधिकार (Right to Vote) अन्तर्गत मत नदिन वा उम्मेदवारलाई आफ्नो मत दिन्न भन्ने अधिकार (Right not to Vote) पनि पर्दैन भन्न मिल्दैन ।" सो रिटमा व्याख्या गर्दै भनिएको छ "राजनीतिक दलले उठाएका उम्मेदवारलाई छनौट गर्न पाउने अधिकार (Right to Select) नागरिकमा हुन्छ भने तिनलाई अस्वीकार गर्न पाउने अधिकार (Right to Reject) पनि त्यसमा निहीत हुने" व्याख्यासहित Right not to Vote को अधिकारलाई सुनिश्चित गरेको पाइन्छ (ने.का. प. २०७०, नि.नं. ९०६९) । यस व्यवस्थाबाट क्रियाशील राजनीतिक दललाई लोकतान्त्रिक

चरित्र प्रदर्शन र मौजुदा निर्वाचन प्रणालीलाई समेत जनचाहनाअनुरुप समय सापेक्ष परिवर्तन गराउने भूमिका निर्वाह भई लोकतन्त्रको यथार्थ प्रत्याभूतिको आभास हुन्छ ।

## २.२ ४ लोकतन्त्र र निर्वाचनबीच सम्बन्ध

आधुनिक विश्व राजनीतिमा लोकतन्त्र लोकप्रिय र सर्वोत्कृष्ट शासन प्रणाली हो भनी सर्वत्र यसको चर्चा र व्याख्या गर्ने गरिन्छ । लोकचाहना (जनचाहना) को अभिव्यक्तिमार्फत शासक र शासन व्यवस्थाहरु राष्ट्र र जनताको सर्वोपरी हित एवं लोककल्याणकारी मार्गमा निर्देशित र परिचालित भइ राज्यको शासन कार्य सञ्चालन हुने भएकोले पनि लोकतन्त्र लोकप्रिय एवं सर्वप्रचलित प्रणाली र शब्द (Popular, catch word and system) को रुपमा स्थापित एवं विकसित भएको छ । यसै मान्यता र दायराभित्र आफूलाई स्थापित गर्न अधिकांश शासक र शासन व्यवस्था आफू अधिनायकवादी निरंकुश र तानाशाही चरित्रको हुँदाहुँदै पनि देखावटीरुपमा लोकतान्त्रिक चरित्रको भन्न रुचाउने र दाबी गर्ने प्रयत्न गर्दै आएको पाइन्छ ।

विश्वका विभिन्न समाजका शासक र शासन व्यवस्थाले आफूलाई लोकतान्त्रिक चरित्रको दाबी गरेतापनि त्यसको कसी त्यहाँ स्थापित एवं अवलम्बन गरिएको शासन व्यवस्थाका व्यवहारिक प्रयोग मार्फत अभिव्यक्त हुने गर्दछन् । अर्को शब्दमा भन्नुपर्दा राज्यको शासन कार्य एवं निर्णय निर्माणमा अधिक जनताको व्यापक सहभागिताको सहज पहुँचले मात्र वास्तविक लोकतन्त्रको चरित्र पुष्टि हुने गर्दछ । लोकतान्त्रिक व्यवस्थाको लोकप्रियताका पछाडि राज्यको शासन कार्य एवं निर्णय निर्माणमा जनतालाई व्यापक सहभागी गर्ने गराउने र प्रतिनिधि चुन्ने चुनिने विशेष अधिकारको प्रक्रिया रहेको हुन्छ । त्यसलाई निर्वाचन भनिन्छ । निर्वाचन बेगरको लोकतन्त्र वास्तविक लोकतन्त्र होइन । निर्वाचनको माध्यमबाट निरंकुश तानाशाह र स्वेच्छाचारी शासकको अपदस्थ र जनईच्छा अनुकूलको शासकको नियुक्ति हुने वैधता सहमति र सामर्थ्य प्राप्त हुन्छ । यसैले निर्वाचनलाई लोकतन्त्रको प्राण भन्ने गरिन्छ । लोकतान्त्रिक व्यवस्थालाई सक्षम सुदृढ जीवन्त प्रदान गर्न व्यापक जनसहभागिताको निर्वाचन बेगर अर्को विकल्पै नहुँदा लोकतन्त्र र निर्वाचनबीच नङ र मासुको सम्बन्ध रहेको हुन्छ ।

लोकतन्त्रको सफलता आमनागरिकहरुको व्यवस्थामा रहने सहभागितामा निर्भर गर्दछ । यस्तो राजनीतिक सहभागिताको आधारभूत र सर्वप्रचलित स्वरुप भनेको नै निर्वाचन हो । निर्वाचन सबैजसो लोकतान्त्रिक व्यवस्थाको एउटा यस्तो राजनीतिक सहभागिाको नियमित प्रक्रिया हो, जसद्वारा जनताले वास्तविकरुपमा संप्रभुताको प्रयोग गर्दै आफू वा आफ्ना प्रतिनिधिद्वारा शासन कार्यमा भाग लिन्छन् । प्रजातान्त्रिक राजनीतिक सिद्धान्तमा शासनको महत्वपूर्ण भूमिकाका बारेमा निर्वाचनलाई जोड दिइएको पाइन्छ । यसको मूलकारण "निर्वाचनद्वारा सहमति र वैधानिकता जस्ता दुई अन्योन्याश्रित सिद्धान्तको व्यवहारिक प्रयोग पाइन्छ । निर्वाचन नै एक यस्तो महत्वपूर्ण माध्यम हो । जसद्वारा सामान्य जनता राजनीतिक व्यवथामा सहभागी हुन्छन् र त्यसलाई वैधता प्रदान गर्दछन्" (बराल; २०६०: ५४) ।

राज्यका सामान्य जनताहरुको सहमति र ईच्छाअनुसारको शासक र शासन व्यवस्थाको विकास हुनुपर्छ भन्ने लोकतन्त्रको सर्वमान्य सिद्धान्तले तबमात्र मूर्तरुप धारण गर्दछ, जब उनीहरुलाई निर्वाचनको माध्यमबाट शासन कार्यमा सहभागी गराइन्छ । प्रजातन्त्रको प्राणको रुपमा रहेको आमनागरिकको व्यापक सहभागितामा हुने निर्वाचनकै माध्यमद्वारा नागरिकहरुले आफ्नो हितको अभिव्यक्ति र आफू आफ्नो प्रतिनिधिसत्ता संचालन र निर्णय निर्माण प्रक्रियामा पठाउने अवसर प्राप्त गरेका हुन्छन् । त्यसका अतिरिक्त निर्वाचनको माध्यमबाट नै राजनीति र समाज, सामाजका सम्भ्रान्त र सामान्य व्यक्ति, वर्ग र उसको सरकारबीच शासकीय सम्बन्ध र समन्वय कायम हुन्छ । सामान्य जनताहरु निर्वाचनको माध्यमबाट राजनीतिक आस्था वा सिद्धान्तका दल खोल्ने, सदस्य बन्ने, मतदान गर्ने, प्रतिष्पर्धा गर्ने, सभा जुलुसमा सहभागी बन्ने सरकारसँग माग, समर्थन र आपत्ति प्रकट गर्दै लोकतान्त्रिक व्यवस्थालाई सुदृढ गराउने हुँदा निर्वाचन र लोकतन्त्रबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ । तर त्यस्तो निर्वाचनको प्रतिष्पर्धा स्वस्थ, स्वच्छ, निष्पक्ष र धाँधलीरहित हुनु पर्दछ । यसप्रकारका निर्वाचन केन्द्रस्तरमा केन्द्रीय विधायिकाका लागि र स्थानीयस्तरमा स्थानीय निकाय निर्वाचनको रुपमा सम्पन्न गरिन्छ ।

व्यापक जनसहभागितामा हुने निर्वाचनबाट मात्र लोकतान्त्रिक व्यवस्था जीवन्त र गतिशील रहन्छ र त्यस्तो निर्वाचनको प्रयोग र परिणामबाट मात्र जनताको शासन (लोकतन्त्र) को

प्रयोग सम्भव हुन्छ । जुनसुकै समाज र राष्ट्रमा यसप्रकारको निर्वाचन बारम्बार निष्पक्ष र धाँधलीरहित रुपमा सम्पन्न हुनुपर्छ निर्वाचनलाई व्यवस्थापन गर्ने नीति कानुन र गठन हुने आयोग स्वतन्त्र, सक्षम र निष्पक्ष हुनैपर्दछ । तबमात्र लोकतन्त्र वास्तविक लोकतन्त्रको रुपमा स्थापित भइ यो जीवन्त र गतिशील हुन्छ । त्यसैले पनि विद्वान Possibily ले लोकतन्त्र असल धातु हो र निर्वाचन असल रसायन हुन् यस्ता असल रसायनरुपी निर्वाचनले असल धातुरुपी लोकतन्त्रलाई सुनमा परिणत गरिदिन्छ भनी दिएको धारणा र टिप्पणी सार्थक र यथार्थ भएको पाइन्छ । यस मान्यताबाट लोकतन्त्रको सुन्दर रुप स्वच्छ, निष्पक्ष र धाँधलीरहित आवधिक निर्वाचनको व्यवहारिक प्रयोगबाट मात्र महसुस गर्न सकिन्छ ।

अतः सामान्य जनताको व्यापक सहभागिताबाट स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन प्रतिष्पर्धाको माध्यमबाट जनता आफै वा आफ्नो प्रतिनिधिमार्फत राज्यसत्ता र नीति निर्माणका लागि प्रतिनिधिको रुपमा चुनिने चुन्ने र शासनकार्यमा सहभागी हुने वैद्यता र सहमति प्राप्त गर्ने सशक्त माध्यम नै निर्वाचन भएको र निर्वाचनको माध्यमबाटै नागरिकहरुले “आफ्नो हितको अभिव्यक्ति र आफ्ना प्रतिनिधि राजनीतिक व्यवस्था र निर्णय निर्माण प्रक्रियामा पठाउने अवसर” प्राप्त गरी लोकतन्त्रले जीवन्त र गतिशीलरुप धारण गर्ने हुँदा लोकतन्त्र र निर्वाचनबीच नङ र मासुको जस्तो घनिष्ठ र अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । (बराल; २०६०) । तर सँगसँगै लोकतन्त्रको जीवन्तताका लागि निर्वाचन देखावटी नभइ वास्तवमै निष्पक्ष, धाँधलीरहीत हुनुपर्छ र निर्वाचनसम्बन्धी कानुन र निर्वाचनको व्यवस्थापन गर्ने प्रयोजनका लागि स्वतन्त्र, समक्ष र निष्पक्ष निर्वाचन आयोगको गठन अनिवार्य पक्ष मानिन्छ ।

### २.२.४.१ सहमतिमूलक लोकतन्त्र र निर्वाचन

लोकतान्त्रिक मूल्य मान्यता, पद्दति र उपलब्धिको बचाऊ एवं स्थायित्व प्रदान गर्ने मुख्य उद्देश्यले जनआधार एवं जनविश्वास प्राप्त दुई वा सोभन्दा बढी राजनीतिक दलहरु आ-आफ्ना राजनीतिक सिद्धान्त, मूल्य मान्यता र अडानलाई न्यूनीकरण गर्दै जनता र राष्ट्रको हितलाई केन्द्रमा राखी शासन संचालन र विधि निर्माण प्रक्रियामा एकआपसमा सहमति गरी राज्य शक्तिको बाँडफाँड गरी शासन कार्यमा सहभागी हुने पद्दतिलाई सहमतिमूलक लोकतन्त्र भनिन्छ । यसलाई युरोपीय मोडलको लोकतन्त्र पनि भन्ने गरेको पाइन्छ ।

लामो समयसम्मको निरंकुश, स्वेच्छाचारी, सम्भ्रान्त, अधिनायकवादी शासन व्यवस्थाका बिरुद्धमा भएको क्रान्तिमार्फत प्राप्त लोकतान्त्रिक उपलब्धिलाई सुदृढ र संस्थागत गर्दै लोकतन्त्रको परिपक्व विकासको चरणमा नपुऱ्याउँदासम्म यो पद्दति अनिवार्य हुन्छ । यस पद्दतिको प्रयोगले बहुमतको प्रभाव र शक्तिलाई निस्तेज गर्दै सहमतीय एवं अल्पमतीय मान्यतालाई समेत अँगिकार गर्ने हुँदा अधिकाधिक जनताको शासन सत्तामा सहभागिता एवं अपनत्वको महसुस गराउने हुँदा सहमतीयमूलक लोकतन्त्र उपयुक्त प्रणाली मानिन्छ । सहमतीय राजनीतिक सँस्कृतिको विकासमार्फत लोकतान्त्रिक उपलब्धिको संरक्षणको एकमात्र अनिवार्य शर्त सहमतीय लोकतन्त्र हो । शिशु लोकतन्त्रको संरक्षण सम्बर्द्धन गर्दै परिपक्व लोकतान्त्रिक शासन व्यवस्था स्थापित गर्ने यस प्रणालीको प्रयोग प्रारम्भिक चरणमा विश्वका कैयन लोकतान्त्रिक मुलुकले गरिसकेका छन् । नेपालको सन्दर्भमा २०६२/०६३ को जनआन्दोलनपश्चात गठित नेकपा माओवादीसहितको अन्तरिम सरकार, अन्तरिम संसद गठन भइ मुलुक हालसम्म सहमतीय सँस्कृतिबाट संचालन हुँदैआएको र योक्रम संविधानसभाबाट स्थायी संविधान नबनेसम्म निरन्तर हुनुपर्ने देखिन्छ । यसलाई सहमतीय लोकतन्त्रको उदाहरणको रुपमा ग्रहण गर्न सकिन्छ ।

यस पद्दतिको अवलम्बन गर्दा निर्वाचनको गणितीय अनुपातमा राज्यभित्रका अल्पमतमा रहेका जाति जनजाति पिछडिएका सिमान्तकृत लिङ्ग वर्गको समुदायको समेत प्रतिनिधित्वको सुनिश्चित हुन्छ । बहुमतीय प्रणालीबाट निर्वाचन गरी प्रनिनिधि चयन गर्दा अल्पमतमा रहेको हारेको मतको कुनै लेखाजोखा नहुने हुँदा त्यो परिस्थिति नआओस् भन्नेतर्फ सचेत भइ राजनीतिक सहमतिकै आधारमा निर्वाचन विधि र प्रणाली तर्जुमा गरिन्छ । यस प्रणालीमा अवलम्बन गरिने निर्वाचनले समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई अनिवार्यताका साथ अँगिकार गर्दछ । नेपालको सन्दर्भमा पहिलेको राजनीतिक व्यवस्थाअन्तर्गत अपनाउँदै आएको बहुमतीय प्रणालीबाट अल्पसंख्यक, सिमान्तकृत पिछडिएका जाति जनजाति लिङ्ग सम्प्रदायको प्रतिनिधित्व हुन नसकेको र राज्यको शासन कार्यमा ती वर्ग समुदायको सहभागिता एवं अपनत्व महसुस हुन नसकेको यथार्थतालाई महसुस गरी शासनमा सबै जनताको प्रतिनिधित्व सुनिश्चित गरिने उद्देश्यका साथ संविधानसभा निर्वाचन २०६४ र २०७० मा समानुपातिक प्रणालीअन्तर्गत दलीय सूची प्रणालीको निर्वाचन सम्पन्न भइ संविधानसभा आमनेपालीको साझा व्यवस्थापिकाको रुपमा

गठन भएको छ । त्यसैले सहमतीय लोकतन्त्रमा राजनीतिक व्यवस्था एवं शासन कार्यमा मेलमिलाप र सहमतिको सँस्कृति र चरित्रको विद्यमानता हुने र निर्वाचनमा अल्पमतको प्रतिनिधित्वसमेतलाई सम्मान गर्दै सहभागी गराउने प्रकृतिको समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीउपयुक्त मानिन्छ ।

### २.२.४.२ प्रनिनिधिमूलक लोकतन्त्र र निर्वाचन

प्रतिनिधिमूलक लोकतन्त्र राज्यको शासनसत्ता र नीति निर्माणमा जनताको सहभागिताको पहुँच बृद्धि गर्ने लोकतन्त्रको नवीन र विकसित रुप हो । आजको सन्दर्भमा प्रत्यक्ष लोकतन्त्रमा जस्तो आमजनता एक ठाउँमा भेला जम्मा भएर वा सार्वजनिक सभा गरेर राज्यको कानुन तर्जुमा गर्न र प्रशासक नियुक्त गर्न राज्यको ठूलो भौगोलिक आकार जनसंख्याको अधिकता, समाजको बहुपहिचानयुक्त स्वरुप, जटिल आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक विषयका कारण प्रत्यक्ष लोकतन्त्रको अभ्यास असम्भव र जटिलसिद्ध भइसकेको छ । सोको विकल्पमा जनता आफै आफ्नो कानुन निर्माण गर्न राज्य व्यवस्थामा सहभागी हुन सक्दैनन् र सम्भव पनि हुँदैन । यस्तो अवस्थामा जनताले निर्वाचनका माध्यमद्वारा आफ्ना हित रक्षा गर्न, आफ्नो स्वार्थ परिपूर्ति गर्न, आफ्नो वारेश व्यवस्थापिका पुऱ्याउने र उसले गरेका कार्यहरुलाई अपनत्व ग्रहण गर्ने पद्दति विकसित भएको छ, त्यो नै प्रतिनिधिमूलक लोकतन्त्र हो अर्थात जनताका प्रतिनिधिमार्फत् जनताले आफ्नो लोकतान्त्रिक अधिकार उपयोग गर्ने पद्दति प्रतिनिधिमूलक लोकतन्त्र हो । लोकतन्त्रको यसप्रकारको स्वरुपलाई प्रतिनिधिमूलक लोकतन्त्र (Representative Democracy) भनिन्छ ।

प्रतिनिधिमूलक लोकतन्त्रमा नागरिकहरु आ-आफ्नो राजनीतिक विचार आस्था सिद्धान्तहरुको आधारमा राजनीतिक दल वा हित र दबाब समूहमा आबद्ध भइ सक्षम बनी, राजनीतिक सभा वा जुलुसमा सहभागी भइ शासकसँग माग समर्थन गरी, शासकको बिरुद्ध आन्दोलन गरी, निर्वाचनमा उम्मेदवार बनी प्रतिष्पर्धा गरेर वा मतदान गरेर प्रतिनिधिमूलक लोकतन्त्रलाई सक्रिय एवं जीवन्त तुल्याउँदै आएको पाइन्छ । प्रतिनिधिमूलक लोकतन्त्रमा बहुदलीय राजनीतिक प्रतिष्पर्धा, स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायप्रणाली, कानुनको शासन, लोकमतको सर्वोच्चता, बहुमतको सरकार, अल्पमतको प्रतिपक्ष बालिग मताधिकार, स्वतन्त्र

र निष्पक्ष निर्वाचन आयोग र स्वस्थ, स्वच्छ, निष्पक्ष र धाँधलीरहीत आवधिक निर्वाचन जस्ता लोकतन्त्रको आधारभूत शर्त मान्यतालाई सँगसँगै अँगिकार गरिएको हुन्छ । राज्यको शासनको केन्द्रमा जनताको निर्णय रहने र उपरोक्त लोकतान्त्रिक मान्यताको संरक्षण सम्बर्द्धन र सुनिश्चित कार्यान्वयनका लागि जननिर्वाचित प्रतिनिधि आमजनता उत्तरदायी हुन्छन् ।

प्रतिनिधिमूलक लोकतन्त्रको सफलता आमनागरिकको राज्य व्यवस्थामा रहने सहभागिताको पहुँचमा निर्भर गर्दछ । यस्तो राजनीतिक सहभागिताको आधारभूत र सर्वप्रचलित स्वरुप भनेको निर्वाचन हो । निर्वाचन सबैजसो लोकतान्त्रिक व्यवस्थाको एउटा त्यस्तो नियमित प्रक्रिया हो, जसद्वारा जनताले वास्तविक सम्प्रभुताको प्रयोग गर्दै आफ्ना प्रतिनिधिहरुद्वारा राज्यको शासन कार्य र निर्णय निर्माणमा भाग लिन्छन् । लोकतान्त्रिक राजनीतिक सिद्धान्तमा शासनको महत्वपूर्ण भूमिकाको सिद्धान्तका बारेमा निर्वाचनलाई जोड दिइएको छ । यसको मूलकारण आमनागरिकहरुको सहभागितामा हुने निर्वाचनको माध्यमबाट प्रतिनिधि चुन्ने चुनिने र चुनिएका प्रतिनिधिलाई राज्यको शासन कार्य र निर्णय निर्माणमा जनताको तर्फबाट सहमति र वैधानिकता दुबै शक्ति प्राप्त हुन्छ (बराल; २०६०) । प्रतिनिधिमूलक लोकतन्त्रभित्र राज्यको सत्ताको मालिक जनता नै हुने मान्यता र सिद्धान्तअनुरुप समयको क्रमिक विकाससँगै समाज र जनताका आवश्यकता, ईच्छा, चाहना परिवर्तन हुँदै आउछन् । त्यसप्रकारको जनईच्छा र जनचाहना एकपटक निर्वाचित प्रतिनिधिद्वारा सधैँभर सम्बोधन हुनै सक्दैनन् भन्ने मान्यताअनुरुप आवधिकरुपमा प्रतिनिधि चयन गर्न र जनताको ताजा जनादेश लिनु अनिवार्य शर्त सम्बन्धित रहेर आएको हुन्छ । यसलाई आवधिक निर्वाचन भनिन्छ । आवधिक निर्वाचनमार्फत निर्वाचित प्रतिनिधिले निश्चित समयका लागि भनी जनताबाट शासनको वैधानिकता र सहमति प्राप्त गर्ने परिपाटी रहेको हुन्छ ।

प्रतिनिधिमूलक लोकतान्त्रिक पद्दतिभित्र बढी मत ल्याउने निर्वाचित हुने प्रणाली, जनसंख्या र भूगोलको अनुपातमा समानुपातिक प्रतिनिधित्वको प्रणालीअन्तर्गत प्रतिनिधि चयन गर्ने र दुबै प्रणालीको मिश्रणबाट मिश्रित प्रणाली अवलम्बन गरी प्रतिनिधि चयन गर्ने ३ मुख्य निर्वाचन प्रणाली अपनाइन्छ । प्रतिनिधिमूलक लोकतान्त्रिक व्यवस्थाभित्र हरेक राष्ट्रले एउटै निर्वाचन प्रणाली अवलम्बन नगरी आफ्नो राज्यको भूगोल, जनसंख्या, जाति जनजाति,

पिछडिएको, लिङ्ग, वर्ग, समुदायको प्रतिनिधित्वको अनुपात र राज्यको आर्थिक, सामाजिक, राजनीतिक अवस्थासमेतको विश्लेषण गरी प्रतिनिधित्व चयन गराउने गरी उपरोक्त ३ निर्वाचन प्रणालीमध्ये कुनै एक छुट्टै निर्वाचन प्रणाली अवलम्बन गर्दैआएको पाइन्छ ।

### २.२.४.३ समावेशी लोकतन्त्र र निर्वाचन

समावेशी लोकतन्त्र भनेको राजकीय तथा सार्वजनिक मामलामा हिस्सेदार बन्न नपाएका वा नसेकका वर्ग पेसा र तहका समुदायलाई राज्यको नीति निर्माण र कार्यान्वयनमा समानुपातिक प्रतिनिधित्वको माध्यमबाट समानरुपमा अंशियार बनाउनु हो (भण्डारी; २०६४:९३) । समावेशी लोकतन्त्रका सम्बन्धमा समावेशी प्रजातन्त्रको अवाधारणा बहुसाँस्कृतिक देशहरुमा साँस्कृतिक तथा सामाजिक विषयमा गरिने फैसलाहरुमा समावेश गरिनुपर्दछ साथै सामाजिक नीतिहरु पनि सबैलाई समेट्ने खालको हुनुपर्छ" भनी महेन्द्र ज्ञवालीले भनेको पाइन्छ । त्यसैगरी "गोलमेच सम्मेलन, आत्मनिर्णयको अधिकार, जनमत संग्रह, संविधानसभाको प्रक्रियामार्फत् सरकारी संघीय संरचनाअन्तर्गत विशिष्टता अवलम्बन गरी सम्पूर्ण जात र जाति लिङ्ग, भाषा भाषी, धर्म संस्कृति तथा क्षेत्रीय समूहहरुको जातीय समानुपातिक प्रतिनिधित्वको आधारमा शक्ति र अधिकारको साझेदारी गर्नु समावेशी प्रजातन्त्र हो" भनी कृष्णबहादुर भट्टचनले भनेको पाइन्छ । (...मञ्च; २०६४:३१३)

कुनै पनि देशका नागरिकहरुमा त्यहाँको सम्प्रभुता निहित रहन्छ, जसको प्रयोगद्वारा नागरिकहरुले स्वतन्त्र र आत्मनिर्णयको अधिकारको प्रयोगद्वारा शासक र शासन व्यवस्था फाल्न र राख्न सक्दछन् र आफ्नो ईच्छाअनुसारको राज्यको आधार प्रदान गर्दछन् । त्यही नै दार्शनिक रुसो (Rousseau) को लोकप्रिय सम्प्रभुताको सिद्धान्त हो र आधुनिक सभ्य विश्वका राष्ट्रको यथार्थता पनि त्यही हो । लोकतन्त्र शासनका नाउँमा मात्र सीमित रहेर हुँदैन, यो जनताको वास्तविक व्यवस्था र प्रतिनिधित्वपूर्ण हुनुपर्दछ भन्ने मान्यताका आधारमा पछिल्लो समयमा सहभागिता र सहमतिपूर्ण लोकतान्त्रिक अवधारणालाई मूर्तरुप दिने प्रयास विभिन्न राष्ट्रमा हुँदैआएको पाइन्छ (बराल; २०६०: १२) । यस्तो मान्यता र अवधारणको विकासँगै पनि लोकतन्त्रका नाउमा केही निरंकुश, स्वेच्छाचारी सम्भ्रान्त र परम्परावादी शासक र शासन व्यवस्थाले राज्यको स्रोत र शक्ति आफ्नो नियन्त्रणमा लिँदै लोकतान्त्रिक पद्दतिअनुरुप बहुमतको आधारमा शासन गरेको नाउमा स्वेच्छाचारी शासनको प्रभाव जमाउँदै आएको परिप्रेक्ष्यमा बहुमतवाला लोकतन्त्रको विकल्पमा सबै वर्ग, लिङ्ग, तह,

समुदायका व्यक्तिलाई राज्य व्यवस्था र नीति निर्माणमा प्रतिनिधित्व गराउने मान्यताका साथ समावेशी लोकतन्त्रको अवधारणा प्रयोग हुन थालेको हो । त्यसैले लोकतन्त्रभित्र समावेशी लोकतन्त्रको अवधारणा (सिद्धान्त) र अभ्यास लोकप्रिय बन्दै आएको पाइन्छ । समावेशी लोकतन्त्र २ वटा मान्यतामा आधारित रहन्छ । ती मध्ये प्रथम मान्यता अन्तर्गत बहुपहिचान (धेरै जातजाति, लिङ्ग, समुदाय, वर्ग, पेसा, तह) भएको राज्यमा गरिने हरेक सार्वजनिक विषयका फैसलाहरुमा सबै वर्ग, लिङ्ग, समुदाय, जातजातिहरुको प्रतिनिधित्व सुनिश्चित गर्नु र दोश्रो मान्यताभित्र बहुलवादी बहुसाँस्कृतिक राज्यमा सबै वर्ग, लिङ्ग, संस्कार, समुदायका व्यक्तिको प्रतिनिधित्वमार्फत सबै क्षेत्रको आवश्यकता सम्बोधन हुने नीति र कार्यक्रमहरु समेटी कार्यान्वयन गर्नु हो ।

जातीय, क्षेत्रीय स्वायत्तता र समानुपातिक प्रतिनिधित्व प्रणाली भएका मुलुकहरुमा त्यहाँका कमजोर वर्गमात्र होइन, कमजोर जातीय समुदायहरु उत्पीडित वर्ग, भाषाभाषी आर्थिक समुदाय, लैङ्गीक, समूहहरु सबैले प्रतिनिधित्व पाउँछन् (भण्डारी; २०६४:९२) । राज्यको राजकीय शक्तिमा जनताको सहभागिताको नाममा गरिने बहुमतीय प्रणालीको निर्वाचन प्रतिष्पर्धाबाट अभिजात ठालु र सम्भ्रान्त वर्गका व्यक्तिहरु मात्र निर्वाचित भएर शासकीय व्यवस्थामा पुग्छन् पिछडिएको जातजाति, वर्ग, लिङ्ग, समुदाय र अल्पसंख्यकको प्रतिनिधित्व प्राय:शुन्य हुन्छ । नेपाल, भारत, श्रीलंका, बंगलादेश आदि राज्यमा लामो समयदेखि अपनाइएको बहुमतीय प्रणालीबाट निर्वाचित भएर व्यवस्थापिकामा पुग्ने वर्ग अभिजात र ठालुहरुमात्र रहेको पाइन्छ । यस्ता परिणामले समाजका साना र पछाडि पारिएका जातजाति, लिङ्ग, समुदायका व्यक्तिहरुले राजकीय शक्ति प्राप्ति र समान प्रतिनिधित्वको सुनिश्चितताको लागि आन्दोलन गर्दछन् र दुई वर्ग समुदायहरुबीच द्वन्द्वको बिजारोपण हुन्छ । त्यस्तो द्वन्द्व शत्रुतापूर्ण चरणमा प्रवेश गर्दा द्वन्द्वको समाधानको विकल्पहरु खोजिन्छ । त्यो विकल्प भनेको मित्रवत र शान्तिपूर्ण ढंगबाट राजकीय शक्ति र व्यवस्थामा साना वर्गको समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने समावेशी लोकतन्त्रको प्रयोग नै हो ।

### २.२.४.४ समावेशी लोकतन्त्रको विकासक्रम

समावेशी लोकतन्त्रको सुरुवात आंशिकरुपमा स्वतन्त्रतापछिको अमेरिकाबाट भएको भए तापनि यसको व्यवस्थित प्रारुपको प्रयोग युरोपको पुँजीवादी देश स्वीट्रज्याण्डबाट सन्

१८४८ देखि भएको हो । सन् १८४७ मा २६ दिनसम्म त्यहाँ चलेको गृहयुद्धपछि विभिन्न जातीय धार्मिक समुदायबीच एकआपसमा सहमति भइ नयाँ संविधान बनाउने सहमति भएको थियो । त्यसपछि सत्ता साझेदारी, समानुपातिक प्रतिनिधित्व र बहुमतीय शासनसहित क्यान्टन स्वायत्तताका आधारमा अघि बढेको हो । यसबाहेक अन्य देशहरुमा एक जाति एक राज्यका नारा लगाइएका विद्रोहहरुले सम्पूर्ण युरोपलाई नै विखण्डित तुल्याइदिए । सन् १९१४ सम्म आइपुग्दा लगभग सबै देशहरु जातीय आधारमा पुनगर्ठित भए । स्वीट्रल्याण्डमात्र एक यस्तो देश थियो, जसले शासनमा साझेदारी र स्वायत्तताको सिद्धान्तका आधारमा आफ्नो देशको विभाजनलाई बचाउन सक्यो (...मञ्च; २०६४) । स्वीट्रल्याण्ड र पूरै यूरोपको त्यो घटनापश्चात बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक मुलुकहरुले विविधरुपमा समावेशी लोकतन्त्रको ढाँचालाई आफ्नो देशमा लागू गरेका हुन् । वर्तमानमा यो पद्दति रुस, चीन, भारत, अमेरिका, ब्राजिल, क्यानडा, बेल्जियम, स्पेन, फिनल्याण्ड, न्यूजील्याण्ड, दक्षिण अफ्रिका, मलेशिया, नाइजेरियालगायतका देशमा प्रयोग भएको पाइन्छ (...मञ्च, २०६४, २२५) ।

समावेशी लोकतन्त्रको अवधारणा बहुजातीय, बहुसाँस्कृतिक र बहुपहिचान भएको राज्यमा जहाँ बहुमतीय प्रणाली अपनाइन्छ, सोको परिणामस्वरुप ती राज्यमा साना वर्ग र समुदायको तर्फबाट राज्यको शासन व्यवस्थामा प्रतिनिधित्व हुन नसक्दा स्वतः उत्पन्न हुने अवधारणा हो । नेपालको सन्दर्भमा २०६२/०६३ सालको जनआन्दोलनमार्फत मुलुक एक लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र घोषित भएपश्चात मुलुकको हरेक जातजाति वर्ण, लिङ्ग, सम्प्रदाय र पिछडिएको समुदायलाई शासनमा सहभागी गराउने संकल्प नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना र धारा १३८ ले प्रत्याभूति गरेकोले नेपालमा समावेशीकरणको बहस र अभ्यास भइरहेको पाइन्छ ।

### २.२.४.५ समावेशी लोकतन्त्रका संरचनागत आधार

समानताको हकको यान्त्रिक परिभाषामा संसारका धेरै लोकतान्त्रिक देशका संसद र अदालतहरुले व्यापक परिमार्जन गरी राज्यको सेवा सुविधा तथा शासनमा सहभागी हुनबाट वञ्चित, पिछडिएका वर्गलाई विशेष सुविधा प्रदान गरी अन्यको तुलनामा बराबरीमा नपुऱ्याई वास्तविक समानता प्राप्त हुन नसक्ने व्याख्या गर्दै (Positive discrimination,

affirmative action) संरक्षणका लागि विशेष व्यवस्था) आदि सिद्धान्त प्रतिपादन गरी सो बमोजिम कतिपय देशका संविधानमा आवश्यक व्यवस्था गरेको पाइन्छ (....मञ्च, २०६४:१७२) । सो व्यवस्थाबाटै समावेशी लोकतन्त्रले सहमति, बन्धुत्वपूर्ण भातृत्व राजनीतिक सहमतिको संस्कृतिको विकास गर्नुको अतिरिक्त सबै वर्ग समुदायका व्यक्तिबीच समानताको सिद्धान्त र व्यवहारलाई समेत अभिन्न रुपमा स्वीकार गरेको पाइन्छ । ती सैद्धान्तिक व्यवस्थाको यथार्थ कार्यान्वयनको विद्यमानतामा मात्र समावेशी लोकतन्त्रको स्वरुप र संरचनाको आभाष हुन्छ । समावेशी लोकतन्त्रको स्वरुप र संरचना निम्नबमोजिम रहेको पाइन्छ ।

### २.२.४.५ (१) **संघीय शासन प्रणाली**

एकीकृत वा केन्द्रीकृत शासन व्यवस्थाले राज्यको सेवा सुविधा र शासनमा पहुँच स्थापित गर्न नसकेका, नपाएका, पिछडिएका वर्ग जाति र समुदाय एवं आर्थिक सामाजिक भौतिक विकासको दृष्टिले पिछडिएको क्षेत्रका नागरिकहरुले आ-आफ्नो वर्ग समुदाय भूगोल वा त्यस्तै छुट्टै पहिचानको छुट्टै राज्यको अवधारणामार्फत आफ्ना वर्ग समुदायलाई शासन व्यवस्थामा सहभागी गराउने र राज्यको सेवा सुविधामा सबैको समान पहुँच स्थापित गर्ने प्रणाली संघीय शासन प्रणाली हो । यस्तो संघीयतामा राष्ट्रिय एकता, बाह्य आक्रमण संकटकालीन अवस्था जस्ता महत्वपूर्ण विषयमा निर्णय गर्ने अधिकार केन्द्रमा रहने तर स्थानीय जल जमीन जंगल स्रोत सम्पदाको नियन्त्रण, नागरिकहरुको सेवा सुविधा र वितरण लगायतका अधिकार संविधानमा नै व्यवस्था गरी संघीय राज्यलाई प्रदान गरी संघीय राज्यलाई अधिकार सम्पन्न गराइन्छ ।

संघीय प्रणालीअन्तर्गत एकप्रकारको संघीयताले प्रदेशहरुलाई समेटेर संगठित गर्दछ भने अर्को प्रकारबाट संघीयताले विभिन्न संघीय राज्य एवं प्रदेश मिलेर एउटा सिङ्गो राज्यको संरचना बनेको हुन्छ । संघीयताभित्र केन्द्रको शासनाधिकारको शक्तिका सीमा नघटाइ संघीय राज्यलाई अधिकार सम्पन्न गराइन्छ र स्वायत्तता प्रदान गरिन्छ । केन्द्रबाट प्रत्यायोजित गरिएका स्वायत्तताका अधिकारबाट स्थानीय जनअपेक्षा पूरा नहुने भएमा संघीय राज्य केन्द्रीय राज्यबाट टुक्रिएर स्वतन्त्र हुन चाहन्छन् र राष्ट्र खण्डीकरण हुने खतरा बढ्छ । पूर्व सोभियत संघ, चेकोस्लाभाकिया र यूगोस्लाभिया केन्द्रबाट प्राप्त स्वायत्तता पर्याप्त नभएको

नाउँमा टुक्रिएका राज्यहरु हुन् । ती असामान्य अवस्था बाहेक संघीय प्रणालीले राज्यको शासन व्यवस्थामा पहुँच नपुगेका जातजाति वर्ग समुदायको शासन व्यवस्था र राज्यका सेवा सुविधामा पिछडिएका वर्ग समुदायको राम्रो पहुँच स्थापित गर्न सफल भएको पाइन्छ । त्यसैले संघीय शासन प्रणाली समावेशी लोकतन्त्रको उत्कृष्ट स्वरुप संरचना हो भन्न सकिन्छ ।

### २.२.४.५ (२) **स्वायत्तता**

लोकतन्त्र भनेको जनता आफैले आफ्नो शासन व्यवस्था संचालन गर्ने स्वशासनको पद्धति हो । स्वायत्तयता बिनाको लोकतन्त्र वास्तविक लोकतन्त्र नै होइन । बहुभाषी, बहुजाति, बहुधार्मिक र बहुसाँस्कृतिक समाजमा आ-आफ्नै स्वरुपको भाषा धर्म सँस्कृति जातीय मूल्य मान्यता र जीवन पद्धति रहेका हुन्छन् र सबै वर्ग समुदायले आ-आफ्ना जातीय, धार्मिक, भाषिक, साँस्कृतिक मूल्य मान्यता र जीवन पद्धति संरक्षण गर्ने मान्यताभित्र शासन व्यवस्थामा प्रतिनिधित्व गर्न चाहन्छन् तर ती सवालहरुमा नागरिकहरुले पूर्ण स्वायत्तता प्राप्त गर्न नसकेको अवस्थामा सत्तारुढ वा अन्य शासकीय शक्तिको अधिनमा रहनु पर्दछ । जसबाट नगारिकहरुले पूर्ण स्वशासनको अनुभूति गर्न सक्दैनन् । त्यसैले बहुजातीय र बहुसाँस्कृतिक समाजमा आ-आफ्ना जातजाति भाषा धर्म सँस्कृति संरक्षण गर्दै सो मूल्य मान्यता र जीवन पद्धतिअनुरुप राज्य व्यवस्थामा सहभागी हुन र स्वशासनको अनुभूति गर्ने सवालमा स्वायत्तता अनिवार्य पक्ष हो । यसरी समावेशी लोकतन्त्रले स्वायत्ततालाई अभिन्न अंगको रुपमा स्वीकारेको पाइन्छ ।

### २.२.४.५ (३) **समानुपातिक प्रतिनिधित्व**

बहुजाति र बहुसाँस्कृतिक समाजमा जनप्रतिनिधि चयन गर्दा बहुमतीय निर्वाचन प्रणाली अवलम्बन गरिदा बहुमतको शासन र प्रतिनिधित्वको नाउमा अल्पसंख्यक जाति भाषा र पिछडिएका वर्ग समुदायको मत खेर जाने र ती मतको शासन व्यवस्थामा प्रतिनिधित्व हुनै सक्दैन । परिणामस्वरुप लोकतन्त्रको स्वशासनको अवधारणाले मूर्तरुप धारण गर्न पनि सक्दैन । यस्तो अवस्थामा अल्पसंख्यक जाति समुदाय र पिछडिएका वर्ग समुदायको शासनमा प्रतिनिधित्व सुनिश्चित गर्न र ती वर्ग समुदायले शासन व्यवस्थाप्रति अपनत्व महसुस गराउने अभिप्राय स्वरुप ती जातजाति वर्ग, समुदायको अनुपातको आधारमा शासन

व्यवस्थामा प्रतिनिधित्व गराउने समानुपातिक प्रतिनिधित्वको प्रणाली विकसित हुँदै आएको हो । नेपालको परिप्रेक्ष्यमा बहुमतीय प्रणालीबाट अल्पसंख्यक जातजाति पिछडिएको वर्ग समुदायको शासन व्यवस्थामा प्रतिनिधित्व र पहुँच स्थापित हुन नसकेको हुँदा जनआन्दोलन २०६२/०६३ पश्चात मुलुक लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र घोषित भइ समावेशी लोकतन्त्रको अवधारणाअनुरुप राज्यका पिछडिएको वर्ग समुदाय र अल्पसंख्यक जातजातिको तर्फबाट संविधानसभामा प्रतिनिधित्व सुनिश्चित गराउने उद्देश्यका साथ २०६४ र २०७० मा सम्पन्न संविधानसभा निर्वाचनमा ती वर्ग समुदाय र जातजातिका प्रतिनिधित्व गराउने अभ्यास भइसकेको छ ।

### २.२.४.५ (४) **विशेष व्यवस्था** (**आरक्षण**)

बहुजातीय र बहुसाँस्कृतिक समुदायमा राज्यको शासन व्यवस्था र राज्यबाट नागरिकहरुका लागि प्रवाह हुने सेवा सुविधाबाट वञ्चितीकरणमा परेका पारिएका वर्ग समुदायका व्यक्तिलाई राज्यको सरकारी सार्वजनिक निकाय र प्रतिष्ठानमा विशेष कोटा एवं आरक्षणको व्यवस्था गरी राज्यको सेवा सुविधाको दायरामा सहभागी गराउने पद्दतिलाई आरक्षण भनिन्छ । नेपालको अन्तरिम संविधान २०६३ अन्तर्गत पिछडिएका जात जाति, लिङ्ग, समुदाय वा व्यक्तिलाई राज्यका हरेक निकाय वा प्रतिष्ठानमा निश्चित संख्या आरक्षणका लागि कोटा निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ । यसको तात्पर्य पिछडिएका जातजाति समुदायका वर्ग र व्यक्तिहरु अन्य क्षेत्रका व्यक्तिहरुसँग समान प्रतिष्पर्धा गर्न नसक्ने भएको र प्रतिष्पर्धाबाट उनीहरु सार्वजनिक क्षेत्रमा नियुक्त हुन र राज्य व्यवस्थामा उनीहरुले अपनत्व ग्रहण गर्न नसक्ने भएकोले राज्य व्यवस्था र राज्यका सेवा सुविधामा उनीहरुलाई प्रतिष्पर्धा बेगर आरक्षणको माध्यमबाट सहभागी गराई समावेशी लोकतन्त्रलाई सुदृढ तुल्याउने प्रयत्न गरिएको छ । तर अर्कोतर्फ त्यस व्यवस्थाबाट योग्यता क्षमताको प्रचूरता भएका व्यक्तिहरु बाहिरिने र कोटाको नाउँमा कमजोर व्यक्तिहरु बिना प्रतिष्पर्धा सार्वजनिक पदमा पुग्ने भन्ने असन्तुष्टि व्यापकरुपमा बढ्दै आएको पाइन्छ ।

### २.२.४.६ समावेशी लोकतन्त्रको महत्व

समावेशी लोकतन्त्र बहुसाँस्कृतिक बहुभाषिक बहुधार्मिक बहुलवादी राज्यमा सबै वर्ग लिङ्ग र पिडडिएको समुदायलाई राज्यको शासन व्यवस्था र राज्यको सेवा सुविधाको प्रयोग गराउने

र सहभागिता सुनिश्चित एक लोकप्रिय र उत्कृष्ट पद्दति मानिन्छ। फ्रान्सेली राज्य क्रान्तिको परिणामबाट प्राप्त समानता बन्धुत्व र स्वतन्त्रताका मूल्य मान्यतालाई यसले अभिन्नरुपमा ग्रहण गर्दै व्यापकता प्राप्त गर्दैआएको छ । त्यसको अतिरिक्त समावेशी लोकतन्त्रको प्रयोगबाट बहुजातीय र बहुसाँस्कृतिक पहिचान भएका विकासशील राष्ट्रमा बहुमतीय प्रणालीबाट शासन व्यवस्थामा उत्पन्न असमझदारी र वर्गीय असन्तुष्टिलाई सहभागिता र समावेशीकरणको माध्यमबाट न्यूनीकरण गराउँदै लोकतन्त्रलाई सुदृढ र स्थायित्व प्रदान गर्ने, राज्यका विविध वर्ग लिङ्ग समुदायको तर्फबाट शासन व्यवस्थामा सुनिश्चित सहभागिताको संवैधानिक व्यवस्था गर्ने, केन्द्रीकृत शासन प्रणालीमा विद्यमान शासनको शक्ति, राज्यका तर्फबाट नागरिकका लागि प्रदान हुने सेवा सुविधा र राज्यको श्रोत साधन र सम्पदा स्थानीयस्तरका जनताको पहुँच र प्रयोगको दायरामा ल्याउने, राज्यभित्रका क्रियाशील वर्ग र समुदायलाई अगुवाइ गर्ने राजनीतिक पार्टीको माध्यमबाट शासन व्यवस्थामा सहभागिता गराउने, राज्यभित्रका राजनीतिक दल नेता र समूहबीच उत्पन्न संघर्ष एवं द्वन्द्वलाई अन्त्य गर्दै सहमतिपूर्ण राजनीतिक संस्कृतिको माध्यमबाट उत्कृष्ट शासनको व्यवस्थापन गर्ने, राज्यभित्रका ठूला साना राजनीतिक दल समूहबीच समन्वय र सहकार्यको माध्यमबाट राष्ट्रिय हित र लोककल्याणकारी कार्यमा परिचालित गराउने लगायतका सवल लोकतान्त्रिक मान्यताहरु अन्तरनिहित भएकोले वर्तमान लोकतान्त्रिक युगमा समावेशी लोकतन्त्र महत्वपूर्ण राजनीतिक पद्दति मानिन्छ।

## २.२.५ संविधानसभाको अवधारणा, अर्थ र महत्व

संविधान राज्यको मूल कानुनी दस्तावेज हो । संविधानको अधीनमा राज्यका अन्य कानुनहरुको निर्माण एवं तर्जुमा गरिन्छ । त्यसको अतिरिक्त संविधानमा राज्यको कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका सेना प्रशासनिक निकाय एवं अङ्गको गठन विधि, काम कर्त्तव्य अधिकारको व्यवस्था, राज्यको शासन व्यवस्था संचालन र राज्यको विधि तर्जुमा, राज्यका प्रत्येक वर्ग लिङ्ग समुदायका जनताको राजनीतिक आर्थिक सामाजिक अधिकार एवं स्वतन्त्रता र कर्त्तव्यसम्बन्धी सम्पूर्ण व्यवस्था समावेश गरिएको हुन्छ । संविधानको माध्यमबाट नै राज्यका शासन व्यवस्था संचालनमा निरंकुश, स्वेच्छाचारी तानाशाह वर्गको हस्तक्षेप र नियन्त्रणको अन्त्य भइ लोकतान्त्रिक मूल्य मान्यता अनुरुपको विधिको शासनको अवधारणा संचालित हुन्छ। त्यस प्रकारको संविधान निर्माण प्रयोजनका

लागि व्यापक जनसहभागिताको माध्यमबाट सम्पन्न हुने निर्वाचन पद्दतिमार्फत जननिर्वाचित प्रतिनिधिहरुको साझा विधायिकी संस्था संविधानसभा हो ।

लोकप्रिय राज्यको आधार तयार पार्न र शासन व्यवस्था जनइच्छाअनुकूल र उत्तरदायीपूर्ण रहोस् भन्ने अभिप्रायले राज्य व्यवस्थाको ऐनाको रुपमा रहेको संविधानको निर्माण पनि उनीहरुकै प्रतिनिधिले गर्नुपर्छ भन्ने मान्यताका आधारमा संविधान निर्माणको सबैभन्दा लोकतान्त्रिक पद्दतिको रुपमा संविधानसभालाई लिइन्छ (बराल; सन् २००६: १२) । राज्यको शासन व्यवस्था संचालनको मूल दस्तावेज मानिने त्यस्तो संविधान निर्माणका लागि लोकतान्त्रिक पद्दति र मूल्य मान्यताको परिधिअन्तर्गत जनमत संग्रह, गोलमेच सम्मेलन, लोकमत संकलन राजनीतिक समझदारी, आयोग, अदालती निर्णय आदि विधि संयन्त्र र प्रक्रियाको अवलम्बन गरेको पाइन्छ । तर पनि संविधान निर्माणका अन्य विधि प्रक्रियाको तुलनामा स्वतन्त्र, स्वच्छ, निष्पक्ष र पारदर्शी निर्वाचन विधि प्रक्रिया अवलम्बन गरी जनताको व्यापक सहभागितामा सबै जात जाति वर्ग लिङ्ग समुदायका तर्फबाट समावेशी प्रतिनिधित्वको स्वरुपको जनप्रतिनिधि चयन गरी संविधान निर्माणका लागि संविधानसभामा प्रतिनिधित्व सुनिश्चित गराइने निर्माण हुने संविधानलाई आमजनताले अपनत्व महसुस गर्ने र जनइच्छाको माग र अभ्यासलाई संग्रहिकरण र संस्थागत गर्ने प्रक्रियामा व्यापकरुपमा जनता स्वयंको सहभागिता र रोजगाइले प्राथमिकता पाउनुपर्दछ भन्ने मान्यताका आधारमा लोकतान्त्रिक संविधान निर्माणका विभिन्न पद्दति र विधिमध्ये संविधानसभालाई उच्चतम लोकतान्त्रिक विधि प्रक्रिया र माध्यमको रुपमा स्वीकार गरिदैआएको छ (पूर्ववत) ।

### २.२.५.१ संविधानसभाको अर्थ र परिभाषा

शाब्दिक अर्थ एवं शब्द उत्पत्तिको दृष्टिले अंग्रेजी भाषाको Constituent र Assembly दुई छुट्टाछुट्टै शब्दको संयोजनबाट Constituent Assembly शब्दको निर्माण भएको हो । ती शब्दहरुलाई अलग्याएर हेर्दा पहिलो Constituent शब्दले 'निर्वाचन हुने क्षेत्र वा जिल्लामा बसोबास गर्ने नागरिक' भन्ने बुझिन्छ भने दोस्रो क्रमको Assembly शब्दले 'सभा बैठक भेला वा जमघट हुन्छ' भन्ने अर्थ बोध गराउँछ (भुषाल तथा महर्जन, २०६३:४) । सो अर्थबाट अध्ययन गर्दा संविधानसभा अंग्रेजी भाषाको Constituent Assembly को नेपाली रुपान्तरण हो भन्ने बुझ्न सकिन्छ । Advance learner Dictionary 6th edition 2002 मा

'अंग्रेजी शब्द Constituent को अर्थ कुनै व्यक्ति जो सम्पूर्ण भूभागमध्येको कुनै एक क्षेत्रमा बस्दछ र त्यस क्षेत्रमा मत दिन पाउँछ । Assembly को अर्थ निर्वाचित व्यक्तिहरुको समूह जसले कुनै निश्चित क्षेत्र वा देशको कानुन बनाउँछ र यसलाई नीति निर्माणका लागि जनअधिकार प्राप्त भएको हुन्छ' भनी अर्थ गरिएको पाइन्छ (उद्धृत भण्डारी, २०६३:१) ।

'संविधान निर्माणका लागि जनताबाट चुनेर पठाइएका सदस्यहरुको सभा संविधानसभा हो । यो संविधान निर्माणको सबैभन्दा राम्रो लोकतान्त्रिक पद्दति मानिन्छ । निर्मित संविधानको प्राबधानसँगै संविधानसभाबाट संविधान निर्माण प्रक्रिया सुरु भएको हो । जनतामा आधारित सार्वभौमसत्ता राष्ट्र र राज्यको विकाससँगै संविधान निर्माणका लागि संविधानसभाको अवधारणा विकास भएकोले यसलाई नयाँ अवधारणाका रुपमा लिइने गरिन्छ' (शिवाकोटी; २०६८:१३२२) । उपरोक्त अर्थहरुको अध्ययनबाट "सबै वर्ग लिङ्ग, क्षेत्र समुदायको हितलाई केन्द्रविन्दु बनाएर, शासन व्यवस्थामा जनताको पहुँच र सहभागिता बढाउने, बहुसंख्यक जनताको आर्थिक सामाजिक राजनीतिक अधिकार एवं स्वतन्त्रता संरक्षणसहितको लोकतान्त्रिक मूल्य मान्यता र पद्दतिअन्तर्गतको अग्रगामी संविधान निर्माण गर्ने उद्देश्य एवं प्रयोजनका साथ समावेशी प्रतिनिधित्व सहित व्यापक जनसहभागितामा निष्पक्ष र धाँधलीरहीत निर्वाचनको माध्यमबाट जनताबाट निर्वाचित जनप्रतिनिधिहरुको छाता संस्था नै संविधानसभा हो" भनी निष्कर्ष गर्न सकिन्छ । संविधानसभाका सन्दर्भमा विभिन्न विद्वानहरुले आ-आफ्नै तवरबाट परिभाषित गर्दै आएको पाइन्छ । केही विज्ञ एवं विद्वानहरुले संविधानसभाका सन्दर्भमा दिनुभएको परिभाषालाई निम्नरुपमा उल्लेख गरिएको छ ।

"संविधानसभा बुर्जुवा प्रजातन्त्रवादीहरुका लागि प्रजातन्त्रको एउटा सर्वोच्च अभ्यास हो । यसले संविधान निर्माण प्रक्रियामा र संविधानको लिखतमा जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउँछ । वर्गीय दृष्टिकोणबाट हेर्दा सामन्तीहरुको सत्ता जनतामा हस्तान्तरण गर्न पुँजीवादी क्रान्तिहरुको सर्वमान्य साधनको रुपमा संविधानसभा विश्व इतिहासमा अंकित छ " (मास्के र चापागाइँ, २०६०:१०) । त्यस्तै आचार्यका अनुसार "मुलुकको मूल कानुन अथवा संविधान बनाउनका लागि गठित जनताका निर्वाचित प्रतिनिधिहरुको सभा नै संविधानसभा हो" ( आचार्य;२०६२:११) । त्यस्तै लुइंटेल भन्दछन् "देशका विभिन्न निर्वाचन क्षेत्रहरुबाट जनप्रतिनिधिहरु संविधान बनाउनका लागि निर्वाचित भएर आउँछन् । यिनै निर्वाचित

प्रतिनिधिहरुको सामूहिक रुप संविधानसभा हो (लुइँटेल; २०६३: १) । "संविधानसभा जनताले आफ्नो संविधान बनाउन विश्वास गरेर चुनेर पठाएका योग्य सक्षम व्यक्तिहरुको समूह हो" (अधिकारी; २०६३:३) । संविधानसभा संविधान निर्माणका लागि वालिग मताधिकारका आधारमा निर्वाचित भएका जनप्रतिनिधिहरुको सभा हो जसमा जनजीवनका सबै क्षेत्र र पक्षका व्यवस्थाका प्रतिनिधित्व गरिएको हुन्छ" (उद्धृत; पूर्ववत) ।

उपरोक्त बिद्वानहरुको परिभाषाबाट राजनीतिक स्वरुप भएको जनआन्दोलन, क्रान्ति वा विद्रोह मार्फत राज्यको निरंकुश, स्वेच्छाचारी र तानाशाहको शासन व्यवस्थाको अन्त्यसँगै नवस्थापित शिशु लोकतन्त्रको संरक्षण सुदृढीकरण एवं प्राप्त लोकतान्त्रिक उपलब्धिलाई जिवन्त तुल्याउन राज्यको सम्पूर्ण शासन व्यवस्था संचालनको मूल दस्तावेज मानिने लोकतान्त्रिक संविधानको निर्माणको उद्देश्य एवं प्रयोजनका लागि वालिग मताधिकारको आधारमा राज्यभित्रका तमाम वर्ग, लिङ्ग, समुदायका बहुसंख्यक जनताको सहभागितामा निर्वाचित समावेशी प्रतिनिधित्वको स्वरुपको जननिर्वाचित प्रतिनिधिहरुको सामूहिक स्वतन्त्र स्वायत्त र जनउत्तरदायी विधायिकी संस्थालाई संविधानसभा भनिन्छ भनी निष्कर्ष गर्न सकिन्छ ।

### २.२.५.३ संविधानसभाको ऐतिहासिक विकासक्रम

मानव सभ्यताको विकास र मानव समुदायमा विकसित हुँदै आएको राजनीतिक चेतनाको विकाससँगै "जनता नै राज्यको निर्णायक शक्ति भएकोले जनताको जीवन स्वतन्त्रता र सुखको संरक्षणका निमित्त संविधानको आवश्यकता महसुस गरियो । शासकको निरंकुश र स्वेच्छाचारी व्यबहारबाट जनताका अधिकारहरु कुण्ठित हुन नसकोस भनी शासकको निरंकुश र स्वेच्छाचारीतालाई रोक्न संविधानको तर्जुमा गर्ने व्यवस्था प्रादुर्भाव भएको पाइन्छ ।" (...मञ्च; २०६४:११५) त्यसप्रकार तर्जुमा हुने संविधानमा बहुसंख्यक जनताको इच्छा, आकांक्षा, राजनीतिक, आर्थिक, सामाजिक अधिकार र स्वतन्त्रताको खुल्लारुपमा सम्बोधन भएको हुनुपर्छ । यदि संविधानमा कुनै वर्ग वा शासकको हित र संरक्षण गर्ने कुत्सित अभिप्राय रहेको सम्झौताको लिखतको रुपमा संविधान तर्जुमा हुन्छ भने त्यो संविधान लोकतन्त्रका मूल्य मान्यता बोकेको र संविधानवादका सिद्धान्तलाई अंगीकार गरेको संविधान कि:मार्थ हुनै सक्दैन र त्यस्तो संविधान टिकाउ पनि हुँदैन । त्यसैले बहुसंख्यक जनताको

व्यापक सहभागिताबाट बहुसंख्यक जनताको इच्छा, आकांक्षा, राजनीतिक, सामाजिक, आर्थिक अधिकार एवं जीवन स्वतन्त्रताको सुनिश्चित प्रच्त्याभूतिको संविधान तर्जुमा भएमा मात्र संविधानप्रति बहुसंख्यक जनताको आस्था विश्वास भरोसा र स्वामित्व महसुस हुन्छ त्यस्तो संविधानले संविधानवाद र लोकतन्त्रका मूल्य मान्यता सिद्धान्तलाई सँगसँगै अंगीकार गरेको पुष्टि हुन्छ साथै त्यस्तो संविधान टिकाऊ र जीवन्त रहन्छ । फलतः भावी पुस्ताले संविधानवाद र लोकतन्त्रका खातिर छुट्टै क्रान्ति विद्रोहको सामना गर्नु पर्दैन र राज्यमा राजनीतिक स्थायित्व हुन्छ । सो स्थायित्वसँगै मुलुक आर्थिक सामाजिक र भौतिक विकासको दृष्टिले समुन्नत र सुदृढ हुन्छ । सोको व्यवस्थापनका लागि लिखित संविधानको आवश्यकता महसुस भई विभिन्न कालखण्डमा यसको अभ्यासको सुरुवात भएको पाइन्छ ।

लिखित संविधान निर्माणका लागि विशेष प्रतिनिधिहरुको सभाको सिद्धान्त १७ औं तथा १८ औं शताब्दीको प्रजातान्त्रिक आन्दोलनको उपज हो । अलिखित संविधानबाट शासित हुँदै आएको मुलुक बेलायतमा सर्वप्रथम यसको नीतिगत एवं सैद्धान्तिक अभ्यासको प्रारम्भ भएको हो (देवकोटा, २०६४:४) । बेलायतमा चलेको राजनीतिक क्रान्तिका समयमा "सन् १६४९ मा राजा चार्ल्स प्रथमलाई फाँसी दिएपछि सन् १६५३ मा ओलिभर क्रमवेलले निर्माण गरेको छ । The Instrument of Government, 1653, लाई विश्वकै पहिलो लिखित संविधान मानिन्छ । राजालाई फाँसी दिइएको हुनाले यो संविधान गणतान्त्रिक संविधान थियो र राष्ट्र प्रमुखको रुपमा The Lord of Protector नामक पदको सिर्जना गरिएको थियो । क्रोमवेल आफै त्यो पदका पदाधिकारी थिए तर पछि त्यस बमोजिम शासन संचालन नभएकोले यसको ऐतिहासिक महत्वमात्र छ । सन १६५९ मा बेलायतमा राजतन्त्र पुनर्स्थापना गरिएको हुनाले यो संविधान स्वतः अन्तभयो" (...मञ्च, २०६४ : १७०) । त्यसपछि देखि बेलायतमा अन्य देशमा जस्तो लिखित संविधान तर्जुमा गर्ने प्रयत्न नै गरिएको छैन । हालसम्म बेलायतमा बेलायतको संविधान नामक कुनै लिखित संविधान नै रहेको छैन । बेलायतमा संवैधानिक दस्तावेजअन्तर्गत (Magnacarta-1215, Bill of right 1688) र रिटसम्बन्धी कानुन र आदेशको भरमा राज्य व्यवस्था संचालन हुँदैआएको छ । हालसम्म विश्वमा १९५ मुलुकमा लिखित संविधानको तर्जुमा भएको पाइन्छ (....मञ्च; २०६४) । तर लिखित संविधानको पहिलो अभ्यास भने हाल लिखित संविधान नै नभएको मुलुक बेलायतमा भएको हो ( देवकोटा; २०६४) ।

पछि लिखित संविधानद्वारा मात्र संविधानवाद र लोकतन्त्रका मूल्य मान्यता प्रतिविम्वत हुन सक्छ त्यसमा पनि बहुसंख्यक जनताको सहभागिताबाट प्रतिनिधि चयन गरी त्यस्ता जनप्रतिनिधिमार्फत संविधान निर्माण हुँदा मात्र जनताको हित इच्छा आकांक्षा आर्थिक सामाजिक राजनीतिक अधिकार र स्वतन्त्रताको संरक्षण हुन्छ साथै लोकतान्त्रिक मूल्यमान्यता र संविधानवादका सिद्धान्तले मूर्तरुप धारण गर्छ भन्ने बहस प्रारम्भ भयो । त्यसको अतिरिक्त "संविधानसभाबाट संविधान निर्माण गर्नुको पछाडिको मुख्य दर्शन भनेको कानुनको सर्वोच्च श्रोत जनता हुने हुँदा जनताद्वारा प्रत्यक्ष वा संविधानसभाको माध्यमद्वारा संविधान निर्माण नगरिएमा संविधानले सर्वोच्च कानुनको शक्ति र चरित्र प्राप्त गर्न सक्दैन भन्ने हो । संविधानले राज्यमाथि कमाण्ड गर्न पनि यसको निर्माण वा अनुमोदन जनताबाट गरिनु पर्दछ" भन्ने धारणा विकसित हुँदै आयो (आचार्य, २०६३:९) । संविधानसभाको इतिहासको अध्ययन गर्दा सर्वप्रथम सन् १७८९ मा फ्रान्समा संविधानसभा गठन भएको देखिन्छ । सन् १७८९ जुलाई ९ मा गठन भएको संविधानसभा विधायिकी सभाद्वारा पुनर्स्थापित भएपछि सन् १७९१ सेप्टेम्बर ३० मा विघटन भएको थियो । (आचार्य, २०६३:९) फ्रान्समा पहिलो पटक संविधानसभाले निर्माण गरेको संविधान "विश्वको इतिहासमा ज्यादै महत्वपूर्ण, निरंकुश राजा, नोकरशाही र कुलीन वर्गका बिरुद्ध विजयी प्राप्तिको उपलब्धिको रुपमा स्वीकारिए पनि टिकाउ हुन सकेन । पुनः २३ अप्रिल १८४८ मा दोस्रो पटक र २ जुन १९४६ मा तेस्रो पटक संविधानसभा निर्वाचन भएको पाइन्छ । तेश्रो तथा अन्तिम पटकको संविधानसभाद्वारा मस्यौदा भएको संविधानलाई १३ अक्टोवर १९४६ को जनमत संग्रहबाट पारित (अनुमोदन) भएपश्चात फ्रान्समा चौथो गणतन्त्र स्थापना भएको पाइन्छ (भण्डारी, २०६३:२३) ।

फ्रान्समा पहिलो पटकको प्रयोगको संविधानसभा असफल भए पनि सन् १७७६ को अमेरिकी स्वतन्त्रता संग्रामपश्चात अलेक्जेण्डर हेमिल्टानको प्रस्ताव बमोजिम स्वतन्त्र राज्यको विवाद समाधानार्थ फिलाडेल्फियामा सन १७८७ मा बोलाइएको संवैधानिक सम्मेलनमा सहभागी १३ मध्ये १२ राज्यका ७३ प्रतिनिधि सामेल भएको सभाले १६ हप्ता सम्मको निरन्तर प्रयासबाट १७ सेप्टेम्बर १७८७ मा अन्तिम रुप दिएको अमेरिकी संविधान ४ मार्च १७८९ देखि लागू भएको पाइन्छ । (देवकोटा; २०६४) फिलाडेल्फियामा सम्पन्न सो संवैधानिक सम्मेलनले जारी गरेको अमेरिकी संविधान नै संविधानसभाबाट पारित विश्वको सबैभन्दा

पहिलो र सानो संविधान मानिन्छ । सुरुमा १३ राज्य रहेको अमेरिकामा हाल ५० स्वतन्त्र राज्य भएको अवस्था छ । यस संविधानसभामा शुरुमा ७ पृष्ठ १० धारा र ७७७० शब्दहरु थिए । उक्त संविधान निर्माण भएदेखि हालसम्म जम्मा २७ पटक संशोधन भएको पाइन्छ ।अमेरिकाको त्यस प्रकारको राजनीतिक एवं संवैधानिक स्थायित्वका कारण मुलुक आर्थिक सामाजिक राजनीतिक रुपमा विश्वको प्रमुख समृद्ध मुलुक बन्न सफल भएको छ । त्यसपश्चात सन् १८१४ मा नर्वेले, अर्जेण्टिनाले सन् १८५३ मा रुसले सन् १९१८ मा, जर्मनीले सन् १९१९ मा, लिथआनियाले सन् १९२० मा, आयरलैण्डले सन् १९२२ मा, भारतले सन् १९४६ मा, इटालीले सन् १९४६ मा, इजरायलले सन १९४८ मा, टर्कीले सन १९६१ मा, नामिवियाले सन् १९९० मा, साल्भाडोरले सन् १९९१ मा, कोलम्बियाले सन् १९२२ मा, इथियोपियाले सन् १९९४ मा, दक्षिण अफ्रिकाले सन् १९९४ मा, पूर्वी टिमोरले सन् १९९६ मा, भेनेजुयलाले सन् १९९९ मा संविधानसभाबाट संविधान निर्माण गरिसकेको पाइन्छ (आचार्यः २०६३) । त्यसैगरी इरानले समेत संविधानसभा निर्वाचन सम्पन्न गरी गठित संविधानसभा संविधान निर्माणको कसरतमा लागिपरेको पाइन्छ ।

नेपालमा वि.सं. २००४ देखि संविधानसभा मार्फत संविधान निर्माण गर्ने आवाज उठ्दैआएको भए पनि २०५२ फागुन १ देखि तत्कालीन युद्धरत राजनीतिक पार्टी ने.क.पा. माओवादीको माग समेतका आधारमा २०६२ मंसिर ७ मा ७ राजनीतिक दल र युद्धरत नेकपा माओवादीबीच राजतन्त्रको अन्त्यमार्फत संविधानसभाको निर्वाचन सम्पन्न गरी संविधान निर्माण गर्ने सन्दर्भमा १२ बुँदे समझदारी भयो । सो १२ बुँदे समझदारीको जगमा २०६२ चैत २४ गतेदेखि २०६३ बैशाख ११ गतेसम्म १९ दिने जनआन्दोलन भइ सो जनआन्दोलनको बलमा राजाद्वारा विघटन गरेको प्रतिनिधिसभा पुनर्स्थापित भइ पुनर्स्थापित प्रतिनिधि प्रनिनिधि सभामार्फत नेकपा माओवादीसतिको अन्तरिम संसद र अन्तरिम सरकार गठन भयो । दलहरुबीच संविधानसभामार्फत अग्रगामी पुनर्संरचनाको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना घोषणाको संकल्पसहित २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी भइ सो संवैधानिक संकल्पअनुरुप २०६४ चैत २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भयो  संविधानसभाको कार्यकाल पहिलो बैठक बसेको मितिले २ वर्षको हुने भन्ने संवैधानिक व्यवस्था भएतापनि सो अवधिभित्र संविधान निर्माण हुन नसकी २ वर्ष थप गरी यसको आयु ४ वर्ष बनाउँदा पनि संविधान निर्माण नगर्दै २०६९ जेठ १४ गते

यसको विघटन भइ पुनः २०७० मंसिर ४ गते दोश्रो पटक संविधानसभा निर्वाचन सम्पन्न भइ संविधान सभाले सुषुप्त गतिमा संविधान निर्माणतर्फ क्रियाशीलता देखाएको पाइन्छ ।

### २.२.५.४ संविधानसभाको गठनको आधार

विश्वका करिब २१९ राष्ट्रका संविधानहरु तर्जुमा हुँदा अवलम्वन भएको विधि पद्दती एवं तरिकाको विश्लेषण गर्दा (क) संविधानसभा, (ख) आयोग (ग) सम्मेलन, (घ) राजनीतिक निर्णय, (ङ) राजनीतिक समझदारी, (च) अदालती निर्णयवाट विकसित गरेर र (छ) प्रथा, परम्परा प्रचलनलाई आत्मसात गरेर ७ वटा आधारमा संविधानको तर्जुमा भएको पाइन्छ । ( ज्ञवाली: २०६४) तर जव शासकले शासन व्यवस्थाका सिमा किचेर निरंकुश, स्वेच्छाचारी र तानाशाह शैलीको शासन गर्दछ, वा जव समाजमा बहुजाती बहुसांस्कृतिक पहिचानको विवादले वढावा पाउछ वा जब संविधानमा उल्लेख भएका व्यवस्था अल्पसंख्यक वर्ग समुदाय एवं पिछडिएका र सिमान्तकृत वर्ग समुदायको हित र संरक्षण गर्न पर्याप्त हुँदैनन् र असमान एवं विभेदपूर्ण समाजको निर्माण हुँदै जान्छ, तव माथि उल्लेखित पछिल्ला ६ वटा प्रक्रियाबाट निर्मित संविधान र निरंकुश शासक एवं शासन व्यवस्थाको विरुद्धमा बहुसंख्यक जनता आन्दोलित भई शासक, शासन व्यवस्था र मौजुदा संविधानमा समेत आमूल परिवर्तनको पक्षमा विद्रोह क्रान्ति हुन्छ ।

त्यस्तो अवस्थामा शासकले आफ्नो शासकीय पद र शक्ति जनताको जिम्मामा हस्तान्तरण गर्नु र आफू सत्ताबाट बाहिरिनुको विकल्प हुँदैन भने पछिल्लो ६ तरिका (माथि उल्लेखित संविधानसभा बाहेक) बाट निर्मित संविधान समेत औचित्यहीन सिद्ध भई सवै वर्ग समुदायको पक्षको समावेशी लोकतान्त्रिक संविधानको निर्माण टड्कारो बन्छ । यस दृष्टिकोणबाट विश्लेषण गर्दा संविधानसभाबाट निर्माण हुने संविधानमा सवै वर्ग लिङ्ग क्षेत्र समुदायको अपनत्व हुने र संविधानको व्यवस्था निर्विवाद हुने कुरा पुष्टी हुन्छ ।

जनताले जनआन्दोलन क्रान्ति विद्रोह वा अन्य कुनै माध्यमबाट नयाँ संविधान निर्माण गर्न चाहेका अवस्थामा लोकतान्त्रिक र समावेशी चरित्रको संविधान निर्माण गर्ने एक मात्र विश्वसनीय र उत्कृष्ट माध्यम संविधानसभा मानिन्छ । कतिपय संविधानसभा राजनीतिक आधारमा र कतिपय जातीय क्षेत्रीय र सांस्कृतिक आधारमा गठन हुन्छन् । विशेष गरी यस

सभाको गठन राजनीतिक आधारमा हुन्छ जसमा जनजाती, महिला मजदुर, वुद्धिजीवी, अल्पसंख्यक र सिमान्तकृत एवं पिछडिएका वर्ग एवं क्षेत्रिय प्रतिनिधि समावेश हुन्छन् । यसको गठन वा निर्वाचन हुनु पूर्व तयारीका रुपमा कुनै निश्चित सदस्य संख्या भएको संविधानसभा बनाउने निर्णय गरिन्छ । भौगोलिक क्षेत्र र जनसंख्याको आधारमा सबै वर्ग लिङ्ग क्षेत्र समुदायको प्रतिनिधित्व सुनिश्चित हुने तवरले निर्वाचन प्रणाली छनौट गरी निर्वाचन गरी मनोनित वा निर्वाचित भई आएका सभासदहरुबाट यसको गठन गरिन्छ ( भण्डारीः २०६३) । त्यसरी गठित सभाबाट जनउत्तरदायी र लोकतान्त्रिक संविधान निर्माण गर्नु यसको कर्तव्य हुन्छ ।

### २.२.५.५ संविधानसभाको महत्व

संविधानसभा राज्यको मूल कानून (संविधान) निर्माणको प्रयोजनका लागि राज्यका सवै वर्ग लिङ्ग क्षेत्र समुदायका वहुसंख्यक जनताहरुवाट निर्वाचित जनप्रतिनिधिमूलक संस्था भएबाटै यसको विशिष्ट महत्व रहेको कुरा सहजै विश्लेषण गरिन्छ । त्यसको थप महत्वलाई निम्न बुँदामा उल्लेख गरिन्छ ।

(१) संविधानसभाले लामो समयदेखिको निरंकुश शासन प्रणालीको अन्त्य र जनादेशप्राप्त लोकतान्त्रिक प्रणालीको उदयलाई संवैधानिक सिमामा बाँध्ने हुनाले यसको महत्व रहेको पुष्टी हुन्छ ।

(२) संविधानसभाले मुलुकमा विद्यमान राजनीतिक एवं संवैधानिक संकट रिक्तता र गतिरोधको अन्त्य गरी संवैधानिक व्यवस्था मार्फत संवैधानिक एवं राजनीतिक मार्ग प्रशस्त गर्दछ ।

(३) संविधानसभाले विद्यमान राजनीतिक द्वन्दको संवैधानिक व्यवस्था मार्फत दिगो व्यवस्थापन गर्दछ ।

(४) राज्यको शासन व्यवस्था र राज्यको सेवा सुविधा प्रयोग र विभेदीकरण एवं वञ्चितीकरणमा पारिएका महिला उत्पीडीत सिमान्तकृत वर्ग समुदायलाई संवैधानिक व्यवस्था मार्फत राज्यको राजनीतिक एवं सार्वजनिक मामलामा साझेदार बनाइ अन्य वर्ग समुदाय सरहको हैसियत प्रदान गर्दछ ।

(५) संविधानसभा सार्वभौम जनताका प्रतिनिधिहरुको सभा भएकोले सो सभाबाट बन्ने संविधानमा बहुसंख्यक जनताको इच्छा आकांक्षा जनचाहना, आर्थिक, सामाजिक, राजनीतिक अधिकार स्वतन्त्रताका सवालहरु सम्वोधन हुने र संविधानप्रति सबैको अपनत्व महसुस हुन्छ ।

(६) समावेशी लोकतन्त्रको माध्यमबाट लोकतन्त्रको स्थायित्व र जीवन्तता प्रदान गर्ने संवैधानिक व्यवस्थाको प्रत्याभूती हुन्छ ।

(७) संविधानसभा स्वयंमा समावेशी चरित्रको प्रतिनिधिमूलक संस्था भएकोले यसबाट निर्माण हुने संविधानले समाजमा विद्यमान असमानता विभेदको अन्त्य गर्दै समानता र भातृत्वपूर्ण अवस्थाको प्रत्याभूति गर्दछ ।

(८) संविधानसभाबाट निर्माण हुने संविधानले समाजमा विद्यमान सबैखाले राजनीतिक आर्थिक सामाजिक साँस्कृतिक समस्या न्यूनीकरण गर्दछ जसले गर्दा बारम्बारका विद्रोह क्रान्ति र आन्दोलनको सामना गर्नुपर्ने स्थितिको अन्त्य हुन्छ ।

(९) पिछडिएको क्षेत्र समुदायलाई मध्यनजर गरी संविधान मार्फत नै राज्यको पुनर्संरचना गरी स्रोत साधन र सुविधा सम्पन्न हुने परिपार्टीको प्रारम्भ हुन्छ ।

(१०) संविधानसभाबाट बन्ने संविधानले अस्वस्थ दलीय प्रतिष्पर्धा र राजनीतिक दलको अतिवादलाई नियन्त्रण गर्दछ ।

(११) यथास्थितिवादी निरंकुश तानाशाही स्वेच्छाचारी वर्गबाट भएको शोषण अत्याचार दमन र उग्रवादी चिन्तनलाई समयसापेक्ष रुपमा सन्तुलनमा राख्छ ।

(१२) संविधानसभा बहुसंख्यक जनताबाट निर्वाचित प्रतिनिधिहरुको सभा भएको र यसले गर्ने हरेक निर्णय र उठाउने सवालमा जनताको आत्मासाक्षी रहेको हुन्छ । सो बाट निर्माण हुने संविधान जनताप्रति उत्तरदायी हुन्छ भने जनतालाई यस संस्था र यसले गर्ने हरेक कार्यमा अपनत्व महसुस गर्ने र पूर्ण स्वामित्व अनुभव हुन्छ, आदि ।

संविधानसभा एक युगमा एक पटक गठन हुने स्वर्णिम मौका हो भनिन्छ । यसले गर्ने हरेक कार्यमा जनताको विश्वास मत र स्वामित्वबोध हुने साथै सो संस्थासमेत जनताप्रति उत्तरदायी भइ कार्य गर्ने जिम्मेवारीका साथ गठन हुने भएकोले लोकतन्त्रको सर्वोत्तम प्रयोग संविधानसभाबाट मात्र सम्भव हुन्छ । अधिकाधिक जनताको समर्थन, विश्वास र जिम्मेवारीबाट संविधान निर्माण गर्ने गहन कार्यको अभिभारा ग्रहण हुने हुँदा संविधान निर्माणका अन्य पद्दति (विषयविज्ञ, सम्मिलित सभा गोलमेच सम्मेलन राजनीतिक सहमति, समझदारी, राष्ट्रप्रमुखको आदेश) भन्दा जननिर्वाचित प्रतिनिधिहरुको संविधानसभाको माध्यमबाट बन्ने संविधान लोकतान्त्रिक जनउत्तरदायी विकासमुखी र परिवर्तनकारी हुने भएकोले यसको महत्व समेत उत्तिकै विशिष्ट र व्यापक रहन्छ ।

# *परिच्छेद - तीन*

# नेपालमा लोकतन्त्र, निर्वाचन र संविधानसभा

## ३.१ नेपालको राजनीतिक इतिहांस र लोकतन्त्र

नेपाल राज्यको स्थापना एवं नामाकरणदेखि नै एकीकरण खण्डितकरण र एकीकरणको प्रक्रिया र बहसमा गुज्रदै आएको पाइन्छ । प्राचीन नेपालमा सर्वप्रथम गोपालवंश, त्यसपछि दोश्रो चरणमा किराँतवंश र अन्त्यमा लिच्छवीवंशका राजाहरु शासनको केन्द्रमा रही शासन व्यवस्था संचालन गरेको पाइन्छ । प्रमाणिक इतिहासको थालनी लिच्छवीकालदेखि भएकोले त्यसअघिको शासन व्यवस्था र राज्यको अवस्थाका विवेचना र विश्लेषण गर्ने ठोस यथेष्ट प्रमाणिक ऐतिहासिक स्रोत केही छैन । तथापि विभिन्न शिलालेख वंशावली र स्मृती पत्रबाट लिच्छवी वंशभन्दा अघि नेपालमा किराँत र किराँतवंश अघि गोपालवंशको शासन रहेको पाइन्छ । नेपालको राजनीतिक इतिहासमा गोपालवंश, किराँतवंश र लिच्छवीवंशका राजाहरुले शासन गरेको वि.सं. १२५० सम्मको अवधिलाई पूर्वप्राथमिक काल भनिन्छ । यस कालखण्डमा शासन सत्ताको केन्द्रमा गोपाल किराँत र लिच्छवीवंशका राजाहरु रहने र कविला एवं गणराज्य रहेको सामन्तवादी राज्य व्यवस्थाअन्तर्गत सामन्त शासित राज्यहरु रहेको पाइन्छ । लिच्छवीवंशको शासनकालको अन्त्यसँगै वि.सं. १२५० देखि नेपालको शासन व्यवस्थाको केन्द्रमा मल्लवंश अस्तित्वमा आएको पाइन्छ । मल्लवंशको उदयकालमा नै यक्ष मल्लले टुक्रिएका राज्यलाई एकीकरण गरी शासन व्यवस्था संचालन गरेको भए तापनि पनि क्रमशः नेपाल ५० औं टुक्रे राज्यमा विभाजन भएको थियो । मल्लवंशहरुले नेपालमा १२५० देखि १८२५ सम्म शासन व्यवस्था संचालन गरेका थिए । नेपालको राजनीतिक इतिहासमा यसलाई मध्यकाल भनिन्छ । यस कालखण्डमा एकीकरण र विभाजन डोय, मल्ल र खसपछि २२ से २४ से केन्द्रमा ३ र पूर्वमा किराँती शासन व्यवस्था थियो । सामन्त शासित इकाइहरु राज्यमा परिणत, सामन्ती राज्यको विस्तार, समाजमा विभिन्न सम्प्रदायको अस्तित्व तर हिन्दू धर्मको प्रधानता यस कालखण्डका उल्लेखनीय शासकीय विशेषता हुन् (बराल, २०६०) ।

मल्लवंशको अन्त्यसँगै टुक्रिएर रहेको राज्यलाई सिंगो राष्ट्रको रुपमा निर्माण गर्ने अभियानसहित पृथ्वीनारायण शाहको नेपालको राज्य व्यवस्थाको केन्द्रमा उदय भयो । वि.सं.

१८२५ असोज १० गतेदेखि यिनले नेपालमा शाहवंशीय राजतन्त्रात्मक व्यवस्थाको जग बसाएका हुन् । नेपालको राजनीतिक इतिहासमा पृथ्वीनारायण शाहले शासन व्यवस्था सम्हालेदेखि वि.सं. २००७ सम्मको अवधिलाई आधुनिककाल भनिन्छ । यस कालखण्डअन्तर्गत पृथ्वीनारायण शाहपछिका पुस्तामा सत्ता र शक्तिका लागि दरबारका उत्तराधिकारीबीच (विशेषत प्रतापसिह शाह, बहादुर शाह, राजेन्द्र लक्ष्मी) आपसी द्वन्द्व टकराव षडयन्त्रका दाउपेचमा रहे । दरबारभित्रको फुटको अवस्थालाई शासन शक्ति आफ्नो हातमा हत्याइ लिने दाउमा रहेका वालनरसिंह कुँवर (जङ्गबहादुर राणा) ले १९०३ असोज २ मा कोत हत्याकाण्ड गरी आफ्ना विरोधीहरुको नरसंहार गरेपछि राज्यको कार्यकारिणी प्रमुख आफू भए । त्यसपछि पनि प्रधानमन्त्रीको रोलक्रम आफ्ना भाइमा उत्तराधिकारित्व सर्दै जाने परिपाटी थालनी गरी राजालाई नाम मात्रको शक्तिको सिमामा सिमित गरी राष्ट्रको कार्यकारी प्रमुख भए ।

नेपालको राजनीतिक इतिहासको अध्ययन गर्दा वि.सं. १८२५ देखि १९०३ सम्म शाहवंशीय राजा र १९०३ देखि २००७ सम्म शाहवंशको नाउँमा शासनको केन्द्रमा जहानीयाँ राणा शासन रहेको पाइन्छ । वि.सं. १८२५ देखि १९०३ सम्म शाहवंशीय राजा र दरबारिया भाइ भारदार एवं राणाहरुका परिवारबीच सत्ता शक्तिका लागि ठूला दाउपेच षडयन्त्र हानाथाप भएको युग, शक्तिको भरमा जङ्गबहादुरले जहानीयाँ राणाशासन व्यवस्थाको सूत्रपात गरेको युग, शक्तिको माध्यमद्वारा एकीकरण भएको, हिन्दू धर्मको केन्द्रीयता, तानाशाह, निरंकुश, जनता रैतीको रुपमा रहेको, पितृसत्तात्मक चिन्तन र व्यवहारको बाहुल्यता, बन्द समाज, इष्ट इण्डिया कम्पनीप्रति अन्धभक्त रहेको सरकार र शासन व्यवस्थाको रुपमा अध्ययन गर्ने बुझ्ने परिपाटी रहेको छ (बराल, २०६०) ।

वि.सं. १९९३ देखि निरंकुश पारिवारिक शासनको देशभित्र र बाहिरबाट विभिन्न राजनीतिक संगठनले विरोध एवं संघर्ष गरे अन्तत २००७ फागुन ७ गते नेपालबाट राणा शासनको अन्त्य भइ प्रजातन्त्र स्थापना भयो । सो प्रजातन्त्रको स्वाद लिन नपाउँदै १० वर्षकै अवधिमा २०१७ पौष १ गते राजा महेन्द्रबाट जननिर्वाचित सरकार भङ्ग गरी पौष २२ गतेदेखि दलबिहीन पञ्चायती निरंकुश शासन व्यवस्था लागू भएको र ३० वर्षे पंचायती व्यवस्था २०४६ चैत २४ गतेको राजकीय घोषणाबाट अन्त्य भई पुनः बहुदलीय व्यवस्था पुनर्स्थापना

भयो । राजनीतिक दलहरुको सत्ता केन्द्रित अन्तरद्वन्द्व, पद प्रतिष्ठा सत्ता भत्ता र शक्तिमा लिप्त हुने नेताहरुको प्रवृत्ति, ने.क.पा. माओवादीका नाउँमा संचालित सशस्त्र जनयुद्ध र राजामा शक्तिशाली हुने महत्वाकांक्षाका कारण राज्य र जनताको अवस्था कमजोर र निरीह बन्दै आएको पाइन्छ । अन्ततः २०६२/२०६३ को जनआन्दोलनमार्फत मुलुक लोकतान्त्रिक प्रक्रियामा बामे सर्ने अवस्थामा उन्मुख छ । नेपालको राजनीतिक अवस्थालाई निम्नरुपमा विवेचना गरिएको छ ।

### ३.१.१ नेपालको राजनीतिक इतिहासमा प्रजातन्त्रको पहिलो अभ्यास (वि.सं. २००७-२०१७)

प्राचीनकालदेखि नै नेपालको राज्य व्यवस्था र शासन व्यवस्थाको केन्द्रमा निरन्तररुपमा स्वेच्छाचारी, निरंकुश तानाशाह, अभिजात र सामन्त वर्गको विशेष नियन्त्रण र प्रभाव रहँदै आएकोमा वि.सं. १९०३ देखि २००७ सम्मको राणाकालीन शासन व्यवस्थाका अन्तिम दशक निरंकुश र तानाशाह शासन व्यवस्थाको क्रमभङ्गता र प्रजातन्त्रको जागरण र थालनीका वर्ष बन्न पुगेको पाइन्छ। नेपालको राजनीतिक इतिहासमा राणाकाल वि.सं. १९०३ देखि २००७ (करिब एक सय चार वर्ष) सम्म रह्यो । राजनीतिक दृष्टिले यसलाई साँच्चिकै अन्धकारको समयको रुपमा चित्रण गरिन्छ। १९०३ को कोत पर्वदेखि २००७ सम्म चलाइएको एकलौटी निरंकुशतन्त्रले जनताको त कुनै वास्ता गरेन, राजा र राजतन्त्रलाई पनि आफ्नो नियन्त्रणमा राखीरह्यो (दाहाल; सन् २००४:६३) । राणाशासनकालमा बहुसंख्यक जनताहरु शासक र तिनीहरुका अनुयायीहरुबाट भयभीत हुन्थे । त्यो निरंकुश राणा शासनकालमा शासकहरुको अत्याचारको त कुरै नगरौं । राणा पक्षपाति वा राणाकालीन निम्न कर्मचारीको सवारमा पनि पूरै गाउँ, थरर हुन्थ्यो डर र त्रासले (कार्की, २०६०:११५) । अविश्वास षडयन्त्र र हत्यापर्याय बनेको नेपाली राजनीतिको परम्परागत जगबाट उठेको १०४ वर्षे राणाशासनले जनतालाई दासको श्रेणीमा राख्दै पारिवारिक शासन कायम गरे तापनि स्वयं त्यो संस्कारलाई त्याग्न सकेन । फलतः १९३८, १९४२, १९९८, २००४ आदि काण्डहरुले राणा शासकहरुबीच शक्ति र सत्ताको खिचातानी कहाँसम्म थियो भन्ने कुरा देखाउँछ (बराल; २०६०:२३) ।

राणा शासकवर्गको स्वेच्छाचारी शासनको अन्त्य र वैधानिक शासनको खोजी र स्थायित्वका लागि वि.सं. १९९३ देखि देशभित्र र बाहिर विभिन्न राजनीतिक संगठनहरु, भूमिगत तथा

खुल्ला रुपमा क्रियाशील रहे । जब राष्ट्र पौंराणिक व्यवस्थाबाट आधुनिकतातर्फ अग्रसर हुन्छ त्यसबेला विभिन्न राजनीतिक संकट आइपर्छ । त्यस्तो राजनीतिक संकट समाधान केवल संगठित दलको माध्यमबाट मात्र सम्भव रहन्छ (रेग्मी, २०६०:५६) । सो सैद्धान्तिक मान्यता एवं व्यवहारिक यथार्थता अनुरुप तत्काल राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका लागि निर्णायक क्रान्तिका लागि तत्कालीन क्रान्तिकारी युवा टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, रामहरि जोशीको अगुवाईमा दाहिने हातको बूढी औंलाबाट रगत निकाली क्रान्तिको नीति र उद्देश्यसहित हस्ताक्षर गरी वि.सं. १९९३ मा नेपाल प्रजापरिषद नामक राजनीतिक संगठनको स्थापना भयो । नेपाल प्रजापरिषद नामक उक्त संगठन नै नेपालको राजनीतिक इतिहासमा जनस्तरको पहिलो राजनीतिक संगठन हो । यसै संगठनको अगुवाईमा स्वेच्छाचारी पारिवारिक राणा शासनविरुद्ध सशक्त क्रान्तिको आगो दन्कियो ।

वि.सं. १९९७ सालमा निरंकुश राणा शासन टिकाउन र प्रजातान्त्रिक आन्दोलन तथा क्रान्तिको क्रियाकलाप दबाउन राणाहरुबाट क्रान्तिको अगुवाई गर्ने गंगालाल, धर्मभक्त, दशरथ चन्द र शुक्रराज शास्त्रीलाई १९९७ माघ महिनामा २ दिनको फरकमा माघ १४ र १६ गते २ जनाको दरले फाँसी दिइयो भने टंकप्रसाद आचार्य र रामहरि शर्मालाई अपमानित गरी देश निकाला गरियो साथै सैयौ राणाविरोधी अगुवालाई आजीवन कारावासको सजाय दिइयो । आन्दोलनकारी विरुद्ध कठोर दमनको नीति अख्तियारी गरिएको भएतापनि क्रान्तिको राँको ननिभेकोले २००४ सालमा उदारतासाथ भनी क्रान्तिको ज्वाला निभाउन श्री ३ पद्मशमशेरले नेपाल सरकार वैधानिक कानुन २००४ जारी गरे तर राणाहरुकै वैधानिक षडयन्त्रका कारण लागू हुन सकेन । त्यसपछि पनि क्रान्तिलाई मत्थर बनाउन शासकहरुले मौलिक हकसम्बन्धी ऐन २००५ र व्यक्तिगत स्वतन्त्रता ऐन २००६ जारी भयो तर यी कानुनी व्यवस्थासमेत राणाशासन विरुद्धको जनक्रान्ति मत्थर गराउने पक्षमा उपयोगी सावित भएनन् ।

निरंकुश राणाशासनको अन्त्यका लागि नेपाली काँग्रेसले २००७ साल असोज १० र ११ गते सम्पन्न गरेको वैरागनिया सम्मेलनमा वालिग मताधिकारका आधारमा निर्वाचित प्रतिनिधिहरुको एउटा सभा गठन गरी सोही सभालाई लोकतान्त्रिक नेपाल राज्यको संविधान

बनाउने अधिकार प्रदान गर्ने, घोषणापत्र जारी गर्दै सशस्त्र क्रान्ति गर्ने निर्णय गरेको थियो । (ढकाल, के.सी. २०६४:२) त्यस्तैमा राणाहरुको अत्याचारबाट पिंजडाको सुँगाको रुपमा रहेका राजा त्रिभुवन पनि २००७ कात्तिक २१ गते राणा शासनको विद्रोह गर्दै दिल्ली पुगे । उनको समर्थनमा समेत नेपाली जनताले आफ्नो आन्दोलन अरु व्यापक पारे । राजधानी, शहर र बजारहरुबाट बाहिर निस्केर विद्रोह गर्दै नेपाली जनताले राजा त्रिभुवनको फिर्ती र राणा शासनको समाप्तिको मागलाई अरु चर्काए (सेन: २०६४:२२) । इष्ट इण्डिया कम्पनीको सहयोग संरक्षण र सदासयताको आडमा आफ्नो सत्ता टिकाएको राणा शासनले सन् १९४६ देखिको भारतीय स्वतन्त्रता क्रान्ति पश्चात १९४७ मा स्वतन्त्र भएको भारतबाट पूर्व सरकार सरहको समर्थन पाएको थिएन र स्वतन्त्र मुलुक भारतले नेपालमा निरंकुश राणाशासनको अन्त्य भएको र नेपालको राजनीतिक व्यवस्था परिवर्तनसँगै आफ्नो स्वार्थसिद्ध गर्ने अनुकूल अवस्था चाहिरहेको थियो । जब श्री ५ त्रिभुवन राणा शासनको विरोध गर्दै भारत पुगे "तब हातमा आएको माछोको रुपमा त्रिभुवनलाई पाएको भारतले त्यस मौकाको उपयोग गरी राजालाई यथास्थितिमा राखी अनुयायी बनाउने मौका छोप्यो" र प्रधानमन्त्री जवाहरलाल नेहरुको मध्यस्थतामा राजा र राणाका बीच सम्झौता भयो उनको इशारामा नेपाली काँग्रेसले समर्थन गऱ्यो ।

फागुन ४ गते राजा त्रिभुवन स्वदेश फिर्ता भइ २००७ फागुन ७ गतेका दिन नेपाली जनतालाई सम्बोधन गर्दै...." हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरुको प्रतिनिधिको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानअनुसार होस भन्ने हाम्रो इच्छा र निर्णय औ.सो. विधान तयार नभएसम्म अहिले हामीलाई हाम्रो कार्य सम्पादनमा गर्नमा मद्दत र सल्लाह दिनाको निमित्त दुनियाँको विश्वास भएका दुनियाँका प्रतिनिधिहरुसमेत सम्मिलित भएको एक मन्त्रीमण्डलको संगठन होस भन्ने हाम्रो इच्छा र निर्णय भएकोले एक मन्त्रीमण्डल गठन र नियुक्त गरिराखेका छौं भन्ने देशबासीका नाममा सन्देश गर्दै वि.सं. १९०३ देखि १०४ वर्षसम्म चलिआएको राणा शासन अन्त्य भई प्रजातन्त्रको स्थापना भएको घोषणा भयो (पूर्ववत) ।

प्रजातन्त्र वहालीको घोषणासाथ राणा प्रधानमन्त्री मोहन शमशेरको प्रधानमन्त्रीत्वमा मन्त्रीमण्डल गठन गरी राजाले शासनमाथि आफ्नो संरक्षकत्व प्राप्त गरे । वि.सं. २००८

बैशाख १ गते राजा त्रिभुवनले प्रधानमन्त्रीमा रहेको नेपाली सेनाको सुप्रिम कमाण्डर इन चिफ आफ्नै हातमा लिए । सेनाको नियन्त्रणमा रहेको तत्कालीन ठूला हतियार अन्तर्गतका ब्रेन गन, मेसिन गन जस्ता हतियार समेतको सैनिक शक्ति आफ्ना दरबारमा भित्र्याए । ( सेनः २०६४:२३) त्यसपछि राजा आफ्नै इच्छा चाहनामा मन्त्रीमण्डल गठन विघटन गर्दै सक्रिय शासन गर्न थाले । राणाशासनको ठाउँमा केवल शाहवंशको स्थापना भयो । फलतः वि.सं. २००७ को क्रान्तिबाट राणाशासकको शासन शक्ति शाहवंशमा हस्तान्तरण हुनुबाहेक जनताका हकअधिकार र राजनीतिक स्वतन्त्रता र  स्वशासनको आभाष हुने अवस्था नै रहेन । जनता पूर्ववतरुपमा दविएको र शासकबाट शोषित अवस्थामा नै रहे । राजनीतिक दलहरुबीच अन्तरद्वन्द्व बढ्नु र शासकले निरंकुश व्यवस्था संचालन गर्ने महत्वाकांक्षा राखेबाट २००९ सम्म सम्पन्न गरिने भनेको संविधानसभाको निर्वाचन ओझेलमा पर्दै आयो र संविधानसभाको सट्टामा राजाले २०१५ फागुन ७ गते १०९ सदस्यीय संसदीय आमनिर्वाचन गराए । निर्वाचनबाट २ तिहाइ बहुमत प्राप्त नेपाली काँग्रेसका तर्फबाट विश्वेश्वर प्रसाद कोइराला प्रधानमन्त्री भए ।

प्रथम जननिर्वाचित सरकारका प्रधानमन्त्री वीपी कोइरालाको "समाजवादी चिन्तनले आधुनिक समाज विकासका लागि बाधक रहेका सामन्तवादी मूल खम्बाहरु भत्काउनै पर्ने ठान्यो । त्यसैले केही सुधारका प्रयासका साथ विर्ता उन्मूलन, जंगलको राष्ट्रियकरण र राज्यरजौटा उन्मूलनसम्बन्धी प्रयास आदि कार्य गऱ्यो  (बरालः २०६०:२५) । त्यसरी जनपक्षीय विकास र हितका कार्य गरेको र सोबाट राजाको सक्रिय हुने शासकीय स्वार्थ पूरा नहुनेदेखि संविधानसभाको विषयलाई पर धकेल्दै जाने राजाको चरित्र र दुई तिहाई बहुमत पाएको राजनीतिक दल नेपाली काँग्रेसले संविधानसभा निर्वाचनप्रति देखाउँदै आएको निष्क्रियता र दलीय अन्तरद्वन्द्वबाट संविधानसभाबाट संविधान निर्माण गर्ने कार्य पूरा नहुँदै २०१७ पौष १ गते जननिर्वाचित सरकार विघटन गरी निर्दलीय पञ्चायती व्यवस्थाको सूत्रपात गरी संविधानसभा जस्तो लोकतान्त्रिक प्रक्रियालाई तुहिन पुग्यो ।

## ३.२ नेपालको पंचायतकालीन राजनीतिक अवस्था र प्रजातान्त्रिक आन्दोलन (वि.सं. २०१७-२०४६)

२०१७ पौष १ मा राजाद्वारा स्थापित निर्दलीय पञ्चायती व्यवस्थालाई टिकाउन राजाले आफैले दिएको २०१५ सालको संविधान खारेज गरी २०१९ पौष १ मा निर्दलीय पंचायती संविधान जारी गरे । अर्कोतर्फ राजा महेन्द्रले शक्ति राष्ट्र, अन्तर्राष्ट्रिय मञ्चको प्रभाव र कुटनीतिक सम्बन्धको राम्रो व्यवस्थापन गर्दै आए जसले गर्दा उनी आफ्नो मुलुकका आन्तरिक द्वन्द्वलाई पछाडि पारी कुशल अन्तर्राष्ट्रिय कुटनीतिक पात्रको रुपमा स्थापित पनि भए । उनको त्यसप्रकारको कुटिलता र स्वेच्छाचारी प्रवृतिको विरुद्ध राजनीतिक दलका नेता, कार्यकर्ताले विभिन्न प्रकारका संघर्ष र विद्रोहको स्वरुप प्रस्तुत गरे तर पनि भूमिसुधार, गाउँ फर्क, पूर्व पश्चिम राजमार्ग निर्माण, सामाजिक तथा भौतिक विकास जस्ता तत्कालीन जनपक्षीय कार्यक्रमका साथ देश भ्रमण र देश दर्शन गरी सत्य तथ्य सूचनाहरुको अनुभूति र मान सम्मान बढाउने नीति अवलम्बन गरी पंचायती व्यवस्थालाई निर्विकल्प विश्लेषण थप गरी लोकप्रिय व्यवस्थाको रुपमा चित्रण गर्ने प्रयत्न अघि बढाए । जसबाट राजाले लोकतन्त्र, मानवअधिकार एवं जनइच्छा र जनसहभागिताको खुला भूमिकामा स्पष्टरुपमा निरंकुशताको तगारो बनेको र लोकप्रिय राजाभन्दा पनि कुशल अधिनायकवादी नेताको रुपमा स्थापित हुन पुगेको पाइन्छ । उनको त्यस प्रकारको चार्तुत्यताबाट विपक्षमा रहेको लोकतन्त्रका पक्षधर शक्ति शिथिल बन्न पुगे (बराल; २०६०:) ।

पञ्चायती व्यवस्थाका जन्मदाता महेन्द्रको मृत्युपश्चात २०२८ सालमा नेपालको राजगद्दीमा उनका सुपुत्र श्री ५ वीरेन्द्र सत्तासीन भए । वि.सं. २०२८ देखि नै गणतन्त्रात्मक व्यवस्थाका पक्षमा भूमिगत राजनीति गरेको वि.सं. २००६ मा संस्थापित नेपाल कम्युनिष्ट पार्टीको युवा शक्ति पञ्चायती व्यवस्थाको विरुद्ध झापा विद्रोहका नामबाट सशक्त विरोधमा उत्रिए । विद्रोहलाई मत्थर गराउन संविधानमा दोस्रो संशोधन गरियो तर विद्रोह मत्थर भएन । नक्सलाइट आन्दोलनका नाउमा संचालित झापा विद्रोहमा वामपन्थी युवाबाट भएको त्याग बलिदानी र समर्पण अभूतपूर्व रहेको भनी नेपाली काँग्रेसका नेता वीपीले प्रशंसा गरेकोले काँग्रेसका तरुणहरुको समेत सो विद्रोहमा समर्थन वृद्धि भयो (लुइटेल : २०६७) । विद्रोह मत्थर नहुँदै पाकिस्तानी पूर्वप्रधानमन्त्री जुल्फीकर अली भुट्टोलाई सन् १९७९ अप्रिल४ ( वि.सं. २०३५ चैत २२) मा फाँसी दिएपछि तत्कालीन पाकिस्तानी राष्ट्रपति जियाउल हक

विरुद्ध नारा जुलुस गरी २०३५ चैत २४ मा नेपालस्थित पाकिस्तानी राजदूतावासमा विरोध पत्र लिइ गइरहेका विभिन्न क्याम्पसका विद्यार्थीहरुको समूहलाई लैनचौरमा प्रहरीले हस्तक्षेप र धरपकड गरी पक्राउ गऱ्यो (देवकोटा, २०३९:३-४) । सो घटनाबाट विद्यार्थी आन्दोलन थप उचाइमा पुगेपछि र पंचायती व्यवस्थाको विरुद्धमा सर्वत्र आवाज बढ्दै आइरहेकोले राजा वीरेन्द्रले बहुदलीय प्रजातन्त्र वा सुधारसहितको पञ्चायती व्यवस्थामा जनमत बुझ्न २०३७ बैशाख २० गते जनमत संग्रहको घोषणा गरे । २०३७ बैशाख २० मा भएको जनमत संग्रहको परिणामको औपचारिक घोषणा २०३७ जेठ १ गते भएको थियो (भुर्तेल; २०६७:१२८) ।

देशभरमा पञ्चायतको पक्षमा ४४ लाख ४१ हजार ४ सय १७ मध्ये २४ लाख ३३ हजार ४ सय ५२ अर्थात ५४.७९% र बहुदलको पक्षमा २० लाख ७ हजार ९ सय ६५ अर्थात ४५.२१ % मत थियो । जनमत संग्रहको परिणाम घोषणाका बेला राजा वीरेन्द्रले बहुमतको सम्मान र अल्पमतको कदर गरिने बताएका थिए (भुर्तेल, २०६७:१३१)। सो घोषणा र जनमत संग्रहअघिको जनआन्दोलनको स्तर र व्यापकतालाई राम्रोसँग बुझेका राजाले जनमत संग्रहको परिणामले केही प्रतिशतको हार जीत हुँदैमा "जनसहभागिता बिनाको शासन अब स्थिर हुन सक्दैन भन्ने महसुस गरी पञ्चायती संविधानमा तेस्रो पटक संशोधन गरी वालिग मताधिकारबाट राष्ट्रिय पञ्चायतको गठन र त्यसबाट प्रधानमन्त्री छनौट हुने र ऊ राष्ट्रिय पञ्चायतप्रति उत्तरदायी हुनेजस्ता लोकतन्त्रका विशेषता समावेश गरे । तर निरंकुश पञ्चायती व्यवस्थामा खुल्ला लोकतन्त्रको विशेषताले कसरी काम गर्ने यही विरोधाभाषले गर्दा स्वयं पञ्चायती व्यवस्था कमजोर बन्न पुग्यो (बराल; २०६०:२६) । जनमत संग्रहको परिणाम आफ्नो पक्षमा नभएको र तेश्रो संशोधित संविधानले राष्ट्रिय पञ्चायतको गठन वालिग मताधिकारबाट हुने त्यसैबाट प्रधानमन्त्री बन्ने सामान्य लोकतान्त्रिक मान्यता स्थापित भएको महसुस गरी २०३८ र २०४३ मा भएकोमा राष्ट्रिय पञ्चायत निर्वाचनमा आन्दोलनरत दलहरु केही सुषप्त अवस्थामा रहँदै निर्वाचनलाई प्रयोग पनि गरे । पञ्चायती व्यवस्थामा जनताबाट निर्वाचित व्यक्ति राष्ट्रिय पञ्चायतको सदस्य एवं प्रधानमन्त्रीमा निर्वाचित हुने उदार व्यवस्था र केही जनपक्षीय उम्मेदवारको राष्ट्रिय पञ्चायतमा भएको प्रतिनिधित्वले भित्रभित्रै पंचायती व्यवस्थालाई कमजोर गरायो ।

२०१७ सालको कदम विरुद्ध पुनः विद्रोहमा होमिएको काँग्रेस २०३३ साल पौष १६ गते भारतको निर्वासित जीवन परित्याग गरेर वीपी स्वदेश फर्केपछि राष्ट्रिय एकता र मेलमिलाप नीतिअन्तर्गत विस्तारै न त संघर्ष न त समर्पण, न त अन्यौलताको बीचमा थियो । जनमत संग्रहलाई उपयोग गरी २०३९ सालमा वीपीको मृत्यु भएपश्चात नेपाली काँग्रेसको पार्टी जीवनमा रहेको शून्यता र निष्क्रियतालाई चिर्ने उपयुक्त माध्यमको रुपमा नेपाली काँग्रेसले २०४२ जेठ १० गते देखि सत्याग्रह सुरु गऱ्यो । सत्याग्रह अभियान चलिरहँदा असार ६ गते काठमाडौका विभिन्न ठाउँमा बम बिष्फोट गराइए । राजपरिवारको सदस्यको स्वामित्वमा रहेको अन्नपूर्ण नामक पाँचतारे होटल र राष्ट्रिय पञ्चायत परिसरमा गराइएको बिष्फोटबाट १ जना राष्ट्रिय पञ्चायत सदस्यसहित ६ जनाको ज्यान गयो । भारतको पट्नामा निर्वासित जीवन विताइरहनु भएका हाल स्व. नेपाल जनवादी मोर्चाका नामक राजनीतिक संगठनका अध्यक्ष रामराजाप्रसाद सिंहले वम विस्फोटनको जिम्मेवारी लिनु भएको थियो ।

त्यसरी नेपाली कांग्रेसको अगुवाईमा भएको पंचायत विरुद्धको संघर्षलाई वामपन्थी घटकहरुले प्रत्यक्ष परोक्षरुपमा सहभागिता एवं ऐक्यवद्धता र समर्थन गरेका थिए । तर बम विष्फोटनको घटनापछि नेपाली कांग्रेसले सत्याग्रह आन्दोलन स्थगन भएको घोषणा गरेको थियो (भूर्तेल, २०६७ १७३-१७५) । राजासँगका सम्वादहरु निरर्थक हुँदै आएकोले ने.का.का गणेशमान सिंहले पञ्चायती व्यवस्थाविरुद्ध वारपारको लडाई सहितको आन्दोलनको आवश्यकता रहेको धारणा राख्नु भएपछि २०४६ माघ ५ र ६ गते काठमाण्डौमा सम्मेलन आब्हान गरियो । २०२८/०२९ सालदेखि पञ्चायती व्यवस्था विरुद्ध भूमिगतरुपमा विद्रोह गर्दै आएका नेकपा माले लगायतका बामपन्थी दलहरुका तर्फबाट संयुक्त वाममोर्चाको अध्यक्षका हैशियतले साहना प्रधान तथा वरिष्ठ नेता मनमोहन अधिकारीले समेत सो सम्मेलनमा उपस्थित भई मन्तव्य दिनुभएको थियो । सम्मेलनलाई भारतबाट समाजवादी नेता चन्द्रशेखर, वामपन्थी दलका नेता हरिकिसनसिं सुरजित, भारतीय राष्ट्रिय काँग्रेसका प्रतिनिधिका हैशियतले एमजे अकवर लगायतका नेताहरुको समेत उपस्थित भई शुभकामना मन्तव्य दिएका थिए । ने.क.पा. माले लगायतका दल भूमिगत रहेको र नेकाले खुला तर प्रतिबन्धित दलको हैशियतमा रहेकोमा २०४६ फागुन ७ गतेदेखि नेपाली काँग्रेस र संयुक्त वाममोर्चाको आह्वानमा जनआन्दोलन सुरुवात भयो । आन्दोलनमाथि प्रहरीको धरपकड र पक्राउको श्रृंखला बढ्दै आयो भने सो दमनबाट आन्दोलनले थप उचाइ र जनसमर्थन प्राप्त गर्दै आएको थियो (भुर्तेल; २०६७ : १८८-१९०) ।

पञ्चायती व्यवस्था विरुद्धको आन्दोलन थप र निरन्तररुपमा सशक्त बन्दै आइरहेको परिप्रेक्ष्यमा चैत १४ गते झापाको मेची क्याम्पसमा अध्ययनरत विद्यार्थी राम थापाको पञ्चायत समर्थकले हत्या गरे । सो हत्याले देशव्यापी आक्रोश लिँदै पञ्चायती व्यवस्थाको अन्त्य विरुद्धको आन्दोलनकारीको भावना सतहमा पोखियो (भुर्तेल; २०६७:१९७) । एकातर्फ देशभित्र जनआन्दोलनकारीको पञ्चायती व्यवस्था विरुद्धको आन्दोलन चरम सीमामा बढ्दै आउनु, अर्कोतर्फ २०४५ सालमा व्यापार वाणिज्य सन्धी नवीकरण नगरी भारतले नेपालमा नाकाबन्दी लगायो । यता सन् १९९० मा आएको विश्वव्यापी लोकतान्त्रिकरणको लहरले नेपाललाई पनि छोयो । (बराल, २०६०:२७) यसरी मुलुकभित्र र वाहिरको चौतर्फी परिवेशवाट निरीह र अत्यन्त कमजोर परिस्थितिमा पुगेको पंचायती व्यवस्था जनआन्दोलन शुरु भएको दिन ७ फागुन २०४६ देखि ४९ औ दिनमा २०४६ चैत २६ गतेको राजा वीरेन्द्रको शाही घोषणामार्फत अन्त्य भइ बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो ।

यसरी २००७ मा प्रजातन्त्र प्राप्त भयो भनिए पनि दलीय फुट, एकै दलका नेताबीच सत्ता र शक्तिको लागि भई आएको षडयन्त्र दाउपेच हानाथाप र राजाको सक्रिय शासन संचालन गर्ने महत्वाकांक्षाका कारण संविधानसभाको निर्वाचन गर्ने २००७ क्रान्तिको मूल उद्देश्य गर्भमा नै तुहीन पुगी प्रजातन्त्रको स्वादसम्म लिन नपाउँदै शिशु अवस्थामा प्रजातन्त्र हरण भइ निर्दलीय निरंकुश शाहवंशीय राजतन्त्र स्थापना भएकोले २००७ को क्रान्तिले राणा शासकको शासकीय शक्ति र अधिकार शाहवंशीय वंशीय राजालाई हस्तान्तरण गर्नुबाहेक केही भएन । ३० वर्षे लामो निरंकुश स्वेच्छाचारी पञ्चायती व्यवस्थामा नागरिकका आर्थिक सामाजिक राजनीतिक साँस्कृतिक अधिकार धुलीसात पार्दै शासन व्यवस्थाको केन्द्रमा राजाको मनोमानी शासन गरेका निरंकुश पञ्चायत शासन २०१४ सालको भद्र अवज्ञा, २०२८ को झापा विद्रोह, २०३५ सालको विद्यार्थी आन्दोलन हुँदै निरन्तरको क्रान्ति र विद्रोहमार्फत २०४६ चैत २६ मा प्रजातन्त्र पुनर्स्थापित भएको हो । पञ्चायतको त्यस अवधिलाई नेपालको राजनीतिक इतिहासमा कालो शासन पनि भनी चित्रण गरिन्छ ।

### ३.२.१ प्रजातन्त्र पुनर्स्थापनापछिको राजनीतिक अवस्था (२०४७-२०६२)

२०४६ चैत २६ गतेको राजा वीरेन्द्रको शाही घोषणाले ३० वर्षीय निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भयो । त्यसपछि २०४८ बैशाख ६

गतेका दिन काँग्रेस नेता कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वमा काँग्रेसका तर्फबाट ४, बाममोर्चाका तर्फबाट ३, स्वतन्त्र २ र राजाका २ समेत गरी ११ सदस्यीय अन्तरिम मन्त्रीमण्डल गठन भएको थियो । तत्काल गठित अन्तरिम मन्त्रिमण्डलका २ प्रमुख (बहुदलीय प्रजातान्त्रिक संविधान निर्माण गर्नु र संसदीय निर्वाचन गरी जननिर्वाचित प्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नु) कार्यभार रहेको थियो ।

संविधान निर्माणका लागि सर्वोच्च अदालतका विश्वनाथ उपाध्यायको अध्यक्षतामा ९ सदस्यीय संविधान सुझाव आयोग गठन गरी सो आयोगले संविधानको मस्यौदा गरी २०४७ भाद्र २५ गते मस्यौदा बुझाएकोमा आवश्यक प्रक्रिया पूरा गरी औपचारिक घोषणामार्फत राजा वीरेन्द्रले २०४७ कात्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ जारी गरेको पाइन्छ । प्रजातान्त्रिक नयाँ संविधान निर्माण गर्ने र संसदीय निर्वाचन गराउने अभिभारा बोकेको नवगठित सरकारप्रमुख घटक नेपाली काँग्रेसले पञ्चायती व्यवस्था विरुद्ध आन्दोलन गरेको सहकर्मी शक्ति वाममोर्चालाई भन्दा पुनरुत्थानवादी रा.प्र.पा.लाई मित्रशक्ति ठान्न थाल्यो । पूर्वपञ्च, शोषक, सामन्त, पुँजीपति र प्रतिक्रियावादीहरुको जत्थालाई पार्टीभित्र हुलेर शक्ति बटुल्न थाल्यो । २०४७ मंसिर २४ गते वाममोर्चाबाट माले इतरका सबै पार्टीहरु छुटेर गएपछि काँग्रेसले राजातिर काँध ढल्काउँदै कम्युनिष्ट मन्त्रीहरुको राजीनामा माग्यो” (शुभेच्छु, २०६५: १२९) । त्यस घटनाबाट बहुदलीय व्यवस्थाका राजनीतिक दलहरुबीच द्वन्द्वको प्रारम्भ भएको पाइन्छ । २०४७ कात्तिक २३ गते जारी भएको नेपाल अधिराज्यको संविधान २०४७ अन्तर्गत सार्वभौमसत्ता जनतामा निहित, प्रतिनिधिसभा र राष्ट्रिय सभा नामक दुई सदनात्मक व्यवस्थापिकाको गठन, मौलिक अधिकारको व्यवस्था, स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायप्रणालीको व्यवस्था, निर्वाचन आयोग, महान्यायाधिवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, न्यायपरिषद जस्ता स्वतन्त्र संवैधानिक आयोगको गठन तथा काम कर्त्तव्य अधिकारको व्यवस्था, शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तको व्यवस्था, बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रलगायतका व्यवस्था समावेश गरिएको थियो ।

उक्त संविधान मस्यौदाको क्रममा दरबारको चाहनाअनुसारका मानिस समावेश गरी समिति गठन गरिएको थियो । त्यसअघि राजा र राजसंस्थाले प्रयोग गर्दै आएको असीमित

अधिकारलाई केही कटौती गरी संवैधानिक सीमामा राखियो (शुभेच्छुः पूर्ववत) । यसको तर्जुमा लगत्तै नेपाल अधिराज्यको संविधान २०४७ लाई संसारकै उत्कृष्ट संविधान पनि भनियो (देवकोटा; २०६४:४२) । तर निर्माण भएको ५ वर्षमै यसले राष्ट्रियता जनतन्त्र र जनजिविकाका सवाललाई सम्बोधन गर्न नसकेको भनी २०५२ माघ २१ गते डा. बाबुराम भट्टराईले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष ४० सूत्रीय संविधान संशोधनको माग अघि सारे । १३ दिनभित्र ती माग सम्बोधन हुनुपर्ने अन्यथा सशस्त्र संघर्षमा जाने अल्टिमेटम दिएकोमा माग सम्बोधन गर्ने तत्परता नभएको भनी २०५२ फागुन १ गतेदेखि ने.क.पा. माओवादीका नाउमा सशस्त्र जनयुद्धको प्रारम्भ भएको पाइन्छ (के.सी. र ढकाल; २०६४:९१) । बस्तुतः संविधानमा राजा र राजपरिवारका विषयमा अदालतमा प्रश्न उठाउन नपाउने, राजाको सम्पत्तिमा कर नलाग्नु, सेनाको परमाधिपति राजा हुने, संविधानको कार्यान्वयन गर्न आइपर्ने बाधा अड्काउ फुकाउने अधिकार राजामा रहनु लगायतका अधिकारहरु राजामा नै निहीत भएकोले वास्तविकरुपमा लोकतान्त्रिक संविधान भन्न र अपनत्व महसुस गर्ने अवस्था थिएन । माओवादी जनयुद्ध ध्वंसात्मक विध्वंशात्मक नरसंहारकारी स्वरुपमा विकसित हुँदै संविधानको कार्यान्वयनमा समेत थप चुनौतीहरु उत्पन्न हुँदै आयो । सो अवधिमा संविधान र संवैधानिक व्यवस्था कमजोर र निरीह बन्दै आएको थियो ।

अन्तरिम सरकारद्वारा २०४८ बैशाख २९ गतेका दिन २०५ सदस्यीय प्रतिनिधिसभाको लागि आमनिर्वाचन भइ नेपाली काँग्रेसको पक्षमा ११० र ने.क.पा. एमाले ६९ सिटमा विजयी हासिल गरी बहुमत प्राप्त ठूलो दलको हैशियतले नेपाली काँग्रेसका नेता गिरिजाप्रसाद कोइराला २०४८ जेठ १२ मा प्रधानमन्त्रीमा निर्वाचित भएका थिए भने ने.क.पा. एमाले प्रमुख प्रतिपक्षी दलको भूमिका रहेको पाइन्छ (भुर्तेल, २०६७: २०१-२०२) । २०५० जेठ ३ मा ने.क.पा. एमालेका महासचिव मदनकुमार भण्डारी दासढुंगामा जीप दुर्घटनामा परी दिवंगत भएपछि उनी निर्वाचित भएको क्षेत्रमा उपनिर्वाचन हुँदा कृष्णप्रसाद भट्टराई पराजित भए । उनको हारको प्रमुख कारण नै चुनावमा समर्थन नगरेको र चुनाव हराउने भूमिका निर्वाह गरेको भनी सरकार प्रमुख गिरिजाप्रसाद कोइराला उपर पार्टी भित्रबाट आरोप लाग्यो । सो विवादले चरमरुप लिँदै आएपछि २०५१ असार २६ मा नेपाली काँग्रेसको सरकारले प्रतिनिधिसभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा मतदानको क्रममा नेपाली

काँग्रेसतर्फका ३६ सदस्य अनुपस्थित भइ सरकारी नीति कार्यक्रम विफल भयो । सो सरकार अल्पमतमा पऱ्यो अन्तत गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्री पदबाट राजीनामा दिएसँगै प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचनको सिफारिस गरे । २०५१ कार्तिक २७ का लागि मध्यावधि चुनावको मिति तोकियो र सो विषयमा सर्वोच्च अदालतमा परेको रिटमा प्रनिनिधिसभा विघटनको पक्षमा नै फैसला आयो (भुर्तेल; २०६७ : २१०, २११) ।

प्रतिनिधिसभा विघटनसँगै २०५१ मा सम्पन्न मध्यावधि निर्वाचनमा नेपाली काँग्रेसका सांसद ३६ र ७४ गरी २ समूहमा विभाजित भएका कारण ने.क.पा. एमाले ८८ सिटका लागि, नेपाली काँग्रेस ८३ र रा.प्र.पा.२० सिटमा लागि विजयी भएको परिणाम आयो । सो परिणामले काँग्रेस र रा.प्र.पा. को गठबन्धन भएमा प्रतिनिधिसभामा २ दलको कुल सिट संख्या १०३ भइ स्पष्ट बहुमत रहेको थियो । ने.क.पा. एमालेका तर्फबाट प्रतिनिधिसभामा ठूलो दल भएको हैशियतले मनमोहन अधिकारी अल्पमत सरकारको प्रधानमन्त्री भए (भुर्तेल; २०६७) । जनपक्षीय नीति कार्यक्रमसहित लोकप्रियता हासिल गरेको सो सरकारलाई संकटमा पार्न काँग्रेस रा.प्र.पा. गठनको बलमा प्रतिनिधिसभामा विश्वासको मत लिन लगाइयो । प्रधानमन्त्रीले राजीनामा दिनुबाहेक अर्को विकल्प रहेन । सो संकटपूर्ण अवस्थाबाट प्रधानमन्त्री मनमोहन अधिकारीले सरकार संचालन गरेको ९ महिनामै प्रधानमन्त्री पदबाट राजीनामा दिए र प्रतिनिधिसभा विघटनको सिफारिस गरे तर संसद विघटन भएन । सो विषयमा सर्वोच्च अदालतमा परेको रिटमा सोही विषयको पूर्व फैसला भन्दा विपरीत संसद विघटनको विपक्षमा फैसला आयो । त्यसपछि काँग्रेस रा.प्र.पा. गठबन्धनबाट नेपाली काँग्रेसका शेरबहादुर देउवा मन्त्री प्रधानमन्त्री बन्न पुगे (लुइटेल; २०६७:१२७) ।

संसदीय प्रजातन्त्रका राजनीतिक दल तथा नेताहरु सरकार बनाउने र ढाल्ने सत्तालिप्सा प्रवृत्तिमा लिप्त रहँदै आए । मनमोहन अधिकारीको ९ महिने शासनकाल पश्चात शेरबहादुर देउवा काँग्रेस रा.प्र.पा. गठबन्धनबाट तेश्रो सरकार प्रमुख बनेका थिए । त्यसरी विकसित हुँदैआएको राजनीतिक एवं सत्ताको खिचातानी र अस्थिरताले मुलुकलाई पछाडि धकेल्ने काम गऱ्यो । प्रथम पटक प्रधानमन्त्री भएका गिरिजाप्रसाद कोइरालाको पालादेखि सरकारको गठन पुनर्गठनको फोहोरी र सत्तालिप्सा प्रवृत्ति पराकाष्ठामा पुगेको पाइन्छ । सरकार गठन विघटनको अभ्यासलाई हेर्दा "गिरिजाप्रसाद कोइराला २०४८-२-१२ देखि २०५१-८-१३

सम्म, मनमोहन अधिकारी २०५१-८-१३ देखि २०५२-५-२६ सम्म, शेरबहादुर देउवा २०५२-५-२६ देखि २०५३-११-१९ सम्म, लोकेन्द्रबहादुर चन्द २०५३-११-२९ देखि २०५४-६-२० सम्म, सूर्यबहादुर थापा २०५४-६-२० देखि २०५४-१२-३० सम्म, गिरिजाप्रसाद कोइराला २०५४-१२-३० देखि २०५५-९-८ सम्म, गिरिजाप्रसाद कोइराला २०५५-९-८ देखि २०५६-२-१३ सम्म, कृष्णप्रसाद भट्टराई २०५६-२-१३ देखि २०५६-१२-७ सम्म, गिरिजाप्रसाद कोइराला २०५६-१२-७ देखि २०५८-४-७ सम्म र शेरबहादुर देउवा २०५८-४-७ देखि २०५९-६-१८ सम्म १ दशकमा ११ वटा सरकारहरु बनाउने ढाल्ने गरेको पाइन्छ (शुभेच्छु; २०६५:१३०) ।

उक्त अवधिमा आमनिर्वाचनबाट प्रजातान्त्रिक नाउँमा उपरोक्त सरकार आए तर जनताका हित अनुकूल कार्य नभई केवल सत्ताको लागि संघर्ष, कुर्सीको होडबाजी, पैसा र पदको प्रतिष्पर्धामा मात्रै शासकहरु निर्लिप्त रहे । आफ्नै सुविधा, भत्ता, तलब, पेन्सन आदि सुरासुन्दरी विदेश भ्रमण, भोज भतेर, भाषण, ठूला कलकारखाना जुन जनतासँग अति सरोकार राख्दछन्; अत्यावश्यक उत्पादनका उद्योग निजीकरण गरी कमिशन हात पार्ने दाउ, शिक्षा स्वास्थ्य जस्ता अति संवेदनशील क्षेत्रमा निजीकरण र व्यापारीकरण, राजनीतिमा अपराधीकरण, माइक तोड्ने, रेलिङ भाँच्ने, संसदमा आपत्ति नियमापत्ती, विश्वास, अविश्वास, पजेरो प्राडोजस्ता राष्ट्रघाती योजना र काम भए (पौडेल, सन् २००६:४) । तर समृद्ध समुन्नत नेपाल कुन चाँही चरीको नाम हो भन्ने नेपालको उक्ति नेपालको तत्कालीन राजनीतिक धरातलमा चरितार्थ भयो । २०५२ फागुन १ देखि प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंश पार्दै नयाँ जनवादी राज्यसत्ता स्थापनाको लागि जनयुद्धको मूलबाटोमा अघि बढौं भन्ने नाराका साथ रोल्पाको होल्लेरी, रुकुमको राडी र सिन्धुलीको सिन्धुलीगढी प्रहरी चौकीमा आक्रमण गरी हातहतियार र बन्दोबस्तको सामग्रीहरु कब्जा गरी सुरु भएको जनयुद्धले विस्तारित रुप लिदै मुलुकभरका गाउँ गाउँमा रहेका एमाले काँग्रेसका नेता कार्यकर्तामाथि भौतिक आक्रमण गरी गाउँ रित्तो बनाउने, गाउँ गाउँका सामन्तका जग्गा घर कब्जा गर्ने, तमसुक जलाउने, प्रहरी चौकी र बैंकका धनमाल र हतियार कब्जामा लिने, सरकारी भौतिक संरचनामा बम बिष्फोट गराई क्षति पुर्‍याउनेतर्फ उन्मुख हुँदै आयो (शुभेच्छु; २०६५:१४) । जनयुद्धको दमनका लागि सबैलाई मार, सबै चिज लुट" अभियान सहितको सरकारले क्रूर नरसंहारकारी किलो सेरा नामको दमनकारी प्रहरी अभियान सुरु गर्‍यो ।

जनयुद्धको क्रममा माओवादीले धनुषा, पर्सा, काभ्रे, सल्यान, भट्टेडाँडा (ललितपुर), चिराघाट (दाङ), रोल्पाको जेल्वाङ सशस्त्र प्रहरीको बेश क्याम्पलगायत प्रहरी चौकी र प्रहरी कार्यालयमा आक्रमण गरी हातहतियार कब्जामा लियो, २०५६ असोज २५ मा जिल्लाका प्रहरी कार्यालय एवं चौकीमा एकसाथ आक्रमण गरी हतियार कब्जामा लियो, असोज २७ मा रोल्पा सदरमुकाममा आक्रमण गर्दा १४ प्रहरीको ज्यान गयो, १७ कैदी जेलबाट भगाइए ६ करोड बैंकबाट लुटियो । कात्तिक १० गते लमजुङको भोर्लेटार इलाका प्रहरी चौकी र कात्तिक २० गते दोरम्बा प्रहरी चौकी (रामेछाप) मा माओवादीले आक्रमण गरी हातहतियार समेत कब्जा गरे । त्यसैगरी २०५७ चैत १९ मा रुकुमकोट सशस्त्र प्रहरी बेशक्याम्प (रुकुम), नौमुले मैनापोखरी प्रहरी कार्यालय दोलखा, २०५८ जेठ ८ मा खानी भञ्ज्याङ इलाका प्रहरी कार्यालय ओखलढुंगा पनि माओवादीले कब्जामा लिए । २०५८ असार २५ मा लमजुङ प्रहरी चौकीमा कब्जा भयो भने सोही दिन रामेछाप, तेह्रथुम, बाजुरा, रोल्पाका प्रहरी कार्यालयमा हमला भए भने असार २८ मा माओवादीले रोल्पाको होलेरी प्रहरी चौकी आक्रमण गरी सबै हातहतियार कब्जामा लिए भने ६ दर्जन प्रहरीलाई आफ्नो कब्जामा लिए (पूर्ववत) ।

मंसिर ८ गते पुतलीबजार स्याङ्जा र घोराही (दाङ) मा आक्रमण भयो । यी आक्रमण हत्या कब्जा लुटपाटका घटना माओवादीले जनयुद्ध कालमा घटाएका प्रतिनिधिमूलक घटनामात्र हुन् । यस्ता साना ठूला ५०० सय हाराहारी घटना घटे । माओवादीतर्फ पनि पटक पटकका हमलामा सुरक्षाकर्मीहरुद्वारा मानवीय क्षति भइनै रहेको थियो । तथापि माओवादी जनयुद्धलाई प्रहरीद्वारा निष्तेज गर्न सकेको अवस्था थिएन । सरकारले २०५८ मंसिर ११ मा संकटकालीन अवस्था घोषणा गरी सेना परिचालन गऱ्यो । (पोखेल; २०६०:१७) तत्कालीन सरकारले माओवादी नेताको टाउकोको रकम हिसाब तोक्ने बाहेक शान्तिपूर्ण समाधानको विकल्प दिन सकेन । त्यसपछिको हिसात्मक घटना ५०० सयको हाराहारीमा रहेको पाइन्छ भने सबैभन्दा ठूलो क्षतिको घटनाको रुपमा माओवादीले २०५८ फागुन ४ मा अछाम सदरमुकाम मंगलसेन र साँफेबगर विमानस्थल कब्जा गरी ५५ नेपाली सेना र १५० जना प्रहरीको ज्यान गएको घटनालाई लिन सकिन्छ (शुभेच्छु; २०६५:८०-८८) ।

सेनासँगको युद्धमा पनि माओवादीले त्यसपछि पनि सयौं हमला र आक्रमण गरी दिन २ गुना र रात ४ गुना आफ्नो शक्ति विस्तार गर्दै हिंसाका श्रृंखला बढाउँदै उत्कर्षमा पुऱ्यायो

भने राज्यको शान्तिसुरक्षा अमनचयनको स्थिति अत्यन्त निरीह बन्यो । साधारण नागरिकको त के सेना र प्रहरीको उच्च अधिकृत एवं हातहतियार सहितको सेना प्रहरी समूहको जीवन लीलाको कुनै टुंगो थिएन । अर्कोतर्फ २०५८ जेठ १९ मा श्री ५ वीरेन्द्रको वंशनास गरी भएको नारायणहिटी काण्ड पश्चात नेपालको राजगद्धीको राजा भएको राजा ज्ञानेन्द्र "दाजुजस्तो हेरेर नबस्ने" अभिव्यक्ति दिई निरंकुशताको आभास दिएका थिए । उनले सक्रिय र निरंकुश शासन गर्ने दाउ र षडयन्त्र हेरिरहेका थिए । अन्ततः माओवादीसँग वार्ता गर्न नसकेको, चुनाव गर्न गराउन नसकेको भनी संविधानको धारा १२७ को बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गरेको नाउमा २०५९ असोज १८ मा प्रधानमन्त्री शेरबहादुर देउवालाई असक्षम घोषित गरे र जननिर्वाचित सरकार भङ्ग गरे । राजाको सो कदमबाट नेपालमा २०४६ को जनआन्दोलनबाट प्राप्त प्रजातान्त्रिक उपलब्धि धुलीसात भयो ।

### ३.२.२ राजाको सक्रिय शासन व्यवस्था र राजनीतिक द्वन्द्व (२०५९-२०६२)

जुन देशमा शक्ति र सत्तामा लिप्त प्रवृत्तिका भ्रष्ट नेताहरुको हातमा शासन सत्ता पुग्दछ त्यहाँ सुशसन कायम रहनै सक्दैन । उत्तरदायित्व पारदर्शिता सहभागिता, विधिको शासन, वैधता, समता, दीगोपन, प्रभावकारिता र कार्यक्षमता दीर्घकालीन सोच आदि सुशासनका तत्वहरु मानिन्छ । तर नेपाली राजनीतिमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनर्स्थापित भएपछि सत्तामा पुगेका नेताहरुबाट राजनीतिमा अवलम्बन गरिनुपर्ने माथि उल्लेखित तत्वहरुलाई ओझेलमा पार्दा मुलुक कुशासनले ग्रस्त बन्न पुग्यो (रेग्मी, २०६०:६६) । तीनवटा आम निर्वाचन र दुईवटा स्थानीय निर्वाचनको माध्यमबाट प्रजातन्त्रको जग बलियो र मजबुद बन्दै आउनुपर्नेमा प्रजातन्त्रको जग कमजोर बनी निरंकुशतन्त्र हावी हुँदै राजनीति तरल र अस्थिर बन्दै आएको पाइन्छ । विशेषतः २०५१ देखि २०५६ को बीच दलीय राजनीतिक प्रदुषण र भ्रष्टाचारले मुलुक गाँजिदै आएको र सो अवधिमा माओवादी हिंसात्मक आन्दोलन र युद्ध तीव्रगतिमा बढेको, काँग्रेसका शीर्षस्थ नेता गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा र कृष्णप्रसादको अहमको लडाइले चरम उत्कर्ष रुप धारण गर्दै आउने क्रममा संसदीय दलमा अविश्वास प्रस्ताव आउने सुइको पाएका देउवाले संसद विघटनको सिफारिस गरी हुनै नसक्ने निर्वाचनको तिथि घोषणा गरी आफ्नो सत्ता लम्ब्याउने अभिष्ट तर्फ लागे (रेग्मी, २०६०:६६, ६७) । फलतः आफै इतिहासमा असक्षम

प्रधानमन्त्री घोषित भएर राजाबाट गलहत्तिन पुगेका थिए भने उनको शासन शैलीले प्रजातान्त्रिक उपलब्धिलाई धुलीसात तुल्यायो ।

शेरबहादुर देउवालाई असक्षम घोषित गरी सक्रिय बनेका राजाले दलहरुबाट सर्वदलीय सरकार गठनका लागि प्रधानमन्त्रीको नाम आह्वानको देखावटी औपचारिकता निभाए तर उनको प्रतिगमनकारी कदमबाट दलहरुले चाहेर पनि नाम दिन हिच्किचाए अन्ततः उनले आफ्नो इशारामा चल्ने लोकेन्द्रबहादुर चन्दलाई २०५९ असोज २५ मा प्रधानमन्त्रीमा नियुक्त गरे साथै सो "मन्त्रीमण्डलमा विवादास्पद व्यक्तिहरुलाई तथाकथित स्वच्छ छविको व्यक्ति भनी सहभागी गराए । यो सरकारको गठनमा मुख्यरुपमा निम्न गल्तीहरु हुन गए, प्रथमत राष्ट्रिय पार्टीहरुको तर्फबाट सहभागिता गराइएन र कार्यकारीणी अधिकार आफूमा अन्तरनिहित गरिएकोमा सो अधिकार सरकार गठन गर्दा सरकारलाई हस्तान्तरण भएको घोषणा गरिएन र दोश्रो प्रधानमन्त्रीको सिफारिस बिना नै मन्त्रीहरुको नियुक्ती गरियो" ( बराल; २०६०:३३) । राजाको सो कदमबाट राजनीतिक दलहरु झन् सशंकित बनेको पाइन्छ । कतै २०१७ साल दोहोरिन खोजेको त होइन ? के मुलुक अझ पुनः मुठभेडतर्फ मोडिएको त होइन ? आगामी निर्वाचनहरु कहिले र कसरी सम्पन्न गरिएलान ? त्यसबाट गठन हुने प्रतिनिधिमूलक सरकारको स्वरुप कस्तो होला ? माओवादी द्वन्द्वको समाधान कसरी होला भन्ने प्रश्नहरु राजनीतिक दल एवं नेताबीच खटकिए तथापि राजाले आफू २०४७ को संविधानको भावना र मर्मलाई संरक्षण गर्छु भनी बेला बेलामा दिएको आश्वासनलाई स्मरण गरेर राजनीतिक दल राजा विरुद्ध मुठभेडमा उत्रन सकेनन् ।

संविधान विपरीत राजाले कार्यकारीणी अधिकार लिएकाले "अब यी दलहरुसँग राजाको कार्यलाई वैधानिकता दिने वा लोकतान्त्रिक संवैधानिक व्यवस्थाको नै पुनर्वहाली लागि संघर्ष गर्ने यी दुई विकल्प बाहेक अरु विकल्प रहेन । विस्तारै जनतामा आधारित भएर राजनीति र शासन गर्नु नै उत्तम विकल्प हो भन्ने ठम्याईका साथ राजाको कदमलाई प्रतिगमन मानी अग्रगामी निकासका लागि संसदवादी दलहरुले संघर्षका कार्यक्रम अगाडि सारे । जसबाट राजा र संसदवादी दलबीच संकट उत्पन्न भई प्रत्यक्ष द्वन्द्व बढ्न थाल्यो (बराल; २०६०:३४) । लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्रीत्वको सरकारलाई संसदीय दल र आफ्नै दलबाट उपयुक्त सहयोग नहुनु, संसदवादी दलहरु प्रतिगमन विरुद्ध संघर्षको मोर्चाबन्दीको तयारीमा रहनु,

माओवादीसँग राष्ट्रिय सहमति जुटाइ माओवादी द्वन्द्व न्यूनीकरण गर्न असमर्थ रहनु, आफ्ना सरकारका मन्त्रीहरु संसदवादी दलहरुका नेतालाई गाली गलौज गरी राजाप्रति श्रद्धाभक्ति अर्पण गर्ने, दल माओवादी र सरकारबीच द्वन्द्व बढाउनु आफ्ना मन्त्रीहरु द्वन्द्व व्यवस्थापन गरी शान्ति सुव्यवस्था कायम राख्नुभन्दा आफ्नो पदको आयु लम्ब्याउने चाहना राख्नु, मूल्यबृद्धिको विरोधमा उत्रिएको विद्यार्थीको हत्या गर्ने, सरकार माओवादीबीच भएको दोश्रो शान्ति वार्तालगत्तै मन्त्रीहरुले विवादास्पद टिप्पणी प्रतिक्रिया मार्फत समझदारीमाथि प्रश्न उठाएको कारण माओवादी वार्ता भङ्ग गरी संघर्षमा लाग्नुजस्ता परिस्थितिबाट चन्द सरकारको औचित्य माथि प्रश्न उठन गइ राजा ज्ञानेन्द्रले २०६० जेठ १८ गते चन्द सरकारलाई पदमुक्त गरी २०६० जेठ २१ मा सूर्यबहादुर थापालाई प्रधानमन्त्रीमा नियुक्त गरे ।

सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वको सरकारको गठनसँगै युद्धरत ने.क.पा. माओवादीसँग वार्ता गर्ने प्रयोजनका लागि सरकारले वार्ता टोली गठन गऱ्यो । २०६० साउन ३२ वार्ता सुरु पनि भयो वार्ताको लागि सरकारी अवधारणा माओवादीले स्वीकारे । संविधानसभा नै वार्ताको बटम लाइन मान्दै आएको माओवादीले आफ्नो सो मागबाट पछि नहट्ने जनाएपछि तीन चरणसम्म भएको वार्ता औचित्यहीन सावित हुँदै आएकोले थापा सरकार राजाको कठपुतलीमात्र भएको बुझेपछि माओवादी अध्यक्ष प्रचण्डले नोकरसँग वार्ता हुँदैन अब वार्ता मालिकसँग हुन्छ भनी वार्ता भङ्ग भएको घोषणा गरे । सो लगत्तै थापा सरकारले वार्ता पूर्व फिर्ता लिइएको माओवादी विरुद्धको आरोपहरु पनि जिवित भएको घोषणा गरी द्वन्द्वको बढावा गरे । माओवादीले पनि भूमिगत शैलीमा मुलुकभर भीषण आक्रमण सुरु गऱ्यो" (शुभेच्छु; २०६५:७२) । थापा सरकारबाट मुलुकमा शान्ति बहाली कायम गर्न नसकेपछि राजनीतिक निकास र शान्ति बहालकि लागि २०६० फागुन २८ गते प्रतिगमन विरुद्ध संसदीय दलहरुको साझा मोर्चा गठन भयो । सो मोर्चामा आबद्ध दलहरुले विगतमा आ-आफ्ना तर्फबाट भएका कमी कमजोरहिरुको आत्मालोचना गर्दै निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्र स्थापना गर्न आन्दोलनमा उत्रन सोही दिन नेपाली जनताका नाउमा आग्रह गरे । एकातर्फ संसदीय दलको मोर्चा र अर्को तर्फ भीषण आक्रमणमा उत्रेको माओवादीको तारो बनेको राजा ज्ञानेन्द्रको इशारामा चलेको थापा सरकारबीच त्रिपक्षीय

टकराव स्थितिमा सरकारले माओवादी विरुद्ध कडा दमनको नीति अख्तियारी गर्दै २०६० चैत २८ मा आतंककारी तथा विध्वंशात्मक कार्य नियन्त्रण सजाय अध्यादेश जारी गऱ्यो ।

देशभित्र र बाहिरबाट यसको व्यापक विरोध भएकोले आलोचित बन्दै आएका प्रधानमन्त्री थापाले २०६१ बैशाख २५ मा आफ्नो पदबाट राजीनामा दिए । राजा एक्लै माओवादीलाई जंगलमै र संसदवादी दललाई सडकमै सिध्याउने योजना साथ अघि बढे । अन्ततः २०५९ असोज १८ मा असक्षमताको पगरी गुथाइएका शेरबहादुर देउवालाई सक्षम भन्दै ज्ञानेन्द्रले २०६१ जेठ २० मा पुनः प्रधानमन्त्री बनाए । देउवा फुरुङ्ग भएर राजाबाट न्याय भएको अभिव्यक्ति साथ प्रतिगमन विरुद्धको संगठित आन्दोलनबाट पछि हटेर सत्तालीन हुन पुगे भने एमाले पनि प्रतिगमन आधा सच्चिएको भनी देउवा नेतृत्वको सरकारमा सामेल हुन गयो । उता माओवादीले समानान्तर स्थानीय सरकार गठन गरेको नाउँमा सशस्त्र भिडन्त सुरु गऱ्यो । स्थिति झनै भयावह र जटिल बन्यो । सरकारले आतंककारी भन्दै माओवादी विरुद्ध सशस्त्र दमनको नीति लियो, मन्त्रीहरु भ्रष्टाचार र कमीशनको पोखरीमा डुबे । अन्ततः निर्वाचन गराउन नसकेको र स्थिति झन् जटिल बनेको र आफू समेत घेराबन्दीमा पर्न सक्ने महसुस गरी राजाले पूर्व पञ्चहरुसँग छलफल र परामर्श गरी राजाले देउवालाई पुनः २०६१ माघ १९ गते प्रधानमन्त्रीबाट पदमुक्त गरे (शुभेच्छु; २०६५) । प्रधानमन्त्री शेरबहादुर देउवालाई पदबाट अपदस्थ गरेका राजा ज्ञानेन्द्रले आफ्नो स्व. पिता महेन्द्रको निरंकुश शासनको कदमलाई अनुशरण गरी मन्त्रीपरिषदको अध्यक्षसमेत आफैलाई घोषित गरी आफ्नो मन्त्रीमण्डलमा आफू निकटस्थ व्यक्तिलाई समावेश गरी स्वेच्छाचारी शासन गर्न थाले । राजाको पछिल्लो कदमपश्चात राज्यमा त्रिपक्षीय (दल, राजा र माओवादी) द्वन्द्व र टकरावको स्थिति उत्कर्षमा पुगेको पाइन्छ ।

यस समयमा राजाका लागि दुईवटा  मात्र विकल्प थिए, पहिलो माओवादी विरुद्ध दमन गरी सखाप गर्नु र दोश्रो माओवादीसँग आत्मसमर्पण गर्नु । तर राजा माओवादीसँग समर्पण गर्ने पक्षमा विल्कुल थिएनन् । त्यसैगरी सत्तामा रहँदा सत्ता भत्ता स्वार्थ र कुशासनका भक्त मानिएका दलहरुका लागि या राजासँग पुनः स्तुतिगान र चाकडी गरी माओवादी विरुद्ध मोर्चाबन्दी गर्नु या वार्ता संवादका माध्यमबाट हिंस्रक माओवादीसँग लचिलो भएर दरबार विरुद्ध आन्दोलन गर्नु । तर दलहरुका लागि माओवादीसँग राष्ट्रियता र जनतन्त्रका सवालमा

समन्वय सहकार्य गरी राजा विरुद्ध आन्दोलन गर्नुको अर्को उत्तम विकल्प थिएन । सो परिस्थितिलाई दलहरुले समेत गम्भीररुपमा विश्लेषण गरी संविधानसभामार्फत गणतन्त्र स्थापना गर्ने माओवादी अडानमा समर्थन गर्न २०६२ "बैशाख २५ देखि पटक पटक द्विपक्षीय एवं बहुपक्षीय वार्ता र संवादमा जुट्दै आए । अन्ततः ७ दल र माओवादीबीच २०६२ मार्ग ७ मा भारतको नयाँ दिल्लीमा राजतन्त्र विरोधी सम्पूर्ण शक्तिहरु निरंकुश राजतन्त्र विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरंकुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्नेसहितको १२ बुँदे समझदारी भयो ।

सो १२ बुँदे समझदारीको आडमा २०६२ चैत २४ गतेदेखि ४ दिने आमहड्तालको रुपमा संचालन गरिएको विरोधले निरन्तर १९ दिनसम्म निरन्तरता पायो । विशाल जनआन्दोलनबाट व्यक्त राजतन्त्र विरोधी आवाजलाई राजाले थेग्न सकेनन् र २०६३ बैशाख ११ गते राजा ज्ञानेन्द्रले २०५९ जेठ ८ मा आफूले विघटन गरेको संसद (प्रतिनिधिसभा) पुनर्स्थापना भएको घोषणा गरे । सो घोषणासँगै पुनर्जिवीत संसदको २०६३ जेठ ४ को घोषणाबाट लोकतन्त्रको स्थापना भई १० वर्षे राजनीतिक द्वन्द्व खिचातानी व्यवस्थित भएको पाइन्छ ।

### ३.२.३ दोश्रो जनआन्दोलनपछिको राजनीतिक अवस्था

वि.सं. २०६३ बैशाख ११ को राजा ज्ञानेन्द्रको घोषणाले २०५९ जेठ ८ मा राजा स्वयंले विघटन गरेको प्रतिनिधि सभा जिवित भयो भने शासन व्यवस्था समेत प्रतिनिधिसभाको निर्णय बमोजिम सञ्चालन हुने प्रत्याभूति गर्‍यो । २०६३ जेठ ४ मा पुनर्स्थापित सार्वभौम संसदले राजाको सुरक्षा, खर्च, राजगद्दी उत्तराधिकारसम्बन्धी कानुनको व्यवस्थापन प्रतिनिधिसभाको निर्णय बमोजिम हुने, राजाको शासकीय तथा राजकीय हैसियत प्रतिनिधिसभामा निहित राख्ने निर्णय गर्दै राजतन्त्र र दरबारलाई निष्क्रिय अवस्थामा सीमित राख्न सफल भयो । त्यसपछि २०६३ जेठ १२ मा नेपाल सरकार र ने.क.पा. माओवादीबीच २५ बुँदे युद्धविराम आचारसंहिता, २०६३ असार २ गते सात दल र ने.क.पा. माओवादीबीच ८ बुँदे सहमति पत्र, २०६३ कार्तिक २२ मा ११ बुँदे सहमति पत्र २०६३ मंसिर ५ मा नेपाल सरकार र माओवादीबीच विस्तृत शान्तिसम्झौतामा हस्ताक्षर भयो । यी प्रयास एवं वार्ताको

उद्देश्य राज्यको अग्रगामी पुनर्संरचनासहित संघीय समृद्ध नेपालको निर्माण र युद्धरत ने.क.पा. माओवादीलाई शान्ति प्रक्रियाको माध्यमबाट राजनीतिको मूलधारमा प्रवेश गराउँदै संविधानसभामार्फत लोकतान्त्रिक संविधान निर्माण गर्नु थियो ।

त्यसपछि ने.क.पा. माओवादीसहित अन्तरिम संसदको गठन गर्दै २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी भयो भने ने.क.पा. माओवादी सम्मिलित सर्वदलीय सरकार गठन गरेपछि मात्र ने.क.पा. माओवादी शान्तिपूर्ण राजनीतिक मूलधारमा प्रवेश गरेको हो । संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र नेपालको संविधान निर्माण गर्ने प्रयोजनका लागि मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरी २०६४ चैत २८ गते प्रत्यक्षतर्फ २४० सिट र समानुपातिकतर्फ ३३५ सभा सदस्य निर्वाचित एवं मनोनीत भए । संविधानसभाको प्रथम बैठक २०६५ जेठ १५ मा सम्पन्न भयो । सो प्रथम बैठकले नेपालमा २४० वर्ष अघिदेखि शासन व्यवस्थाको केन्द्रमा रहेको शाहवंशीय राजतन्त्रको अन्त्य गरी राजालाई नागरिक दर्जामा राखेको भनिदै आए पनि एक विशिष्ट नागरिकको हैशियतमा राखी नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र घोषित गऱ्यो । संविधानसभाले २ वर्षभित्र संविधान निर्माण गरिसक्नु पर्ने गरी यसको कार्यकाल २०६७ जेठ १४ सम्म रहने संवैधानिक व्यवस्था अनुरुप यसले आफ्नो निर्धारित समयसीमा भित्र संविधान तर्जुमा गर्न सकेन । यसको पछाडि दलीय स्वार्थ, द्वन्द्व, दलहरुको अदूरदर्शिता रहेको पुष्टि हुन्छ । पटक पटक गरी २ वर्षबाट यसको अवधि २ वर्ष थप गरी ४ वर्षको बनाउँदासमेत पछिल्ला दिनहरुमा राज्यको पुनर्संरचना र शासकीय स्वरुपको विषय जटिल र पेचिलो बन्दै आएको र दलहरुको आ-आफ्नै अडानका कारण पहिलो पटकको संविधानसभा आफ्नो कार्यभार पूरा नगर्दै विघटन भयो ।

संविधानसभा विघटनसँगै उत्पन्न संवैधानिक एवं राजनीतिक गतिरोध र चुलिएको दलीय अविश्वासका बाबजुद प्राप्त लोकतान्त्रिक उपलब्धिको संरक्षण र सँक्रमणकालको अन्त्यका लागि एक अर्काको नेतृत्व नस्वीकार्ने मनस्थितिका दलले प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्व सरकार गठन गरी सो सरकारबाट पुनः संविधानसभा निर्वाचन गराउने सहमति गरी २०७० मंसिर ४ गते दोश्रो पटक संविधानसभा निर्वाचन सम्पन्न भएको छ । २०६८ को जनगणनाबाट नेपालको जनसंख्या २ करोड ६४ लाख रहेकोमा जम्मा १ करोड २१ लाख

मात्र मतदाताको तथ्याङ्कबीच २०७० मंसिर ४ गते करिब ७८% ले मतदान गरी निकै चुनौती र अवरोधबीच समानुपातिकतर्फ ३३५ र प्रत्यक्षतर्फ २४० सिटमा संविधानसभा निर्वाचन सम्पन्न भएको छ । दलहरुले संविधानसभाको प्रथम बैठक बसेको मितिले १ वर्षभित्र संविधान निर्माण गर्ने भनी जनता समक्ष कबुल गरेका छन् । निर्वाचन परिणामले अघिल्लो निर्वाचनमा ठूलो दल ठहरिएको तत्कालीन ने.क.पा. माओवादी हालको ए.ने.क.पा. माओवादी तेश्रो, २०६४ को निर्वाचनमा दोश्रो ठूलो दल भएको ने.का. पहिलो र तेश्रो ठूलो दल भएको पार्टी एमाले दोश्रो ठूलो दल भएको छ भने ने.क.पा. माओवादी वैद्य समूहलगायतका ३३ राजनीतिक दलहरुले सरकार गठन, ४ दलीय सहमति र राष्ट्रपतिबाट निर्वाचन गराउने सम्बन्धमा भएको संविधानको बाधा अड्काउ फुकाउ आदेश र निर्वाचन प्रक्रियासँग असहमत हुँदै निर्वाचन बहिष्कार गरेको छ भने पूर्वपञ्च र दरबारनिकट रा.प्र.पा. नेपाल चौथो ठूलो शक्ति भएको चुनौतीपूर्ण अवस्थामा पनि राज्यको पुनर्संरचना र शासकीय स्वरुपजस्ता विषयमा सहजै सहमति होला र संविधान निर्माणको कार्य समयमै होला कि भन्ने अपेक्षा गरिएको छ ।

### ३.२.४ संविधानसभा निर्वाचनपूर्वका अन्य निर्वाचनहरु

लोकतन्त्रको मेरुदण्ड भनेको नै नियमित निर्वाचनबाट जनइच्छा बमोजिमको जनउत्तरदायी सरकारको निर्माण गरी जनताद्वारा शासन गर्ने प्रणाली हो । सन् १७७६ को अमेरिकी स्वतन्त्रता संग्रामपूर्व बेलायती साम्राज्यविरुद्ध तत्कालीन १२ राष्ट्रबाट No Taxation Without Representation भन्ने नारासहितको आन्दोलन भएको थियो (रेग्मी, २०५६) । सो बखतदेखि नै जनताले निर्वाचनमार्फत आफ्ना प्रतिनधि चयन गर्ने र आफ्नो प्रतिनिधिमार्फत राज्यको नीति तर्जुमा र शासन कार्यमा सहभागी हुने प्रक्रियाको विकास हुँदै आएको हो । नेपालमा राणा शासनको अन्त्य र प्रजातन्त्रको बहालीपश्चातका निर्वाचनका अभ्यासलाई हेर्दा सर्वप्रथम वि.सं २००८ मा नगरपालिका निर्वाचन सम्पन्न भएको थियो । सो निर्वाचनमा बहुमतीय प्रणालीअन्तर्गतको पहिलो हुनेले जित्ने निर्वाचन निर्वाचन प्रणाली अवलम्बन गरिएको थियो । संविधानसभाको निर्वाचन गर्ने प्रसंग २००७ सालदेखि उठान हुँदैआएको भए पनि संविधानसभाको निर्वाचन की संसदीय निर्वाचन भन्ने अन्यौलताका बीच राजा महेन्द्रले नेपाल अधिराज्यको संविधान २०१५ जारी गर्दै सो संविधानको आधारमा २०१५ फागुन ७ देखि जेठको पहिलो हप्तासम्म १०९ निर्वाचन क्षेत्रमा आमनिर्वाचन सम्पन्न

गराए । बहुमतीय प्रणालीअन्तर्गत पहिलो हुनेले जित्ने निर्वाचन प्रणाली अवलम्बन गरी भएको सो निर्वाचनमा कुल १०९ सिटमध्ये नेपाली काँग्रेसले ७४ स्थानसहित पहिलो, गोर्खा परिषदले १९ सहित दोश्रो, संयुक्त प्रजातन्त्र पार्टीले ५ सिटसहित तेश्रो, नेपाल कम्युनिष्ट पार्टीले ४ सिटसहित चौथो ठूलो दल घोषित भएका थिए । त्यसैगरी प्रजापरिषद (आचार्य) ले २ सिट, प्रजापरिषद (मिश्र) ले १ सिट, स्वतन्त्र उम्मेदवार २६८ मध्ये ४ जनाले निर्वाचित भएका थिए (रेग्मी; सन् १९९९) ।

वि. सं. २०१७ पश्चातको निर्दलीय पंचायती व्यवस्थामा केन्द्रका लागि राष्ट्रिय पंचायत र स्थानीयस्तरमा गाउँ पञ्चायत नगर पञ्चायत र जिल्ला पञ्चायतको निर्वाचन भए । दलहरु निर्वाचनका लागि प्रतिबन्धित अवस्थामा रहेका ती निर्वाचनमा समेत पहिलो हुनेले जित्ने निर्वाचन प्रणाली अवलम्बन गरिएको पाइन्छ । २०३७ बैशाख २० मा जनमत संग्रह सम्पन्न भयो । सुधारिएको पञ्चायती व्यवस्था वा बहुदलीय व्यवस्थाको पक्ष विपक्षमा भएको सो निर्वाचनमा कुल ४४ लाख ४१ हजार ४ सय १७ मतदाता मध्ये २४ लाख ३३ हजार ४ सय ५२ (५५%) मत पञ्चायती व्यवस्थाको पक्षमा र २० लाख ७ हजार ९ सय ६५ (४५%) मत बहुदलीय व्यवस्थाको पक्षमा परेको थियो । (भुर्तेल, २०६७)

२०४६ को जनआन्दोलनबाट निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थासहितको प्रजातन्त्र पुनर्स्थापना भएपछि वालिग मताधिकारको आधारमा २०४८, २०५१ र २०५६ मा संसदीय निर्वाचन सम्पन्न भए भने २०४९ र २०५६ मा गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिका लागि स्थनीय निर्वाचन सम्पन्न भएको पाइन्छ । निर्वाचन आयोग ऐन २०४७ वमोजिम नेपाललाई २०५ निर्वाचन क्षेत्रमा विभाजन गरी बहुमतीय प्रणालीअन्तर्गत पहिलो हुनेले जित्ने निर्वाचन प्रणालीअन्तर्गत २०५ सदस्यीय प्रतिनिधि सभा र राजाबाट मनोनीत र एकल संक्रमणीय मतका आधारमा निर्वाचित हुने ६० सदस्यीय राष्ट्रिय सभासहित दुई सदनात्मक व्यवस्थापिका रहने कुरा नेपाल अधिराज्यको संविधान २०४७ ले संवैधानिक व्यवस्था गरेको थियो (नेपाल अधिराज्यको संविधान २०४७) । संविधानअन्तर्गत २०४७ बैशाख २६ मा भएको पहिलो आम निर्वाचनमा १ करोड ११ लाख ९१ हजार ७ सय ७७ मतदाता रहेकोमा ६५.१५% मतदान गरी निर्वाचनमा सहभागी भएका थिए । सो निर्वाचनमा २० राजनीतिक दल र २१९ स्वतन्त्र उम्मेदवारका तर्फबाट

उम्मेदवारी परेकोमा नेपाली काँग्रेसले २०५ सिटमध्ये ११० सिट सहित पहिलो दल र ने.क.पा. एमालेले ६९ सिटसहित दोश्रो ठूलो दल घोषित भएको पाइन्छ ।

त्यसैगरी २०५१ साल कात्तिक २७ गते २०५ सदस्यीय प्रतिनिधि सभाका लागि भएको मध्यावधि निर्वाचनमा वालिग मताधिकारको आधारमा पहिलो हुनेले जित्ने निर्वाचन प्रणालीको निर्वाचनमा १ करोड २२ लाख ९६ हजार २ सय कूल मतदाता रहेकोमा ६२% मतदाताले मताधिकार प्रयोग गरेको र २३ राजनीतिक दल र ३८५ स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दिएकोमा ने.क.पा. एमाले ८८ सिटसहित पहिलो, नेपाली काँग्रेस ८३ सिट सहित दोश्रो र रा.प्र.पा. २० सिट सहित तेश्रो ठूलो दल घोषित भएका थिए भने २०५६ को आमनिर्वाचनमा ३९ राजनीतिक दल र ६३३ स्वतन्त्र उम्मेदवारका तर्फबाट उम्मेदवारी दर्ता गराएकोमा नेपाली काँग्रेसले १११ सिटसहित पहिलो र ७१ सिटसहित ने.क.पा. एमाले दोश्रो ठूलो दल घोषित भएको पाइन्छ (रेग्मी; सन् १९९९) । राष्ट्रिय सभाका ६० जनामध्ये १५ जना प्रत्येक विकास क्षेत्रबाट ३ जनाका दरले स्थानीय निकायबाट निर्वाचित जनप्रतिनिधि मार्फत समानुपातिक प्रणालीअन्तर्गतका एकल संक्रमणीय मत प्रणालीबाट निर्वाचित हुने गरेको पाइन्छ । २०५६ पश्चात स्थानीय निकायको निर्वाचन हुन नसकेको र स्थानीय निकाय जनप्रतिनिधिविहीन भई कर्मचारीका भरमा प्रशासन संचालन हुँदा जनउत्तरदायित्वको अभाव, भ्रष्टाचार, अनियमितता बढेको सर्वत्र गुनासो रहेको पाइन्छ ( बराल; २०६९) ।

## ३.२.५ संविधानसभा निर्वाचन

जननिर्वाचित प्रतिनिधिहरुबाट संविधान निर्माण गर्ने प्रयोजनका लागि वि.सं. २००७ देखि उठान भएको संविधानसभा निर्वाचन नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना र धारा ६३ को संवैधानिक संकल्पको आधारमा २०६४ चैत २८ गते प्रथम पटक सम्पन्न भएको थियो । उक्त निर्वाचनमा नेपाललाई २४० निर्वाचन क्षेत्रमा विभाजन गरी प्रत्येक निर्वाचन क्षेत्रबाट बहुमतीय प्रणालीअन्तर्गतको पहिलो हुनेले जित्ने निर्वाचन प्रणालीअन्तर्गत २४० जना र सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी दलीय प्रतिष्पर्धाको आधारमा दलले प्राप्त गरेको मतको अनुपातमा सबै वर्ग, लिङ्ग, क्षेत्र, समुदायको आधारमा प्रतिनिधित्व हुने गरी निर्वाचित ३३५ सदस्य समेत ५७५ सदस्यीय संविधानसभाको निर्वाचन सम्पन्न

भएको थियो । उक्त निर्वाचनमा ५४ दल र स्वतन्त्र गरी ३ हजार ९ सय ४६ जना प्रत्यक्षतर्फ र ५४ दलका तर्फबाट ५ हजार ७ सय १ जना समानुपातिकतर्फ उम्मेदवारी दर्ता भएको पाइन्छ । निर्वाचन परिणामले प्रत्यक्षतर्फ ९ वटा दल र २ स्वतन्त्र उम्मेदवार निर्वाचित भएको देखाउँछ । सो सभाले आफ्नो निर्धारित कार्यकालको अतिरिक्त थप गरिएको २ वर्ष गरी ४ वर्षमा समेत संविधान निर्माण गर्न नसकेकोले २०६९ जेठ १४ मा यसको विघटन भएको थियो । तत्पश्चात सोही प्रणाली (मिश्रित प्रणाली) को आधारमा सोही संख्याको लागि २०७० मंसिर ४ गते दोश्रो पटक संविधानसभा निर्वाचनसम्पन्न भएको छ ।

२०६४ को निर्वाचनमा कुल ५४ दलले भाग लिएकोमा प्रत्यक्षतर्फ ९ दल, २ स्वतन्त्र र समानुपातिकतर्फ २५ दलको प्रतिनिधित्व भएको थियो भने २०७० को निर्वाचनमा १२१ दलले भाग लिएकोमा प्रत्यक्षतर्फ १० दल, २ स्वतन्त्र उम्मेदवार निर्वाचित भएका थिए भने समानुपातिकतर्फबाट ३० दलको प्रतिनिधित्व भएको थियो (निर्वाचन आयोग : २०७०) । २०६४ सालको निर्वाचनमा ने.क.पा. माओवादी दुबै प्रणालीबाट २२० सिटसहित पहिलो, नेपाली काँग्रेस दुबै प्रणालीबाट ११० सिटसहित दोश्रो, ने.क.पा. एमालेले दुबै प्रणालीबाट १०३ सिटसहित तेश्रो र मधेशी जनअधिकार फोरम नेपाल ५२ सिटसहित चौथो दल घोषित भएको थियो भने २०७० को निर्वाचनमा दुबै प्रणालीबाट नेपाली काँग्रेसले १९६ सिटसहित पहिलो, ने.क.पा. एमालेले १७५ सिटसहित दोश्रो, ए.ने.क.पा. माओवादी ८० सिटसहित तेश्रो र रा.प्र.पा. नेपाल २४ सिटसहित चौथो दल घोषित भएको पाइन्छ (निर्वाचन आयोग) ।

# *परिच्छेद - चार*

# नेपालमा संविधानसभाको राजनीति र यस्को निर्वाचन

## ४.१ नेपालमा संविधानसभा निर्वाचनको ऐतिहासिक पृष्ठभूमि

संविधानसभा राज्यको मूल कानुनको रुपमा रहने संविधानको निर्माण गर्ने विभिन्न पद्दति, विधि र माध्यम मध्येको एक उत्कृष्ट र लोकतान्त्रिक विधि र माध्यम हो । देशको मूल कानुनको रुपमा रहने संविधानको निर्माण गर्न जनताद्वारा प्रत्यक्ष निर्वाचनको माध्यमद्वारा बनेको विधायिकी निकायलाई संविधानसभा भनिन्छ । संविधानसभाको गठनमा राज्यका सबै जातजाति लिङ्ग क्षेत्र र पिछडिएका वर्ग समुदायको सहभागिता हुने हुँदा यसबाट निर्माण हुने संविधानमा बहुसंख्यक जनताको इच्छा आकांक्षा हित र आवश्यकता सम्बोधन हुने हुँदा सो संविधानमा जनताको आत्माको बास हुन्छ, त्यस्तो संविधानमा जनताको स्वामित्व र अपनत्व हुन्छ र त्यस्तो संविधानबाट जनतालाई सर्वोच्च शक्ति प्राप्त हुन्छ । संविधानसभाबाट संविधान निर्माण गर्ने आवश्यकता त्यतिबेला टड्कारो सो बखत हुन्छ, जुन बेला राज्यमा विद्रोह क्रान्ति वा आन्दोलनद्वारा पुरानो शासन व्यवस्था र सत्ता समाप्त भई नयाँ राज्य सत्ता स्थापना भई नयाँ सत्ता संचालनको आवश्यकता बोध हुन्छ वा राज्यको कुनै क्षेत्र टुक्रिएर स्वतन्त्र राज्यको प्रादुर्भाव हुन्छ वा राज्यमा विद्यमान रहेको दासत्व र उपनिवेशबाट राज्य स्वतन्त्र हुन्छ ।

नेपालको सन्दर्भमा पहिलो पटक राणा विरुद्ध वि.सं. १९९७ मा भएको क्रान्तिमा अगुवाइ गर्नेमध्ये "४ जना (दशरथ चन्द, गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्री र धर्मभक्त माथेमालाई फाँसी, १३ जनालाई जन्मकैद, ५ जनालाई १८ वर्ष कैद, ६ जनालाई १२ वर्ष कैद, २ जनालाई १० वर्ष कैद, ४ जनालाई ६ वर्ष कैद, १ जनालाई ५ वर्ष कैद, ४ जनालाई ३ वर्ष कैद र अन्य सबैलाई अंश सर्वस्त भएको थियो" (लुइँटेल; २०६७:९२) । यस्तो सजाय दिइएको अत्याचारी फैसला पश्चात दन्किएको राणा शासनविरुको क्रान्तिको ज्वाला निभाउन एवं क्रान्तिलाई मत्थर बनाउन नेपालको इतिहासमा ६६ वर्षअघि "विक्रम सम्बत २००४ सालमा तत्कालीन राणा प्रधानमन्त्री पद्म शमशेरले एक घोषणा जारी गर्दै वैधानिक सभाको निर्वाचन गर्ने र त्यसमार्फत भावी विधान तयार गर्ने योजना सार्वजनिक गरेका

थिए । पारिवारिक राणा शासन अन्त्यका लागि नेपाली काँग्रेसले २००७ असोज १० र ११ गते सम्पन्न गरेको वैरागनिया सम्मेलनमा “वालिग मताधिकारको आधारमा निर्वाचित प्रतिनिधिहरुको एउटा सभा गठन गरी सोही सभालाई नेपाल राज्यको संविधान बनाउने अधिकार प्रदान गर्ने” घोषणा जारी गर्दै सशस्त्र क्रान्ति गर्ने निर्णय गरेको थियो (के.सी. र ढकाल; २०६४:२) ।

राणा शासन विरुद्धको क्रान्ति तीव्र उचाइमा आइरहेका बखत क्रान्तिलाई मत्थर गराउन श्री ३ मोहन शमशेरले २००७ पौष २४ गते एक घोषणा गरी सो घोषणाको बुँदा नं. १ “देशभरिका सम्पूर्ण वालिगहरुले आम चुनाउद्वारा खडा गरेको एक वैधानिक सभा सकभर शीघ्रता साथ खडा गर्ने । यो उद्देश्य हासिल गर्नका लागि देशका सम्पूर्ण जनसंख्या बासिन्दाहरुको जनगणना लिनका निम्ति काम सुरु भइसकेको छ । वैधानिक सभाको चुनावको निमित्त भोटदाताहरुले फिरिश्त तयार गर्ने काम सकभर चाँडो गरिनेछ । यद्यपि यो काम नयाँ र कठिन छ तापनि हाम्रो अध्ययनतरको आशा छ कि वैधानिक सभाले आफ्नो बैठक २००९ सालभित्रै गर्नेछ । यसको मुख्य काम देशको भावी संविधान तयार गर्ने हो ।” ( आचार्य; २०६३:१०७) राणा प्रधानमन्त्री श्री ३ पद्मशमशेरले २००९ साल भित्र विधान सभा निर्माण गरी प्रथम बैठक बस्ने प्रतिबद्धता व्यक्त गरेपछि संविधानसभाको बहसले थप निरन्तरता पाएको थियो । राणा प्रधानमन्त्री पद्मशमशेरको सो घोषणाबाट आन्दोलनको स्वरुप र गतिमा कुनै कमी आएन । आन्दोलन थप सशक्त हुँदै गयो । अन्ततः वि.सं. २००७ पौष ७ गते राजा त्रिभुवनबाट राणा शासन अन्त्य भइ प्रजातन्त्र स्थापना भएको घोषणा गरे । सो घोषणामार्फत “हाम्रो प्रजाको शासन अब उप्रान्त निजहरुले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले.......।” भन्ने घोषणा सार्वजनिक गर्दै संविधानसभाको आवश्यकतालाई स्वीकारिएको पाइन्छ (आचार्य; २०६३:११२) । राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापनाको घोषणासँगै स्वीकार गरिएको संविधानसभा गठन र संविधानसभाबाट संविधान निर्माण नभएसम्मको अन्तरिम कालको लागि राज्यको शासन व्यवस्था संचालनका लागि वि.सं. २००७ साल फागुन ७ गते अन्तरिम शासन विधान २००७ जारी भएको पाइन्छ । तत्काल राणाहरुको संविधानसभाप्रतिको प्रतिबद्धता र घोषणा केवल आफ्नो शासन व्यवस्था विरुद्ध भइरहेको जनक्रान्तिलाई निष्तेज बनाउने र जनताको आँखामा छारो

हाल्ने कुत्सित मनसायबाट आएको, राजा त्रिभुवनले संविधानसभाको निर्वाचन भएमा गराएमा आफ्नो राजकीय एवं शासकीय हैसियत र अधिकार गुम्न सक्ने सोचले संविधानसभालाई आलटाल गर्ने र शिशु अवस्थाका राजनीतिक दलका नेताहरु आपसमा टकराव र द्वन्द्वमा मात्र रुमल्लिने तर राजा र राणाको उपरोक्त चलाखी र कुटनीतिलाई बुझ्ने क्षमता दलका नेतृत्वमा नभएकोले संविधानसभा निर्वाचन गर्ने विषय ओझेलमा परी विधान सभा वा संसदीय चुनाव के गर्ने अन्यौलता बढ्दै आयो ।

२०१३ जेठ २६ गते प्रधानमन्त्री टंकप्रसाद आचार्यले नेपालमा आगामी हुने निर्वाचन संविधानसभा वा संसदकै लागि हुने हो निर्णय भएको छैन भनेका थिए । त्यसपछि वीपी कोइरालाले उक्त वाक्यांश जनप्रतिनिधित्व ऐन २००८ विरुद्ध भएको भन्दै सर्वोच्च अदालतमा दिएको मुद्दामा अदालतले राजनीतिक प्रश्न भनी ठोस निर्णय दिनबाट पछि हट्यो । त्यस्तै ने.रा.का.को २०१३ असार ६ गतेको कार्यसमितिले आगामी चुनाव विधान सभाका लागि नभइ अरु कुरामा जालसाजी गर्ने हो भने ने.रा.का.ले कडा विरोध गर्नेछ । प्रजातन्त्रमा राजा राख्ने नराख्ने अथवा अन्य व्यवस्था खडा गर्ने विषयमा जनतालाई पूरा जिम्मेवारी प्राप्त हुन्छ भनी प्रस्ताव पारित गर्‍यो । उता डिल्लीरमण रेग्मी, गणेशमानसिंह र ने.क.पा.का पुष्पलाल श्रेष्ठले आउदो चुनाव विधान सभाको लागि हुनुपर्छ भनी संयुक्त वक्तव्य जारी गरे । त्यस्तैमा २०१४।२।१७ मा वीपी कोइरालाले देशको विधान परिषदको चुनाव गर्ने अधिकार व्यक्ति विशेषका कृपाले पाएको होइन, २००७ सालको क्रान्तिले जनतालाई प्राप्त भएको छ । संसदको चुनावले देश सप्रन सक्दैन भने । उता २०१४ माघ १९ मा राजा महेन्द्रले घोषणामार्फत संविधानसभाको चुनावलाई लत्याएर आमचुनाव र संविधान सुझाव आयोगको कुरा अघि सारे (दाहाल, सन् २००६: २६-२७) । त्यसपछि २०१५ फागुन ७ मा १०९ सदस्यीय आम निर्वाचन भयो । सो निर्वाचनमा ने.का.ले अत्याधिक बहुमत (१०९ सिटमध्ये ७४) स्थानमा विजय हासिल गरी बहुमतको सरकार बनायो तर राजाले २०१७ पौष १ गते जननिर्वाचित सरकारलाई अपदस्थ गरी २०१७ पौष २२ गते पञ्चायती व्यवस्था लागू गरे । पञ्चायती व्यवस्था अनुकूलको नेपालको संविधान बनाउन ऋषिकेश शाहको अध्यक्षतामा आयोग गठन गरी सो संविधान सुझाव आयोगको सिफारिसमा २०१९ पुस १ गते नेपालको संविधान २०१९ जारी गरे । यसरी आएको

निर्दलीय पञ्चायती व्यवस्था ३० वर्ष सम्म निरन्तर चलिरह्यो । सो अवधिमा संविधानसभाको विषय पूरै ओझेलमा पऱ्यो (रेग्मी; २०५६) ।

वि.सं. २०४६ को जनआन्दोलनपछि संविधानसभाबाट संविधान निर्माण गर्ने सामान्य चर्चासम्म उठ्यो तर यसको विषयमा कुनै दलमा पनि गम्भीर छलफल नै भएन । २०५२ साल माघ २० गते संयुक्त जनमोर्चाका तर्फबाट डा. बाबुराम भट्टराईले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष प्रस्तुत गरेको १३ दिने अल्टिमेटम सहितको राष्ट्रियता जनतन्त्र र जनजीविकाका विषयको ४० सूत्रीय संविधान संशोधन मागमध्ये १० औं नम्बरको बुँदामा "जनगणतन्त्रात्मक व्यवस्था स्थापनाका निम्ति चुनिएका जनताका प्रतिनिधिहरुद्वारा नयाँ संविधान निर्माण गरिनुपर्दछ" भनी राखिएको मागसमेतलाई तत्कालीन सरकार र संसदीय दलहरुले बेवास्ता गरेपछि २०५२ फागुन १ देखि ने.क.पा. माओवादीका नाउमा राज्यभर सशस्त्र जनयुद्ध सुरु भइ जनयुद्ध हिसा तोडफोड विस्फोट र नरसंहार उत्कर्षमा पुगेको थियो । सो हिंसामा सरकार पक्ष पनि कम भएन ।

वि.सं. २०५८ साउन ८ गते सरकार र सशस्त्र द्वन्द्वरत पार्टी माओवादीबीच वार्ताका लागि युद्धविराम भइ २०५८ भदौ १४ गते शेरबहादुर देउवा सरकार र ने.क.पा. माओवादीबीच बसेको पहिलो पटकको शान्ति वार्तामा माओवादीतर्फबाट प्रस्तुत २३ बुँदे विषयमध्ये २१ बुँदे मुख्य राजनीतिक विषयको पहिलो बुँदामा संविधानसभाको निर्वाचनलाई प्रमुख मागको रुपमा प्रस्तुत गऱ्यो । सोही कारण वार्ता विफल भयो तापनि ठोस रुपमा संविधानसभाको विषयमा घनिभूत बहस भएको २०१५ पछिको यो नै पहिलो चरण मानिन्छ । त्यसपछि पनि माओवादीले जुनसुकै वार्ता होस वा युद्धविराम संविधानसभाको मागलाई प्रमुख विषयको रुपमा निरन्तर उठाइरह्यो । चर्कंदै गएको माओवादी र सरकारबीचको द्वन्द्व, २०५९ असोज १८ र २०६१ माघ १९ मा राजाबाट संविधानको धारा १२७ को प्रयोग गरी भएको जनघाती कदमले त अन्य दल र माओवादीलाई नजिक आउनुपर्ने अवस्था सिर्जना गरायो । ( "त्यसैक्रममा ने.क.पा. एमालेको जनकपुर महाधिवेशनले संविधानसभाको बहसलाई खुला राख्ने निर्णय गऱ्यो भने सो लगत्तै राजाको कदमको कटु आलोचना र भर्त्सना गरेको नेपाली काँग्रेसको २०५९ कात्तिक ५ को केन्द्रीय कार्यसमितिले पहिलो पल्ट संवैधानिक राजतन्त्रको भूमिका बारे पुनर्मूल्यांकन हुनुपर्ने र संविधानसभाको विकल्प तर्फ जानुपर्ने प्रस्ताव उपर

छलफल गऱ्यो । अन्ततः २०६१ साउन २२ गतेको नेपाली काँग्रेसको बैठकले पनि जनयुद्ध र द्वन्द्वको समाधानको लागि संविधानसभामा समेत जान सकिने विकल्प सहितको प्रस्ताव पारित गऱ्यो र अन्य दलहरुले यसको समर्थन गर्दै ७ दल र माओवादीबीच विभिन्न समयमा सविधानसभालाई तत्कालको द्वन्द्व समाधानको प्रमुख विषयको रुपमा वार्ता र संवाद जारी राखे (दाहाल; सन् २००६) ।

त्यसरी विकसित हुँदै आएको राजनैतिक परिस्थितिलाई निर्णायक विन्दुमा अवतरण गराउन "शान्ति स्थापनाका लागि संविधानसभासम्म पुग्न विभिन्न राजनीतिक दलका कार्यकर्ता, स्वतन्त्र पेशागत समूह, नागरिक समाजबाट राजनीतिक दलका नेतृत्वलाई दबाब बढ्न थाल्यो (के.सी. र ढकाल; २०६४:३) २०५९ असोज १८ र २०६१ माघ १९ पछि राजाबाट भएका कदम विरुद्ध ७ दल र माओवादीबीच भएको १२ बुँदे समझदारी त्यसपछिका घटना परिस्थिति संविधानसभा निर्वाचनलाई निर्णायक तहमा पुऱ्याउन महत्वपूर्ण रहे । २०६२ मंसिर ७ गते भारतको, दिल्लीमा भएको उक्त समझदारी पत्रमा पहिलो पटक लोकतन्त्र शब्दको प्रयोग गरियो भने राज्यको पुनर्संरचना र पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता रहेको कुरा उल्लेख गरिएको थियो । सो समझदारी पत्रको २ नं. मा नै आन्दोलनको शक्तिले संसद पुनर्स्थापना गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार माओवादीसँग वार्ता र सहभागिताका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौम र राजकीय सत्ता जनतामा स्थापित गर्न सकिन्छ" भनिएको छ (दाहालः , सन् २००६) ।

उक्त १२ बुँदे समझदारीको जगमा २०६२ चैत २४ गतेदेखि सुरु १९ दिने अनआन्दोलनको बलमा २०६३ बैशाख ११ मा संसद पुनर्स्थापना भयो । पुनर्स्थापित संसदको बैशाख १५ को प्रथम बैठकले संविधानसभामा जाने प्रस्ताव एकमतले पारित गऱ्यो । २०६३ जेठ ४ गते प्रतिनिधिसभाको ऐतिहासिक घोषणाको प्रस्तावनामा नै संविधानसभामार्फत नयाँ संविधान निर्माण गरी लोकतन्त्र र राज्यको पुनर्संरचना सहितको समावेशी राज्य स्थापना गरी दिगो शान्ति स्थापना गर्ने कुरा उल्लेख गरियो । त्यस्तै २०६३ जेठ १२ मा नेपाल सरकार र ने.क.पा. माओवादीबीच गोकर्णमा भएको युद्धविराम आचारसंहिता, २०६३ असोज २२, २४,

२६ र २९ मा ने.क.पा. माओवादी र ७ दलका शीर्ष नेताबीच भएको शिखर बैठक २०६३ मंसिर ५ मा सम्पन्न विस्तृत सम्झौता लगायतका राजनीतिक दस्तावेजहरुले संविधानसभाको निर्वाचनप्रति निरन्तर प्रतिबद्धता जनाउँदै आएको पाइन्छ (दाहाल; सन् २००६) । अन्ततः ने.क.पा. माओवादीसहितको अन्तरिम संसद, अन्तरिम सरकार गठन भइ २०६३ माघ १ मा जारी नेपालको अन्तरिम संविधान २०६३ ले संविधानसभा निर्वाचनको सुनिश्चित प्रत्याभूतिको प्रतिबद्धता गरेपछि २०६४ चैत २८ गते ३३५ सिटका लागि समानुपातिक निर्वाचन प्रणालीबाट र २४० सिटको लागि प्रत्यक्ष निर्वाचन प्रणालीको आधारमा संविधानसभा निर्वाचन सम्पन्न भएको थियो । उक्त सभाले निर्धारित अवधि (२ वर्ष) भित्र संविधान निर्माण गर्न नसकेको र थप गरिएको समय सीमा (२ वर्ष) समेत गरी ४ वर्ष भित्र समेत संविधान निर्माणको कार्यभार पूरा गर्न नसक्दा सो संविधान सभा विघटन भयो । लोकतान्त्रिक संविधान निर्माणको लागि संविधानसभा बाहेक अर्को विकल्प छैन भन्ने ठम्याईका साथ पुनः २०७० मंसिर ४ गते ३३५ सदस्य समानुपातिक सिटका लागि, २४० सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको निर्वाचन सम्पन्न भइसकेको छ ।

## ४.२ विस्तृत शान्ति सम्झौता र संविधानसभा

२०६३ साल मंसिर ५ गते नेपाल सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र सशस्त्र जनयुद्ध संचालन गर्दैआएको पार्टी ने.क.पा. माओवादीका अध्यक्ष प्रचण्डबीच नेपालमा स्थायी शान्ति, संविधानसभाको निर्वाचनमार्फत संविधान निर्माण गरी पूर्ण लोकतन्त्रको बहालीको पक्षमा जुन सम्झौताको दस्तावेज खडा भयो त्यो नै विस्तृत शान्ति सम्झौता हो । सो सम्झौताको प्रस्तावमा नै “नेपाली जनताले २००७ साल पहिलेदेखि पटक पटक गर्दैआएको ऐतिहासिक संघर्ष र जनआन्दोलनमार्फत लोकतन्त्र शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै राजनीतिक दल र ने.क.पा. माओवादीबीच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति, नेपाल सरकार र माओवादीबीच सम्पन्न २५ बुँदे आचारसंहिता, २०६३ कात्तिक २२ गते सात राजनीतिक दल र ने.क.पा. माओवादीका शीर्षनेताका बैठकको निर्णयहरु लगायत नेपाल सरकार र माओवादीबीच सम्पन्न सबै सम्झौता सहमति आचारसंहिता र संयुक्त राष्ट्रसंघलाई प्रेषित समान धारणाको पत्राचारप्रति पूर्ण प्रतिबद्धताको पुनर्पुष्टि गर्दै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्न र राज्यको पुनर्संरचना गर्ने सङ्कल्प गर्दै प्रतिष्पर्धात्मक

बहुदलीय, लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकारको प्रतिबद्धतालाई दोहोऱ्याउँदै........।" (विस्तृत शान्ति सम्झौता, प्रस्तावनाः २०६३) भन्ने वाक्यांशले २०५२ सालदेखि जारी सशस्त्र जनयुद्ध र द्वन्द्वको समाधानार्थ भएका तमाम सहमति सम्झौतालाई संस्थागत गर्दै संविधानसभा निर्वाचनमार्फत गठित संविधानसभामार्फत राज्यको पुनर्संरचना सहितको लोकतान्त्रिक संविधान निर्माण गरी लोकतन्त्रको पूर्णस्थापनाका लागि प्रतिबद्धता गरेको र सशस्त्र द्वन्द्व र हिंसालाई स्थायी शान्तिमा रुपान्तरण गर्ने अध्यायको प्रारम्भ भएको पाइन्छ ।

सो सम्झौतापत्रको बुँदा नं. ३ मा राजनीतिक आर्थिक, सामाजिक रुपान्तरण र द्वन्द्व व्यवस्थापन बुँदा नं. ४ मा सेना र हातहतियार व्यवस्थापन र नेपाली सेनाको व्यवस्थापन, बुँदा नं. ५ मा युद्धविराम, बुँदा नं. ७ मा मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रत्याभूति र परिपालना, बुँदा नं. ८ मा मतभेद निरुपण तथा कार्यान्वयन संयन्त्र, बुँदा नं. ९ मा सम्झौताको अनुगमन तथा कार्यान्वयन र बुँदा नं. १० मा विविध विषयहरु समावेश गरी मानवअधिकार, शान्ति, लोकतन्त्र, राज्य पुनर्संरचना तथा समावेशी लोकतन्त्र र संविधानसभाको निर्वाचनप्रति सुनिश्चित प्रत्याभूति एवं प्रतिबद्धताका महत्वपूर्ण विषय समावेश भएको हुँदा यसको विशिष्ट महत्व रहेको छ । विस्तृत शान्ति सम्झौताको विशेष महत्व र प्रयोजन संविधानसभा निर्वाचनसँग अन्तरसम्बन्धित रहेको पाइन्छ । संविधानसभाको निर्वाचनमार्फत जनप्रतिनिधिद्वारा संविधान निर्माण गर्नुपर्छ भन्ने आन्दोलन २००७ सालबाट प्रारम्भ भइ २०१५ मा तुहिन पुगेपछि करिब ३५ वर्षभन्दा बढी समय ओझेल परिरहेको अवस्थामा २०५२ फागुन १ गतेदेखि १० वर्षसम्म भएको जनयुद्धमा करिब १२ हजार नेपालीको ज्यान गुमिसकेको थियो भने हजारौ हजार बालबालिका टुहुरा, हजारौ हजार अपाङ्ग, बेपत्ता र खरबौ खरबको भौतिक सम्पत्ति क्षति भइसकेको पाइन्छ ।

विस्तृत शान्ति सम्झौताले एकातर्फ ११ वर्षे हिंसा र द्वन्द्वको भुँमरीबाट मुलुक र जनतालाई राजनीतिक, आर्थिक, सामाजिक रुपान्तरण गरी द्वन्द्व व्यवस्थापनको सुनिश्चित प्रत्याभूतिको सन्देश प्रवाह गरेको पाइन्छ भने अर्कोतर्फ यसले स्वतन्त्र निष्पक्ष धाँधलीरहित र भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न गरी राज्यको पुनसंरचना, समावेशी लोकतन्त्रको पूर्ण स्थापना र लोकतान्त्रिक संविधान निर्माणका लागि प्रत्याभूति गर्दै विद्यमान

द्वन्द्व र हिंसाको अन्त्यका लागि त्यस अघि भएका दल माओवादीबीचको सम्पूर्ण सहमति सम्झौतालाई अन्तिम रुप दिई दिगो र स्थायी शान्तिको सन्देशको प्रत्याभूति गरेको पाइन्छ। उक्त सभ्मौताको बुँदा नं ४ मा संविधानसभाको निर्वाचन स्वतन्त्र निष्पक्ष धाधलीरहित र भयमुक्त वातावरणमा सम्पन्न गर्ने प्रयोजनका लागि हतियार र सेनाको व्यवस्थापनको प्रत्याभूति गरेको पाइन्छ (.... सम्झौता; २०६३) निर्वाचन अवधिभर माओवादी तर्फका लडाँकुहरु (combatants) लाई कैलाली, चितवन, सुर्खेत, रोल्पा, नवलपरासी, सिन्धुलीमा शिविर स्थापना गरी राख्ने, सेनाको हतियार भण्डारण र शिविरका सुरक्षाका लागि संयुक्त राष्ट्रलाई जिम्मा दिने प्रत्याभूति गरेको पाइन्छ भने नेपाली सेना व्यारेकभित्र सिमित रहने, नेपाली सेना र माओवादीका हातहतियार नेपाली सेना र माओवादीको पक्ष विपक्षमा प्रयोग नगर्ने, माओवादी सेना बराबर हातहतियारको सुरक्षित भण्डारण, राष्ट्रको हित र सिमा सुरक्षाका लागि मात्र नेपाली सेनाले कार्य गर्न पाउने, संविधानसभाको निर्वाचनपछि माओवादी सेनालाई राष्ट्रिय सेनामा समायोजन गर्नु पर्ने समेतको प्रत्याभूति समेत विस्तृत शान्ति समभ्मौतामा गरियो भने सम्झौताको वुँदा नं ६ मा दुवै पक्षबाट हालसम्म भएको द्वन्द र युद्धको अवस्था समाप्त भएको प्रतिबद्धता गरिएको पाइन्छ (विस्तृत शान्ति सम्झौता; २०६३)।

अतः सो विस्तृत शान्ति सम्झौता मात्र नेपालको राजनीतिक र सामाजिक इतिहासमा एक अभूतपूर्व सम्झौताको रुपमा रहेको छ जसले नेपालमा २००७ साल देखि संविधानसभाको निर्वाचनका लागि हुँदै आएको संघर्ष र विशेषत २०५२ सालदेखि जारी सशस्त्र युद्ध हिंसा र द्वन्द्वलाई व्यवस्थापन गर्दै दिगो र स्थायी शान्तिमा रुपान्तरण गर्न द्वन्द्वरत पक्षलाई समेत अन्तरिम संविधान निर्माण, अन्तरिम संसद अन्तरिम सरकारमा सहभागिता लिदै द्वन्द्वरत दल, संविधानसभाका लागि तयार नभएका राजनीतिक दल र पक्षलाई पनि संविधानसभाको निर्वाचनप्रति जिम्मेवार र जवाफदेही बनाई स्वतन्त्र निष्पक्ष भययुक्त र धाँधलीरहित संविधानसभा निर्वाचनको प्रत्याभूति गर्दै सो अनुरुप २०६४ चैत्र २८ गते संविधानसभाको निर्वाचनलाई अवतरण गरायो।

## ४.३ अन्तरिम संविधान र संविधानसभा

नेपालका लिखित संविधानहरुको अध्ययन गर्दा नेपाल सरकार वैधानिक कानुन २००४ लाई पहिलो लिखित संविधान मानिन्छ । त्यसयता बनेका अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७ सम्मका ५ वटा संविधानहरु शासकको हुकुम आदेश एवं शाहवंशीय राजतन्त्र पक्षधर व्यक्तिहरु सामेल गराई शासकको स्वेच्छाचारितालाई मलजल गर्ने पृष्ठभूमिबाट तर्जुमा भएका हुन् । त्यस प्रकार तर्जुमा भएका संविधान कदापि लोकतान्त्रिक चरित्रको हुन र संविधानवादको सिद्धान्तको परिधिअन्तर्गत रहेको मान्न सकिदैन । नेपालको संवैधानिक इतिहासको कसीमा नेपालमा छैटौ संविधानको रुपमा निर्मित नेपालको अन्तरिम संविधान २०६३ मात्र प्रथम लोकतान्त्रिक संविधानको रुपमा स्वीकार्न सकिन्छ, जुन संविधान "पहिलो पटक राजकीय तथा सार्वभौमिक अधिकार जनतामा निहित गरी बृहत राजनीतिक सहमतिको आधारमा संक्रमणकालको व्यवस्थापनका लागि संविधानसभाको निर्वाचनको संकल्पसहित संविधानसभाबाटै स्थायी संविधान निर्माण गर्ने संकल्प साथ जनताले जनताको लागि जारी गरेको संविधानवादको सिद्धान्तभित्रको लोकतान्त्रिक संविधान मानिन्छ" (शुभेच्छु २०६४:२५) ।

२०५२ सालदेखि संविधानसभाको मागसहित सशस्त्र जनयुद्ध संचालन गरेको ने.क.पा.माओवादीले उठाएको मागलाई विभिन्न चरणका वार्ता र राजनीति संवादका माध्यमबाट राजनीतिक दलले स्वीकार गरेपछि २०६२ मंसिर ७ गते ७ दल र युद्धरत माओवादीबीच १२ बुँदे सहमति बन्यो । सो समझदारीले जनयुद्धलाई संयुक्त जनआन्दोलनमा रुपान्तरण गर्दै राजतन्त्रको अन्त्य, राज्यको पुनर्संरचना, संविधानसभा निर्वाचनमार्फत चुनिएका प्रतिनिधिबाट लोकतान्त्रिक संविधान निर्माण गर्ने प्रतिबद्धता साथ १९ दिने जनआन्दोलन सम्पन्न गरायो । सो जनआन्दोलनको बलमा राजाले २०५८ जेठ ९ मा विघटन गरी मृत्यु घोषित भइसकेको प्रतिनिधिसभालाई सर्वाभौमसम्पन्न घोषित गर्दै प्रतिनिधिसभाले पुनर्जीवन पायो । पुनर्जीवित प्रतिनिधिसभाको २०६३ जेठ ४ को घोषणाले राष्ट्र प्रमुखको हैसियतमा राजाले प्रयोग गर्दै आएको सेवा सुविधा सुरक्षा खर्च लगायतका विशेषाधिकार कटौती गरी प्रतिनिधिसभाको अधिनमा ल्यायो । राष्ट्र प्रमुखमा राजाको सट्टा

प्रतिनिधिसभाबाट निर्वाचित प्रधानमन्त्री रहने व्यवस्था गरेपश्चात नेपाली काँग्रेसका नेता गिरिजाप्रसाद कोइराला लोकतान्त्रिक नेपालका प्रथम प्रधानमन्त्री बन्न पुगे ।

२०६३ असार २ मा ७ दल र माओवादीबीच सम्पन्न शीर्षनेताहरुको बैठकको निर्णयले सर्वोच्च अदालतका न्यायाधीश लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा अन्तरिम संविधानको मस्यौदा समिति गठन गरियो । सो समिति समावेशी स्वरुपको नभएको भनी विभिन्न क्षेत्रबाट बिरोध आयो । अन्तत २०६३ जेठ १२ मा समावेशी बनाउने निर्णय गर्दै अन्तरिम संविधान मस्यौदा समितिले पूर्णता प्राप्त गऱ्यो । सो समितिको संयोजकमा लक्ष्मणप्रसाद अर्याल (न्यायाधीश सर्वोच्च अदालत) र १४ सदस्यहरु (हरिहर दाहाल सिन्धुनाथ प्याकुरेल, शम्भु थापा, माहादेव यादव, खिमलाल देवकोटा, अग्नि खरेल, सुशीला कार्की, शान्ता राई, परशुराम झा, पुष्पा भुषाल, छत्रकुमारी गुरुङ, सुनिल प्रजापति, चण्डेश्वर श्रेष्ठ र कुमार योञ्जन) सहितको १५ सदस्यीय अन्तरिम संविधान मस्यौदा समितिले संविधानको मस्यौदा गरी २०६३ भदौ ९ मा सरकारी र माओवादी वार्ता टोलीका संयोजकलाई बुझाइसकेको थियो । सो मस्यौदालाई ७ राजनीतिक दलले आ-आफ्ना पार्टीभित्र, अन्य पार्टीबीच र नेपाल सरकारबीच पटक पटकका वार्ता छलफलका माध्यमबाट संशोधन र काँटछाँट गरेपछि २५ दलीय साझा सहमतीय दस्तावेजको रुपमा २०६३ माघ १ गते प्रतिनिधिसभाको घोषणाद्वारा पारित गरी सोही दिन गठित अन्तरिम संसदबाट अनुमोदन गराइएको थियो ।

त्यसरी निर्मित अन्तरिम संविधानको प्रस्तावनामा नै नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दैआएको ऐतिहासिक संघर्ष र जनआन्दोलनमार्फत लोकतन्त्र शान्ति र अग्रगमनको पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै देशमा विद्यमान वर्गीय जातीय क्षेत्रीय लैंगिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचनाको संकल्प गर्दै, प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था नागरिक स्वतन्त्रता मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको प्रतिबद्धता गर्दै नेपाली जनताको आफ्नो लागि आफैले संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने अधिकारको प्रत्याभूति

गरिएको छ । त्यसको अतिरिक्त संविधानको धारा ३३, ६३, ६४, ६९ लगायतका अधिकांश धाराका संविधानसभा निर्वाचनमार्फत सभा गठनको संवैधानिक प्रत्याभूति गरेको पाइन्छ ।

## ४.४ संविधानसभा निर्वाचनपूर्वका जातीय तथा क्षेत्रीय आन्दोलन

नेपालमा क्षेत्रीय दल र जातीय दलहरु संगठित भएर राजनीतिमा नलागेकोमा एकाएक अन्तरिम संविधान २०६३ जारी भइ संविधानसभा निर्वाचनको संवैधानिक सुनिश्चित भएपछि जातीय र क्षेत्रीय समुदायहरु संगठित भै आफ्ना क्षेत्रीय र जातीय मुद्दाहरु उठाइ संविधानसभामा आफ्नो उपस्थिति सुनिश्चत गर्न आन्दोलनका कार्यक्रमसहित विरोधमा उत्रिएको पाइन्छ । क्षेत्रीय तथा जातीय समुदायको आन्दोलनको कारण संविधानसभाको निर्वाचन पूर्वघोषित मितिमा सम्पन्न हुन नसकी २ पटकसम्म पछाडि सरेको पाइन्छ ।

### ४.४.१ नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को आन्दोलन

पुरानो राज्य सत्ताको अन्त्य र लोकतन्त्र स्थापनाको संक्रमणकालीन राजनीतिक परिवेशमा मधेशी जनताको चाहना र भावनाविपरीत समान जनसंख्या, भूगोल र साँस्कृतिक एकरुपताको आधारमा संविधानसभा निर्वाचनका लागि निर्वाचन क्षेत्र कायम गर्नुपर्ने मधेशी जनताको चाहना र आकांक्षा विपरीत संविधान मस्यौदा समितिले पुरानै शैलीको २०५ निर्वाचन क्षेत्रको संविधानको मस्यौदा बुझाएकोले नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले राज्यको भूगोल जनसंख्या र मधेशीहरुको सँस्कृति र पहिचान अनुरुपको समानुपातिक प्रतिनिधित्वसहितको निर्वाचन क्षेत्र अन्तरिम संविधानमा सुनिश्चित हुनुपर्छ भन्ने मागसहित २०६३ पौष ३ देखि पौष ९ गतेसम्म विभिन्न स्वरुपका दबाबमूलक कार्यक्रमहरु सम्पन्न गरेको थियो ।

आन्दोलनको पूर्वतालिका र स्वरुप अनुसार गरी पौष १० गते मधेश बन्दको कार्यक्रम रहेको थियो । सो बन्द कार्यक्रममा राजावादीहरुको घुसपैठ भइ पहाडी समुदाय विरुद्ध नाराबाजी गर्दै यातायातका दर्जनौ भन्दा बढी साधन तोडफोड गरिए । पौष ११ गते मधेशी र पहाडी हिन्दू र मुस्लिमबीच दंगा उत्पन्न गराउने भीड निस्कीइ नेपालगञ्जका मधेशी समुदायका घर पसलमा तोडफोड गर्ने, लुटपाट र कुटपिट गरे भने त्यसको बदलामा त्यस्तै भीड निस्कीइ पहाडी समुदायका घर टहरा भत्काउने तोडफोड लुटपाट र कुटपिटका घटना

भएबाट शहर तनावपूर्ण बन्यो । नेपालगञ्जस्थित धम्बोजी चोकमा रहेको मस्जिद तोडफोड भयो भने वागेश्वरी मन्दिर पनि जलाइयो । नेपालगञ्ज शहरी क्षेत्र पूरै साम्प्रदायिक रुपमा दंगापूर्ण क्षेत्र भएकोले सोही दिन ११:३० बजे स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गर्‍यो "अनियन्त्रित भीडले कर्फ्यु उल्लंघन गरी तोडफोड जारी राखेपछि प्रहरीले अन्धाधुन्दा गोली चलायो । प्रहरीको गोलीबाट भवानीपुर ८ निवासी कमल गिरीको मृत्यु भयो भने दर्जनौ घाइते भए" (शुभेच्छु; २०६५:५३) । कर्फ्युको घोषणा र प्रहरी धरपकडले आन्दोलनलाई झनै बढावा मिल्यो । पौष १२ गते राजनीतिक दल, नागरिक समाज र मानवअधिकारकर्मीले बिहानै सद्भाव जुलुस निकाल्ने प्रयत्न गरे तर भीड उत्तेजित नै रहेकोले सद्भाव जुलुस साँझ मात्र निकालियो । सो सद्भाव जुलुस पश्चात उचाइमा पुगेको साम्प्रदायिक दंगा विस्तारै मत्थर हुँदै आयो । संविधनसभा निर्वाचनमार्फत मधेशी जनताको अधिकार स्थापित गर्ने नाउँमा गरिएको आन्दोलन साम्प्रदायिक दंगाको स्वरुपमा विकसित हुँदै आएपछि नेपाल सदभावना पार्टी (आनन्दीदेवी) ले आन्दोलन र थप विरोधका कार्यक्रम अघि बढाएन । अन्ततः २०६३ माघ १ गतेका दिन पुरानै शैलीको २०५ निर्वाचन क्षेत्रको व्यवस्था अन्तरिम संविधान २०६३ प्रतिनिधिसभाबाट जारी भै सोही दिन गठित अन्तरिम व्यवस्थापिकाले अनुमोदन गर्‍यो ।

### ४.४.२ मधेशी जनाधिकार फोरमको आन्दोलन

२०६३ माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी भए लगत्तै "गैर सरकारी संस्थाको रुपमा संगठित मधेशी जनाधिकार फोरमले २०६३ माघ २ गते राजधानीको मण्डलामा सो संविधानको पुस्तिका जलायो । संविधानमा जनसंख्याका आधारमा संघीयता र संविधानसभा निर्वाचन क्षेत्र नसमेटिएकोमा फोरमको बिरोध थियो । विरोध कार्यक्रमबाट फोरमका अध्यक्ष उपेन्द्र यादव सहितका नेता पक्राउ परे । उनीहरुको रिहाइको मागसहित आन्दोलन अघि बढ्यो (फुयाल; २०७०:२८, २९) अर्कोतर्फ पक्राउ परेका नेताहरु विरुद्ध सरकारले सार्वजनिक अपराधमा मुद्दा चलायो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समक्ष फोरमका तर्फबाट समानुपातिक निर्वाचन प्रणाली, मधेश स्वायत्त प्रदेश, संघीय शासन, जनसंख्याको आधारमा संविधानसभा निर्वाचन क्षेत्र कायम गरी अन्तरिम संविधान तर्जुमा गर्नुपर्ने र आफ्ना पक्राउ परेका नेताहरुको तुरुन्त रिहाई गरिनुपर्ने अन्यथा माघ ५ गतेदेखि आन्दोलन सशक्त बनाउने चेतावनीसहित माघ ४ गतेका दिन ज्ञापनपत्र बुझाइएको थियो ।

आफ्ना माग पूरा नभएको नाउमा फोरमले झापा, मोरङ्ग, महोत्तरी, सर्लाही, सप्तरी, सिराहा, बाँके, कपिलबस्तु, धनुषा, रौतहट लगायतका जिल्लामा बन्दको आयोजना गरेको थियो ।

फोरमद्वारा आयोजित माघ ५ गतेको मधेश बन्द कार्यक्रममा "माओवादी केन्द्रीय सदस्य तथा मेची व्यूरो इञ्चार्ज राम कार्कीको सवारीलाई बन्दकर्ताले रोकेपछि माओवादी कार्यकर्ता र फोरम कार्यकर्ताबीच झडप हुँदा माओवादी कार्यकर्ताले चलाएको गोली लागेर फोरम पक्षधर रमेश महतोको मृत्यु भयो । दुई पक्षबीचको हिंसा र झडपले उग्र रुप लिएकाले साँझ स्थानीय प्रशासनले कर्फ्यु घोषणा गऱ्यो । माघ ६ गते फोरमले रमेश महतोको लास लिएर दोषीमाथि कारबाही गर्नुपर्ने र क्षतिपूर्तिको माग गर्दै मृतकको लाससहित लाहान बजार परिक्रमा गर्दै लाहान बन्द गरायो । सो हत्याको बिरोधमा काठमाडौमा विशाल प्रदर्शन गरियो भने फोरम समर्थक विद्यार्थी फ्रण्टले लाहानचोकमा पाल टाँगेर लास राखी गृहमन्त्रीको राजीनामा र प्रधानमन्त्रीले क्षमायाचना गर्नुपर्ने, दोषीमाथि कारबाही गरी क्षतिपूर्ति दिनुपर्ने र आफ्ना आन्दोलनका माग यथाशिघ्र पूरा गर्नुपर्ने अन्यथा लास दाहसंस्कार नगर्ने जनायो भने तोडफोड र आगजनीमा परेका सवारीसाधनको क्षतिपूर्तिको मागसहित नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघले देशभर यातायात बन्द गरायो । यसले क्रमशः मधेश आन्दोलनको लागि उर्जा थप्यो (शुभेच्छु; २०६५) ।

माघ ७ गते लाहानको सरकारी कार्यालयमा तोडफोड आगजनी भइ दिनभर नै शहर तनावपूर्ण बन्यो । माघ ८ गते आन्दोलनकारीले जिल्ला प्रहरी कार्यालय, सिरहा घेराउ गर्दा प्रहरीले चलाएको गोलीबाट प्रमोद सदा र विजयकुमार सहनीको मृत्यु भयो भने १४ जना घाइते भए । घाइते १४ मध्ये बेचन यादव र मुहमद मुडासिनको मृत्यु भएकोले माघ ९ गते सम्म आन्दोलनमा सहादत प्राप्त गर्नेको संख्या ५ पुग्यो । मधेश आन्दोलन पहिचान समावेशीकरण र संघीयताको मुख्य मुद्दासहित राजधानी केन्द्रित बन्यो । तराईको आन्दोलन चर्कदै जाँदा राजधानीमा पनि उनीहरुको माग जायज भन्दै ऐक्यबद्धता जनाउनेहरुको संख्या बढ्दै आयो । उपसभामुख चित्रलेखा यादव नेतृत्वको ५८ मधेशी सांसदहरुको समूहले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई ज्ञापनपत्र बुझाउँदै निर्वाचन क्षेत्रको पुनर्गठनको माग गरे । सद्भावना पार्टी (आनन्दीदेवी) का तर्फबाट उद्योगमन्त्री रहेका हृदयेश त्रिपाठीले मधेश

जल्दा पनि आठ दलले वास्ता नगरेको भन्दै आफ्नो पदबाट राजीनामा दिए । जुन राजीनामा चैत्र १ गते मात्र स्वीकृत भयो । सत्तारुढ आठ दलको गठबन्धनमा रहेको सद्भावना पार्टी (आनन्दीदेवी) स्वयंले पौष १० गते तराई बन्दको आह्वान गऱ्यो (फुयाल; २०७०:२९) ।

माघ ११ गते विराटनगर, लाहान, वीरगञ्ज, जनकपुरमा प्रदर्शन भए । प्रहरी र प्रदर्शनकारीबीच दोहोरो भिडन्त भयो, कर्फ्यु लगाउने तोडनेक्रमका बीच सिराहामा रहेको पहाडीमूलका आदिकवि भानुभक्त आचार्य र मिर्चैयामा रहेको पहाडी मुलकै साहित्यकार सिद्धिचरण श्रेष्ठको शालिक तोडफोड भयो भने माघ १२ गते एमाले महासचिव माधव नेपालको रौतहट स्थित घरमा आगो लगाइयो । निरन्तरको कर्फ्युको बाबजुद आन्दोलनकारीले तत्कालीन गृहमन्त्री, प्रधानमन्त्री र माओवादी अध्यक्षको पुत्ला दहन गरे । माघ १३ गते सप्तरीमा गणेशप्रसाद देवकोटा र भरतचोकमा रहेको भरत श्रेष्ठको शालिक तोडफोड भयो भने सोही दिन आन्दोलनकारी र प्रहरीबीच झडप हुँदा प्रहरीको गोली लागेर आन्दोलनकारी तर्फका असरफ अन्सारीको मृत्यु भयो (शुभेच्छु; २०६५:५५-५६) । माघ १४ गते रौतहट जनकपुर बारा तनावग्रस्त हुँदा कर्फ्यु जारी भयो । आन्दोलनकारीले जनकपुरमा राजा वीरेन्द्रको शालिकमाथि क्षति पुऱ्याए । बाराको देवकोटा चोकमा प्रहरीको गोली लागेर जमिर आलमको मृत्यु भयो । तराई आन्दोलन भडकाउन घुसपैठ गरेको भन्दै पूर्वमन्त्री कमल थापा र बद्री मण्डललाई प्रहरीले पक्राउ गऱ्यो भने सलिल मियाँ अन्सारीलाई खोजीको सूचीमा राख्यो । विराटनगरमा फोरम कार्यकर्ता र स्थानीयबासीबीच भिडन्त हुँदा फोरमका रामेश्वर कामतको मृत्यु भयो ।

विराटनगरकै नेपाल भारत सीमा क्षेत्र अन्तर्गत मरेकुवामा प्रहरीको हतियार खोस्न आएकामाथि गोली चलाउँदा दलबल तिवारी नामक भारतीय नागरिकको मृत्यु भयो भने उक्त जत्थाले प्रहरीका सई नरेशजङ्ग कार्कीको निर्मम हत्या गऱ्यो । सुनसरीस्थित जिल्ला प्रशासन कार्यालयमा आगजनी गर्नेमाथि गोली चलाउँदा रामनन्द मेहता, हरि मेहता र श्यामसुन्दर मेहताको मृत्यु भयो भने ४ दर्जनभन्दा बढी घाइते भए । सरकारले मधेश समस्याका लागि कृषि मन्त्री महन्थ ठाकुरको अध्यक्षतामा वार्ता टोली गठन गऱ्यो भने लाहान घटनामा आफ्नो तर्फबाट गल्ति भएको स्वीकार गर्दै माओवादी अध्यक्ष प्रचण्डले

सार्वजनिकरुपमा आत्मालोचना गरे (शुभेच्छु; २०६५:५६) । माघ २० गतेको प्रदर्शनमा राजकुमार ठाकुर (जनकपुर), दीपेन्द्र शाह (वीरगञ्ज) र राम एकवाल (सर्लाही) को मृत्यु भयो । माघ २१ मा सर्लाहीमा प्रहरीको गोलीबाट अशिक अलि मिकरानी, रामनारायण शाह र दीपेश रायको मृत्यु भयो भने माघ १४ गते जनकपुरमा घाइते भएका पवनकुमार शाहको भारतको पटनामा उपचार गर्दा गर्दै मृत्यु भयो । माघ २४ गते भैरहवा, लाहान, वीरगञ्ज, रौतहट, महोत्तरी लगायत शहरमा दिनभर झडप र प्रदर्शन भइरह्यो भने विराटनगरको झडपमा निर्मल राजबंशी तलुसतारको मृत्यु भएको थियो । यसैबीच सरकारले मधेशी समस्या समाधानको लागि कृषि मन्त्री महन्थ ठाकुरको अध्यक्षतामा वार्ता टोली गठन गरिसकेको र माओवादी अध्यक्ष प्रचण्डले सार्वजनिक रुपमा आत्मालोचना गरेकोले फोरमले पनि माघ २० गते सीतानन्द रायको संयोजकत्वमा ४ सदस्य वार्ता टोली गठन गरी पहिलो चरण वार्ता भयो । वार्ताबाट आन्दोलनमा मृत्यु हुनेका प्रत्येक परिवारलाई दश लाखका दरले क्षतिपूर्ति दिनेबाहेक अन्य राजनीतिक र मधेशी मागउपर सम्बोधन हुन नसकेको भन्दै फोरमले आन्दोलन र प्रदर्शनलाई निरन्तरता दिँदै आयो ।

“माघ २४ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संघीय राज्य प्रणाली र निर्वाचन क्षेत्र निर्धारण सम्बन्धी विषय अविलम्ब अन्तरिम संविधानमा संशोधन गरी आवश्यक व्यवस्था मिलाउने, जनसंख्या, भूगोल अनुकूलता र विशिष्टताका आधारमा निर्वाचन क्षेत्र बढाइने प्रतिबद्धता व्यक्त गरे (फुयाल २०७०:२९-३०) । सो प्रतिबद्धता पश्चातमात्र फोरमले १० दिनका लागि आन्दोलन स्थगन गऱ्यो । दुई पक्ष बीच वार्ता र सहमतिको वातावरण बन्दै आयो । अन्ततः मधेश आन्दोलनको क्रममा शहादत प्राप्त गर्नेलाई शहीदको सम्मान साथ शहीदका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने सरकारी निर्णय तत्काल कार्यान्वयन गर्ने, आन्दोलनका क्रममा घाइते अपाङ्ग भएकालाई राहत उपलब्ध गराई औषधी उपचारको व्यवस्था मिलाउने फोरमका नेता कार्यकर्ता विरुद्ध लगाएका मुद्दा फिर्ता लिने, युगौदेखि बहिष्करणमा पारिएका सबै वर्ग लिङ्ग क्षेत्र समुदायलाई राज्यको सम्पूर्ण संरचनाका सबै अङ्ग र तहका साथै शक्ति साधन र श्रोतमा सन्तुलित समानुपातिक प्रतिनिधित्व र साझेदारी गर्ने (नेपाल सरकार र मधेशी जनाधिकार फोरमबीच भएको सम्झौता, २०६४।५।१३) लगायतका फोरमका माग पूरा गर्न सरकार तत्पर भई २०६४ भाद्र १३ गते २२ बुँदे सहमति भएपछि फोरमको आन्दोलन स्थगित भएको थियो तर

फोरमले गरेको सहमतिबाट सम्पूर्ण माग नसमेटिएको भनी केही मधेशी नेता र समुदाय असन्तुष्ट नै रहेका थिए ।

### ४.४.३ चुरेभावर क्षेत्र आन्दोलन

सम्पूर्ण मधेश एक स्वायत्त प्रदेशको माग र चर्चा चरम विन्दुमा पुगेको बखत सो को विरुद्ध सम्पूर्ण चुरेभावर क्षेत्र एक स्वायत्त प्रदेशको मागसहित सर्लाहीमा एक संगठनले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समक्ष ज्ञापनपत्र बुझाउँदै आफ्नो मागप्रति बेवास्ता गरिए सशक्त आन्दोलन गर्ने चेतावनी सहित चुरे भावर प्रदेश आन्दोलनको सुरुवात भएको थियो । "आन्दोलनको क्रममा सो संगठनले फागुन ५ देखि १० गतेसम्म आफ्नो आन्दोलनको जागरण अभियान र प्रचारप्रसार, फागुन ११ देखि भावर क्षेत्रमा अनिश्चितकालीन हड्ताल र यातायात बन्द गरियो । फागुन २३ गते आफ्नो मागप्रति बेवास्ता गरेको भन्दै भावर क्षेत्रका प्रतिनिधिसभाका सदस्यलाई भावर क्षेत्रमा प्रवेश निषेध गरी फागुन २३ देखि २८ गतेसम्म मसाल जुलुस नारा लगाउँदै तोडफोडका घटना भए । चैत्र १ देखि १० गतेसम्म यातायात बन्द र आमहडताल, २०६४ बैशाख १० देखि १५ गतेसम्म आमहड्ताल यातायात बन्द, तोडफोड र आगजनीको घटना भए । आन्दोलनले उग्ररुप लिएपछि बैशाख १५ गते प्रहरीले चलाएको गोलीबाट सो संगठनका प्रदर्शनकारी मंगलबहादुर गुमर्छनको मृत्यु भयो भने समाजका उपाध्यक्षसहित दर्जनौ कार्यकर्तालाई प्रशासनले पक्राउ गरी आगजनी र तोडफोड विरुद्ध मुद्दा लगायो, सो घटनाले आन्दोलनलाई झनै उत्कर्षमा पुऱ्यायो (शुभेच्छु, २०६५) । अन्ततः २३ बुँदे मागसहित आन्दोलनमा उत्रेको सो समुदायले विभिन्न चरणका वार्ताबाट सरकारसँग ९ बुँदे समझदारीमार्फत २०६४ साल भदौ २७ गतेका दिन वार्ता गर्दै तत्काल २०६४ मंसिर ६ गतेको लागि घोषित संविधानसभा निर्वाचनलाई निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन सहयोग गर्ने सहमति साथ आन्दोलनलाई स्थगन गरेको थियो ।

### ४.४.४ संघीय लोकतान्त्रिक राष्ट्रिय मोर्चाको आन्दोलन

मधेशी जनाधिकार फोरमका तर्फबाट संयोजक उपेन्द्र यादव र नेपाल सरकारबीच २०६४ भाद्र १३ मा २२ बुँदे सहमति पत्रमा हस्ताक्षर भएलगत्तै भाद्र १६ गते फोरमका भाग्यनाथ प्रसाद गुप्ता लगायत ४ जना केन्द्रीय सदस्यहरुले सरकारसँग भएको सहमतिको विषयलाई

लिएर अध्यक्ष यादवलाई गद्दार भन्दै फोरमबाट निलम्बन गरिएको एक पत्रकार सम्मेलनमार्फत दाबी गरे । लगत्तै फोरमका विश्वास समूहका असन्तुष्ट नेता तथा लिम्बुवान मुक्ति मोर्चाका विद्रोही समूहले पूर्वी तराई बन्द गराउँदै आन्दोलनलाई सशक्त बनाए । आन्दोलन सशक्त बन्दै प्रशासनको कर्फ्यु तोड्ने क्रममा प्रदर्शनमा संलग्न लिम्बुवान कार्यकर्ता राजकुमार आङदम्बेको प्रहरीको गोलीबाट मृत्यु भयो । सो हत्याले आन्दोलनले झनै उग्ररुप लियो । आन्दोलनमा दमन गरिए सरकारले नराम्रो प्रतिफल व्यहोर्नुपर्ने चेतावनी आन्दोलनकारीले दिए भने अर्कोतर्फ मोर्चाको सदभावना (महतो) समूहले २०६४ पुष १ गतेदेखि नै नेपालगञ्जमा आन्दोलन सुरु गरिसकेको थियो (शुभेच्छु: २०६५:५९) ।

एकातर्फ २०६४ मंसिर ६ गतेका लागि घोषित निर्वाचनका लागि ७ दल आ-आफ्नो तयारीमा लागिरहेका थिए भने अर्कोतर्फ मधेशबाट संसदमा प्रतिनिधित्व गर्ने दलका सांसदहरु आ-आफ्नो दल तथा सांसद सदस्यता त्याग गर्दै मधेशी दलहरु घोषित चुनावी अभियानलाई प्रभावित पार्ने गरी मोर्चाले माघ ५ गते बाट आन्दोलनको घोषणा गरे । आन्दोलनको कार्यक्रमअन्तर्गत मोर्चाले माघ ११ गते मधेश जिल्लाका सदरमुकाम बन्द, १२ गते सम्पूर्ण मधेशभर चक्काजाम, २० र २१ गते मधेश बन्दको घोषणा गऱ्यो । मोर्चाको घोषणाबाट माघ १२ को जनकपुरमा गर्ने भनिएको ७ दलको पाँचौ चुनावी सभा र १६ गतेको अन्तिम प्रतिबद्धता सभासमेत बारा पर्सा बन्दका कारण पूरै प्रभावित भयो । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको मागलाई सरकारले सम्बोधन गर्ने प्रयत्न नगरी चुनवी अभियानको मात्र रटान लगाउँदै आएको भनी मोर्चाले फागुन १ गतेदेखि काठमाडौं उपत्यकामा नाकाबन्दी तथा अनिश्चितकालीन तराई बन्द र सरकारप्रति असहयोग आन्दोलन गर्दै आयो । आफ्ना माग सुनुवाई गरिन लागेको संविधानसभा निर्वाचन सार्थक नहुने दाबीका साथ आन्दोलन चर्केपछि मुलुक पूर्णतः ठप्प भयो । फागुन ५ गते नेपालगञ्जमा भएको आगजनी र तोडफोडमा प्रहरीको गोलीले १३ गते राजविराजमा गुल्टेन दास, १४ गते नवलपरासीमा जगदीश पासवान र १५ गते सुनसरीमा मोहम्मद विस्तृत मिया र १४ गतेको सिराहा प्रदर्शनमा आन्दोलनकारीले प्रहार गरेको पेट्रोल बम लागेकी भोजपुर पाचाङकी सम्झना राईको समेत उपचारको क्रममा मृत्यु भएपछि मात्र सो मोर्चासँग सरकार वार्ता गर्न तयार भयो । सरकार र मोर्चाबीच २०६४ फागुन १६ गते

मधेश आन्दोलनका क्रममा मृत्यु भएका ३० जनालाई शहीद घोषणा गर्ने समेतको आफ्ना मागहरुको सम्बन्धमा ८ बुँदे सहमति भई मोर्चाले आन्दोलन कार्यक्रम स्थगित गरेको पाइन्छ । (शुभेच्छु, २०६५:६०) । उक्त सहमति भारतीय राजदूतावासमा भएको थियो । त्यत्तिको उग्ररुप लिँदै आएको मधेश आदोलन अन्ततः भारतीय राजदूतावासमा भएको सहमति मार्फत पूर्णविराम लागेकोले मधेश आन्दोलन समेत छिमेकीको इशारामा चलेको आँकलन राजनीतिक वृत्तमा गरिएको पाइन्छ ।

### ४.४.५ जनजाति आन्दोलन

नेपालमा २०६२/२०६३ को जनआन्दोलनबाट लोकतान्त्रिक सफलता मिलेपछि राज्यको सार्वजनिक मामिलामा हिस्सेदार बन्न नसकेका र सहभागिताको अवसर नपाएका जनजातिलाई अन्य जाति सरह सहभागी र हिस्सेदार बन्न पाउनका लागि अन्तरिम संविधानमा जातजातिका जनसंख्याको अनुपातमा सहभागिताको व्यवस्था हुनुपर्छ भन्ने मागसहित नेपाल आदिवासी जनजाति महासंघले पटक पटक अनुरोध र आन्दोलन गरेतापनि २०६३ माघ १ गते जारी भएको संविधानमा उनीहरुको माग र अनुरोध सम्बोधित भएन । संविधान जारी हुनुपूर्व संविधान मस्यौदाको कार्य सम्पन्न भएपछि २०६३ मंसिर १७ गते आदिवासी जनजाति महासंघले संविधानको मस्यौदामा रहेका विभेदकारी धाराहरु जलाएर माइतीघर मण्डलामा सांकेतिक विरोध गर्दागर्दै पनि उनीहरुको ठोस माग सम्बोधन नभइ संविधान जारी भयो । संविधान जारी भइसकेको परिप्रेक्ष्यमा उनीहरुको आन्दोलन विशेषतः संविधानसभा निर्वाचनमा जातीय जनसंख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व हुनुपर्छ र अन्तरिम संविधानमा रहेका जनजातिको सहभागितामा बाधा पुग्ने केही विभेदकारी धाराहरु खारेज हुनुपर्छ भन्ने मुख्य मागमा केन्द्रित थियो ।

आन्दोलित जनजातिले माघ २, २०६३ देखि नै सरकार र दलहरुविरुद्ध आन्दोलन केन्द्रित गरेका थिए । "शान्तिपूर्ण रहेको यस आन्दोलनका कार्यक्रमअन्तर्गत माघ २९ गते खुकुरी जुलुस, फागुन ३ गते उपत्यका बन्द, फागुन ६ गते भेरी कर्णाली सेती महाकाली बन्द, ८ गते राप्ति लुम्बिनी र नारायणी पश्चिम बन्द, १० गते गण्डकी र धौलागिरी बन्द, १२ गते नारायणीको पूर्वी भाग, जनकपुर र सगरमाथा बन्द, १४ गते मेची कोशी तथा १६ गते नेपाल बन्द लगायतका कार्यक्रम रहेका थिए (शुभेच्छु २०६५:६३) । जनजातिहरुको चरणबद्ध

रुपमा भएको शान्तिपूर्ण बन्द, आमहड्तालसहितको जनआन्दोलनबाट मुलुकको जनजीवन अस्तव्यस्त बन्दै आएपछि सरकारले आदिबासी जनजाति महासंघलाई औपचारिक वार्तामा बोलायो । सो आन्दोलनमा ऐक्यबद्धता र सहभागिता जनाएका नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति संयुक्त संघर्ष समिति, आदिवासी जनजाति महिला संघ, आदिवासी जनजाति विद्यार्थी महासंघ लगायतका आन्दोलनरत संस्थाले वार्ता र आन्दोलनसँगै लैजाने मान्यताका साथ माघ २८ गते वार्ता टोली गठन गरिएको हुँदा २०६४ बैशाख २२, बैशाख २४, जेठ २६, जेठ ३०, असार १४, साउन १६, साउन २२ समेतका विभिन्न मितिमा पटक पटक वार्ता गरेपछि साउन २२, २०६४ का दिन नेपाल सरकार आदिवासी जनजातिहरुबीच २० बुँदे सहमति भयो । सो सहमतिको आधारमा नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (घ) (ङ) समेतमा संशोधन गरी उनीहरुको अधिकार सुनिश्चित गरेको पाइन्छ ।

## ४.५ संविधानसभा निर्वाचन पूर्वका दलीय गतिविधि र घटनाक्रम

२०६३ कार्तिक २२ मा सात राजनीतिक दल र ने.क.पा. माओवादीबीच भएको सहमति, नेपाल सरकार ने.क.पा.माओवादीबीच २०६३ मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौतालगायतका सहमति पत्र र समझदारीको भावना अनुरुप सरकारले संविधानसभाको निर्वाचन गर्ने तत्परता देखाएको पाइन्छ । राजनीतिक सँक्रमणकालको त्यो परिस्थितिमा संविधानसभा पक्षधर र विरोधी तत्वहरुले संविधानसभा निर्वाचनको गतिलाई निस्तेज पार्दै विभिन्न बाधा व्यवधान खडा गरेका थिए । अन्ततः २०६४ जेठभित्र सम्पन्न गर्ने भनिएको संविधानसभा निर्वाचन मंसिरमा सारिएको र मंसिरमा समेत मधेशी समुदायबाट भएको आन्दोलनको कारण निर्वाचन हुन नसकी २०६४ चैत २८ मा मात्र सम्पन्न भयो । संविधानसभाको निर्वाचनको सन्दर्भमा भएका दलीय मुख्य गतिविधि र घटनाक्रमलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

१) नेपाली काँग्रेसको महासमिति बैठकले गणतन्त्रको निर्णय गरेपछि सो निर्णयप्रति विमति जनाउँदै नेपाली काँग्रेसका संस्थापक नेता कृष्णप्रसाद भट्टराईले पार्टी परित्याग गरे । त्यसलाई अवसरका रुपमा प्रयोग गर्न २०६४ असोज २२ गते रा.प्र.पा.का तत्कालीन अध्यक्ष रवीन्द्रनाथ शर्माले राजावादीहरुद्वारा संस्थापित संघीय लोकतान्त्रिक संवैधानिक राजतन्त्रको पक्षबाट नेतृत्व गर्ने प्रस्ताव सहित भट्टराई निवासमा पुगेका थिए ।

२) राजा ज्ञानेन्द्रले २०६४ माघ १६ गतेको राष्ट्रवाणी साप्ताहिक मार्फत राष्ट्रिय राजनीतिमा आफ्नो स्थानको खोजी गर्दै र संविधानसभाको परिणाम नमान्ने अन्तर्वार्ता थिए ।

३) २०६४ पौष १३ गते व्यवस्थापिका सभाले संविधानसभाको पहिलो बैठकले राजतन्त्र हटाउने भनी गरेको निर्णय उपर असन्तुष्टि व्यक्त गर्दै ४९% जनता आफ्नो पक्षमा रहेको दाबी सहित २१ फेब्रुअरी सन २००८ मा एमोरी सिम्बुल नामक जापानीज पत्रिकालाई अन्तर्वार्ता दिए । परिणाम स्वरुप राजतन्त्र पक्षमा संचार जगतका केही माध्यमले संविधानसभा विरुद्ध समाचार प्रसारण गर्न थाले । (शुभेच्छु;२०६५)

४) २०६४ मंसिर १ गते प्रधानमन्त्री सुपुत्री सुजाता कोइरालाले २०४७ को संविधान ब्युँताउनुपर्ने भनी सवैधानिक राजतन्त्रको पक्षमा धारणा राखेकी थिइन् ।

५) ने.क.पा. माओवादी अध्यक्ष प्रचण्डले मंसिर ६ गते पोखरामा एक कार्यक्रमबीच आफूलाई संसदीय व्यवस्थाप्रति विश्वास नरहेको अभिव्यक्ति दिए । सो लगत्तै नेकपा माओवादीले बृहत शान्ति सम्झौता उल्लंघन गर्दै मंसिर पहिलो साता लगत्तै जनअदालत व्युँतायो । माघ २३ गते युद्धकालमा गठित जनपरिषद पनि सक्रिय बनाइयो । जसले गर्दा दल माओवादीबीच खटपट र विश्वासको संकटको वातावरण उत्पन्न भयो ।

६) नेपालमा नेपाली जनताको निर्णयबाट जस्तोसुकै शासन व्यवस्था छानिए पनि मान्य हुने बताउँदै आएको छिमेकी मुलुक भारतको एउटा प्रमुख हिन्दूवादी दल भारतीय जनता पार्टीका नेता बालकृष्ण आडवाणीले २०६४ पौष १३ गते पत्रकारहरु माझ माओवादीका दबाबमा अन्य दलहरुले संसदबाट गणतन्त्रको घोषणा गरेको भन्दै नेपालमा राजतन्त्र आवश्यक रहेको धारणा राखे (शुभेच्छु;२०६५:५०) । सो लगत्तै टनकपुर पुलपारी नेपाली भूमिमा ५०० भारतीय प्रवेश गरी चाँदनी र दोधारा गाविस जोड्ने महाकाली नदीको पुल पारी राजतन्त्रको पक्षमा नाराबाजी गरे भने १८ गते पनि चाँदनी र दोधारा गा.वि.स. जोड्ने महाकाली नदीको पुल पारी भारतीय हिन्दू अतिवादी समूहले राजतन्त्रको समर्थनमा नारा जुलुस गरे ।

७) माघ ७ गते माओवादी पार्टी अध्यक्ष प्रचण्डले पार्टीको एक प्रशिक्षण कार्यक्रममा चुनाव जित्ने पककापक्की भएमात्र संविधानमा निर्वाचनमा सहभागी हुने, निर्वाचन नै नभए जनसंघर्षमा जाने बताए । सो लगत्तै माओवादीले वास्तवमा निर्वाचन नचाहेको केवल चुनावको नौटंकी मात्र गरेको टिप्पणी र विश्लेषणहरु सार्वजनिक भए ।

८) निर्वाचनको वातावरण विकसित हुँदै आइरहने क्रममा "२०६४ असोज १ गते माओवादी सरकारबाट बाहिरियो । द्वन्द्वमा मारिएकाहरुलाई राहत लडाकुको बाँकी रकम निकासा, बेपत्ता छानबिन र राज्य पुनर्संरचना आयोग गठनमा भएको ढिलाइको बिरोध गर्दै माओवादी पार्टीबाट सरकारमा रहेका मन्त्रीहरुले सामूहिक राजीनामा दिएका थिए ।

९) संविधानसभा निर्वाचनको ३ महिना पूर्व २०६४ पौष १८ गते ने.क.पा. माओवादीका अध्यक्ष प्रचण्डले चितवनको शक्तिखोर शिविरमा रहेका आफ्ना लडाकूहरुलाई दिएको प्रशिक्षणमा चुनाव जित्ने अवस्था आएमा भाग लिने नआए लडाकूको सहायताले सत्ता कब्जा र संचालन गर्ने भनी दिएको भिडियो टेप सार्वजनिक भयो । संविधानसभा निर्वाचनलाई रणनीतिकरुपमा मात्र प्रयोग गर्ने र चुनाव नहुने स्थिति रहेकाले त्यसको फाइदा उठाउनुपर्ने लगायतका कुरा गरेको सो भिडियो सार्वजनिक भएलगत्तै राजनीतिक दलहरुबीच शंका उपशंका र विवाद चुलियो । २०६४ चैत ४ गते चितवनको वीरेन्द्रनगरमा ने.क.पा. एमालेको सभा भइरहेको समयमा कार्यक्रम बिथोल्न खोज्दा एमाले र माओवादी कार्यकर्ताबीच झडप भएको र एमालेका ३ जना कार्यकर्ता घाइते भएका थिए (मानवअधिकार आयोग, २०६५:२३) ।

१०) सोलुखुम्बु जिल्लाको सिमखोलामा २०६४ चैत १३ गते नेपाली काँग्रेस र ने.क.पा. माओवादीको कार्यक्रम जुध्न गई भएको झडपमा ने.क.पा. माओवादीका कार्यकर्ताले घँघारुको लौरीबाट नेपाली काँग्रेसका उम्मेदवार बलबहादुर केसी लगायत ५ जनालाई घाइते बनाएका थिए । बलबहादुर के.सी. को सुरक्षा र आत्मरक्षाको क्रममा प्रतिकार गर्दा ने.क.पा. माओवादीका गंगाबहादुर भुजेल (गजेन्द्र) को मृत्यु भएको स्थानीयबासीको भनाइ रहेको थियो (पूर्ववत) ।

११) सर्लाही धनुषा महोत्तरीमा जनतान्त्रिक तराई मुक्ति मोर्चा, संयुक्त जनतान्त्रिक तराई मोर्चा, तराई कोब्रा, मधेशी मुक्ति टाइगरसहितका चार हतियारधारी समूहले २०६५ चैत १८ र १९ गते आमहड्ताल आह्वान गरेकोले त्यस क्षेत्रको जनजीवन पूर्ण प्रभावित भएको थियो । चैत २८ गतेका दिन धनुषा र महोत्तरी जिल्लामा कसैलाई कुनै सवारी चलाउन र पैदल आवत जावत गर्न र मताधिकार प्रयोग गर्न नदिने र मतदान गरेमा भौतिक कारबाही गरिने भनी आतंकित गराउँदै आएको थियो (पूर्ववत; २४) ।

१२) सर्लाही जिल्लाको क्षेत्र नं. ६ का स्वतन्त्र उम्मेदवार शम्भुप्रसाद सिहलाई २०४६ फागुन १३ गते अज्ञात समूहले सोही जिल्लाको मधैया बजारमा गोली हानी हत्या गरेको थियो । (पूर्ववत; २८) ।

१३) राष्ट्रिय जनमोर्चा नेपालका तर्फबाट बाँके क्षेत्र नं. २ का संविधानसभा सदस्यका उम्मेदवार कमलप्रसाद अधिकारीलाई २०६४ चैत ५ गते अज्ञात समूहले गोली हानी घाइते बनाएकोमा उपचारको क्रममा मृत्यु भएको थियो । (पूर्ववत)

१४) सुर्खेत क्षेत्र नं. १ मा ने.क.पा. एमालेको तर्फबाट उम्मेदवारी दिएका ऋषि प्रसाद शर्मालाई अज्ञात समूहले २०६४ चैत २४ गते हत्या गरेका थिए । (शुभेच्छु, २०६५)

१५) रौतहट जिल्लाको प्रेमपुर गोनाही गा.वि.स.मा ने.क.पा. माओवादी र मधेशी जनाधिकार फोरमका कार्यकर्ताबीच झडप हुँदा माओवादीका तर्फबाट उम्मेदवार प्रभु शाह घाइते भए ।

१६) बारामा जनमोर्चा नेपालका उम्मेदवार राजेन्द्र मण्डल र निजका सहयोगी रुपमकुमार शाहलाई २०६४ चैत २० गते कलैया नगरपालिकाको राजदेवी प्रेसमा प्रहरीकै अगाडि अज्ञात समूहले आक्रमण गरी घाइते तुल्यायो । (आयोग,२०६५)

१७) निर्वाचनको लागि उम्मेदवारी मनोनयन पत्र दर्ता गर्नेक्रममा २०६४ फागुन १३ गते सुनसरी र सिराहा जिल्लामा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका कार्यकर्ता र प्रहरीबीच झडप हुँदा सिराहामा १८ जना प्रदर्शनकारी र सुनसरीमा २५ जना प्रदर्शनकारी र २ प्रहरी घाइते भएको पाइन्छ । (पूर्ववत)

१८) संखुवासभा, धनकुटा, तेह्रथुम, धनगढीलगायतका जिल्लाहरुमा माओवादीका कार्यकर्ताहरुले मतदान कसलाई दिएको हो दूरवीन र क्यामराले हेरेर थाहा पाउन सक्छौ हामीलाई भोट नदिए ठीक हुन्न भनी मतदाताहरुमा भय र त्रास उत्पन्न गर्ने र धम्की दिने गरेको पाइयो । धनकुटा तेह्रथुम लगायतका जिल्लामा निर्वाचन प्रचारप्रसारका क्रममा कम्ब्याट ड्रेस लगाएका ने.क.पा. माओवादी कार्यकर्ताहरुले कम्मरमा खुकुरी भिरेको र लाठीहरु बोकेर हिड्ने गरेको कारण मतदाताहरुमा ठूलो त्रास उत्पन्न भएको पाइयो । राष्ट्रिय मानवअधिकार आयोगबाट गरिएको अनुगमनको क्रममा त्यसप्रकार भय त्रास र धम्की अन्य जिल्लाका मतदाताहरुमा रहेको र कतिपय जिल्लामा स्वयं उम्मेदवार समेत त्रसित मानसिकतामा रहेको कारण प्रचारप्रसारको शिलशिलामा जनताको घरदैलो सम्म पुग्न नसकेको पाइन्छ । (आयोग, २०६५: २७)

१९) दाङको सतवरियामा ने.क.पा. (माओवादी) र नेपाली काँग्रेसका कार्यकर्ताबीच २०६४ चैत २६ गते भएको झडपले गम्भीर मोड लिको थियो । झडपमा माओवादीका ६ जना घाइते भएका थिए । दाङको लमही नगर विकास समितिको कार्यालय अगाडि सुरक्षा टोलीका सशस्त्र प्रहरीले माओवादी कार्यकर्ता चढेको गाडीहरुमा गोली चलाउँदा सात जना माओवादी कार्यकर्ताको मृत्यु भएको थियो । सोही घटनामा १५ जना माओवादी कार्यकर्ता घाइते भएका थिए । (आयोग, २०६५)

२०) बारा जिल्ला छाता पिप्रा गा.वि.स. वडा न.. १ निवासी जितेन्द्र महतोलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहले २०६४ चैत २० गते राति छुरा प्रहार गरी हत्या गरेका थिए । सोही दिन बाराको रामवन र डुमरवानामा निर्वाचन प्रचारप्रसारको क्रममा एमाले र माओवादीबीच झडप भएको थियो । (पूर्ववत)

२१) निर्वाचनलाई सुनिश्चित गर्न २०६४ पौष ९ गते निर्वाचन आयोगद्वारा संविधानसभा निर्वाचनको कार्यतालिका सार्वजनिक गरेको पाइन्छ । त्यसको अतिरिक्त २०६४ पौष ३० गते ७ दलको चुनावी सभा सकिए लगत्तै राजधानीको भोटाहिनीमा बम बिस्फोट हुँदा ७ जना घाइते भएका, २०६४ माघ १६ मा ७ दलले वीरगञ्जमा आयोजना गरेको संयुक्त चुनावी सभा स्थलमा २ वटा बम बिस्फोट हुँदा ५४ जना घाइते भएका, माघ १२ गते जनकपुरमा र २०६४ माघ ५ गते विराटनगरमा ७ दलको संयुक्त चुनावी सभा सम्पन्न भएको पाइन्छ (के.सी.,ढकाल; २०६४:१०) ।

## ४.६ संविधानसभा निर्वाचनका लागि भएको राजनीतिक सहमति एवं संवैधानिक पहल

दलहरुबीच निष्पक्ष, स्वतन्त्र र भयमुक्त वातावरणमा संविधानसभा निर्वाचन सम्पन्न गराउने एउटै साझा अभियान केन्द्रित गरी नेपालको अन्तरिम संविधान २०६३ जारी हुनुपूर्व ७ दल र माओवादीबीच विभिन्न चरणमा द्वन्द्व व्यवस्थापनका लागि विभिन्न सहमति सम्झौता सम्पन्न भए । अन्तरिम संविधान जारी हुँदा नै २०६४ जेठभित्र संविधानसभाको निर्वाचन गर्ने संवैधानिक परिकल्पनासहित संविधान जारी पनि भयो तर संविधानमा घोषित मितिमा निर्वाचन हुन सकेन । सरकारले भोजराज पोखरेललाई निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र अन्य निर्वाचन आयुक्त नियुक्त गरी निर्वाचन आयोगलाई पूर्णता प्रदान गर्दै निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित निर्वाचन सम्पन्न गराउन अख्तियारी दियो ।

दोश्रो पटकको प्रयासस्वरुप २०६४ मंसिर ६ गते संविधानसभा निर्वाचनको तिथि घोषणा भयो तथापि २०६४ असोजमा ने.क.पा. माओवादी सरकारबाट बाहिरिएर आन्दोलन गरेको र जातीय क्षेत्रीय समूहको आन्दोलनका कारण मंसिर ६, २०६४ मा गर्ने भनिएको निर्वाचन समेत सम्पन्न हुन सकेन । अन्ततः दलहरुबीचको विश्वास एवं द्वन्द्व खिचातानी र जातीय एवं क्षेत्रीय समुदायबाट उठेको मागलाई सम्बोधन नगरी संविधानसभा निर्वाचन सम्पन्न हुन नसक्ने परिस्थिति उत्पन्न भयो । राजनीतिक दलहरुबीचको अविश्वास र द्वन्द्वको व्यवस्थापन गर्दै जातीय एवं क्षेत्रीय समुदायका मागलाई समेत सम्बोधन गर्न विभिन्न मितिमा विभिन्न स्वरुपका सहमति मार्फत प्रतिबद्धता आयो र ती सहमतिका आधारमा अन्तरिम संविधानमा समेत निम्न व्यवस्थामा संशोधन गरियो । अन्ततः २०६४ पौष २३ गते निर्वाचन आयोगले निर्वाचन कार्य तालिका सार्वजनिक गरेलगत्तै संविधानसभा निर्वाचन प्रक्रियाले गति लियो । २०६४ चैत २८ मा संविधानसभा निर्वाचन सम्पन्न भएको पाइन्छ ।

### ४.६.१ सरकार एवं राजनीतिक दलहरुबीच भएका मुख्य सहमति

१) नेपाल सरकार र मधेशी जनाधिकार फोरम नेपालबीच २०६४ भदौ १३ मा सम्पन्न २२ बुँदे सम्झौतापत्र

२) नेपाल सरकार र आदिवासी जनजातिबीच २०६४ साउन २२ मा सम्पन्न २० बुँदे सहमति पत्र

३) नेपाल सरकार र चुरे भावर एकता समाजबीच २०६४ भदौ २७ मा सम्पन्न ९ बुँदे सहमति पत्र

४) नेपाल सरकार र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा नेपालबीच २०६४ फागुन १८ मा सम्पन्न ५ बुँदे सहमतिपत्र

५) ७ दल र माओवादीबीच सम्पन्न २०६४ पौष ८ को २३ बुँदे समझदारी पत्र

उपरोक्त सहमति सम्झौता बमोजिम निष्पक्ष, धाँधलीरहीत र भयमुक्त वातावरणमा २०६४ चैत २८ गते नै संविधानसभाको निर्वाचन गर्न सरकार एवं दलहरुको प्रतिबद्धता रहेकोले नेपालको अन्तरिम संविधान २०६३ मा समेत देहायबमोजिम संशोधन गरी संविधानसभा निर्वाचनलाई सुनिश्चित गर्ने प्रयास भएको पाइन्छ ।

**क) नेपालको अन्तरिम संविधान २०६३ मा भएको संशोधनहरु**

- राज्यको अग्रगामी पुनर्संरचना गर्ने: संविधानको धारा १३८ सँग सम्बन्धित
- संघीय शासन प्रणाली अपनाउने : संविधानको धारा १३८ सँग सम्बन्धित
- राज्यका सबै अंगमा समावेशी प्रतिनिधित्वको व्यवस्था गर्ने : धारा ३३ सँग सम्बन्धित
- मधेशमा निर्वाचन क्षेत्र बढाउन क्षेत्र निर्धारण आयोग गठन गर्ने : धारा १५४ (क) सँग सम्बन्धित

**ख) २०६४ जेठ ३० को दोश्रो संशोधन र संशोधित व्यवस्था**

- राजाले संविधानसभा चुनाव भाँड्ने षड्यन्त्र गरेमा संसदको दुई तिहाई बहुमतले राजालाई हटाउन सक्ने ।
- प्रधानमन्त्री बिरुद्ध अविश्वास प्रस्ताव ल्याउन सकिने र विशेष अधिवेशन बोलाउन सकिने धारा ५५ क सँग सम्बन्धित ।
- निर्वाचन क्षेत्र निर्धारण आयोगलाई प्रतिवेदन पुनरावलोकन गर्न दिने धारा १५४ सँग सम्बन्धित ।

**ग) २०६४ मंसिर २९ गतेको तेश्रो संशोधन र संशोधित व्यवस्था**

-संविधानसभाको निर्वाचन २०६४ चैत भित्र गर्ने : धारा ३३ सँग सम्बन्धित

-संविधानसभा ६०१ सदस्यीय हुने : धारा ६३ सँग सम्बन्धित

-गणराज्य लेखिने ।

## ४.६.२ संविधानसभा निर्वाचन २०६४ सँग सम्बन्धित कानुनी व्यवस्था

सात राजनीतिक दल र ने.क.पा. माओवादीबीच २०६४ पौष ८ मा सम्पन्न २३ बुँदे सहमतिका आधारमा नेपालको अन्तरिम संविधान २०६३ मा तेश्रो पटक संशोधन भइसकेको र विवादित राजनीतिक मुद्दाको व्यवस्थापन भई जातीय एवं क्षेत्रीय समुदायको आन्दोलन स्थगन भएकोले त्यसअघि २ पटक सम्म पछि सरेको संविधानसभा निर्वाचन सम्पन्न गर्न केही सहज वातावरण सिर्जना हुँदै आयो । त्यस परिप्रेक्ष्यमा ७ दल माओवादीबीच भएको पौष ८ को २३ बुँदे सहमति र संविधानको व्यवस्था बमोजिम नेपाल सरकारले २०६४ चैत २८ गतेको लागि संविधानसभाको निर्वाचन हुने तिथि घोषणा गरी निर्वाचन आयोगलाई

निर्वाचन गराउने अख्तियारी एवं काम कर्त्तव्य अधिकार प्रत्यायोजन गरी आवश्यक ऐन कानूनको तर्जुमा समेत गरिसकेको हुँदा निर्वाचन सम्बन्धी प्रक्रिया अघि बढेको थियो । संविधानसभा निर्वाचनसँग सम्बन्धित नीतिगत व्यवस्था निम्न बमोजिम रहेको पाइन्छ ।

- निर्वाचन आयोगको गठन, प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुको नियुक्ति काम कर्तव्य अधिकारको व्यवस्था : नेपालको अन्तरिम संविधान २०६३ को धारा १२८
- निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन २०६४: संविधानको धारा १५४ (क)
- संविधानसभा सदस्य निर्वाचन आयोगको गठन २०६३
- संविधानसभा सदस्य निर्वाचन ऐन २०६४
- मतदाता सम्बन्धी नियमाली २०६४
- संविधानसभा सदस्य निर्वाचन नियमावली २०६४
- संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०६४
- संविधानसभा सम्बन्धी अदालतः संविधानको धारा ११८ सँग सम्बन्धित

### ४.६.३ संविधानसभा सदस्य निर्वाचन प्रणाली

नेपालको अन्तरिम संविधान २०६३ को धारा ६३ मा संविधानसभाको गठन र निर्वाचन प्रणाली मिश्रित हुने व्यवस्था गरियो भने त्यसको अतिरिक्त संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ४ मा संविधानसभा निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गर्ने व्यवस्था रहेको थियो भने सो ऐनको दफा ४ (क) मा पहिलो हुने निर्वाचन हुने बहुमतीय प्रणाली र दफा ४ (ख) मा राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरिएको पाइन्छ । जसअन्तर्गत नेपाललाई २४० निर्वाचन क्षेत्रमा विभाजन गरी प्रत्येक निर्वाचन क्षेत्रबाट बहुमतीय प्रणाली अन्तर्गत पहलो हुने निर्वाचित हुने प्रणालीबाट बढी मत प्राप्त गर्ने २४० जना र सम्पूर्ण नेपाललाई एक निर्वाचन क्षेत्र मानी राज्य भित्रका दलित महिला जनजाति पिछडिएको समुदायसमेतको प्रतिनिधित्व हुने राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा समनुपातिक मत प्रणालीअन्तर्गतको दलीय बन्द सूची प्रणालीका आधारमा दलले मनोनित गरी पठाउने ३३५ सदस्य र २६ मन्त्रिपरिषदबाट मनोनीत हुने गरी ६०१ सदस्यीय व्यवस्थापिका गठन हुने व्यवस्था रहेको पाइन्छ । दोश्रो पटक भएको २०७० को संविधानसभा निर्वाचनमा समेत २०६४ को निर्वाचनको प्रक्रिया विधि र मिश्रित निर्वाचन प्रणालीका आधारमा समान अनुपातमा संविधानसभा सदस्य निर्वाचन सम्पन्न भई ५७५ सभासद निर्वाचित भइसकेका छन् ।

## ४.७ संविधानसभाको निर्वाचन २०६४

नेपालको राजनीतिक इतिहासमा संविधानसभाको प्रसङ्ग २००४ सालदेखि उठ्दै आएको भएतापनि संविधानसभाको लागि भनिएको निर्वाचन २०१५ सालमा संसदीय आमनिर्वाचनमा रुपान्तरित हुनु र २०१७ पौष १ गते संसदीय व्यवस्थाको भङ्ग गरी निर्वाचित सरकारलाई अपदस्थ गरी पौष २२ गते निर्दलीय पञ्चायती व्यवस्थाको घोषणा र पञ्चायती व्यवस्था अनुकूलको नेपालको संविधान २०१९ जारी भएपश्चात सो बखत उठेको संविधान सभाको प्रसङ्ग र अवधारणा तुहिन पुग्यो । त्यसको ३३ वर्षसम्म शिथिल बनिरहेको संविधानसभाको निर्वाचनको प्रसङ्ग पुनः २०५२ फागुन १ गतेदेखि ने.क.पा. माओवादीले संविधानसभाको माग सहित जारी गरेको सशस्त्र जनयुद्ध हिंसात्मक र नरसंहारकारी रुप धारण गरी चरमउत्कर्षमा पुगेपछि निरन्तर उठान भइरह्यो (लुइटेल; २०६७) द्वन्द्व र हिंसा समाधानका लागि ने.क.पा. माओवादी र सरकारबीच २०५८ भदौ १४ मा पहिलो पटक र त्यसपछि पनि भदौ २९ र कात्तिक २८, २०६० बैशाख १४ र २०६० बैशाख २५, २०६० साउन ३२ गरी विभिन्न चरणमा पटक पटक वार्ताका प्रयासहरु भए तर ने.क.पा. माओवादीले संविधानसभाको निर्वाचनलाई नै वार्ताको प्रमुख एजेण्डा बनाएपछि वार्ता सफल भएको थिएन ।

२०५९ असोज १८ र २०६१ माघ १९ को राजा ज्ञानेन्द्रको प्रतिगमनकारी कदम विरुद्ध आन्दोलित ७ राजनीतिक दलले राजतन्त्र विरुद्ध आन्दोलन गर्ने, पूर्ण प्रजातन्त्र स्थापना गर्न ने.क.पा. माओवादीले उठाएको संविधानसभाको मागलाई स्वीकारी २०६२ मंसिर ७ मा भारतको दिल्लीमा १२ बुँदे समझदारी भयो । त्यसको जगमा १९ दिने जनआन्दोलनबाट राजाले २०६३ बैशाख ११ गतेको घोषणामार्फत २०५९ जेठ ८ मा विघटन गरेको प्रतिनिधिसभा सर्वशक्तिमान रुपमा पुनर्स्थापित भयो । संविधानसभा मार्फत राज्यको पुनर्संरचनासहित समावेशी लोकतान्त्रिक संविधान निर्माणका लागि संविधानसभाको निर्वाचन अपरिहार्य महसुस भई राजनीतिक दलहरु र ने.क.पा. माओवादीबीच निरन्तर वार्ता संवाद र युद्धविराम सम्झौता भए पनि अन्ततः २०६३ मंसिर ५ गते नेपाल सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौता भयो । जसले राजनीतिक दलहरुलाई संविधानसभाको विषयबाट पछि हट्न नमिल्ने वातावरण सिर्जना गरायो भने द्वन्द्वरत माओवादी र सरकारले स्थायी युद्धविराम सम्झौता गरी २ पक्षबीचको सशस्त्र द्वन्द्वको स्थायीरुपमा अन्त्य भयो । अर्कोतर्फ

विस्तृत सम्झौताले ने.क.पा. माओवादीलाई पनि अन्तरिम सरकार संसदमा सहभागी गराई माओवादीलाई पनि शान्तिपूर्ण राजनीतिक मुलधारमा समाहित गरायो ।

विस्तृत शान्ति सम्झौतापछि ने.क.पा. माओवादी समेतका सम्पूर्ण राजनीतिक दलहरुको साझा दस्तावेजको रुपमा २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी भयो । जसको प्रमुख उद्देश्य नै संविधानसभाको निर्वाचनमार्फत गठित संविधानसभाबाट राज्यको पुनर्संरचना सहितको समावेशी लोकतान्त्रिक संविधान निर्माण गर्ने थियो । संविधान जारी हुँदा २०६४ जेठ महिनाभित्र संविधानसभाको निर्वाचन हुने संकल्प गरेको भएतापनि तत्पश्चात मधेशी र जनजाति लगायतका क्षेत्रीय र जातीय समुदायले राज्यको संरचनामा संघीयता, स्वायत्तता आत्मनिर्णयको अधिकार र संविधानसभामा समावेशी प्रतिनिधित्वका लागि आ-आफ्ना मागसहित आन्दोलित भएका कारण संविधानसभाको निर्वाचन सफल हुन सकेन ।

आन्दोलनमार्फत निर्वाचनमा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी संविधानको धारा ६३ (३) समेतमा संशोधन गरी राज्यलाई २४० निर्वाचन क्षेत्रमा विभाजन गरी प्रत्येक निर्वाचन क्षेत्रबाट १ जनाका दरले निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट २४० र प्रत्येक राजनीतिक दलले महिला जनजाति उत्पीडित र पिछडिएका समुदायको प्रतिनिधित्व हुने गरी सम्पूर्ण राज्यलाई १ निर्वाचन क्षेत्र मानी दलीय प्रतिष्पर्धाका आधारमा समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलबाट निर्वाचित हुने ३३५ र मन्त्रिपरिषदबाट मनोनीत हुने २६ समेत गरी ६०१ सदस्यीय संविधानसभा गठनको वैधानिक आधार बन्यो । (नेपालको अन्तरिम संविधान २०६३) अन्तरिम सरकारले २०६४ चैत २८ गते मुलुकभर एक साथ निर्वाचन गरायो । १ करोड ७६ लाख ९ हजार ८ सय ९५ मतदाता रहेको सो संविधानसभा निर्वाचनमा ६१.७०% अर्थात १ करोड ८ लाख ६६ हजार १ सय ३१ मतदाताले मतदान गरे । त्यसरी सम्पन्न भएको ऐतिहासिक संविधानसभा निर्वाचनमा ५४ वटा राजनीतिक दल र ८ सय १६ स्वतन्त्र उम्मेदवारले निर्वाचनमा भाग लिएका थिए ( फुयाल;२०७०:४६) ।

नेपालको इतिहासमै प्रथम पटक भएको संविधानसभा निर्वाचनमा छिटफुट घटना बाहेक समग्र निर्वाचन प्रक्रिया र मतगणना स्वच्छ निष्पक्ष र धाँधलीरहित भएको सर्वत्र चर्चा भयो । उक्त निर्वाचनमा ने.क.पा. माओवादीले ५७५ मध्ये २२० सिट प्राप्त गरी ठूलो दल घोषित भयो । ने.का. ११० ले सिट र ने.क.पा. एमालेले १०३ सिट प्राप्त गरी दोश्रो र तेश्रो ठूलो दल घोषित भए । तर राजनीतिक दलहरुको सत्ता बनाउने र ढाल्ने, १७ पटक सम्म प्रधानमन्त्री पदका लागि निर्वाचन प्रतिष्पर्धा गर्ने, सभासद तथा मन्त्रीहरु विभिन्न आपराधिक काण्ड तस्करी र भ्रष्टाचारमा लिप्त भएको प्रवृत्तिहरुले गर्दा संविधान निर्माणको विषय पूरै ओभ्फेलमा पर्दै आयो भने अर्कोतर्फ माओवादी सेनालाई राष्ट्रि सेनामा समायोजन गर्ने लगायत शान्ति प्रक्रियालाई अन्तिम रुप दिने कार्य पहिला गर्ने वा संविधान निर्माण गर्ने प्राथमिकता पहिलो हुने भन्ने दलहरुबीचको असमभ्फदारी र अन्यौलताले संविधान निर्माणको मुख्य विषय आफै ओभ्फेलमा पर्दै आयो । २ वर्ष संविधानसभाको म्याद थप गरी यसको कार्यकाल ४ वर्ष बनाउँदा समेत यसले संविधान निर्माण गर्न सकेन र अन्ततः सर्वोच्च अदालतको मिति २०६८ मंसिर ९ गतेको फैसलाको आधारमा २०६९ जेठ १४ मा संविधानसभाको विघटन हुन पुगेको थियो ।

### ४.७.१ संविधानसभाको विघटन र दोश्रो संविधानसभा निर्वाचनको बहस

२०६४ चैत २८ को दिन नेपालको राजनीतिक इतिहासमा एक अभूतपूर्व र विशिष्ट महत्वको दिन बन्न पुगेको थियो । जुन दिनमा संविधानसभाको मागसहित २००७ सालदेखि हुँदैआएको संघर्ष, १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन, आ-आफ्नो जातीय र क्षेत्रीय समुदायका तर्फबाट राज्य व्यवस्थामा प्रतिनिधित्वको पहुँचको लागि भएका विद्रोह र आन्दोलन लगायत सबै प्रकारका द्वन्द्व र टकरावलाई विभिन्न चरणका शान्ति वार्ता र समभ्फदारीका माध्यमबाट व्यवस्थापन गर्दै ऐतिहासिक संविधानसभा निर्वाचन सम्पन्न भएको थियो । संविधानसभा निर्वाचनबाट ने.क.पा. माओवादीले प्रत्यक्षतर्फ १२० र समानुपातिक तर्फ १०० गरी २२० सिट प्राप्त गरी संविधानसभामा पहिलो ठूलो दल घोषित भयो भने नेपाली काँग्रेसले ११० सिट सहित दोश्रो ठूलो र ने.क.पा. एमाले १०३ सिटसहित तेश्रो ठूलो दल घोषित भएको थियो । संविधानसभाको प्रथम बैठक २०६५ जेठ १५ मा सम्पन्न हुँदा नेपालमा २४० वर्षअघि देखि शासनको केन्द्रमा रहेको शाहवंशीय

राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गरी नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र घोषित गर्दै गणतन्त्रको औपचारिक कार्यान्वयन गरेको थियो ।

नवगठित संविधानसभाको कार्यकाल संविधानसभाको पहिलो बैठक बसेको मितिले २ वर्षको हुनेछ भन्ने संवैधानिक व्यवस्था बमोजिम यसको कार्यकाल प्रथम पटक बैठक बसेको मिति (२०६५ जेठ १५) देखि गणना गरी २ वर्षसम्म (२०६७ जेठ १४ गते समाप्त) हुने व्यवस्था रहेको पाइन्छ (नेपालको अन्तरिम संविधान २०६३, धारा ६४) । सो २ वर्षे कार्यकालभित्र यसले शान्तिप्रक्रियालाई अन्तिम निष्कर्षमा पुऱ्याउने, राज्यको अग्रगामी पुनर्संरचनासहितको संघीय लोकतान्त्रिक चरित्रको संविधान निर्माण गर्ने र अन्तरिम संविधान २०६३ बमोजिम व्यवस्थापिका संसदको हैसियतमा काम कर्त्तव्य निर्वाह गर्ने प्रमुख ३ कार्यभार बहन गरेको थियो । ती कार्यभार संविधानसभाले शुन्यबाट थालनी गर्न सुरु गरेको थियो । संविधानसभाको दोश्रो बैठक २०६५ जेठ २३ मा सम्पन्न भयो । सो दोश्रो बैठकले नारायणमान बिजुक्छे संयोजक रहेको ४४ सदस्यीय संविधानसभा कार्यविधि नियमावली मस्यौदा समिति गठन गऱ्यो । संविधानसभाले कात्तिक २९ गतेमात्र संविधानसभा नियमावली २०६५ र संविधानसभा (व्यवस्थापिका संसद) को कार्य संचालन नियमावली २०६५ नामक २ छुट्टाछुट्टै नियमावली पारित गऱ्यो (फुयाल, २०७०:५७) ।

संविधानसभाबाट संविधान निर्माण गर्ने प्रयोजनका लागि २०६५ मंसिर १ गतेदेखि २०६७ जेठ १४ गतेभित्रै संविधान जारी गर्ने कार्यतालिका बनाइ लागू गरेको थियो । जसका लागि संविधानसभाबाट १४ वटा विषयगत समिति पनि गठन भएका थिए । संविधान निर्माणका कार्यतालिका र मार्गचित्रअनुसार पहिलो चरणमा सबै विषयगत समितिले आ-आफ्ना विषयगत क्षेत्र भित्र रहेर संविधानको अवधारणा पत्र तथा प्रारम्भिक मस्यौदा तर्जुमा गर्ने, दोश्रो चरणमा विषयगत समितिबाट प्राप्त भएका प्रतिवेदन उपर छलफल गरी कुनै राय सुझाव निर्देशन भएमा सोसहित सभामा पठाउने, तेश्रो चरणमा सभाले दिने राय सुझाव र निर्देशनको आधारमा संवैधानिक समितिले विषयगत समितिको प्रतिवेदनलाई समावेश गरी संविधानको पहिलो मस्यौदा तयार गर्ने, चौथो चरण्मा पहिलो समस्यौदामा छलफल गरी राजपत्रमा प्रकाशन गर्ने, पाँचौ चरणमा पहिलो मस्यौदा उपर जनताको राय सुझाव संकलन गर्ने, छैठौ चरणमा जनताबाट प्राप्त राय सुझाव बमोजिम मस्यौदामा परिमार्जन गरी

संविधानको विधेयक तयार गर्ने, सातौ चरणमा संविधानको प्रस्तावना र धारामा संविधानसभामा बुँदागत छलफलसहित पारित गर्ने र आठौ चरणमा संविधानसभामा उपस्थित सम्पूर्ण दस्तखत सहित संविधानसभाको अध्यक्षले प्रमाणित गरी राष्ट्रपति समक्ष पेस गरी संविधान जारी भएको घोषणा गर्ने कार्यतालिका रहेको थियो । तर सो कार्यतालिका बमोजिम काम सम्पन्न हुन सकेन । त्यतिमात्र होइन, संविधान बमोजिमको संविधानसभाको कार्यकाल नै सकिन गई संविधानको धारा ६४ मा संशोधन गरि यसको कार्यकाल १ वर्ष लम्ब्याइयो ।

संविधानसभाले आफ्नो कार्यकाल लम्ब्याउन आफै स्वतन्त्र छ वा छैन भन्ने बहस राजनीतिक र संवैधानिक बृत्तमा पहिलो पटक २०६७ जेठ १४ मा १ वर्ष म्याद थप गरी संविधानमा संशोधन गरेलगत्तै देखि प्रारम्भ भएको थियो । पहिलो पटक १ वर्षको म्याद थप गरेको कार्य असंवैधानिक छ भनी परेको रिटमा २०६७ कात्तिक १८ मा सर्वोच्च अदालतका न्यायाधीश बलराम केसीसहितको ३ सदस्यीय इजलासले संविधानसभाको कार्यकाल संविधान नबनेसम्मका लागि हुने भन्ने फैसला गरेको थियो । त्यसपछि पनि संविधानसभाको कार्यकाल बढाउने क्रम निरन्तर भएकोले म्याद थपका विरुद्ध २०६८ भदौ १४ मा परेको रिट नं. (२०६८ W.S. २००१४०) को मुद्दामा भने सर्वोच्च अदालतको प्रधानन्यायाधीश खिलराज रेग्मीसहितको ५ सदस्यीय पूर्ण इजलासले २०६८ मंसिर ९ मा पछिल्लो पटक थपिएको समय सीमा २०६९ जेठ १४ भित्र संविधान जारी गरिसक्नु पर्ने, अन्यथा संविधानसभा स्वतः विघटन हुने ठहरसहित वैकल्पिक सुझाव सुझाएको थियो (ने.का.प. २०६८) ।

स्मरणीय छ सर्वोच्च अदालतले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिस बमोजिम विघटन भएको प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा परेको रिटमा प्रतिनिधिसभा पुनर्स्थापना हुन नसक्ने गरी पुनर्स्थापनाको विपक्षमा फैसला आएको थियो भने समान तथ्य र कानुनी प्रश्नभित्र प्रधानमन्त्री मनमोहन अधिकारीको सिफारिसबमोजिम प्रतिनिधिसभा विघटन हुँदा प्रतिनिधि सभा पुनर्स्थापनाको माग गरी परेको रिटमा प्रतिनिधिसभा विघटन नहुने गरी फैसला आएको थियो । सो बखत समान तथ्यका फैसलामा न्यायीक एकरुपता नभएको भनी, टिकाटिप्पणी गरिएको थियो । त्यसरी नै संविधानसभाको कार्यकाल थप्न

पाउने नपाउने विषयमा परेको समान विषय भएका मुद्दामा भएको फरक फरक कानुनी सिद्धान्त र फैसला उपर टीका टिप्पणी भइनै रहे । जे भए पनि अदालत स्वच्छन्द र पूर्वाग्रही छ-छैन भन्ने विषय छुट्टै विषय हो तर सक्षम अदालतले अन्तिम पटक सुनुवाई गर्दा म्याद थप गर्न नपाउने भनी गरेको आदेशले संविधानसभालाई स्वच्छन्द भइ आफ्नो आयु आफै लम्ब्याउने स्वच्छाचारी कार्यलाई निषेधै गर्‍यो । फलतः एकातर्फ राज्यको पुनर्सरचनाको विषयमा जातीय तथा क्षेत्रीय समुदाय आ-आफ्ना क्षेत्रीय एवं जातीय राज्यको पक्ष विपक्षमा बन्द हड्तालमा उत्रनु र अर्कोतर्फ सर्वोच्च अदालतको २०६९ मंसिर ९ को आदेशले म्याद थप गर्न निषेध गर्नबाट पुनः म्याद थप गरी संविधानसभा ब्यूँताउने अवस्था रहेन । न त संविधानसभाले संविधान नै दिन सक्यो । २०६९ जेठ १४ गते संविधान निर्माण त के यसको औपचारिक बैठक नै नबसी संविधानसभा विघटन हुन पुगेको थियो । त्यसरी संविधान निर्माण गर्ने प्रयोजनका लागि गति जननिर्वाचित संस्था संविधानसभाले संविधान निर्माण गर्न नसक्नुमा ३ प्रमुख कारणहरु विद्यमान रहेको पाइन्छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

**क) ठूला दलहरुको अकर्मण्यता र स्वार्थी राजनीति :** प्रथमतः संविधानसभाको प्रमुख कार्यभार शान्तिप्रक्रियालाई पूर्णता दिई संविधान निर्माण गर्नु रहेको थियो । तर संविधानसभाको विस्तारित कार्यकाल शान्ति प्रक्रिया पहिले कि संविधान निर्माण भन्ने दलहरुबीचको विवादमै रुमलियो । २०६५ असार ११ गते संविधानसभाले सार्वजनिक गरेको २०६५ मंसिर १ गतेको पूर्व कार्यतालिका अनुरुप संविधान निर्माणलाई गति दिन सकेन । त्यत्तिकैमा २ वर्षको संवैधानिक समय सीमा टरेपछि २०६७ जेठ १४ मा संविधानको धारा ६४ मा आठौ संशोधन मार्फत पहिलो पटक संशोधन गरी संविधानसभाको कार्यकाल १ वर्ष थप गरी ३ वर्ष बनाइयो । ३ वर्षको कार्यकाल बनाउँदासमेत समय नपुग भएको भनी २०६८ जेठ १४ मा ६ महिना र सो ६ महिनामा पनि संविधान निर्माणको काम सम्पन्न हुन नसक्दा २०६८ मंसिर १४ मा ६ महिना संविधानसभाको कार्यकाल थप गरी २०६९ जेठ १४ सम्मको लागि संविधानसभाको म्याद थप गरी संविधानसभाको कार्यकाल ४ वर्षको बनाइएको थियो ।

त्यसरी म्याद थप गर्दै आइरहेको परिप्रेक्ष्यमा कार्यतालिका स्वतः औचित्यहीन हुन पुगी पटक पटक परिमार्जन गरिएको थियो । तर दलहरुबीच २०६९ जेठ सम्म पनि संविधानमा समावेश गर्ने विषयमा निर्णय बन्न सकिरहेको थिएन । विशेषतः "राज्य पुनर्सरचना, शासकीय स्वरुप र निर्वाचन प्रणाली, नागरिकता, न्यायप्रणाली, मौलिक हक तथा विविध विषयमा दलहरुबीच ठोस सहमति बन्न सकेको थिएन (संविधान सूचना केन्द्र २०६९ कात्तिक २२) । विवादित विषयमा २०६९ जेठ २ मा शीर्षनेताहरुबीच सहमति भइसकेको कुरा पनि सार्वजनिक गरियो तर त्यसरी सहमति भएको विषय संवैधानिक समिति र संविधानसभामा औपचारिकरुपमा प्रस्तुत नै भएन र दलहरुबीचमा सहमति कायम भएको भनिएको विषयमा पनि विवाद कायमै रहन पुग्यो (पूर्ववतः) । त्यसैबीच राज्य पुनर्संरचनाको क्षेत्रीय स्वार्थको टकराव सुरुवात भयो । अखण्ड सुदूरपश्चिमको माग राख्दै दुई अञ्चल ( सेती महाकाली) मा बैशाख दोश्रो हप्तादेखि अनिश्चितकालीन बन्द भयो । बन्दका कारण दुई हप्तामै आसपासका पहाडी जिल्लामा खाद्यान्न र औषधी अभाव हुन थाल्यो भने अखण्ड सुदूरपश्चिमको माग विरुद्ध स्वायत्त थरुहट र थारुवान पक्षधरले कैलाली र कञ्चनपुरमा विद्रोह गरे (फुयाँल, २०७०:२५३) ।

राज्य पुनर्संरचनाको क्षेत्रीय र जातीय स्वार्थको टकराव जनस्तरमा आपसमा मुठभेडमा परिणत हुँदै आयो । पूर्वी तराई मध्येतराई, सुदुरपश्चिम कतै सम्पूर्ण मधेश एक प्रदेशका नाउमा र कतै अखण्ड कतै थरुहट प्रदेशको मागसहित राज्यव्यापी जुलुस बन्द र तोडफोड भए । त्यसैगरी ने.क.पा. माओवादीले अडान लिदैआएको एकल जातीय पहिचानको राज्यको पक्षमा र विपक्षमा हिमाली र सम्पूर्ण पहाडी जिल्लामा छुट्टाछुट्टै हडताल र र सभा गर्न थालिए । २०६९ बैशाख जेठको लगातारको बन्द र प्रदर्शनमा आ-आफ्ना जातीय तथा क्षेत्रीय पहिचानको आन्दोलनमा सर्वसाधारणको व्यापक सहभागिता थियो । एउटै भूगोलमा फरक फरक राज्यको मागसँगै त्यसको नामाकरणमा उस्तै विवाद र झगडा भयो । प्रदशेको नाम जातीय हुने वा नहुनेमा भन्नेमा दलहरुबीच तीव्र विवादै रह्यो । छिटपुट नेताबाहेक एमाओवादीका नेतृत्व जातीय नामका पक्षमा थिए भने काँग्रेस र एमाले बहुपहिचान र साझा नामका पक्षमा संस्थागतरुपमा उभिएका थिए" (फुयाँलः २०७०:२५६) ।

दुई वर्षमा संविधान निर्माण गर्न असफल संविधानसभाले जति समय थपे पनि काम फत्ते गर्न सक्दैन भन्ने बहस पहिल्यैदेखि सुरु भएको थियो । पहिलो पटक संविधानसभाको कार्यकाल थपेरै भए पनि संविधान जारी हुनुपर्छ भन्ने जनमत बलियो थियो र कार्यकाल सकिन लाग्दा नागरिक समाज र विभिन्न जातीय समुदाय म्याद थपको पक्षमा आन्दोलनमा उत्रिएकै थिए (फुयाँलः २०७०:१७१) । तर पछिल्ला पटक यिनै नागरिक समाज, जनजाति र क्षेत्रीय समुदायले आ-आफ्ना मागसहित पक्ष विपक्षमा बन्द हड्ताल मार्फत विद्रोहमा उत्रे । जसले संविधानसभालाई विघटनतर्फ उन्मुख गरायो । तत्कालीन सात दल र माओवादीबीच शान्तिप्रक्रिया अघि बढाउने विषयमा भएको सहमतिमा ६ महिनाभित्र पूर्व लडाकूको समायोजन, पुनर्स्थापना तथा शान्तिप्रक्रिया पूरा गर्ने उल्लेख थियो । संविधान निर्माणको काममा केन्द्रित भइ अगाडि बढ्न र समयमै नयाँ संविधान जारी गर्ने सहमति र सहकार्यको बाटो अवलम्बन गरिने पनि उल्लेख थियो (२०६५ असार ११ मा भएको सहमति बुँदा नं. २ (१) । तर व्यवहारमा सो कार्यान्वयन हुन भने सकेन । किनकि माओवादीले आफ्ना लडाकुको बलमा आफूले चुनाव अघि प्रतिबद्धता गरेको जातीय पहिचानको राज्य संविधानमा सुनिश्चित गर्न चाहन्थ्यो र त्यसका लागि सरकारको नेतृत्व लिन चाहन्थ्यो त्यसो नहुँदा माओवादीले पहिला लडाकू समायोजन होइन संविधान सुनिश्चित गर्नुपर्छ भन्ने अड्डीमा थियो भने काँग्रेस एमाले पहिले लडाकू समायोजन र पुनर्स्थापना गरेपछि मात्र संविधान निर्माण गर्नुपर्छ भन्ने मुख्य अडानमा थिए । माओवादी लडाकू र हतियार राजनीतिक दलहरुका लागि राजनीतिक शक्ति र सत्ता बार्गेनिङको बस्तु बनेका थिए (फुयाँल २०७०:३३) ।

अन्ततः २०६८ चैत २८ गते बाबुराम भट्टराई नेतृत्वको सरकारको कार्यकालमा माओवादी पूर्वलडाकूका अस्थायी शिविर नेपाली सेनालाई हस्तान्तरण गरियो । त्यसपछि मात्र शान्तिप्रक्रियाले अन्तिम रुप पाएको थियो । त्यसपछि पुनः जातीय राज्यको पक्ष विपक्षमा दलबीचका विवाद यथावतै रहे । अन्ततः त्यसको व्यवस्थापन गर्न नसक्दा र ६ महिनाभित्र गर्ने भनिएको शान्ति प्रक्रियाको कार्य करिब ४ वर्षपछि अन्तिम घडीमा आएर मात्र सम्पन्न भयो । त्यो नै संविधानसभा विघटनको प्रमुख कारण हो ।

**ख) संविधान बनाउनेभन्दा सरकार बनाउने र ढाल्ने खेलमा जोड** : संविधान निर्माणका लागि अन्तरिम संधिधानले तोकेको २ वर्ष र त्यसपछि संविधान संशोधन गरी थपिएको समय २ वर्ष गरी व्यतित भएको चार वर्षको समयको प्रत्येक क्षण अत्यन्त महत्वपूर्ण हुँदाहुँदै पनि त्यसतर्फ दलहरु विल्कुल गम्भीर भएन् । ४ वर्षको अवधि केवल सरकार बनाउने र गिराउने खेलमा सकियो । संविधानसभा र व्यवस्थापिका संसदको हैशियतले नियमित काम गर्ने निकाय एउटै भएको कारण पनि त्यसको असर संविधान निर्माणमा परेको हो । क्षणिक सत्ता प्राप्तिका सौदावाजी, संविधानसभाको म्याद थप्ने विषयमा मात्र सीमित रह्यो । जो प्रतिपक्षमा भए पनि प्रधानमन्त्रीलाई राजीनामा नगराई संविधानसभाको म्याद थप्न तयार नभएको र अन्ततः प्रधानमन्त्रीको राजीनामा नै संविधानसभाको म्याद थप गर्ने निर्विकल्प साधन बनेको तथ्य माधवकुमार नेपाल, झलनाथ खनालको नेतृत्वकालमा भएका सहमतिबाट प्रष्ट देखिन्छ । संविधान निर्माणको मूल मुद्दालाई ओझेलमा पारी सत्ता ढाल्न बनाउनको लागि मात्र १७ पटकसम्म प्रधानमन्त्रीको लागि चुनावमा प्रतिष्पर्धा गर्ने रामचन्द्र पौडेल, प्रचण्ड र झलनाथलगायत शीर्षनेताहरुको सत्ता लिप्सा सोच र आचरण पनि संविधानसभा असफलताको प्रमुख कारण मध्येको एक हो ।

**ग) संविधानसभालाई सार्वभौम बन्न नदिनु** : संविधानसभाको संख्या ६०१ भए तापनि संविधान निर्माणको सन्दर्भमा सो जनशक्ति प्रयोग नहुनु संविधान निर्माण नहुनुको प्रमुख कारण हो । चार दलका शीर्ष नेता एक टेबुलमा बसेर सहमति भएका विषयबाहेक सभासद्हरु कहिल्यै पनि संविधानसभामा स्वतन्त्र सार्वभौम जनप्रतिनिधिको हैसियतमा भूमिका निर्वाह गरेको पाईंदैन । संविधानसभाले निर्णय गर्ने हरेक विषयमा संविधानसभामा विषय फ्लोर भइ मतदान हुनु पूर्व राजनीतिक दलले आ-आफ्नो सभासदलाई पक्ष विपक्षमा मतदान गर्न ह्वीप गर्ने गरेको पाइन्छ । संविधानसभामा प्रतिनिधित्व गरेका दलहरुमध्ये ४ दलका ४ शीर्ष नेताले मुलुकलाई आफ्नै पेवा ठान्ने प्रवृत्ति, निर्वाचन अघि जातिपिच्छे राज्य दिनेछौ भनी बाँडेको आश्वासनलाई पूरा गर्ने थलोको रुपमा संविधानसभालाई प्रयोग गर्न प्रयत्न गर्ने, सभासद्हरु रोष्टममा उभिएर संविधान निर्माण र राष्ट्रिय हितमा धारणा राख्ने र विश्लेषण गर्नुभन्दा दलको खेताला कर्तव्यबाट बिचलित भएको ४ दलका शीर्ष नेताहरु नै सत्ताका लागि फोहोरी संघर्ष र षडयन्त्र गर्दै १७ पटकसम्म प्रधानमन्त्रीमा भिडीरहनु, कानुनी राज्य भन्ने तर सर्वोच्च अदालतले ६ महिनाअघि बजाएको जनाउ घण्टीलाई अनदेखा गर्ने

लगायतका ४ राजनीतिक दलका शीर्ष नेताहरुको अकर्मण्यता अदूरदर्शिता र सत्ताकेन्द्रित प्रवृत्तिले राष्ट्रिय ढिकुटीको मात्र २० औ खर्ब खर्चिएर सम्पन्न भएको संविधानसभाको निर्वाचन मार्फत गठित सार्वभौमसत्ता सम्पन्न जनप्रतिनिधिमूलक संविधानसभा २०६९ जेठ १४ गते राति मृत घोषित भयो । चुनाव गर्नकै लागि मात्र राष्ट्रिय ढिकुटीको २० खर्बके खर्चका अतिरिक्त त्यसपछि निर्वाचित ६०१ सभासदले संविधान निर्माण गर्ने नाउँमा लिए खाएको तलब भत्ता सुविधा मरुभूमिमा पानीको सिचाइ गरेसरह भयो ।

### ४.७.२ दोश्रो संविधानसभा निर्वाचनको अवधारणा

२०६९ जेठ १४ गतेसम्म राज्यको पुनर्संरचनाको विवादको विषय चुलिदै गएको र राज्यका प्रत्येक जातजातिबीच एउटै भूगोलमा आ-आफ्नो जातीय पहिचानको राज्यको नामाकरण र मागको पक्ष विपक्षमा बन्दमाथि बन्द, विरोधमाथि विरोध, आन्दोलनमाथि आन्दोलन, हिंसा प्रतिहिंसाको श्रृङ्खला बढ्दै आयो । राज्यको पूरै जनजीवन अस्तव्यस्त बनेपछि विवादित राज्य पुनर्संरचनाको विषय व्यवस्थापन गरी संविधान जारी हुने अवस्था विल्कुल रहने । सो परिदृश्यले संविधानसभाको विघटन सुनिश्चित थियो । तर संविधानसभा विघटनसँगै संविधानसभाले ४ वर्ष अवधि लगाएर प्राप्त गरेको केही उपलब्धिलाई बचाउन र व्यवस्थापकीय निकायको अभावलाई पूर्ति गर्ने प्रयोजनका लागि दलहरुबीच सहमति जुटिसकेका विषय संविधानको रुपमा जारी गर्ने र विवादित विषयहरु संविधानसभालाई संसदमा रुपान्तरण गरी रुपान्तरित संसदमार्फत सहमति गराई संविधान जारी गर्ने वा संकटकाल घोषणा गरी संविधानसभाको म्याद ६ महिना लम्ब्याइ सो अवधिभित्रै विवादित विषयमा टुङ्गो लगाई संविधानसभाबाटै एकमुष्ठ संविधान जारी गर्ने लगायतका विकल्पमा छलफलका प्रयास पनि दलहरुबीच भएका थिए ।

२०६९ जेठ १४ गते दिउँसो "संविधानसभाको कार्यकाल ६ महिना थप गर्ने विकल्पमा छलफलका लागि प्रधानमन्त्री कार्यालय पुगेका काँग्रेस र एमालेका शीर्षनेताहरुलाई मन्त्रिपरिषद्को बैठकको चालु रहेको भनी प्रधानमन्त्रीले भेट समेत नदिई फर्काएका थिए । ( कान्तिपुर दैनिक, १७ जेठ, २०६९) संविधान निर्माण नहुँदै संविधानसभा विघटन हुने ठहरमा पुगेको मन्त्रिपरिषदको उक्त बैठकले २०६९ मंसिर ७ गतेको लागि अर्को संविधानसभा निर्वाचन तिथि तय गरी त्यसको जानकारी राष्ट्रपतिको कार्यालय, संविधानसभा सचिवालय

र निर्वाचन आयोगलाई पठायो (फुयाल, २०७०:१०२) सो लगत्तै १४ जेठ २०६९ को राति संविधानसभा विघटन भएको थियो । मंसिर ७, २०६९ मा अर्को संविधानसभा निर्वाचनको तिथि तय गर्ने मन्त्रिपरिषदको औपचारिक निर्णय अगावै तत्विषयमा राजनीतिक दलबीच न त कुनै प्रकारका गम्भीर वार्ता र छलफल नै भएका थिए, न त अन्तरिम संविधानमा दोश्रो पटक पनि संविधानसभा निर्वाचन हुने परिकल्पना नै गरिएको थियो । केवल सर्वोच्च अदालतले २०६८ मंसिर ९ मा दिएको आदेशमा वैकल्पिक उपाय र सुझावमा अर्को निर्वाचन गर्न गराउन सकिने संकेत सम्म गरेको थियो । संविधानसभाको विघटनसँगै व्यवस्थापिकीय संसदको अभाव खट्क्यो । संवैधानिक जटिलता, राजनीतिक अन्यौल र सामाजिक निराशा लगायत अन्तरिम संविधानले परिकल्पना नै नगरेको जटिल परिस्थिति उत्पन्न भयो । "संविधानतः  हल गर्न नसकिने अवस्थामा पनि अघि बढ्नुपर्ने राजनीतिक क्रियाशीलतालाई भट्टराई गच्छदार गठबन्धन सरकारले उपेक्षा गर्दै अघि बढ्यो भने दलहरु पनि परिस्थिति सम्हाल्न असमर्थ देखिदै गए र राजनीतिकरुपमा परिस्थिति सम्हाल्न दायित्वबाट शितल निवासखिचिदै आयो ।

संविधानसभा विघटन हुँदा मंसिर ७ गते संविधानसभा निर्वाचन गर्ने तिथि घोषणा गरेको सरकारलाई २०६९ जेठ १६ गते सरकार केवल काम चलाउमात्र भएको व्यहोराको राष्ट्रपति डा. रामबरण यादवले स्मरण पत्र पनि दिइसकेका थिए । उता निर्वाचन आयोगले ७ मंसिरमा निर्वाचन गराउनुपूर्व संविधान संशोधन र कानुन निर्माण गर्न अनिवार्य भएकोले ७ साउन भित्र यी काम सम्पन्न नगरे चुनाव नहुने जनाउ सरकारलाई दिइसकेको थियो ( हिमाल, २०६९ साउन १-१५) । व्यवस्थापिका संसदको रिक्तता भएको त्यस घडीमा आवश्यक कानुन निर्माण र संविधान संशोधनको विल्कुल सम्भावना थिएन । फलतः मंसिर ७ गतेको निर्वाचनको प्रसङ्ग ओझेलमा पर्दै आयो । त्यसबीच पनि सहमतीय सरकार निर्माण गर्नुपर्ने अन्य राजनीतिक दलहरुका मागका बाबजुद सरकार आफ्नै ढंगले क्रियाशील रह्यो । त्यसरी उठिरहेको संविधानसभाको अर्को निर्वाचनको प्रसङ्ग सहमतीय सरकार गठन गर्ने प्रसङ्गका बीच केही आझेल पर्‍यो । सो अवधिबीच संविधानसभाका विवादित विषयमा सहमति गरेर संविधानसभा पुनर्स्थापना गर्ने एमाओवादी, ने.का. र एमालेले गरेको प्रतिबद्धता असफल भयो । २७ भदौ, २०६९ मा एमाओवादी र ने.का. का नेताहरुले फेरि पनि उही सहमति गरेका थिए (हिमाल, २०६९ असोज १-१५) ।

२०६९ असोज १४ गते राष्ट्रपति डा. रामबरण यादवले १९ दलका शीर्ष नेताहरुलाई शितल निवासमा बोलाएर करिब साढे चार घण्टा छलफल गर्दै सहमतीय सरकार निर्माण गर्न दबाब दिएका थिए । बैठकमा सत्तारुढ गठबन्धनका नेताले प्याकेजमा सहमति खोज्ने पुरानै अडान दोहोऱ्याएपछि प्रतिपक्षी दलहरुले गठबन्धनको एकस्वरमा बिरोध गरेका थिए । त्यसको सात दिन अघि बसेको एमाओवादी, ने.का., ने.क.पा. एमाले र मधेशी मोर्चाको बैठकले नयाँ निर्वाचनमा जाने सैद्धान्तिक सहमति गर्दै त्यसको निम्ति गृहकार्य गर्ने निर्णय गरेको थियो" हिमाल, २०६९ असोज १६-३० पृ. २६) । मंसिर ७ गते संविधानसभा निर्वाचनको घोषणा गरेको सरकारलाई राष्ट्रपति डा. रामबरण यादवले चुनावी डेडलाइनको रुपमा हेरिरहेका थिए । मंसिर ७ गतेको तिथि समाप्त हुँदा पनि सहमतीय सरकारको गठन र राजनीतिक निकासको सम्भावना नदेखेपछि "राष्ट्रपति डा. रामबरण यादवले सात दिनभित्र सहमतिबाट प्रधानमन्त्रीको नाम सिफारिस गर्न ८ मंसिरमा राजनीतिक दललाई औपचारिक आह्वान गरे (हिमाल २०६९ मंसिर १६-३० पृ २८) । राष्ट्रपतिको औपचारिक आह्वानलगत्तै मन्त्रिपरिषदको बैठक बसी राष्ट्रपतिको सो आह्वान संविधानको भावना र मर्म विपरीत भएको निर्णय गऱ्यो ।

राष्ट्रपतिले दिएको उपरोक्त समयसिमा भित्र सहमतीय सरकार निर्माण हुन सकेन । राष्ट्रपतिले पुनः दोश्रो पटक "दलहरुकै आग्रहमा मंसिर १४ गते पुनः ७ दिनको म्याद थप गरेका थिए । संसदबिहीन अवस्थामा राष्ट्रपतिले निकास केन्द्रित पहल गर्न अर्को संवैधानिक व्यवस्था नभएकोले थप समयसीमा भित्रमा पनि सहमति नहुँदा पुनः ५ दिनको म्याद थप गरे ।" (हिमाल २०६९ मंसिर १६-३०, पृ.३०) । तर राष्ट्रपतिले दिएको समयसीमा भित्र कुनै सहमति बनेन । सत्तारुढ एमाओवादी चुनावी सरकारको नेतृत्व आफूले पाउनुपर्ने अन्यथा राजीनामा नगर्ने अडानमा रह्यो । सरकारलाई कठपुतली भन्ने प्रतिपक्षहरुप्रति आक्रामक हुँदै संविधानसभा जिवित रहेका बखत संसदबाट निर्वाचित प्रधानमन्त्री कठपुतली हुने भए संविधानको भावना बमोजिम संसदबाटै प्रधानमन्त्री चयन गर्न प्रतिपक्षी दललाई चुनौती दिए । संसदै नभएको बखत कसरी कस्तो प्रधानमन्त्री चयन हुन्छ ? त्यसैले चुनावी सरकारको नेतृत्वसमेत एनेकपा माओवादीले नपाएसम्म सहमति हुँदैन सहमति नभएसम्म २०-२५ वर्ष सम्म यही सरकारले निरन्तरता पाउछ भनी माओवादी अध्यक्ष प्रचण्डले झापाको कार्यक्रममा वक्तव्य राखे ।

यतिका चरणसम्म संविधानसभाको अर्को निर्वाचनबाहेक १० वर्षे जनयुद्ध र २०६२/२०६३ को जनआन्दोलनमार्फत प्राप्त लोकतान्त्रिक उपलब्धिको बचाउ गर्ने अन्य प्रभावकारी विकल्प नभएको राजनीतिक दलहरुको ठम्याइ रहेको थियो । संविधानसभाको अर्को निर्वाचन नै निर्विकल्प माध्यम हो भन्ने तर आफू संवैधानिक प्रधानमन्त्रीको हैसियतमा रहेकोले र चुनावी सरकारको नेतृत्वसमेत आफूले नपाएसम्म सहमति नगर्ने अडान लिँदै आइरहेको परिप्रेक्ष्यमा अन्य प्रतिपक्षी दलहरु ए नेकपा माओवादी नेतृत्वको तत्कालीन बाबुराम भट्टराई सरकारलाई हटाउने बलियो विकल्पको खोजि गरिरहेका थिए । त्यसैबीच "७ मंसिरमा पहिले घोषणा गरेको चुनाव असफल भएको उल्लेख नै नगरी २०७० बैशाखका लागि प्रधानमन्त्रीले अर्को संविधानसभा निर्वाचन घोषणा गरे (हिमाल, २०६९ माघ १६-२९ पृष्ठ ३०) ।

सरकारको त्यो निर्णयबाट सरकार र एनेकपा माओवादी बढी आलोचित हुँदै आयो । २०६८ भदौ ११ मा प्रधानमन्त्री बन्दा सर्वत्र लोकप्रिय बनेका डा. बाबुराम भट्टराईले सुरुमा आफूलाई भिन्न र लोकतान्त्रिक देखाउन मुस्ताङ म्याक्स गाडी रोजेका थिए । तर उनको कार्यकालमा प्रचण्ड पुत्र प्रकाशलाई हिमाल आरोहण गर्न २ करोड रकमको सरकारी बजेट छुट्टयाउनु, जनयुद्धकालका लेनदेन र जनअदालतका लिखत कारोबार र निर्णयलाई वैधानिकता दिने, पूर्व प्र.म. पूर्वसभामुख, पूर्वगृहमन्त्री, पूर्व प्रधानन्यायाधीशलगायतका व्यक्तिहरुलाई आजीवन विशेष राष्ट्रिय सुरक्षालगायतका सम्पूर्ण खर्च राष्ट्रिय कोषबाट व्यहोर्ने, एमाओवादीभित्रैको असहमतिका बाबजुद लडाकू व्यवस्थापनमा अघि बढ्नुलगायतका कारणले प्रधानमन्त्री बाबुराम भट्टराई पार्टीभित्र र आमनेपालीबीच अत्यन्त अलोकप्रिय, स्वेच्छाचारी र निरंकुश प्रधानमन्त्रीको सूचीमा परे । फलतः सरकार कमजोर बन्दै आयो ।

यसैबीच डा. बाबुराम भट्टराईको सरकारलाई जसरी भए पनि हटाउनै पर्ने ने.का., एमालेलगायतको दलको अडान र आफू संवैधानिक प्रधानमन्त्री हुँदाहुँदै असंवैधानिक तवरको प्रक्रिया अवलम्बन गरी अन्य दललाई सरकारको नेतृत्व दिन नचाहने एमाओवादी अडान एकाएकको राष्ट्रपति डा. रामबरण यादव पुस ८ को ६ दिने भारत भ्रमण सकी स्वदेश फर्की आएपश्चात कमजोर बन्दै आयो । त्यसैबीच तेश्रो व्यक्तिको अध्यक्षतामा चुनावी

मन्त्रिपरिषद गठन गर्ने कुरा एमाओवादीले चर्चा चलायो । एमाओवादीको २०६९ माघ २५ बाट सुरु भएको हेटौडा महाधिवेशनको बन्दसत्रले प्रधानन्यायाधीश खिलराज रेग्मीलाई कार्यपालिका प्रमुख बनाई सो सरकारबाट अर्को संविधानसभा निर्वाचन गराउने प्रस्ताव पारित गर्‍यो (हिमाल, २०६९ फागुन २०) ।

सुरुमा न्यायपालिका प्रमुखलाई कार्यपालिका प्रमुख बनाउनु संविधान र शक्ति पृथकीकरण सिद्धान्तको मर्म विपरीत हुने भन्दै बिरोधमा उत्रेको नेपाल बार लगायत नागरिक समाज, मोहन वैद्य नेतृत्वको ने.क.पा. माओवादीलगायत ३३ राजनीतिक दल, ने.का.का सभापति सुशील कोइराला र एमाले वरिष्ठ नेता माधवकुमार नेपाल विस्तारै शिथिल बन्दै आए । राजनीतिक वृत्तमा ती सबै निर्णय हुनु र शीर्ष नेताले आफ्नो अडान छाडी आफैले निर्वाचनमा उम्मेदवारी दिएका घटना, सहमतीय सरकार गठन गर्ने समय दिदै थकि भएका राष्ट्रपति डा. रामबरण यादव सो प्रक्रियाप्रति मौन भई एकाएक भारत भ्रमणमा निस्कनु र आठ दिने भारत भ्रमणपश्चात् १ महिनाको अवधिभित्रै तेस्रो व्यक्तिको नेतृत्वमा सरकार गठनको सहज निकास निस्केको घटनाले खिलराज रेग्मी सरकारको गठनमा रामबरण यादवको भारत भ्रमणको विशेष प्रभाव रहेको पुष्टि हुन्छ । अन्ततः २०६९ फागुन ३० गते ४ दलीय सहमतिका आधारमा राष्ट्रपतिबाट धारा १५८ को प्रयोग गरी बाधा अडकाउ फुकाउ अध्यादेश मार्फत २०६९ चैत १ गते राष्ट्रपतिद्वारा प्रधानन्यायाधीश खिलराज रेग्मीलाई चुनावी मन्त्रिपरिषदको अध्यक्षको रुपमा शपथ ग्रहण गराएलगत्तै बाबुराम भट्टराई सरकारको बहिर्गमन भइ खिलराज रेग्मी नेतृत्वको सरकार गठन भयो ।

### ४.७.३ निर्वाचन सरकारको गठन र संविधानसभाका लागि अर्को निर्वाचन २०७०

संविधान निर्माणका लागि २०६४ चैत २८ को संविधानसभा निर्वाचनमार्फतबाट निर्वाचित भइ संविधानसभामा गएका राजनीतिक नेतृत्वहरु संविधान निर्माणको आफ्नो गहन कार्यभारलाई ओझेलमा पारी कर्त्तव्यच्यूत भइ सत्ता प्राप्तिका लागि सरकार बनाउने ढाल्ने रकम कमाउने र सत्ता भत्ताको सुविधा भोगमा निर्लिप्त रहेका कारण संविधानसभाको दोब्बर आयु बढाइ ४ वषको कार्यकाल बनाउँदासमेत संविधान निर्माण नगर्दै संविधानसभाको दुखद मरण भयो । संविधानसभाको विघटनले संविधान निर्माणका लागि भएका ४ वर्षे प्रयास र राज्यको २० अरब भन्दा बढी रकम खर्च गरी भएको निर्वाचनको औचित्य र ६०१

सभासदले ४ वर्षसम्म खाएको भत्ता सुविधासमेतका राष्ट्रिय ढिकुटी धुलीसात भयो । अर्कोतर्फ संविधानसभाको विघटनसँगै १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनबाट प्राप्त उपलब्धि धरापमा पऱ्यो भने अन्तरिम संविधानले परिकल्पना नै नगरेको संवैधानिक जटिलता, राजनीतिक अन्यौल र सामाजिक निराशाको परिस्थिति उत्पन्न गरायो ।

संविधानसभाको विघटन हुँदा २०६९ मंसिर ७ गते भित्र संविधानसभाको निर्वाचन घोषणा गरेको काम चलाउ सरकारले सो मितिमा निर्वाचन सम्पन्न गर्न सकेन भने सो निर्वाचनलाई त्यसपछि २०७० बैशाखमा सम्पन्न गर्ने घोषणा गऱ्यो । सो तिथिमा समेत निर्वाचन सम्पन्न हुन सकेन । २ पटक घोषित मितिमा काम चलाउ बाबुराम भट्टराई नेतृत्वको सरकारले संविधानसभा निर्वाचन सम्पन्न गराउन नसक्नुको प्रमुख कारण गठबन्धन सरकार र अन्य राजनीतिक दलबीचको सत्ताकेन्द्रित सौदाबाजी नै हो । निर्वाचनका लागि आवश्यक सहमतीय चुनावी सरकार गठन गर्न राजनीतिक सहमति अपरिहार्य थियो । सोको लागि मंसिर ८ गतेदेखि राष्ट्रपतिले राजनीतिक दलहरुका नाउमा पहिलो पटकका लागि ७ दिन, दोश्रो पटक पुन पौष १४ गते ७ दिनको म्याद र तेश्रो पटक ५ दिन म्याद थपको प्रक्रिया जारी रहँदाकै अवस्थामा पौष ८ गते राष्ट्रपति डा. रामबरण यादव एकाएक भारत भ्रमणमा गएका थिए । मुलुकमा राजनीतिक एवं संवैधानिक संकट चुलिएका बेला दक्षिणी छिमेकी मुलुक भारतको भ्रमणमा निस्केका राष्ट्रपति डा. रामबरण यादवको अनुहार ६ दिनको भ्रमण सकेर पौष १४ गते स्वदेश फर्कदा चम्किलो देखिन्थ्यो । "मुलुकको समस्या थाँती राखेर सयरमा निस्किएको आरोप खेपेका राष्ट्रपति डा. रामबरण यादवले भारतको राजनीतिक नेतृत्वलाई नेपालको समस्या र समाधानको उपायमा सहमत गराएर भ्रमण सफल बनाएका थिए" (हिमाल, २०६९ पौष १६-२९ पृष्ठ २६) ।

त्यस पश्चातको करिब १ महिनामै माओवादी अधयक्ष पुष्पकमल दाहालले आफ्नो पार्टीको हेटौडा महाधिवेशनबाट तेश्रो व्यक्तिको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठनको अचूक संजीवनी बुटी ल्याउने कुरा उद्घोष गर्दै आएका थिए । ने.क.पा. माओवादीको २०६९ माघ २५ गतेदेखि हेटौडामा संचालित राष्ट्रिय महाधिवेशनको बन्दसत्रमा सर्वोच्च अदालतको प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा चुनावी मन्त्रिपरिषद गठन गरी सो सरकारलाई संविधानसभा निर्वाचन सम्पन्न गर्ने अख्तियारी प्रदान गर्दै संविधानसभा गठन

गर्ने प्रस्ताव गरे । प्रचण्डको सो प्रस्ताव हेटौडा अधिवेशनबाट पारित भई एमाओवादी नेताहरु काठमाडौ फर्किए । २९ माघको बिहान बानेश्वरको अन्तर्राष्ट्रिय सभा भवनस्थित विशेष समितिको कार्यालयमा ४ दलका नेताहरुको पहिलो बैठक बस्यो । प्रधान न्यायाधीशलाई सरकार प्रमुख बनाउन माघ २९ देखि ३० फागुनसम्म चार दलका १९ वटा बैठक भए (हिमाल, २०६९ चैत ११ पृष्ठ २८) । अन्ततः संविधानको धारा १५८ को बाधा अडकाउ फुकाउको अधिकार प्रयोग गरी राष्ट्रपतिबाट ४ दलको सिफारिसमा संविधानका २५ भागका विभिन्न धारा उपधारा अध्यादेश मार्फत संशोधन गरी २०६९ चैत १ गते प्रधानन्यायाधीश रेग्मीलाई चुनावी मन्त्रिपरिषदको अध्यक्षको हैशियतमा डा. रामबरण यादवले पद तथा गोपनीयताको सपथ गराई सरकार गठन गराए ।

संविधानसभाको अर्को निर्वाचन गराउने एकमात्र प्रमुख उद्देश्यले त्यसरी प्रधानन्यायाधीश रेग्मीको अध्यक्षतामा मन्त्रिपरिषद गठनको तयारी भइरहँदा सो निर्णय प्रक्रियामा बाहिर राखिएको "एमाओवादीबाटै फुटेको मोहन बैद्य नेतृत्वको ने.क.पा. माओवादीले फागुन ८ गते नेपाल बन्द गरेर रेग्मी नेतृत्वमा बन्ने सरकारलाई सडकबाटै अप्ठ्यारो पार्ने संकेत दिइसकेको थियो (हिमाल, २०६९ फागुन २० सम्पादकीय) । अर्कोतर्फ उपेन्द्र यादव नेतृत्वको मधेशी जनाधिकार फोरम र संघीय समाजवादी नेपाल समेत त्यो प्रक्रिया र निर्णयको खिलाफमा रहेका थिए । यसका बाबजुद ४ दल (एमाले, काँग्रेस, एमाओवादी, फोरम लोकतान्त्रिक) बीच २०६४ सालको मतदाता नामावलीलाई आधार मान्ने, साविक ६०१ सदस्यीय संविधानसभा ठूलो भएको जनगुनासो भएकोले ४९१ सदस्यीय संविधानसभाको लागि निर्वाचन गराउने, निर्वाचन सम्भव भए २०७० जेठ मसान्तभित्र गर्ने नभए २०७० मंसिरभित्र गराइसक्नु पर्ने गरी प्रधानन्यायाधीश नेतृत्वको गैरदलीय व्यक्ति सम्मिलित चुनावी मन्त्रिपरिषद गठन गर्ने भनी ११ बुँदे सहमति खडा भयो ।

ती सहमतिका आधारमा राष्ट्रपतिले धारा १५८ को बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्दै अध्यादेशमार्फत नेपालको अन्तरिम संविधान २०६३ को २५ भागमा रहेका विभिन्न धारा उपधारा संशोधन गरि प्रधानन्यायाधीश नेतृत्वको सरकार गठनको निकास खुलाइयो । स्मरणीय छ खिलराज रेग्मी प्रधानन्यायाधीश पदसँगै प्रधानमन्त्री बन्न आतुर मानसिकतामा रहेका थिए । आध्यात्मिक सोच र चिन्तनबाट साइत समेत हेराएका प्रधानन्यायाधीश रेग्मी

फागुन ३० गते राति नै सपथ ग्रहण गर्न तयार रहेका थिए । सो राति नै सपथ खुवाउन चारै दलका नेताले धेरै पटक आग्रह गरे पनि राति प्रधानन्यायाधीशलाई सपथ ग्रहण गराउन राष्ट्रपति तयार नभएपछि भोलिपल्ट चैत १ गते प्रधानन्यायाधीशलाई चुनावी मन्त्रिपरिषदका अधयक्षको रुपमा सपथ ग्रहण गराएका थिए (हिमाल, ११ चैत २०६९ पृष्ठ २९) ।

गैरदलीय नेतृत्वको सरकार गठन गरेलगत्तै चौतर्फी यसको बिरोध भयो । सोही दिन (१ चैत) मुलुकको स्वतन्त्र न्यायपालिका, कानुनी शासन र लोकतन्त्रको पहरेदार संस्था नेपाल बार एशोसिएनसले मुलुकको न्यायपालिकाको इतिहासकै कालो दिन भएको घोषणा गऱ्यो । शक्ति पृथकीकरणको सन्तुलनको सिद्धान्त र नेपालको अन्तरिम संविधान २०६३ को धारा १०६ ले न्यायपालिका प्रमुख कार्यपालिका प्रमुखमा नियुक्त हुनै नसक्ने व्यवस्था विपरीत कार्यपालिका प्रमुख नियुक्ती गरेकोमा बारको आपत्ति रहेको थियो । ज्ञानेन्द्र शाहको सक्रिय शासनकालमा पनि स्वतन्त्र र चोखो रहेको न्यायपालिकालाई २०६९ चैत १ देखि कार्यपालिकामा मिसाई खिचडी बनाइयो । कार्यपालिका प्रमुख र न्यायपालिका प्रमुख दुबै खिलराज हुनु र व्यवस्थापिका संसद रिक्त हुनुको कारण राज्यको सम्पूर्ण शक्ति खिलराजमा निहित पुग्नु घोर असंवैधानिक हो भन्ने वारको आपत्तिको मुख्य विषय हो भन्ने वारको निर्णय थियो ।

खिलराज रेग्मीबाट न्यायपालिका माथि गरिएको निर्लज्ज प्रहारले हाम्रो विगत ६० वर्षदेखिको न्यायीक इतिहासमा कालो दाग लागेको छ । कार्यपालिका र न्यायपालिका प्रमुख एकै व्यक्ति हुने विषय नेपालको समग्र न्यायीक क्षेत्रको लागि लज्जाबोधको विषय समेत भएकोले निजले तत्काल प्रधानन्यायाधीश पदबाट राजीनामा गर्नुपर्दछ (हिमाल २०६९ चैत ११ पृष्ठ २६) । तर खिलराजले स्वतन्त्र न्यायपालिकाको निकट सहयोगी र अभिन्न अंगको रुपमा रहेको संस्था नेपाल वार एशोसिएसनको सो विज्ञप्ति र आग्रहको उचित मर्यादा गरेको भने पाइएको थिएन । खिलराज रेग्मीको नियुक्तीसँगै केही गम्भीर र यथोचित सवाल उत्पन्न भएका थिए । नेपालका २ करोड ६४ लाख नेपालीमध्ये प्रधानन्यायाधीशलाई मात्र प्रधानमन्त्री र कार्यकारी प्रमुख बन्न रोकेको छ तर उनैलाई प्रधानमन्त्री बनाइयो किन ? संविधानअनुसार प्रधानमन्त्री र कार्यकारी प्रमुख बन्न नमिल्ने हुँदाहुँदै पनि संविधानको व्याख्याता प्रधानन्यायाधीश नै प्रधानमन्त्री बन्न तयार भए किन ? ९ महिनासम्म वार्ता र

छलफल मात्र गरिरहेका राजनीतिक दलहरुले प्रधानन्यायाधीशलाई नै प्रधानमन्त्री बनाउन तयार भए किन ? काँग्रेस र एमालेको आधिकारिक निर्णय प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउने थिएन तर शीर्षनेताहरु कम्मर कसेर लागे किन ? शक्ति पृथकीकरण लोकतन्त्रका मूल्य मान्यताका हिमायती भनिएका दलहरु निर्विकल्प भन्दै, त्यसैमा सहमत भए किन ? ( हिमाल, २०६९ फागुन २६) ।

अर्कोतर्फ मोहन वैद्य नेतृत्वको ने.क.पा. माओवादीलगायतका ३३ दल, संघीय समाजवादी पार्टी नेपाल, उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम लगायतका राजनीतिक दलले मुख्यरुपमा २०६९ चैत १ गते ४ दलको सिफारिसमा राष्ट्रपतिबाट जारी अन्तरिम संविधानको बाधा अडकाउ फुकाउ सम्बन्धी २५ बुँदे आदेश खारेजी, २५ बुँदे आदेशका आधारमा घोषणा गरिएको ४ मंसिरको निर्वाचन सम्बन्धी ऐन, निर्वाचन क्षेत्र निर्धारण आयोग, आचारसंहिता लगायत निर्वाचनसम्बन्धी सम्पूर्ण कार्यतालिका खारेजी र सम्पूर्ण राजनीतिक दलको सहभागितामा सर्वदलीय सरकार गठन (नेपाल, २०७० भदौ ९ पृष्ठ २६) को मागसहित आन्दोलन चर्काएका थिए (नेपाल; २०७० भदौ : ९ पृ. २६) । जसरी भए पनि निर्वाचन सम्पन्न गराएरै छाड्ने ४ दल र रेग्मी सरकारको अडान र जसरी भए पनि चुनावको सशक्त बहिष्कार गर्दै चुनाव भाँड्ने चुनौती दिँदैआएका चुनावको विपक्षी दलबीच मुठभेडका घटना भए । सरकारले २०७० जेठ ३० मंसिर ४ गतेका लागि संविधानसभा निर्वाचनको तिथि घोषणा गऱ्यो । (हिमाल, २०७० असार ९ पृष्ठ १६) खिलराज रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा दिनुपर्ने निर्विकल्प मागसहित निर्वाचन बहिष्कारको हवला दिँदै आएको उपेन्द्र यादव नेतृत्वको मधेशी जनाधिकार फोरम नेपालले केवल संविधानसभाको विघटनपछि विगतमा ४ दलले निर्णय गरेको ४९१ सदस्य संधिानसभामा बृद्धि गरी संविधानसभामा ६०१ सदस्यीय रहने विषयमा सहमति गरेपश्चात फुरुङ्ग भएर निर्वाचनमा सामेल भएको थियो ।

मोहन वैद्य नेतृत्वको ने.क.पा. माओवादी लगायतका ३३ राजनीतिक दल भने खिलराज रेग्मीले न्यायपालिका प्रमुखबाट राजीनामा दिनै पर्ने एउटै अडानमा खम्बीर थियो । राजीनामाकै विषयमा बसेको वार्ता लगभग सहमति नजिक पुगेको र सरकार प्रमुख खिलराज रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा गर्ने चर्चा गरिए पनि एकाएक वार्ता

असफल भएको कुरा सार्वजनिक भएको थियो । सो पश्चात वैद्य समूहले बन्द हड्ताल चर्काउँदै जाने, मतपेटिका फुटाउने पटक पटक नेपाल बन्द गर्ने, सवारीसाधनमाथि पेट्रोल बम प्रहार गर्ने लगायतका संघर्षका सशक्त कार्यक्रम संचालन गऱ्यो । निर्वाचन विरोधी दललाई प्रतिकार गर्न सरकारले निर्वाचनमा सेना परिचालनको निर्णय गर्दै निर्वाचन विरुद्ध गतिविधिमा लाग्नेलाई ठाउँका ठाउँबाट (On the Spot) पक्राउ गर्ने थुन्ने र निर्वाचन पश्चात छाड्ने नीति अख्तियारी गऱ्यो ।

जसरी भए पनि चुनाव गराएरै छाड्ने सरकारी घोषणा र जुनसुकै हालतमा भए पनि संविधानसभा निर्वाचनलाई विफल पार्ने ३३ दलीय मोर्चाको अडानबीच २०७० मंसिर ४ गते संविधानसभाको निर्वाचन सम्पन्न भयो । निर्वाचनमा नेपालको २ करोड ६४ लाख मध्ये १ करोड २१ लाख ४७ हजार ८ सय ६५ नेपालीको मात्र मतदाता नामावलीमा नाम समावेश भएको पाइन्छ । मतदाता नामावलीमा नाम समावेश भएका नेपालीमध्ये ७०% मतदाताले मतदान गरेको निर्वाचन आयोगले प्रारम्भिक प्रतिवेदन सार्वजनिक गऱ्यो । तर मतदातामा यति प्रतिशत मत खस्यो भन्दा पनि नेपालको जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सयमध्ये ३४ प्रतिशत नावालक र १२ प्रतिशत विदेशिएका नेपालीको संख्या रहेको पाइन्छ । सो संख्या कट्टा गर्दा वालिग मताधिकार भएका नेपाली यकिन तथ्यांक कति थियो ? २०६४ सालको निर्वाचनमा देखिएको जनसंख्या अनुपात भन्दा ३४ लाख जनसंख्या बृद्धि हुँदा यता निर्वाचन आयोगको मतदाता नामावलीमा सो अनुरुप बढ्नुपर्नेमा किन घटेर १ करोड २१ लाख मतदातामा सीमित भएको हो ? भन्नेतर्फको तथ्यपरक आँकडा निकालिएको भने पाइँदैन ।

## ४.७.४ संविधानसभा निर्वाचन २०६४ र २०७० को राजनीतिक महत्व

### ४.७.४.१ संविधानसभा निर्वाचन २०६४ को राजनीतिक महत्व

नेपालमा संविधानसभाको निर्वाचनको माग २००७ सालको राजनीतिक परिवर्तनपश्चात उठान हुँदै आएको भएपनि यसको प्राप्तिका लागि विभिन्न दल, राजनीतिक व्यक्तित्वहरुले ठूलो राजनीतिक बलिदानी गर्नुपरेको थियो । माओवादीले २०५२ सालदेखि संचालन गरेको कथित जनयुद्धको राजनीतिक आवरण संविधानसभामा देखिएको भए पनि त्यसको प्राप्तिका लागि विदेशी भूमिमा बसेर संचालन गरेको जनयुद्ध र विदेशी शक्ति सामु गरिएका तमाम

सम्झौताले के कुराको पुष्टि गर्दछ भने संविधानसभा साधनमात्र थियो । नेपाली जनतालाई सार्वभौम बनाउने साध्य थिएन । ने.क.पा. माओवादीले संचालन गरेको हिंसात्मक जनयुद्धको विश्राम औपचारिक ढंगबाट २०६२ मंसिर ७ मा सम्पन्न १२ बुँदे समझदारीबाट भएको भए पनि त्यसको पूर्णविरामको आधार संविधानसभाको निर्वाचन थियो ।

संविधानसभाको निर्वाचन राजतन्त्र समाप्तिको एउटा प्रस्थान विन्दु थियो । नेपालको २३८ वर्षदेखि वंशानुगत चरित्रका आधारमा शासन सत्ता संचालन गरेको राजतन्त्र कुनै पनि हालतमा संविधानसभाका निर्वाचन नहोस् भन्ने पक्षमा रहेको अवस्थामा देशी विदेशी स्वार्थ समूहले संविधानसभालाई आफ्नो समेत अभिष्ट पूरा गर्ने माध्यमको रुपमा प्रयोग गर्न थालेका थिए । एकातिर राजनीतिक परिवर्तनपछिको नागरिकहरुको बढ्दो आकांक्षा पूरा गर्नुपर्ने, अर्कोतिर विभिन्न स्वार्थ समूहहरुको दबाबमा संविधानसभाको निर्वाचनको कार्य गर्नुपर्ने बाध्यतामा दलहरु रहेका थिए । २०६२/०६३ को जनआन्दोलनका राजनीतिक मागहरु तथा १२ बुँदे समझदारी सँगसँगै नेपालका विभिन्न दलहरुसँग गरिएका सम्झौताको परिपालना गर्नुपर्ने चपेटामा २०६४ सालको संविधानसभा रहेको थियो । राजनीतिक व्यवस्थाभित्र हित अभिव्यक्ति हुने माध्यम वा तरिकालाई दलहरुले पालना गर्न सकेका थिएनन् । एकातिर सात दल तथा अर्कोतर्फ विद्रोही पक्ष मानिएको ने.क.पा. माओवादी तथा उसको आवरणमा विभिन्न स-साना शक्ति/पक्षहरुले उठाएका स्वाधीनता र मुक्ति मोर्चाको मागको कठघरामा २०६४ सालको संविधान रहेको थियो तर राजतन्त्र यही राजनीतिक दाउपेचमा संविधानसभाको निर्वाचनलाई पर धकेल्ने रणनीतिक योजनामा रहेको थियो तर बढ्दो जनदबाबका कारण दलहरु २०६४ सालको निर्वाचन गर्न बाध्य भए । मधेश आन्दोलनपछि मधेश राजनीतिको केन्द्रविन्दुमा क्षेत्रीय दलहरुको रुपमा मधेशी दलहरु रहेका थिए । उनीहरु समेत संविधानसभाको निर्वाचन चाहन्थे । २०६४ सालको संविधानसभामा प्रत्यक्षतर्फ रहेका ५४ दलका जम्मा ३९४६ उम्मेदवार २४० निर्वाचन क्षेत्रमा प्रतिष्पर्धा रहेको तथ्यले के पुष्टि गर्दछ भने निर्वाचनप्रतिको जनउत्साह बढ्दो थियो । यसका आधारमा २०६४ सालको संविधानसभाको निर्वाचनको महत्वलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

१) २००७ सालपछिको राजनीतिक मागलाई व्यवहारमा प्रयोग गर्नु ।

२) माओवादी जनयुद्धको स्थायी र शान्तिपूर्ण व्यवस्थापनमार्फत राजनीतिक निकासको खोजी ।

३) नेपालको राजनीतिक शक्तिको केन्द्रमा रहेको सामन्तवादको प्रतिनिधिमूलक संस्था राजतन्त्रको अन्त्य गर्ने अवसर प्राप्त हुनु ।

४) जनआन्दोलन (दोश्रो) पछिका जनचाहनालाई पूरा गर्ने माध्यमका रुपमा संविधानसभाको निर्वाचनलाई प्रयोग गर्नु ।

५) राजनीतिक स्थायित्वमार्फत नेपालको आर्थिक, सामाजिक, भौतिक पक्ष विकास गर्ने ।

### ४.७.४.२ संविधानसभा निर्वाचन २०७० को महत्व

२०६४ सालको संविधानसभाको निर्वाचनपछिको राजनीतिक गठजोड र समीकरणपछिको राजनीतिक वातावरणले २०६४ सालको संविधानसभाले आफ्नो जिम्मेवारी पूरा गर्न सकेन । निर्वाचन परिणामपछिको ने.क.पा. माओवादीको राजनीतिक दम्भ र मधेशवादी दलहरुको एक मधेश एक प्रदेशको राजनीतिक नाराले दलहरुबीच ध्रुवीकरण सुरु भयो । अर्कोतर्फ सेना समायोजनको प्राविधिक कार्यदलले समेत आफ्नो कार्य पूरा गर्न सकेन । त्यसको अतिरिक्त राजनीतिक दल सत्तालाई पद शक्ति प्रतिष्ठानको विषय बनाई सरकार बनाउने, ढाल्ने षडयन्त्रमा रही संविधानसभाको ४ वर्षे कार्यकाल समाप्त भएपछि २०६९ जेठ १४ मा संविधान निर्माण नगर्दै त्यसको विघटन हुन पुग्यो । तर पनि संविधानसभाबाट संविधान निर्माण गर्नुपर्ने जनआकांक्षा जीवित रहँदा पुनः दोश्रो पटक संविधानसभा निर्वाचन गरी संविधानसभाबाट संविधान निर्माण गर्नु निर्विकल्प रहेको राजनीतिक दलको ठम्याई रहेको थियो । सोही अवस्थामा निर्वाचन प्रक्रिया सुचारु गर्न दलहरुबीच हुनुपर्ने आवश्यक सहमति र सहकार्य हुन नसकेको कारणबाट संविधानसभाको निर्वाचनको मिति पटक-पटक सार्नुपर्ने अवस्थामा पुग्यो । जसले गर्दा राजनीतिक दलहरु निर्वाचनको प्रक्रिया र मितिको बारेमा सहमत हुन सकेनन् । निर्वाचनको मितिको बारेमा तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको नेतृत्वको मन्त्रीपरिषदले आफ्नो सरकारलाई सर्वदलीय स्वरुप प्रदान गरी निर्वाचनको मिति घोषणा गर्न सकेन । फलस्वरुप बाबुराम भट्टराईको नेतृत्वको सरकारप्रति दलहरुको असहमति कायम रहेकोले उनलाई विस्थापित गरी दलहरुको आपसी सहमतिमा खिलराज रेग्मीलाई मन्त्रीपरिषदको अध्यक्ष चयन गरियो । राजनीतिक दलहरुले निर्वाचनको मिति घोषणा गर्न नसकेको र आपसी स्वार्थमा विभाजित रहेकाले दल असफल भएको संकेत आमनागरिकहरुमा पर्न जाने हुनाले उनलाई मन्त्रीपरिषदको अध्यक्षको रुपमा चयन गरी मन्त्रीपरिषदको विस्तार गरियो । जुन सरकारको मुख्य काम शान्तिपूर्ण ढंगले

संविधानसभाको निर्वाचन सम्पन्न गरी जननिर्वाचित दललाई सत्ता हस्तान्तरण गर्नु थियो । संविधानसभाको दोश्रो निर्वाचनले राजनीतिक दलहरुबीच बढ्दो द्वन्द्वलाई कम गरेतापनि निर्वाचनको परिणामले दलहरुबीचको आन्तरिक सहमतिलाई टाढा पुऱ्यायो । नेपालमा दोश्रो पटक सम्पन्न भएको संविधानसभा निर्वाचन २०७० को महत्वलाई निम्नरुपमा उल्लेख गर्न सकिन्छ ।

१) राजनीतिक लिगबाट टाढा पुगेको राजनीतिक पद्दतिलाई पुनः निर्वाचनको स्वरुपबाट उपयुक्त बाटोमा स्थापित गराउनु ।

२) संविधानसभाको परिणामका आधारमा दलहरुबीच सहमति कायम गराई संविधान निर्माण गर्न सहयोग पुऱ्याउनु ।

३) विगतका संविधानसभा निर्वाचनको त्रुटी र कमजोरीहरुलाई अन्त्य गरी स्वतन्त्रपूर्वक निर्वाचन सम्पन्न गराउनु ।

४) जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गराउनु ।

५) निर्वाचन बहिष्कार गरेका मोहन वैद्य नेतृत्वको ने.क.पा. माओवादी लगायत ३३ राजनीतिक दललाई समेत सहभागी गराई आलोचनामुक्त संविधान निर्माण गर्ने ।

६) आमनेपालीको साझा स्वामित्व र अपनत्व हुने संविधान निर्माण गर्ने ।

७) लोकतन्त्रको स्थायित्व र जीवन्तताका लागि भएका उपलब्धिको रक्षा एवं संस्थागत विकास गर्ने ।

## ४.८ संविधानसभा निर्वाचन २०६४ र २०७० को तुलनात्मक विश्लेषण

### ४.८.१ संविधानसभा निर्वाचनमा जनसंख्या, मतदाता र मतदान विवरण

**तालिका ४.१ : प्रत्यक्षतर्फको चुनावी परिणाम**

| संविधानसभा निर्वाचन २०६४ प्रत्यक्ष निर्वाचन प्रणाली | | | | | संविधानसभा निर्वाचन २०७० प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जनसंख्या | कुल मतदाता | खसेको मत र प्रतिशत | सदर मत र प्रतिशत | बदर मत र प्रतिशत | जनसंख्या | कुल मतदाता | खसेको मत र प्रतिशत | सदर मत र प्रतिशत | बदर मत र प्रतिशत |
| २३१५१४२३ | १७६११८३२ | १०८६६१३१ (६१.७०%) | १०३०६१२० (९४.८५%) | ५६००१ १ (५.१५%) | २६४९४५०४ | १२१४७८६५ | ९५१६७२४ (७८.३४%) | ९०४४८९८ (९५.४%) | ४७१८२६ (४.९६%) |

*स्रोतः निर्वाचन आयोग*

## तालिका ४.२ : समानुपातिकतर्फको चुनावी परिणाम

| २०६४ को संविधानसभा निर्वाचन | | | | | २०७० को संविधानसभा निर्वाचन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कुल जनसंख्या | कुल मतदाता | खसेको मत र प्रतिशत | सदर मत र प्रतिशत | बदर मत र प्रतिशत | कुल जनसंख्या | कुल मतदाता | खसेको मत र प्रतिशत | सदर मत र प्रतिशत | बदर मत र प्रतिशत |
| २३१५१४२३ | १७६११८३२ | १११४६५४ ( ६३.२९%) | १०७३९०७८ ( ९६.३४%) | ४०७४६२ ( ३.६६%) | २६४९४५०४ | १२१४७८६५ | ९७७६७०३ ( ७९.८२% ) | ९४६३८६२ ( ९६.८०% ) | ३१२८४१ ( ३.२०% ) |

*स्रोतः निर्वाचन आयोग*

माथिको तालिका ४.१ र ४.२ को अध्ययन गरी संविधानसभा निर्वाचन २०६४ सम्पन्न हुँदाका बखत बहाल राष्ट्रिय जनगणनाको तथ्याङ्क विश्लेषण गर्दा २०५८ सालमा भएको जनगणना र सो जनगणनाको ६ वर्षपछि भएको संविधानसभा निर्वाचन २०६४ मा देखिएको मतदाता संख्या बीचको बृद्धि अनुपात स्वभाविकै देखिन्छ तर २०६८ मा जनगणना हुँदा २०६४ सालको जनसंख्याभन्दा ३३ लाख भन्दा बढी जनसंख्या थप देखिएको र २०६८ को जनगणना भएको २ वर्षपछि अझ थप भएको स्वतः पुष्टि हुन्छ । तर २०७० को निर्वाचनमा मतदाताको संख्या २०५१ सालको मध्यावधि निर्वाचनको हाराहारीमा मात्र देखिन्छ । त्यस तथ्यले २०६४ सालमा भएको भएको निर्वाचनमा जस्तो जनताको व्यापक र उत्साहजनक सहभागिता २०७० को निर्वाचनमा भएको पाइँदैन । त्यो तथ्यलाई अलग गरी भएका २ निर्वाचनमा खसेको मततर्फको समीक्षा गर्दा संविधानसभा निर्वाचन २०६४ मा भन्दा २०७० मा भएको प्रत्यक्षतर्फ १६.६४ % र समानुपातिकतर्फ २०६४ को निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा १६.५३ % मत बढी  मत खसेको देखिन्छ । बदर र सदरतर्फको मत तालिकाको विश्लेषण गर्दा २०६४ सालको प्रत्यक्ष निर्वाचनमा बदर मत ५.१५% र २०७० को निर्वाचनमा बदर मत प्रतिशत ४.९६% मात्र बदर भइ २०६४ को निर्वाचनभन्दा २०७० को निर्वाचनमा बदर मत ०.१९ % कमी देखिन्छ ।

समानुपातिक तर्फको बदर मत २०६४ को निर्वाचनमा ३.६६% बाट घटेर यस निर्वाचनमा ३.२०% मा (०.४४%) घटेको पाइन्छ । ६ वर्षपछिको अन्तरालमा त्यो प्रतिशतमा मात्र बदर मत कमी हुनुबाट निर्वाचन आयोग  र सरकारले निर्वाचन र मतदाता शिक्षामा गरेको

प्रचार प्रसार र आर्थिक श्रोतको अनुकूल प्रभाव परेको देखिदैन भने अघिल्लो निर्वाचनमा भन्दा यस निर्वाचनमा जनसंख्या वृद्धि ३३ लाखभन्दा बढी बृद्धि भएको तथ्यले पनि मतदाता संख्या बढ्नुपर्नेमा ओह्रालो लागी २०५१ को निर्वाचनको हाराहारीमा देखिदा व्यापक जनसहभागिताको निर्वाचनको रुपमा विश्लेषण गर्न मिल्ने देखिँदैन । त्यस्तै वास्तविक जनसंख्या अनुपात र विगतको तथ्यलाई अनदेखा गरी खसेको मतलाई मात्र आधार टेकी ऐतिहासिक भनी निर्वाचन आयोग र सरकारको दावी सो तथ्यांकले तथ्यपरक र औचित्यपूर्ण देखाउँदैन । दुबै पटकका निर्वाचनमा प्रत्यक्षभन्दा समानुपातिकमा बढी मत खसेको तथ्यका पछाडि निर्वाचनमा खटिएका कर्मचारी आफ्नो नामावली भएको निर्वाचन क्षेत्रमा गई मतदान गर्न असम्भव भएको हो । तर उनीहरुले प्रत्यक्षतर्फ मतदान गर्न नपाए पनि आफू खटिएको केन्द्र र कारागार कार्यालयबाट मतदान गर्न सकिने व्यवस्था गरिएकोले प्रत्यक्षतर्फ भन्दा समानुपातिकतर्फ बढी मतदानभएको हो ।

## ४.८.२ संविधानसभा निर्वाचन २०६४ र २०७० मा सहभागि राजनीतिक दलहरु

**तालिका ४.३ : संविधानसभाको निर्वाचनमा सहभागि राजनीतिक दलको विवरण**

| संविधानसभा निर्वाचन २०६४ तर्फको विवरण | | | | | | संविधानसभा निर्वाचन २०७० तर्फको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दर्ता भएका दल | उम्मेदवारी दिएका दल | निर्वाचित विवरण | | | | दर्ता भएका दल | उम्मेदवारी दिएका दल | निर्वाचित विवरणत | | | |
| | | प्रत्यक्ष | | समानुपातिक | जम्मा दल | | | प्रत्यक्ष | | समानुपातिक | जम्मा दल |
| | | दल | स्वतन्त्र | | | | | दल | स्वतन्त्र | | |
| ५५ | ५४ | ९ | २ | २५ | २५ | १२१ | १२१ | १० | २ | ३० | ३० |

*श्रोत : निर्वाचन आयोग*

### ४.८.३ (क) संविधानसभा २०६४ र २०७० मा निर्वाचित दल र प्रतिनिधि संख्या

**तालिका ४.४ : संविधानसभाको प्रत्यक्षतर्फ निर्वाचनमा दलगत निर्वाचन परिणाम**

| संविधानसभा निर्वाचन २०६४ को २४० सिट प्रत्यक्षतर्फको दलगत निर्वाचित परिणाम | | | संविधानसभा निर्वाचन २०७० को प्रत्यक्षतर्फको दलगत निर्वाचित परिणाम | | |
|---|---|---|---|---|---|
| क्र.सं. | राजनीतिक दल | निर्वाचित सिट | क्र.सं. | राजनीतिक दल | निर्वाचित सिट |
| १ | नेपाल कम्युनिष्ट पार्टी माओवादी | १२० | १ | ए.नेकपा माओवादी | २६ |
| २ | नेपाली काँग्रेस | ३७ | २ | नेपाली काँग्रेस | १०५ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी एमाले | ३३ | ३ | नेपाल कम्युनिष्ट पार्टी एमाले | ९१ |
| ४ | मधेशी जनअधिकार फोरम नेपाल | ३० | ४ | मधेशी जनअधिकार फोरम नेपाल | २ |
| ५ | तराई मधेश लोकतान्त्रिक पार्टी | ९ | ५ | तराई मधेश लोकतान्त्रिक पार्टी | ४ |
| ६ | सदभावना पार्टी | ४ | ६ | सदभावना पार्टी | १ |
| ७ | जनमोर्चा नेपाल | २ | ७ | मधेशी जनअधिकार फोरम लोकतान्त्रिक | ४ |
| ८ | नेपाल मजदुर किसान पार्टी | २ | ८ | नेपाल मजदुर किसान पार्टी | १ |
| ९ | राष्ट्रिय जनमोर्चा | १ | ९ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३ |
| १० | स्वतन्त्र उम्मेदवार | २ | १० | तराई मधेश सदभावना पार्टी | १ |
| | | | ११ | स्वतन्त्र उम्मेदवार | २ |
| जम्मा | | २४० | | | २४० |

*श्रोत : निर्वाचन आयोग*

### ४.८.३ (ख) समानुपातिकतर्फ दलगत निर्वाचित परिणाम

**तालिका ४.५ : संविधानसभामा दलगत समानुपातिक निर्वाचन परिणाम**

| संविधानसभा निर्वाचन २०६४ को समानुपातिकतर्फ निर्वाचित दलहरु | | | | संविधानसभा निर्वाचन २०७० को समानुपातिकतर्फ निर्वाचित दलहरु | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | राजनीतिक दल | प्राप्त मत | प्राप्त सिट | क्र.सं. | राजनीतिक दल | प्राप्त मत | प्राप्त सिट |
| १ | एनेकपा माओवादी | ३१४४२०४ | १०० | १ | नेपाली काँग्रेस | २४१८३७० | ९१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | नेपाली काँग्रेस | २२६९८८३ | ७३ | २ | नेकपा एमाले | २२३९६०९ | ८४ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी एमाले | २१८३३७० | ७० | ३ | एकीकृत नेकपा माओवादी | १४३९७२६ | ५४ |
| ४ | मधेशी जनअधिकार फोरम नेपाल | ६७८३२७ | २२ | ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ६३०६९७ | २४ |
| ५ | तराई मधेश लोकतान्त्रिक पार्टी | ३३८९३० | ११ | ५ | मधेशी जनअधिकार फोरम नेपाल लोकतान्त्रिक | २७४९८७ | १० |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | २६३४३१ | ८ | ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | २६०२३४ | १० |
| ७ | नेपाल कम्युनिष्ट पार्टी (मा.ले.) | २४३५४५ | ८ | ७ | मधेशी जनअधिकार फोरम नेपाल | २१४३१९ | ८ |
| ८ | जनमोर्चा नेपाल | १६४३८१ | ५ | ८ | तराई मधेश लोकतान्त्रिक पार्टी | १८११४० | ७ |
| ९ | नेकपा (संयुक्त) | १५४९६८ | ५ | ९ | सदभावना पार्टी | १३३२७१ | ५ |
| १० | सदभावना पार्टी | १६७५१७ | ५ | १० | नेकपा ( मार्क्सवादी-लेनिनवादी) | १३०३०० | ५ |
| ११ | राप्रपा नेपाल | ११०५१९ | ४ | ११ | संघीय समाजवादी पार्टी नेपाल | १२१२७४ | ५ |
| १२ | राष्ट्रिय जनशक्ति पार्टी | १०२१४७ | ३ | १२ | राष्ट्रिय जनमोर्चा | ९२३८७ | ३ |
| १३ | राष्ट्रिय जनमोर्चा | १०६२२४ | ३ | १३ | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | ९१९९७ | ३ |
| १४ | नेपाल मजदुर किसान पार्टी | ७४०८९ | २ | १४ | राष्ट्रिय मधेश समाजवादी पार्टी | ७९५०८ | ३ |
| १५ | राष्ट्रिय जनमुक्ती पार्टी | ५३९१० | २ | १५ | नेपाल मजदुर किसान पार्टी | ६६७७८ | ३ |
| १६ | नेकपा एकीकृत | ४८६०० | २ | १६ | राष्ट्रिय जनमुक्ति पार्टी | ६३८३४ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) | ५५६७१ | २ | १७ | तराई मधेश सदभावना पार्टी | ६२७४६ | २ |
| १८ | नेपाल जनता दल | ४८९९० | २ | १८ | थरुहट तराई मधेश पार्टी | ६२५२६ | २ |
| १९ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ७१९५८ | २ | १९ | नेपाल परिवार दल | ५१८२३ | २ |
| २० | समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल | ३५७५२ | १ | २० | दलित जनजाति पार्टी | ४८८०२ | २ |
| २१ | दलित जनजाति पार्टी | ४०३४८ | १ | २१ | अखण्ड नेपाल पार्टी | ३६८८३ | १ |
| २२ | नेपाल परिवार दल | २३५१२ | १ | २२ | मधेशी जनअधिकार फोरम गणतान्त्रिक | ३३९८२ | १ |
| २३ | नेपाः राष्ट्रिय पार्टी | ३७७५७ | १ | २३ | नेपाली जनता दल | ३३२०३ | १ |
| २४ | नेपाल लोकतान्त्रिक समाजवादी दल | २५०२२ | १ | २४ | खुम्बुवान राष्ट्रिय मोर्चा | ३०६८६ | १ |
| २५ | चुरेभावर राष्ट्रिय एकता पार्टी | २८५७५ | १ | २५ | नेपाः राष्ट्रिय पार्टी | २८०११ | १ |
| | | | | २६ | जनजागरण पार्टी नेपाल | २७३९७ | १ |
| | | | | २७ | संघीय सदभावना पार्टी | २५२१५ | १ |
| | | | | २८ | मधेश समता पार्टी नेपाल | २३००१ | १ |
| | | | | २९ | समाजवादी जनता पार्टी | २१६२४ | १ |
| | | | | ३० | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) | २११२८ | १ |
| **जम्मा** | | | **३३५** | **जम्मा** | | | **३३५** |

*श्रोत : निर्वाचन आयोग*

उपरोक्त तालिका ४.३, ४.४ र ४.५ को समीक्षा गर्दा संविधानसभा निर्वाचन २०६४ मा ५५ राजनीतिक दल निर्वाचन आयोगमा दर्ता भएकोमा ५४ वटा राजनीतिक दलले निर्वाचनमा उम्मेदवारी दर्ता गराएका थिए । २०७० को संविधानसभा निर्वाचनमा १२१ वटा दलले उम्मेदवारी दिएका थिए । २०६४ को निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा ६७ वटा राजनीतिक दल बढी सहभागी भएको पाइन्छ । अर्कोतर्फ मोहन वैद्य नेतृत्वको ने.क.पा. माओवादी लगायतका ३३ राजनीतिक दलहरु २०७० को निर्वाचन बहिष्कार गरेका छन् । चुनावी मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा दिनु पर्ने, राजीनामा नगरेमा निर्वाचनको सशक्त बहिष्कार गर्ने जनाउँदै आएका ती दलहरु प्रधानमन्यायाधीश पदलाई प्रतिष्ठा र अडानको विषय बनाई राजीनामा नगरेका कारण निर्वाचनको सशक्त बहिष्कारमा जुटेका थिए । यदि खिलराज रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा गरको भए सो निर्वाचनमा सहभागी दलको संख्या १५४ पुग्ने थियो । त्यसको अतिरिक्त २०७० को संविधानसभा निर्वाचन बढी सहभागितामूलक र निर्वाचनसम्बन्धी अवलम्बन भएका सम्पूर्ण विधि प्रक्रिया सदाका निमित्त आलोचनायुक्त रहने थियो ।

२०६४ सालको निर्वाचनमा भन्दा २०७० को संविधानसभा निर्वाचनमा दलहरुको संख्या अप्रत्याशित बढी देखिनुको पछाडि निर्वाचनमा थ्रेसहोल्डको व्यवस्था र सीमा निर्धारण नहुनु, जातीय तथा क्षेत्रीय पहिचानसहितको राज्यको मागसहित उठेको ताजा बहससँगै आ-आफ्ना जातीय तथा क्षेत्रीय पहिचानसहितको राज्यको महत्वाकांक्षाले दल खोल्नेक्रम बढ्नु, निर्वाचन आयोगमा दर्ता भई संविधानसभामा प्रतिनिधित्व गराउन सकेको खण्डमा राज्यको तर्फबाट प्राप्त हुने सेवा सुविधा उपभोगको महत्वाकांक्षा बढ्नु लगायतका कारण प्रमुख रुपमा रहेको पाइन्छ । दुबै निर्वाचनतर्फको दलगत परिणाम हेर्दा २०६४ को निर्वाचनमा उम्मेदवारी दिएका मध्ये प्रत्यक्ष प्रणालीतर्फबाट ९ दल र २ स्वतन्त्र उम्मेदवार निर्वाचित भइ संविधानसभामा प्रतिनिधित्व भएको पाइन्छ भने समानुपातिकतर्फ ५४ दलमध्ये २५ दलमात्र संविधानसभा निर्वाचनमा निर्वाचित भई संविधानसभामा प्रतिनिधित्व गरेको पाइन्छ । त्यसैगरी २०७० को संविधानसभा निर्वाचनमा भाग लिएका १२१ दलमध्ये प्रत्यक्ष प्रणालीतर्फ १० दलका तर्फबाट र २ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएको पाइन्छ भने समानुपातिक प्रणालीतर्फ १२१ दलमध्ये जम्मा ३० मात्र संविधानसभामा आफ्ना उम्मेदवार निर्वाचित गरी पठाएको पाइन्छ ।

संविधानसभाका दुबै निर्वाचनमा निर्वाचित दलीय अवस्थालाई हेर्दा २०६४ सालको निर्वाचनमा समानुपातिक प्रणालीबाट १०० र प्रत्यक्ष प्रणालीबाट १२० सिट गरी सम्मा २२० सिट हासिल गरी ठूलो दल घोषित भएको तत्कालीन ने.क.पा. माओवादी हालको ए.ने.क.पा. माओवादी समानुपातिकतर्फबाट ५४ र प्रत्यक्षतर्फबाट २६ गरी जम्मा ८० सिटमा सिमित भई तेश्रो दलमा झरेको पाइन्छ भने २०६४ को निर्वाचनमा समानुपातिकतर्फ ७७ र प्रत्यक्षतर्फ ३७ गरी जम्मा ११० सिट हासिल गरी दोश्रो ठूलो दल घोषित भएको नेपाली काँग्रेसले प्रत्यक्षतर्फ १०५ र समानुपातिकतर्फ ९१ सिट गरी जम्मा १९६ सिट सहित सबैभन्दा ठूलो दल घोषित भएको छ। त्यसैगरी २०६४ को संविधानसभा निर्वाचनमा समानुपातिकतर्फ ७० र प्रत्यक्षतर्फ ३३ गरी १०३ सिटसहित तेश्रो ठूलो दलको रुपमा रहेको ने.क.पा.एमालेले २०७० को निर्वाचनमा प्रत्यक्षतर्फ ९१ र समानुपातिकतर्फ ८४ सिट समेत जम्मा १७५ सिटसहित दोश्रो ठूलो दल घोषित भएको छ । २०६४ को संविधानसभा निर्वाचनमा कुल ५२ सिटसहित चौथो स्थानमा रहेको मधेशी जनअधिकार फोरम नेपाल २०७० को निर्वाचनमा प्रत्यक्षतर्फ २ र समानुपातिकतर्फ ८ गरी जम्मा १० सिटमा सीमित हुन पुग्यो । त्यसैगरी पूर्वपञ्चहरुको संवैधानिक राजतन्त्र र हिन्दु राज्यको मागको पक्षमा रहेको रा.प्र.पा. नेपाल चौथो ठूलो दल घोषित भएको छ । २०६४ को निर्वाचनमा प्रत्यक्षतर्फबाट १ सिट हासिल गरेको राष्ट्रिय जनमोर्चाले प्रत्यक्षतर्फबाट सहभागिता जनाउन सकेन भने २०६४ मा प्रत्यक्षतर्फबाट अस्तित्वमा नरहेको संघीय सदभावना पार्टीले २०७० को निर्वाचनमा प्रतिनिधित्व पाएको छ । समानुपातिक र प्रत्यक्षतर्फको दुबै निर्वाचनबाट निर्वाचित दल र उम्मेदवार अधिकांश त उनै रहेको पाइन्छ।

### ४.८.४ संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फको निर्वाचित दलगत र लिङ्गगत विवरण

**तालिका ४.६ : संविधानसभामा प्रत्यक्षतर्फको निर्वाचनको दलगत र लैगिंक विवरण**

| संविधानसभा निर्वाचन २०६४ | | | | | संविधानसभा निर्वाचन २०७० | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | राजनीतिक दल | निर्वाचित | | | क्र.सं | राजनीतिक दल | निर्वाचित | | |
| | | महिला | पुरुष | जम्मा | | | महिला | पुरुष | जम्मा |
| १ | नेकपा माओवादी | २३ | ९७ | १२० | १ | नेपाली काँग्रेस | ६ | ९९ | १०५ |
| २ | नेपाली काँग्रेस | २ | ३५ | ३७ | २ | नेकपा एमाले | ३ | ८८ | ९१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | नेकपा एमाले | १ | ३२ | ३३ | ३ | एनेकपा माओवादी | १ | २५ | २६ |
| ४ | मधेशी ज.अ. फोरम नेपाल | २ | २८ | ३० | ४ | मधेशी जनअधिकार फोरम नेपाल | ० | २ | २ |
| ५ | त. म. लो.पा. | १ | ८ | ९ | ५ | त. म. लो. पा. | ० | ४ | ४ |
| ६ | सद्भावना पार्टी | ० | ४ | ४ | ६ | मधेशी जनअधिकार फोरम लोकतान्त्रिक | ० | ४ | ४ |
| ७ | जनमोर्चा नेपाल | ० | २ | २ | ७ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | ३ | ३ |
| ८ | नेपाल मजदुर किसान पार्टी | ० | २ | २ | ८ | सदभावना पार्टी | ० | १ | १ |
| ९ | राष्ट्रिय जनमोर्चा | ० | १ | १ | ९ | नेपाल मजदुर किसान पार्टी | ० | १ | १ |
| १० | स्वतन्त्र उम्मेदवार | ० | २ | २ | १० | तराई मधेश स.पा. | ० | १ | १ |
| | | | | | ११ | स्वतन्त्र उम्मेदवार | ० | २ | २ |
| | जम्मा सिट | २९ | २११ | २४० | | जम्मा सिट | १० | २३० | २४० |
| प्रत्यक्षतर्फ जम्मा सिट संख्या : २४०<br>प्रत्यक्षतर्फ महिला निर्वाचित सिट : २९<br>प्रत्यक्षतर्फ पुरुष निर्वाचित सिट : २११ | | | | | प्रत्यक्षतर्फ जम्मा सिट संख्या : २४०<br>प्रत्यक्षतर्फ महिला निर्वाचित सिट : १०<br>प्रत्यक्षतर्फ पुरुष निर्वाचित सिट : २३० | | | | |

*श्रोत : निर्वाचन आयोग*

## ४.८.५ संविधानसभा निर्वाचनमा समानुपातिको निर्वाचित लैंगिक विवरण

### तालिका ४.७ : संविधानसभा निर्वाचनमा निर्वाचित सभासद्को दलगत लैगिंक विवरण

| **संविधानसभा निर्वाचन २०६४** | | | | | **संविधानसभा निर्वाचन २०७०** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **क्रसं.** | **राजनीतिक दल** | **निर्वाचित** | | | **क्रसं** | **राजनीतिक दल** | **निर्वाचित** | | |
| | | **महिला** | **पुरुष** | **जम्मा** | | | **महिला** | **पुरुष** | **जम्मा** |
| १ | ने.क.पा.माओवादी | ५० | ५० | १०० | १ | ए. ने.क.पा. माओवादी | २७ | २७ | ५४ |
| २ | नेपाली काँग्रेस | ३६ | ३७ | ७३ | २ | नेपाली काँग्रेस | ४५ | ४६ | ९१ |
| ३ | ने.क.पा. एमाले | ३५ | ३५ | ७० | ३ | नेकपा एमाले | ४२ | ४२ | ८४ |
| ४ | मधेशी जनअधिकार | ११ | ११ | २२ | ४ | मधेशी जनअधिकार | ४ | ४ | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | फोरम नेपाल | | | | | फोरम नेपाल | | | |
| ५ | तराई मधेश लोकान्त्रिक पार्टी | ५ | ६ | ११ | ५ | तराई मधेश लोकतान्त्रिक पार्टी | ३ | ४ | ७ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४ | ४ | ८ | ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५ | ५ | १० |
| ७ | नेकपा (माले) | ४ | ४ | ८ | ७ | नेकपा (माले) | २ | ३ | ५ |
| ८ | जनमोर्चा नेपाल | २ | ३ | ५ | ८ | मधेशी जनअधिकार फोरम लोकतान्त्रिक | ५ | ५ | १० |
| ९ | नेकपा (संयुक्त) | २ | ३ | ५ | ९ | नेकपा (संयुक्त) | २ | १ | ३ |
| १० | सदभावना पार्टी | २ | ३ | ५ | १० | सदभावना पार्टी | २ | ३ | ५ |
| ११ | राप्रपा (नेपाल) | २ | २ | ४ | ११ | राप्रपा (नेपाल) | ११ | १३ | २४ |
| १२ | राष्ट्रिय जनशक्ति पार्टी | १ | २ | ३ | १२ | तराई मधेश सदभावना | १ | १ | २ |
| १३ | राष्ट्रिय जनमोर्चा | १ | २ | ३ | १३ | राष्ट्रिय जनमोर्चा | २ | १ | ३ |
| १४ | नेपाल मजदुर किसान पा | १ | १ | २ | १४ | नेपाल मजदुर किसान | १ | २ | ३ |
| १५ | राष्ट्रिय जनमुक्ति पार्टी | १ | १ | २ | १५ | राष्ट्रिय जनमुक्ति पार्टी | १ | १ | २ |
| १६ | ने क पा (एकीकृत) | १ | १ | २ | १६ | संघीय समाजवादी दल | २ | ३ | ५ |
| १७ | नेपाल सदभावना पार्टी ( आनन्दीदेवी) | १ | १ | २ | १७ | मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) | १ | | १ |
| १८ | नेपाली जनता दल | १ | १ | २ | १८ | संघीय सदभावना पार्टी | १ | | १ |
| १९ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | १ | १ | २ | १९ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च थरुहट | १ | | १ |
| | | | | | २० | नेपाल परिवार दल | १ | १ | २ |
| | | | | | २१ | राष्ट्रिय मधेश समाजवादी पार्टी | १ | २ | ३ |
| | | | | | २२ | थरुहट तराई पार्टी | १ | १ | २ |
| | | | | | २३ | दलित जनजाति पार्टी | १ | १ | २ |
| | जम्मा | १६१ | १६८ | ३२९ | | जम्मा | १६२ | १६६ | ३२८ |

*श्रोत : निर्वाचन आयोग*

संविधानसभा निर्वाचन २०६४ को प्रत्यक्षतर्फको निर्वाचनमा २३ स्थानमा महिला सिट विजयी गराएको तत्कालीन नेकपा माओवादी (हाल एकीकृत नेकपा माओवादी) का तर्फबाट २०७० को निर्वाचनमा १ मात्र उम्मेदवार ओनसरी घर्ती निर्वाचित भएको अवस्था छ । त्यस्तै गरी २०६४ को २४० सिटको प्रत्यक्ष निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट २ जना महिला उम्मेदवार निर्वाचित भएकोमा हाल नेपाली काँग्रेसले ६ सिट पुऱ्याएको अवस्था छ भने नेकपा एमालेका तर्फबाट २०६४ सालको निर्वाचनमा सुर्खेत १ कि कमला शर्मामात्र १ सिटमा निर्वाचित भएको पाइन्छ भने २०७० सालको निर्वाचनमा ने.क.पा. एमालेको तर्फबाट ३ सिटमा महिला सभासद निर्वाचित भएको पाइन्छ । २०६४ को प्रत्यक्ष निर्वाचनमा मधेशी जनअधिकार फोरमले २ र तराई मधेश लोकतान्त्रिक पार्टीले १ सिट महिला उम्मेदवारलाई निर्वाचित गराएकोमा ती दुबै दलले २०७० को प्रत्यक्ष निर्वाचनतर्फ बाट भने १ सिट पनि प्रतिनिधित्व गराउन सकेको पाइँदैन । त्यसरी हेर्दा संविधानसभा निर्वाचन २०६४ को प्रत्यक्षतर्फबाट २९ जना महिलाले संविधानसभामा प्रतिनिधित्व गरेका थिए भने २०७० को निर्वाचनमा जम्मा १० जना महिलामात्र संविधानसभामा निर्वाचित भएको पाइन्छ ।

त्यसैगरी समानुपातिकतर्फ २०६४ को संविधानसभा निर्वाचनमा सहभागी दल ५४ मध्ये केवल २५ दलको तर्फबाट मात्र प्रतिनिधित्व भएको थियो भने २०७० को निर्वाचनमा १२१ मध्ये ३० दलको तर्फबाट प्रतिनिधित्व भएको पाइन्छ । समानुपातिकतर्फबाट निर्वाचित महिला प्रतिनिधि संविधानसभाका लागि योग्य र सक्षम छन् छैनन् भन्ने कुरा पछि उनीहरुको भूमिका र कार्यशैलीले देखाउने छ । तथापि अघिल्लो संविधानसभामा २५ दलका तर्फबाट छुट्याइएको ३३५ सिटमध्ये १६१ सिटमा महिलाको प्रतिनिधित्व भएको थियो भने २०७० को निर्वाचनमा ३० दलका तर्फबाट १६२ जना महिला प्रतिनिधिलाई संविधानसभामा निर्वाचित गरिएको पाइन्छ । संविधानसभामा दुबै प्रणालीतर्फबाट अघिल्लो निर्वाचनमार्फत १९० जना महिला सभासद्को सहभागिता रहेको थियो भने पछिल्लो निर्वाचनमा जम्मा १७२ महिलाको मात्र प्रतिनिधित्व भएको पाइन्छ । दुबै संविधानसभा निर्वाचनको प्रत्यक्ष र समानुपातिकतर्फको कुल महिला सभासदहरुको संख्या हेर्दा २०६४ को संविधानसभा निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा १८ जना महिला सभासद कमी भएको पाइन्छ । समानुपातिकतर्फको महिला सभासदको प्रतिनिधित्वको दलीय आँकडाअनुसार २०६४ को

निर्वाचनमा २५ दलमध्ये १९ दलको तर्फबाट मात्र प्रतिनिधित्व रहेको पाइन्छ भने २०७० को संविधानसभा निर्वाचनमा निर्वाचित ३० दलमध्ये २३ दलको तर्फबाट मात्र संविधानसभामा प्रतिनिधित्व रहेको छ । यसरी संविधानसभामा प्रतिनिधित्व गर्ने महिला सभासदहरुको संख्या २०६४ सालको संविधानसभा निर्वाचनको भन्दा २०७० को संविधानसभा निर्वाचनमा कमी भएको तथ्यले नेपालको आधाभन्दा बढी जनसंख्याको हिस्सा ओगटेको महिलाको तर्फबाट संविधानसभामा सो अनुपातमा प्रतिनिधित्व हुन सकेको पाइँदैन । जसले गर्दा भावी संविधानमा महिला हकहित अधिकारलगायतका महिलासँग सम्बन्धित मुद्दाहरु सम्बोधन गर्न कठिन हुने देखिन्छ ।

## ४.८.६ संविधानसभा निर्वाचनबाट निर्वाचित जातिगत विवरण

### तालिका ४.८ : संविधानसभामा जातिगत प्रतिनिधित्वको विवरण

| संविधानसभा निर्वाचन २०६४ | | | | | | | | | संविधानसभा निर्वाचन २०७० | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | राजनीतिक दल | निर्वाचन प्रणाली | जातजाति/समुदाय | | | | जम्मा सिट | कुल सिट | क्रसं | दल | निर्वाचन प्रणाली | जातजाति/समुदाय | | | | जम्मा सिट | कुल सिट |
| | | | खसआर्य | जनजाति | मधेशी | दलित | | | | | | खसआर्य | जनजाति | मधेशी | दलित | | |
| १ | ने.क.पा.माओवादी | प्रत्यक्ष | ५९ | ४९ | ६ | ६ | १२० | | १ | ने.क.पा. | प्रत्यक्ष | १२ | ९ | ५ | | २६ | |
| | | समानुपातिक | ३० | ३९ | १८ | १३ | १०० | २२० | | माओवादी | समानुपातिक | १७ | २० | १० | ७ | ५४ | ८० |
| २ | नेपाली काँग्रेस | प्रत्यक्ष | २२ | ८ | ७ | | ३७ | | २ | नेपाली काँग्रेस | प्रत्यक्ष | ६१ | २५ | १९ | | १०५ | |
| | | समानुपातिक | २५ | २७ | १२ | ९ | ७३ | ११० | | | समानुपातिक | ३० | ३४ | १५ | १२ | ९१ | १९६ |
| ३ | ने.क.पा. एमाले | प्रत्यक्ष | १९ | ११ | ३ | | ३३ | | ३ | ने.क.पा. एमाले | प्रत्यक्ष | ५६ | २५ | ९ | १ | ९१ | |
| | | समानुपातिक | २१ | २४ | १६ | ९ | ७० | १०३ | | | समानुपातिक | २७ | ३१ | १६ | १० | ८४ | १७५ |
| ४ | मधेशी जनअधिकार | प्रत्यक्ष | २ | ३ | २५ | | ३० | ५२ | ४ | मधेशी | प्रत्यक्ष | | | २ | | २ | |
| | फोरम नेपाल | समानुपातिक | १ | ४ | १४ | ३ | २२ | | | जनअधिकार फोरम नेपाल | समानुपातिक | १ | | ७ | | ८ | १० |
| ५ | तराई मधेश | प्रत्यक्ष | २ | १ | ५ | १ | ९ | | ५ | तराई मधेश | प्रत्यक्ष | १ | | ३ | | ४ | |
| | लोकतान्त्रिक पार्टी | समानुपातिक | | | १० | १ | ११ | २० | | लोकतान्त्रिक पार्टी | समानुपातिक | | | ७ | | ७ | ११ |
| ६ | सद्भावना पार्टी | प्रत्यक्ष | | | ४ | | ४ | | ६ | सद्भावना पार्टी | प्रत्यक्ष | | | १ | | १ | |
| | | समानुपातिक | | १ | ४ | | ५ | ९ | | | समानुपातिक | | १ | ४ | | ५ | ६ |
| ७ | नेपाल मजदुर | प्रत्यक्ष | | २ | | | २ | | ७ | नेपाल मजदुर | प्रत्यक्ष | | १ | | | १ | |
| | किसान पार्टी | समानुपातिक | १ | १ | | | २ | ४ | | किसान पार्टी | समानुपातिक | १ | २ | | | ३ | ४ |
| ८ | राष्ट्रिय जनमोर्चा | प्रत्यक्ष | १ | | | | १ | | ८ | मधेशी | प्रत्यक्ष | | ३ | १ | | ४ | |
| | | समानुपातिक | | १ | | २ | ३ | ४ | | जनाधिकार | समानुपातिक | ३ | ४ | २ | १ | १० | १४ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | फोरम लोकतान्त्रिक | | | | | | | |
| ९ | जनमोर्चा नेपाल | प्रत्यक्ष | १ | १ | | | २ | ७ | ९ | तराई मधेश सदभावना पार्टी | प्रत्यक्ष | | | १ | | १ | ३ |
| | | समानुपातिक | ३ | १ | १ | | ५ | | | | समानुपातिक | | | २ | | २ | |
| १० | स्वतन्त्र | प्रत्यक्ष | | | २ | | | २ | १० | स्वतन्त्र | प्रत्यक्ष | | | २ | | २ | २ |
| ११ | राष्ट्रिय प्रजातन्त्र पार्टी | समानुपातिक | ३ | ३ | १ | १ | ८ | ८ | ११ | राष्ट्रिय प्रजातन्त्र पार्टी | प्रत्यक्ष | ३ | | | | ३ | १३ |
| | | | | | | | | | | | समानुपातिक | ४ | ३ | २ | १ | १० | |
| १२ | ने.क.पा. (माले) | समानुपातिक | ३ | ३ | १ | १ | ८ | ८ | १२ | ने.क.पा.(माले) | समानुपातिक | २ | १ | १ | १ | ५ | ५ |
| १३ | ने.क.पा. (संयुक्त) | समानुपातिक | ३ | १ | १ | | ५ | ५ | १३ | ने.क.पा. ( संयुक्त) | समानुपातिक | २ | | १ | | ३ | ३ |
| १४ | रा.प्र.पा. नेपाल | समानुपातिक | १ | २ | १ | | ४ | ४ | १४ | रा.प्र.पा.नेपाल | समानुपातिक | ८ | ९ | ४ | ३ | २४ | २४ |
| १५ | राष्ट्रिय जनशक्ति पार्टी | समानुपातिक | १ | २ | | | ३ | ३ | १५ | संघीय समाजवादी नेपाल | समानुपातिक | २ | १ | १ | १ | ५ | ५ |
| १६ | राष्ट्रिय जनमुक्ति पार्टी | समानुपातिक | १ | १ | | | | २ | १६ | राष्ट्रिय जनमुक्ति पार्टी | समानुपातिक | | १ | | १ | २ | २ |
| १७ | ने.क.पा. एकीकृत) | समानुपातिक | १ | १ | | | २ | २ | १७ | जनजागरण पार्टी नेपाल | समानुपातिक | १ | | | | १ | १ |
| १८ | नेपाल सदभावना पार्टी (आनन्दीदेवी) | समानुपातिक | | | २ | | २ | २ | १८ | थरुहट तराई पार्टी | समानुपातिक | | २ | | | २ | २ |
| १९ | नेपाली जनता दल | समानुपातिक | | | २ | | २ | २ | १९ | नेपाली जनता दल | समानुपातिक | | | १ | | १ | १ |
| २० | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | समानुपातिक | | २ | | | २ | २ | २० | संघीयलोकतान्त्रिक राष्ट्रिय मञ्च ( थरुहट) | समानुपातिक | | १ | | | १ | १ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | दलित जनजाति पार्टी | समानुपातिक | | | | १ | १ | १ | २१ | दलित जनजाति पार्टी | समानुपातिक | | १ | | १ | २ | २ |
| २२ | समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल | समानुपातिक | १ | | | | १ | १ | २२ | मधेशी जनअधिकार फोरम ( गणतान्त्रिक) | समानुपातिक | | | १ | | १ | १ |
| २३ | नेपाः राष्ट्रिय पार्टी | समानुपातिक | | १ | | | १ | १ | २३ | नेपाः राष्ट्रिय पार्टी | समानुपातिक | | १ | | | १ | १ |
| २४ | नेपाल लोकतान्त्रिक समाजवादी दल | समानुपातिक | | १ | | | १ | १ | २४ | राष्ट्रिय मधेश समाजवादी पार्टी | समानुपातिक | १ | | २ | | ३ | ३ |
| २५ | चुरेभावर राष्ट्रिय एकता पार्टी | समानुपातिक | १ | | | | १ | १ | २५ | संघीय सदभावना पार्टी | समानुपातिक | | | १ | | १ | १ |
| २६ | नेपाल परिवार दल | समानुपातिक | १ | | | | १ | १ | २६ | नेपाल परिवार दल | समानुपातिक | १ | १ | | | २ | २ |
| | | | | | | | | | २७ | राष्ट्रिय जनमोर्चा | समानुपातिक | २ | १ | | | ३ | ३ |
| | | | | | | | | | २८ | मधेश समता पार्टी नेपाल | समानुपातिक | | १ | | | १ | १ |
| | | | | | | | | | २९ | समाजवादी जनता पार्टी | समानुपातिक | १ | | | | १ | १ |
| | | | | | | | | | ३० | अखण्ड पार्टी नेपाल | समानुपातिक | १ | | | | १ | १ |
| | | | | | | | | | ३१ | खुम्बुवान राष्ट्रिय मोर्चा | समानुपातिक | | १ | | | १ | १ |
| | जम्मा | | २०३ | १९० | १३५ | ४७ | ५७५ | ५७५ | | जम्मा | | २३७ | १७९ | १२० | ३९ | ५७५ | ५७५ |

*श्रोत : निर्वाचन आयोग*

उपरोक्त तालिका ४.८ मा उल्लेखित निर्वाचित सभासदहरुको नामावली निर्वाचन आयोगको वेवसाइटमार्फत प्राप्त गरी थरको आधारमा वर्गीकरण गरिएको छ । तालिकामा २०६४ र २०७० का निर्वाचनमा प्रत्येक दलबाट समानुपातिक र प्रत्यक्ष प्रणालीतर्फबाट निर्वाचित दल तथा स्वतन्त्र सभासदहरुको नामावली छुट्टाछुट्टै तालिकाबाट देखाइएको छ । तालिकामा देखाइएका जनजाति शीर्षकमा मधेशी जनजातिलाई र दलित शीर्षकमा मधेशी दलितलाई एकै कोष्ठमा समावेश गरिएको छ भने दुबै निर्वाचनमा प्रत्यक्षतर्फबाट निर्वाचित २/२ स्वतन्त्र उम्मेदवारलाई मधेशी शीर्षकमा समावेश गरिएको छ । उपरोक्त तालिकाको अध्ययनबाट २०६४ को र २०७० को प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीबाट निर्वाचित हुने ५७५ सिट संख्या रहेकोमा २०६४ को संविधानसभा निर्वाचनमा खस आर्य तर्फबाट ५७५ मध्ये २०३ सभासद निर्वाचित भई संविधानसभामा प्रतिनिधित्व गरेको पाइन्छ भने २०७० को संविधानसभामा कुल ५७५ मध्ये खस आर्य तर्फबाट २३७ सभासद निर्वाचित भएको पाइन्छ । खस आर्य तर्फबाट संविधानसभामा प्रतिनिधित्व हुने सभासदको संख्या २०६४ को निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा ३४ जना बढी रहेको पाइन्छ । त्यस्तै दुबै निर्वाचनका दुबै निर्वाचन प्रणालीबाट निर्वाचित भएका कुल ५७५ सिटमध्ये जनजाति र मधेशी जनजातिको तर्फको प्रतिनिधित्वको समीक्षा गर्दा २०६४ को निर्वाचनबाट जनजाति र मधेशी जनजातितर्फबाट जम्मा १९० सभासद निर्वाचित भएको पाइन्छ भने २०७० को निर्वाचनमा १७९ जना जनजाति र मधेशी जनजातितर्फका सभासद निर्वाचित भएको पाइन्छ । २०६४ को निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा जनजाति मधेशी जनजाति सभासदको संख्या ११ जना कम भएको पाइन्छ । तालिकामा उल्लेखित दुबै निर्वाचनमा दुबै निर्वाचन प्रणालीको कुल ५७५ सिटमध्ये मधेशी समुदायको तर्फबाट निर्वाचित भएका संख्याको विश्लेषण गर्दा २०६४ को निर्वाचनमा २७५ मध्ये १३३ जना सभासद निर्वाचित भएको पाइन्छ भने २०७० को निर्वाचनमा ११६ जना सभासद मात्र निर्वाचित भएका छन् । दुबै निर्वाचनमा प्रत्यक्षतर्फबाट निर्वाचित भएका २/२ जना स्वतन्त्र उम्मेदवारलाई समेत मधेशी शीर्षकमा समावेश गरिएको छ । २०६४ को तुलनामा २०७० को निर्वाचनमा मधेशी तर्फबाट १५ जना सभासद कम संख्यामा निर्वाचित भएको पाइन्छ । संविधानसभा निर्वाचन २०६४ र २०७० का दुबै निर्वाचनमा प्रत्यक्ष र समानुपातिक प्रणालीतर्फबाट निर्वाचित हुनुपर्ने कुल सिट संख्या ५७५ मध्ये दलित तर्फबाट संविधानसभामा निर्वाचित भएका सभासदहरुको समीक्षा गर्दा २०६४ को निर्वाचनमा दलिततर्फ बाट ४७ जना सभासद निर्वाचित भएको पाइन्छ भने २०७० को निर्वाचनमा दलित तर्फबाट ३९ जना सभासदमात्र निर्वाचित भएको पाइन्छ । संविधानसभा निर्वाचन २०६४ को तुलनामा २०७० को निर्वाचनमा ८ जना दलित तर्फका सभासद कम संख्यामा रहेको पाइन्छ ।

# *परिच्छेद - पाँच*

# निष्कर्ष

## ५.१ सारांश

वर्तमान राजनीतिक परिवेशमा राज्यको शासन व्यवस्थाको विविध स्वरुपमध्ये लोकतन्त्र एक लोकप्रिय र उत्कृष्ट शासन व्यवस्थाको रुपमा स्थापित र विकसित हुँदै आएको छ । यसलाइ दलहरुले विभिन्न ढंगले नामाकरण गर्दछन् । राजनीतिक पद्दतिका आधारमा जनतन्त्र, प्रजातन्त्र र गणतन्त्र पनि भन्ने गरिन्छ । विशेषतः राज्यको सार्वभौमसत्ताको केन्द्रमा आमजनता रहने, वालिग मताधिकार र आवधिक निर्वाचन बहुदलीय राजनीतिक प्रतिष्पर्धा, जनउत्तरदायी सरकारको गठन, संविधानवाद, शक्ति पृथकीकरण, जनताको आर्थिक सामाजिक राजनीतिक साँस्कृतिक अधिकार स्वतन्त्रता एवं मौलिक हकको प्रत्याभूति, कानुनको शासनजस्ता सवल र लोकप्रिय शासन व्यवस्थाका गुणहरुलाई यसले अभिन्न रुपमा अङ्गीकार गर्ने र अर्कोतर्फ शासन व्यवस्था संचालनका नाउँमा निरंकुश तानाशाह स्वेच्छाचारी, सभ्रान्त वर्गलाई पूर्णतया निषेध गर्ने हुनाले यसले लोकप्रिय र उत्कृष्ट शासन व्यवस्थाको रुपमा आफूलाई स्थापित र विकसित गर्न सम्भव भएको हो । विश्व राजनीतिक अवस्थालाई पछाडि फर्केर हेर्दा १६ औ शताब्दीको उत्तरार्ध र १७ औं शताब्दीको पूर्वार्धदेखि लोकतन्त्रको अभ्यासको सुरुवात भएको पाइन्छ । नेपालमा सुषुप्त गतिमा अघि बढिरहेको लोकतन्त्रको अभ्यास सन १९५० को दशकमा आइपुग्दा विश्वव्यापीरुपमा विस्तारित हुँदै आयो । नेपालको उत्तरी छिमेकी मुलुक चीनमा सन १९४९ मा राजतन्त्रको अन्त्य भइ गणतन्त्रको स्थापना भएपछि र नेपालको दक्षिणी छिमेकी मुलुक भारत लामो समयको ब्रिटिश उपनिवेशवादबाट मुक्त भइ सन् १९४७ मा स्वतन्त्र भइ प्रजातन्त्रको स्थापना भएपछि त्यसको प्रभाव नेपालमा पनि पर्‍यो । जसबाट नेपालमा पनि १०४ वर्ष अघिदेखिको पारिवारिक राणा शासनको विरुद्ध जनक्रान्ति भइ राणा शासन अन्त्य भइ वि.सं. २००७ साल फागुन ७ गते बहुदलीय प्रजातन्त्रको विजारोपण भयो ।

२००७ फागुन ७ गते प्रजातन्त्रको स्थापना हुँदा मुलुकको शासन व्यवस्था अब उप्रान्त जनताबाट निर्वाचित प्रतिनिधिहरुले तर्जुमा गरेको गणतान्त्रिक विधानअनुरुप संचालन हुनेछ भन्ने राजा त्रिभुवनको घोषणामा भनिए तापनि त्यसपश्चातका नेपालको राजनीति तदनुरुप संचालन हुन सकेन । राजनीतिक

दलको नेतृत्वबीचको टकराव, सत्ताकेन्द्रित खिचातानी र राजासँगको सम्झौतावादी चिन्तनले गर्दा न त संविधान सभाको निर्वाचन सम्पन्न भयो न त २००७ को क्रान्तिबाट प्राप्त प्रजातान्त्रिक उपलब्धि सुरक्षित हुने अवस्था रह्यो । राजनीतिक नेतृत्वको अदूरदर्शी सोच सम्झौतावादी चिन्तन र सत्ताकेन्द्रित खिचातानीबाट राजा सक्रिय हुँदै राणाहरुमा रहेको शक्ति विस्तारै आफ्नो नियन्त्रणमा लिए । अन्ततः २०१७ पौष १ गते जननिर्वाचित सरकार भंग गरी पुस २२ गते राजा महेन्द्रले बहुदलीय प्रजातन्त्र अन्त्य गर्दै निर्दलीय पञ्चायती व्यवस्था लागू भएको घोषणा गरे । यो अवधिमा भएको क्रान्तिले केवल राणामा भएको राजकीय शक्ति श्री ५ मा हस्तान्तरित गर्नेबाहेक केही हुन सकेन ।

वि.सं. २०१७ सालदेखि स्थापना भएको पंचायती शासन व्यवस्थामा न त कुनै राजनीतिक जागरणका अभियान संचलान गर्ने छुट थियो न त कुनै राजनीतिक दल संगठन खडा गरी प्रजातान्त्रिक आन्दोलन गर्ने अधिकार थियो । वि.सं. २०२८ मा नेपाल कम्युनिष्ट पार्टीले संचालन गरेको झापा विद्रोह (जसलाई नक्स लाइट आन्दोलन भनिन्छ) मार्फत निरंकुश पञ्चायती व्यवस्थाको मुटु हल्लायो । निरंकुश पंचायती व्यवस्थाको अन्त्य र पूर्णप्रजातन्त्रको पक्षमा अघि बढेको नक्सलाइट आन्दोलनले व्यापक जनसमर्थन बटुल्दै पंचायती शासन विरुद्ध खनिएपछि २०३७ बैशाख २० मा राजा वीरेन्द्रले जनमत संग्रह गराए । जनमत संग्रहको परिणामले पंचायती व्यवस्थाको विरुद्धमा ४५% र पञ्चायती व्यवस्थाको पक्षमा ५५ प्रतिशत जनमत देखाएपछि निरंकुश पंचायती शासन एकलौटी ढंगबाट चल्न सक्ने देखिएन । नेपालको संविधान २०१९ मा तेश्रो संशोधन गरी वालिग मताधिकारबाट राष्ट्रिय पंचायतको गठन गर्ने व्यवस्था गर्दै शासनमा जनताको सहभागिता गराउने नीति अख्तियार गऱ्यो । एकातर्फ दलबिहीन निरंकुश पंचायती व्यवस्था, अर्कोतर्फ वालिग मताधिकारबाट जनताबाट निर्वाचित प्रतिनिधि राष्ट्रिय पंचायतमा प्रतिनिधित्व हुने परिपाटीले पंचायती व्यवस्थालाई क्रमशः कमजोर गरायो । अन्ततः २०४६ साल फागुन ७ देखि नेपाली काँग्रेस र नेपालका कम्युनिष्ट शक्तिहरुको संगठित शक्ति बाममोर्चाको संयुक्त अगुवाईमा पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनर्स्थापनाको लागि भएको आन्दोलनले २०४६ चैत २४ गते ३० वर्षे पञ्चायती व्यवस्था अन्त्य गर्दै बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना गराएरै छाड्यो ।
२०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातान्त्रिक उपलब्धिबाट संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना त भयो तर जनआन्दोलनको उपलब्धिबाट निर्मित २०४७ सालको संविधानले राजा र दरबारलाई केही विशिष्ट अधिकार (जस्तो, सेनाको परमाधिपति श्री ५ हुने, श्री ५ को सम्पत्तिमा

कर नलाग्ने, श्री ५ को विषयमा नेपालको अदालतमा प्रश्न उठाउन नपाइने) उल्लेख गरियो । सोबाट वास्तवमा लोकतन्त्रको अनुभूति गर्न सक्ने ठाउँ थिएन । जसले गर्दा प्रजातन्त्र नाम मात्रको भइ दलतन्त्र हावी हुँदै आयो । त्यसैबीच राष्ट्रियता जनतन्त्र र जनजीविकाको सवालसहित संविधानसभाको निर्वाचन गर्नुपर्ने लगायतका ४० बुँदे माग साथ २०५२ माघ २१ गतेदेखि संयुक्त जनमोर्चा नेपालका डा. बाबुराम भट्टराईले १३ दिने अल्टिमेटम दिए । सो मागलाई तत्कालीन सरकारले नजर अन्दाज गर्दा २०५२ फागुन १ देखि ने.क.पा. माओवादीका नाउमा सशस्त्र जनयुद्धको प्रारम्भ भयो । एकातर्फ हत्या हिंसाको श्रृंखला उत्कर्षमा पुग्यो भने अर्कोतर्फ संसदीय दलहरु सरकार गठन विघटन सत्ता, पद, शक्ति र प्रतिष्ठामा मात्र ध्यान केन्द्रित गरी मुलुकलाई बर्वादीको खाडलमा धकेले । एकातर्फ संसदीय दलको सत्ता केन्द्रित संघर्ष र दाउपेच अर्कोतर्फ मुलुकमा हिंसा र हत्याको श्रृंखला दिन दुगुना रात चौगुना बृद्धि भएपछि सो कमजोर परिस्थितिबाट राजा ज्ञानेन्द्रले संविधानको धारा १२७ मा रहेको बाधा अडकाउ फुकाउको आफ्नो अधिकार प्रयोग गरेको अर्थ गरी शासन व्यवस्था आफ्नै हातमा लिए । यस अवस्थामा दलहरुबीच राजनीतिक ध्रुवीकरण भइ दरबार, दल र नेकपा माओवादीको त्रिपक्षीय शक्ति संघर्षमा मुलुक अगाडि बढ्यो ।

राजाको सक्रिय शासनबाट रुष्ट बनेका राजनीतिक दल र युद्धरत माओवादीबीच राजतन्त्रको अन्त्य र संविधानसभाको निर्वाचनमार्फत लोकतान्त्रिक गण्तन्त्रात्मक संविधान निर्माण गर्दै पूर्णलोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्ने उद्देश्यका साथ २०६२ मंसिर ७ गते भारतमा सम्पन्न १२ बुँदे समझदारीमार्फत १९ दिने जनआन्दोलनबाट नेपालमा राजतन्त्रको अन्त्य र पुनः लोकतन्त्रको स्थापना भयो । अन्ततः नेकपा माओवादी र सात राजनीतिक दलबीच पटक पटक भएका शान्तिवार्ता र समझदारीमार्फत २०६४ चैत २८ गते नेपालमा २०६४ चैत २८ गते ऐतिहासक संविधानसभा निर्वाचन सम्पन्न भयो । संविधानसभाको पहिलो बैठक (२०६५ जेठ १५) ले नेपालबाट शाहवंशीय राजतन्त्रात्मक शासन अन्त्य भइ नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र घोषित भयो । २०६५ जेठ २९ गते राजा ज्ञानेन्द्रसहितका परिवारले नारायणहिटी राजदरबार पनि छो तर शान्तिप्रक्रिया र संविधान निर्माण गर्ने प्रक्रिया थाँती राख्दै राजनीतिक दलहरु पुनः सत्ता संघर्ष र षडयन्त्रमा लिप्त भए । फलत २०६९ जेठ १४ मा संविधान निर्माण नगर्दै संविधान सभा विघटन भयो ।

पहिलो संविधानसभाले संविधान जारी गर्न असफल भएपश्चात पनि नागरिकमा संविधानप्राप्तिको आकांक्षा मरिसकेको थिएन । विश्वमा कही पनि दोस्रो संविधानसभाको निर्वाचन नभए पनि विद्यमान राजनीतिक संक्रमणकालको अन्त्य र प्राप्त लोकतान्त्रिक उपलब्धिको बचाउका लागि दोश्रो पटक संविधानसभा निर्वाचन गर्नुबाहेकको अर्को विकल्प थिएन । दलहरु चुनाव गर्न सहमत हुने तर चुनावी सरकार गठन गर्न एकअर्काको नेतृत्व र अस्तित्व स्वीकार गर्न नसक्ने स्थितिमा पुगिसकेपछि गैरदलीय स्वरुपको प्रधानन्यायाधीश खिलराज रेग्मीलाई चुनावी सरकारको नेतृत्व सुम्पन पुगे । सो सरकार गठनको विरुद्ध मोहन वैद्य नेतृत्वको नेकपा माओवादीलगायतका ३३ दलले सशक्त विरोध गरे । उनीहरुको असन्तुष्टि न्यायपालिका प्रमुखबाट खिलराज रेग्मीले राजीनामा गर्नुपर्ने भन्ने मुख्य मागमा केन्द्रित थियो । तथापि प्रधानन्यायाधीश पदलाई आफ्नो प्रतिष्ठा र अडानको विषय बनाइ प्रधानन्यायाधीश खिलराज रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा नदिने बताएपछि असन्तुष्ट दलहरु निर्वाचनको सशक्त बहिष्कारमा जुटे । सरकार र अन्य दलहरुले पनि ३३ दललाई बाहिरै राखेर २०७० मंसिर ४ मा दोश्रो पटक संविधानसभाको निर्वाचन सम्पन्न गराए ।

उपरोक्त घटनाक्रमबाट नेपाली जनताले लोकतन्त्र प्राप्तिका पक्षमा पटक पटक संघर्ष र विद्रोहको सामना गरे पनि जनताको संघर्ष र बलिदानीबाट प्राप्त लोकतान्त्रिक उपलब्धिको संस्थागत विकास हुन नपाउँदै लोकतन्त्रमाथि पटक पटक प्रहार भएको पाइन्छ । नेपालमा बेलाबखत उत्पन्न राजनीतिक अस्थिरताका कारण जनताको संघर्ष र बलिदानीबाट प्राप्त भएको लोकतान्त्रिक उपलब्धि किन धरापमा परे ? नेपाली जनताले लोकतन्त्र शान्ति र राजनीतिक स्थायित्वका लागि कहिलेसम्म आन्दोलन र संघर्ष गर्नुपर्ने हो ? जनताको क्रान्तिबाट प्राप्त भएको लोकतान्त्रिक उपलब्धिलाई संस्थागत गर्न राजनीतिक दल किन असफल भइरहेका छन् ? यी गम्भीर सवालहरु नेपालको राजनीतिक सन्दर्भमा उपस्थित प्रश्न हुन् । यसको पछाडि राजनीतिक दल के कस्ता रहेका छन्, ती दल र नेतृत्वका राजनीतिक व्यवहार आचरण कस्तो रहँदै आएको छ ? निर्वाचन प्रणाली के कस्तो छ ? कस्ता राजनीतिक दल र उम्मेदवार निर्वाचित भएका छन्  ? भन्ने सन्दर्भको विवेचना र विश्लेषण अपरिहार्य हुन्छ । नेपालमा लोकतान्त्रिक शासन व्यवस्थाको लागि अगुवाइ गरेका दलहरुको गरेका व्यवहार र लिएका तत्कालिन नीतिकै कारण २००७ देखि २०६२/०६३ सम्मका पटक पटक भएका क्रान्तिबाट प्राप्त भएको प्रजातान्त्रिक र लोकतान्त्रिक उपलब्धिलाई संस्थागत गर्नुको सट्टामा सत्ताको लागि आपसमा खिचातानी र षडयन्त्र गर्दै

दलिय र नेतृत्वका स्वार्थ अभिप्रेरित क्रियाकलाप द्धारा लोकतान्त्रिक शासन व्यवस्थालाई स्थिर र सुदृढ बनाउनुपर्ने मुख्य जिम्मेवारीबाट पन्छिएर निहित स्वार्थका लागि सत्ताकेन्द्रित प्रवृति र भूमिकामा मुख्य राजनीतिक दलहरु रहे । जस कारणले गर्दा पछिल्लो पटक नेपाली राजनीतिमा अहम भूमिका राख्ने संविधान सभाको आयु दोब्बर बनाउँदा पनि यसले संविधान दिन सकेन र पुनः संविधान सभाका लागि दोस्रो पटक आमनिर्वाचन गर्नु  पर्‍यो । दलका नेताहरुले जनतालाई भोट बैंकको रुपमा प्रयोग गर्ने र उनीहरुलाई प्रजातन्त्र र लोकतन्त्रको पाठ मात्र पढाउन खोज्ने तर आफ्ना आचरण र व्यवहार ठिक त्यस्को विपरित गर्दै जवाफदेहिता र पारदर्शिताको अज्ञानी बन्दै सत्ता र शक्ति केन्द्रित संघर्ष र स्वार्थमा निर्लिप्त रहने गरेको कारण राजनीतिक सँक्रमणकाल लम्बिन पुगी लोकतन्त्रले स्थायित्व प्राप्त गर्न सकेको छैन र देशले आर्थिक प्रगति गर्न पाएको छैन ।

नेपालमा लोकतान्त्रिक शासन व्यवस्थाको लागि अगुवाइ गरेका दलहरुको बोली र रुपमा लोकतन्त्र भन्ने गरेतापनि व्यवहार र सारमा यस्को ठिक विपरित गर्दै आइरहेको पाईन्छ । २००७ देखि २०६२/०६३ को क्रान्तिबाट प्राप्त भएको प्रजातान्त्रिक उपलब्धिलाई संस्थागत गर्नुको सट्टामा सत्ताको लागि आपसमा खिचातानी र षडयन्त्रका कियाकलाप बाट लोकतन्त्रमा संकट र अस्थीरता जस्ता चुनौती पैदा गरेको देखिन्छ । जनआन्दोलनबाट लोकतन्त्र स्थापना भइ संविधानसभा निर्वाचन भएपछि शान्तिप्रक्रियालाई टुंगोमा पुर्‍याउने, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गर्ने गरी लोकतान्त्रिक शासन व्यवस्थालाई स्थिर र सुदृढ बनाउनुपर्ने मुख्य जिम्मेवारीबाट पन्छिएर पुनः सत्ता बनाउने ढाल्ने खेलमा अस्वस्थ प्रतिष्पर्धाद्धारा सत्ताकेन्द्रित प्रवृति र भूमिकामा मुख्य राजनीतिक दलहरु केन्द्रित रहेको पाइन्छ ।

नेपालको लोकतान्त्रिक ईतिहांसमै उल्लेख्य रुपमा रहेको संविधान सभाको माग अन्ततः वि सं २०६२ र ६३ मा भएको जनआन्दोलनद्धारा पूरा हुन गै २०६४ मा सघिय लोकतान्त्रिक संविधान निमार्णका लागि पहिलो पटक संविधान सभाको निर्वाचन भयो । जनताको अपूर्व समर्थन र सहभागितामा भएको जनआन्दोलनका उपलब्धीहरुलाई संस्थागत गर्न स्थापित संविधान सभाको पटक पटक समय थप गरि अबधि बढदाउदां पनि यसलाई आफ्नो लक्ष्यमा सफल हुन नदिई निस्फल बनाइयो । खासगरि  ठूला दलहरुको अकर्मण्यता र स्वार्थी राजनीति, संविधानसभालाई सार्वभौम बन्न नदिनु र संविधान बनाउनेभन्दा सरकार बनाउने र ढाल्ने खेलमा जोड दिइनुनै आन्तरिक रुपमा यस संविधान सभालाई

असफल बनाउने कारणहरु रहेको पाईन्छ । परिवर्तीत राजनीतिक उपलब्धिहरुलाई संस्थागत गर्ने अर्को मार्ग पनि थिएन । फलतः देशमा पुनः संविधान बनाउनका लागि संविधान सभाको लागि अर्को आम निर्वाचन २०७० मा गरियो । यस सभामा दलिय समिकरण फेरिएको, दुई दुई पटक देशमा जम्बो संविधान सभाको गठनका लागि समय, शक्ति र आर्थिक स्रोत देशले गुमाउन परेकोले र नयां संविधानको अभावमा संघिय लोकतान्त्रिक राज्य व्यबस्थाले स्थाईत्व प्राप्त नगर्ने हुनाले यस पछिल्लो संविधान सभाबाट देशले नयां संविधान प्राप्त गर्ने आषा राख्न सकिन्छ ।

नेपालमा भएका दुइवटा संविधान सभाका निर्वाचनमा खसेको मततर्फको समीक्षा गर्दा संविधानसभा निर्वाचन २०६४ मा भन्दा २०७० मा भएको प्रत्यक्षतर्फ १६.६४ % र समानुपातिकतर्फ २०६४ को निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा १६.५३ % मत बढी  मत खसेको देखिन्छ । बदर र सदरतर्फको मत तालिकाको विश्लेषण गर्दा २०६४ सालको प्रत्यक्ष निर्वाचनमा बदर मत ५.१५% र २०७० को निर्वाचनमा बदर मत प्रतिशत ४.९६% मात्र बदर भइ २०६४ को निर्वाचनभन्दा २०७० को निर्वाचनमा बदर मत ०.१९ % कमी देखिन्छ । यो ठुलै उपलब्धी नभएकोले मतदाता शिक्षाको लगानी र यस्को प्रतिफल तुलना गर्दा खासै उपलब्धि मूलक भएको पाईदैन । संविधान सभा निर्वाचनमा दलहरुको उपस्थिति र सहभागितार्ला विश्लेषण गर्दा संविधानसभा निर्वाचन २०६४ मा ५५ राजनीतिक दल निर्वाचन आयोगमा दर्ता भएकोमा ५४ वटा राजनीतिक दलले निर्वाचनमा उम्मेदवारी दर्ता गराएका थिए । २०७० को संविधानसभा निर्वाचनमा १२१ वटा दलले उम्मेदवारी दिएका थिए । दुबै निर्वाचनतर्फको दलगत परिणाम हेर्दा २०६४ को निर्वाचनमा उम्मेदवारी दिएका मध्ये प्रत्यक्ष प्रणालीतर्फबाट ९ दल र २ स्वतन्त्र उम्मेदवार निर्वाचित भइ संविधानसभामा प्रतिनिधित्व भएको पाइन्छ भने समानुपातिकतर्फ ५४ दलमध्ये २५ दलमात्र संविधानसभा निर्वाचनमा निर्वाचित भई संविधानसभामा प्रतिनिधित्व गरेको पाइन्छ । त्यसैगरी २०७० को संविधानसभा निर्वाचनमा भाग लिएका १२१ दलमध्ये प्रत्यक्ष प्रणालीतर्फ १० दलका तर्फबाट र २ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएको पाइन्छ भने समानुपातिक प्रणालीतर्फ १२१ दलमध्ये जम्मा ३० मात्र संविधानसभामा आफ्ना उम्मेदवार निर्वाचित गरी पठाएको पाइन्छ । २०६४ को निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा ६७ वटा राजनीतिक दल बढी सहभागी भएको पाइन्छ । अर्कोतर्फ मोहन वैद्य नेतृत्वको ने.क.पा. माओवादी लगायतका ३३ राजनीतिक दलहरु २०७० को निर्वाचन बहिष्कार गरेका छन् । यदि यी दलहरु समेत

निर्वाचनमा भाग लिएको भए उक्त निर्वाचनमा सहभागी दलको संख्या १५४ पुग्ने थियो । २०६४ सालको निर्वाचनमा भन्दा २०७० को संविधानसभा निर्वाचनमा दलहरुको संख्या अप्रत्याशित बढी देखिनुको पछाडि निर्वाचनमा थ्रेसहोल्डको व्यवस्था र सीमा निर्धारण नहुनु, जातीय तथा क्षेत्रीय पहिचानसहितको राज्यको मागसहित उठेको ताजा बहससँगै आ-आफ्ना जातीय तथा क्षेत्रीय पहिचानसहितको राज्यको महत्वाकांक्षाले दल खोल्नेक्रम बढ्नु, निर्वाचन आयोगमा दर्ता भई संविधानसभामा प्रतिनिधित्व गराउन सकेको खण्डमा राज्यको तर्फबाट प्राप्त हुने सेवा सुविधा उपभोगको महत्वाकांक्षा बढ्नु लगायतका कारण प्रमुख रुपमा रहेको पाइन्छ ।

संविधानसभाका दुबै निर्वाचनको परिणाम र दलीय अवस्थालाई हेर्दा २०६४ सालको निर्वाचनमा समानुपातिक प्रणालीबाट १०० र प्रत्यक्ष प्रणालीबाट १२० सिट गरी सम्मा २२० सिट हासिल गरी ठूलो दल घोषित भएको तत्कालीन ने.क.पा. माओवादी हालको ए.ने.क.पा. माओवादी समानुपातिकतर्फबाट ५४ र प्रत्यक्षतर्फबाट २६ गरी जम्मा ८० सिटमा सिमित भई तेश्रो दलमा झरेको पाइन्छ भने २०६४ को निर्वाचनमा समानुपातिकतर्फ ७७ र प्रत्यक्षतर्फ ३७ गरी जम्मा ११० सिट हासिल गरी दोश्रो ठूलो दल घोषित भएको नेपाली काँग्रेसले प्रत्यक्षतर्फ १०५ र समानुपातिकतर्फ ९१ सिट गरी जम्मा १९६ सिट सहित सबैभन्दा ठूलो दल घोषित भएको छ । त्यसैगरी २०६४ को संविधानसभा निर्वाचनमा समानुपातिकतर्फ ७० र प्रत्यक्षतर्फ ३३ गरी १०३ सिटसहित तेश्रो ठूलो दलको रुपमा रहेको ने.क.पा.एमालेले २०७० को निर्वाचनमा प्रत्यक्षतर्फ ९१ र समानुपातिकतर्फ ८४ सिट समेत जम्मा १७५ सिटसहित दोश्रो ठूलो दल घोषित भएको छ । २०६४ को संविधानसभा निर्वाचनमा कुल ५२ सिटसहित चौथो स्थानमा रहेको मधेशी जनअधिकार फोरम नेपाल २०७० को निर्वाचनमा प्रत्यक्षतर्फ २ र समानुपातिकतर्फ ८ गरी जम्मा १० सिटमा सीमित हुन पुग्यो । त्यसैगरी पूर्वपञ्चहरुको संवैधानिक राजतन्त्र र हिन्दु राज्यको मागको पक्षमा रहेको रा.प्र.पा. नेपाल चौथो ठूलो दल घोषित भएको छ । २०६४ को निर्वाचनमा प्रत्यक्षतर्फबाट १ सिट हासिल गरेको राष्ट्रिय जनमोर्चाले प्रत्यक्षतर्फबाट सहभागिता जनाउन सकेन भने २०६४ मा प्रत्यक्षतर्फबाट अस्तित्वमा नरहेको संघीय सदभावना पार्टीले २०७० को निर्वाचनमा प्रतिनिधित्व पाएको छ ।

संविधानसभा निर्वाचन २०६४ को प्रत्यक्षतर्फको निर्वाचनमा २३ स्थानमा महिला सिट विजयी गराएको तत्कालीन नेकपा माओवादी (हाल एकीकृत नेकपा माओवादी) का तर्फबाट २०७० को निर्वाचनमा १ मात्र उम्मेदवार ओनसरी घर्ती निर्वाचित भएको अवस्था छ । त्यस्तै गरी २०६४ को २४० सिटको प्रत्यक्ष निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट २ जना महिला उम्मेदवार निर्वाचित भएकोमा हाल नेपाली काँग्रेसले ६ सिट पुऱ्याएको अवस्था छ भने नेकपा एमालेका तर्फबाट २०६४ सालको निर्वाचनमा सुर्खेत १ कि कमला शर्मामात्र १ सिटमा निर्वाचित भएको पाइन्छ भने २०७० सालको निर्वाचनमा ने.क.पा. एमालेको तर्फबाट ३ सिटमा महिला सभासद निर्वाचित भएको पाइन्छ । २०६४ को प्रत्यक्ष निर्वाचनमा मधेशी जनअधिकार फोरमले २ र तराई मधेश लोकतान्त्रिक पार्टीले १ सिट महिला उम्मेदवारलाई निर्वाचित गराएकोमा ती दुबै दलले २०७० को प्रत्यक्ष निर्वाचनतर्फ बाट भने १ सिट पनि प्रतिनिधित्व गराउन सकेको पाइँदैन । त्यसरी हेर्दा संविधानसभा निर्वाचन २०६४ को प्रत्यक्षतर्फबाट २९ जना महिलाले संविधानसभामा प्रतिनिधित्व गरेका थिए भने २०७० को निर्वाचनमा जम्मा १० जना महिलामात्र संविधानसभामा निर्वाचित भएको पाइन्छ ।

त्यसैगरी समानुपातिकतर्फ २०६४ को संविधानसभा निर्वाचनमा सहभागी दल ५४ मध्ये केवल २५ दलको तर्फबाट मात्र प्रतिनिधित्व भएको थियो भने २०७० को निर्वाचनमा १२१ मध्ये ३० दलको तर्फबाट प्रतिनिधित्व भएको पाइन्छ । समानुपातिकतर्फबाट निर्वाचित महिला प्रतिनिधि संविधानसभाका लागि योग्य र सक्षम छन् छैनन् भन्ने कुरा पछि उनीहरुको भूमिका र कार्यशैलीले देखाउने छ । तथापि अघिल्लो संविधानसभामा २५ दलका तर्फबाट छुट्याइएको ३३५ सिटमध्ये १६१ सिटमा महिलाको प्रतिनिधित्व भएको थियो भने २०७० को निर्वाचनमा ३० दलका तर्फबाट १६२ जना महिला प्रतिनिधिलाई संविधानसभामा निर्वाचित गरिएको पाइन्छ । संविधानसभामा दुबै प्रणालीतर्फबाट अघिल्लो निर्वाचनमार्फत १९० जना महिला सभासद्को सहभागिता रहेको थियो भने पछिल्लो निर्वाचनमा जम्मा १७२ महिलाको मात्र प्रतिनिधित्व भएको पाइन्छ । दुबै संविधानसभा निर्वाचनको प्रत्यक्ष र समानुपातिकतर्फको कुल महिला सभासदहरुको संख्या हेर्दा २०६४ को संविधानसभा निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा १८ जना महिला सभासद कमी भएको पाइन्छ । समानुपातिकतर्फको महिला सभासदको प्रतिनिधित्वको दलीय आँकडाअनुसार २०६४ को निर्वाचनमा २५ दलमध्ये १९ दलको तर्फबाट मात्र प्रतिनिधित्व रहेको पाइन्छ भने २०७० को संविधानसभा निर्वाचनमा निर्वाचित ३०

दलमध्ये २३ दलको तर्फबाट मात्र संविधानसभामा प्रतिनिधित्व रहेको छ । यसरी संविधानसभामा प्रतिनिधित्व गर्ने महिला सभासदहरुको संख्या २०६४ सालको संविधानसभा निर्वाचनको भन्दा २०७० को संविधानसभा निर्वाचनमा कमी भएको तथ्यले नेपालको आधाभन्दा बढी जनसंख्याको हिस्सा ओगटेको महिलाको तर्फबाट संविधानसभामा सो अनुपातमा प्रतिनिधित्व हुन सकेको पाइँदैन । जसले गर्दा भावी संविधानमा महिला हकहित अधिकारलगायतका महिलासँग सम्बन्धित मुद्दाहरु सम्बोधन गर्न कठिन हुने देखिन्छ ।

संविधान सभामा जातजाति र जनजातिको उपस्थितिलाई विश्लेषण गर्दा २०६४ को र २०७० को प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीबाट निर्वाचित हुने ५७५ सिट संख्या रहेकोमा २०६४ को संविधानसभा निर्वाचनमा खस आर्य २०३ सभासद निर्वाचित भई संविधानसभामा प्रतिनिधित्व गरेको पाइन्छ भने २०७० को संविधानसभामा यो जातिका २३७ सभासद निर्वाचित भएको पाइन्छ । खस आर्य तर्फबाट संविधानसभामा प्रतिनिधित्व हुने सभासदको संख्या २०६४ को निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा ३४ जना बढी रहेको पाइन्छ । त्यस्तै दुबै निर्वाचनका दुबै निर्वाचन प्रणालीबाट निर्वाचित भएका कुल ५७५ सिटमध्ये जनजाति तर्फको प्रतिनिधित्वको समीक्षा गर्दा २०६४ को निर्वाचनबाट पहाडि जनजाति र मधेशी जनजातितर्फबाट जम्मा १९० सभासद निर्वाचित भएको पाइन्छ भने २०७० को निर्वाचनमा १७९ जना  सभासद निर्वाचित भएको पाइन्छ । २०६४ को निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा जनजाति  सभासदको संख्या ११ जना कम भएको पाइन्छ । त्यस्तै दुबै निर्वाचनमा दुबै निर्वाचन प्रणालीको कुल ५७५ सिटमध्ये प्रत्यक्षतर्फबाट निर्वाचित भएका २/२ जना स्वतन्त्र उम्मेदवारलाई समेत मधेशी शीर्षकमा समावेश गर्दा मधेशी समुदायको तर्फबाट निर्वाचित भएका संख्या २०६४ को निर्वाचनमा १३३ जना र  २०७० को निर्वाचनमा ११६ जना सभासद मात्र निर्वाचित भएका छन् । २०६४ को तुलनामा २०७० को निर्वाचनमा मधेशी तर्फबाट १५ जना सभासद कम संख्यामा निर्वाचित भएको पाइन्छ । संविधानसभा निर्वाचन २०६४ र २०७० का दुबै निर्वाचनमा प्रत्यक्ष र समानुपातिक प्रणालीतर्फबाट निर्वाचित हुनुपर्ने कुल सिट संख्या ५७५ मध्ये दलित तर्फबाट संविधानसभामा निर्वाचित भएका सभासदहरुको समीक्षा गर्दा २०६४ को निर्वाचनमा दलिततर्फ बाट ४७ जना सभासद निर्वाचित भएको पाइन्छ भने २०७० को निर्वाचनमा दलित तर्फबाट ३९ जना सभासदमात्र निर्वाचित भएको पाइन्छ । संविधानसभा निर्वाचन २०६४ को तुलनामा २०७० को निर्वाचनमा ८ जना दलित तर्फका सभासद कम संख्यामा रहेको पाइन्छ ।

## ५. २ शोधपत्रको निचोड

नेपाली लोकतन्त्रको प्रर्वत्ति राजनीति अस्थिर र उथल फुथल युक्त पाईन्छ । राजनीतिक स्थायित्व र लोकतन्त्रको संस्थागत विकास भन्दा पनि दलिय र नेतृत्वका संकिर्ण स्वार्थहरुले गर्दा समयोचीत राजनीतिक र आर्थिक विकास नेपालमा नपाएतापनि अन्ततः विभिन्न संक्रमणहरु पार गर्दै नेपाली राजनीति लोकतान्त्रिकीकरण तर्फ अगाडि बढेकोनै छ । पछिल्लो पटक यसका लागि संविधान सभाको दूई दूई पटक निर्वाचन सम्पन्न भएको छ । नेपालमा भएका दुइवटा संविधान सभाका निर्वाचनमा खसेको मततर्फको तुलनात्मक समीक्षा गर्दा संविधानसभा निर्वाचन २०६४ मा भन्दा २०७० मा बढी मत खसेको देखिन्छ । बदर र सदरतर्फको मतको विश्लेषण गर्दा २०६४ सालको प्रत्यक्ष निर्वाचनको भन्दा २०७० को निर्वाचनमा बदर मत कमी देखिन्छ ।

संविधान सभा निर्वाचनमा दलहरुको उपस्थिति र सहभागितालाई विश्लेषण गर्दा संविधानसभा निर्वाचन २०६४ मा भन्दा २०७० को निर्वाचनमा ६७ वटा राजनीतिक दल बढी सहभागी भएको पाइन्छ । दुबै निर्वाचनतर्फको दलगत परिणाम हेर्दा २०६४ को निर्वाचनमा उम्मेदवारी दिएका मध्ये प्रत्यक्ष प्रणालीतर्फबाट ९ दल मात्रको संविधानसभामा प्रतिनिधित्व भएको थियो । जहां समानुपातिकतर्फ ५४ दलमध्ये २५ दलमात्र संविधानसभामा निर्वाचित भई प्रतिनिधित्व गरेको पाइन्छ । त्यसैगरी २०७० को संविधानसभा निर्वाचनमा भाग लिएका १२१ दलमध्ये प्रत्यक्ष प्रणालीतर्फ १० दलका तर्फबाट निर्वाचित भएको पाइन्छ भने समानुपातिक प्रणालीतर्फ १२१ दलमध्ये जम्मा ३० दललेमात्र संविधानसभामा निर्वाचित हुने मौका पाएका छन् । संविधानसभाका दुबै निर्वाचनमा निर्वाचित दलीय अवस्थालाई हेर्दा २०६४ सालको निर्वाचनमा २२० सिट हासिल गरी ठूलो दल घोषित भएको तत्कालीन ने.क.पा. माओवादी हालको ए.ने.क.पा. माओवादी २०७०को संविधानसभामा जम्मा ८० सिटमा सिमित भई तेश्रो दलमा झरेको पाइन्छ । त्यस्तै २०६४ को निर्वाचनमा जम्मा ११० सिट हासिल गरी दोश्रो ठूलो दल घोषित भएको नेपाली काँग्रेसले २०७० मा १९६ सिट सहित सबैभन्दा ठूलो दल घोषित भएको छ । त्यसैगरी २०६४ को संविधानसभा निर्वाचनमा जम्मा १०३ सिटसहित तेश्रो ठूलो दलको रुपमा रहेको ने.क.पा.एमालेले २०७० को निर्वाचनमा १७५ सिटसहित दोश्रो ठूलो दल बन्न पुगेको छ । २०६४ को संविधानसभा निर्वाचनमा कुल ५२ सिटसहित चौथो स्थानमा रहेको मधेशी जनअधिकार फोरम नेपाल २०७० को निर्वाचनमा जम्मा १० सिटमा सीमित हुन पुग्यो । त्यसैगरी पूर्वपञ्चहरुको संवैधानिक राजतन्त्र र हिन्दु राज्यको मागको पक्षमा रहेको रा.प्र.पा. नेपाल चौथो ठूलो दल घोषित भएको छ ।

दुबै संविधानसभा निर्वाचनको प्रत्यक्ष र समानुपातिकतर्फको कुल महिला सभासदहरुको संख्या हेर्दा २०६४ को संविधानसभा निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा १८ जना महिला सभासद कमी भएको पाइन्छ । संविधान सभामा जातजातिको संरचनागत सहभागितालाई विश्लेषण गर्दा २०६४ को र २०७० को प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीबाट निर्वाचित हुने ५७५ सिट संख्या रहेकोमा २०६४ मा खस आर्य तर्फबाट २०३ र २०७० को संविधानसभामा २३७ सभासद निर्वाचित भएको पाइन्छ । त्यस्तै दुबै निर्वाचनका दुबै निर्वाचन प्रणालीबाट निर्वाचित भएका कुल ५७५ सिटमध्ये जनजाति तर्फको प्रतिनिधित्वको हेर्दा २०६४ को निर्वाचनबाट जनजाति जनजातितर्फबाट जम्मा १९० सभासद निर्वाचित भएको पाइन्छ भने २०७० को निर्वाचनमा १७९ जना जनजाति सभासद निर्वाचित भएको पाइन्छ । त्यस्तै मधेशी समुदायको तर्फबाट निर्वाचित भएका संख्याको विश्लेषण गर्दा २०६४ को निर्वाचनमा १३३ जना सभासद निर्वाचित भएको पाइन्छ भने २०७० को निर्वाचनमा ११६ जना सभासद मात्र निर्वाचित भएका छन् । त्यस्तै दलित तर्फबाट २०६४ को संविधान सभामा ४७ जना सभासद निर्वाचित भएको पाइन्छ भने २०७० को निर्वाचनमा दलित तर्फबाट ३९ जना सभासदमात्र निर्वाचित भएको पाइन्छ । त्यस्तै संविधान सभाका लागि भएको पहिलो निर्वाचनमा भन्दा दोस्रो निर्वाचन बढी सहभागितामूलक र निर्वाचनसम्बन्धी अवलम्बन भएका विधि र प्रक्रियामा केहि सुधार गरिएको पाइन्छ ।

## ५.३ सुझावहरु

- नेपालमा लोकतन्त्रको स्थापना, राजनीतिक स्थिरताका लागि नेपाली जनताले वि.सं. २००७ सालदेखि विभिन्न चरणमा राजनीतिक आन्दोलन, क्रान्ति र बलिदानीपूर्ण संघर्ष गर्दै आएको भए तापनि ती क्रान्ति र संघर्षबाट प्राप्त लोकतान्त्रिक उपलब्धिको संस्थागत गर्ने जिम्मेवारी बोकेका राजनीतिक दलहरुको छिमेकपरस्त सम्झौतावादी र समर्पणवादी चिन्तन एवं आचरणका कारण प्राप्त लोकतान्त्रिक उपलब्धि संस्थागत हुन सकेको पाइँदैन । वि.सं. २००७ सालमा प्रजातन्त्र घोषणा हुनुपूर्व राजा, राणा र दल भारत पुगी भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुको अगुवाइमा सम्झौता गरेपश्चात मात्र प्रजातन्त्र घोषणा भएको, १० वर्षे जनयुद्ध गरेको नेकपा माओवादी र सात दल भारतभूमिमा पुगी २०६२ मंसिरको ७ को बुँदे समझदारी गरेपश्चात युद्धरत नेकपा माओवादीले आफ्नो जनयुद्धलाई पूर्णविराम गरेको त्यसबीचका अधिकांश सरकारदेखि खिलराज रेग्मी नेतृत्वको सरकारको गठनसम्मको अध्यायमा सरकार गठन र विघटनसम्मको प्रक्रियामा

राजनीतिक दलका नेताहरुले भारत गुहारेका दृश्य अदृश्य घटनाले राजनीतिक दल, आफ्नो राष्ट्रियता, राजनीतिक व्यवस्था र स्वाधिनताको पक्षमा गम्भीर बन्न नसकेको देखिन्छ । दलीय स्वार्थलाई त्यागेर राष्ट्रिय हितका लागि दल र यसका नेता आत्मनिर्भर भइ निर्णय गर्न सक्ने क्षमता राख्नुपर्ने देखिन्छ ।

- नेपालका राजनीतिक दलहरु २००७ सालको क्रान्तिदेखि २०१७ सालसम्म र २०४६ देखि २०६२/०६३ को आन्दोलनदेखि संविधानसभा विघटन हुँदासम्म पटक पटक जनताको संघर्षबाट प्राप्त भएको लोकतान्त्रिक उपलब्धिको संरक्षण गर्ने जिम्मेवारी पाएको भए तापनि त्यसलाई सहीरुपमा प्रयोग गर्दै लोककल्याणकारी नीति कार्यक्रम तर्जुमा गरी लोकतन्त्रको संस्थागत विकास र सुदृढीकरणमा ठोस योगदान पुऱ्याउनुपर्नेमा त्यसतर्फ विल्कुल जिम्मेवार नभई दलहरु सत्तासंघर्षको खेलमा मात्रै केन्द्रित रहे । निर्वाचनका दौरानमा गरेका प्रतिबद्धता बिर्सदै जनतालाई भोट बैंकको रुपमा प्रयोग गर्ने दलीय चरित्रले गर्दा राजनीतिक दलहरुप्रति जनताको विश्वास डगमगाएको देखिन्छ । अतः राजनीतिक दलहरुले बहुदलीय प्रजातन्त्र र लोकतन्त्रको संरक्षणको लागि सोही अनुरुपको आचरण अवलम्बन गर्नुपर्ने टड्कारो छ ।
- वर्तमान निर्वाचन प्रणालीले लोकतान्त्रिक व्यवस्थालाई अझ बढी सुदृढ गर्न सहयोग पुऱ्याउँछ तथापि विभिन्न जातजाति, भाषाभाषी भएको नेपालजस्तो बहुभाषिक, बहुसँस्कृतिक मुलुकमा निर्वाचन प्रणाली सबै जातजातिलाई समावेश गर्न मिल्ने खालको हुनुपर्ने देखिन्छ । त्यसका लागि हाल अवलम्बन गरिएका पहिलो हुनेले जित्ने पद्दति तथा समानुपातिक निर्वाचन पद्दतिका राम्रा नराम्रा पक्षहरुलाई विचार गरेर यसमा सामयिक संशोधनको जरुरी देखिन्छ । राजनीतिक दलहरुको स्वच्छचारिता बढ्दै जाने र त्यसलाई निर्वाचनले अंकुश नगर्ने हो भने दलीय अराजकता र अतिवाद हावी हुने प्रक्षेपण गर्न सकिन्छ । तसर्थ राजनीतिक दलहरुको संस्कार र आचरण लोकतान्त्रिक हुनु जरुरी छ । योग्य र सक्षम जनप्रतिनिधिले मात्र राज्यको शासन व्यवस्थामा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ तसर्थ शासन व्यवस्थामा सहभागी हुने प्रतिनिधिहरुको लागि कम्तीमा स्नातक तह उत्तीर्ण गरेको शैक्षिक योग्यता, सीमाङ्कन तोकिनु आवश्यक छ ।
- नेपालको राजनीतिक इतिहासलाई बामपन्थी दलहरु तथा उदारवादी दलहरुले फरक फरक ढंगले व्याख्या गर्ने, समाजको परिभाषालाई फरक ढंगले बुझ्ने मान्यताहरु विकसित हुँदै गएको अवस्थामा राजनीतिक क्रान्तिपछि आर्थिक तथा सामाजिक क्रान्तिको रोल मोडेल के हुने भन्ने

विषयमा अहिलेसम्म पनि राजनीतिक दलहरुबीचको बहस, समान धारणा हुन सकेको पाइँदैन । तसर्थ पहिले नेपाली समाजको स्वरुप संरचना संस्कार अनुरुप पहिले समाजवादी कार्यदिशा वा पुँजीवादी कार्यदिशा कुन आवश्यक हो दलहरुको नीति र कार्यक्रम स्पष्ट हुनुपर्दछ । संविधानसभा निर्वाचन प्रणालीतर्फ निर्वाचित प्रतिनिधिको विश्लेषण गर्दा जनताबाट प्रत्यक्ष निर्वाचित हुने सदस्यहरुको तुलनामा समानुपातिक प्रतिनिधित्वको सिट संख्या बढी हुँदा यसले जनतालाई मनोवैज्ञानिक त्रास सिर्जना गरेको छ । त्यसको अतिरिक्त नेपालजस्तो सानो र आर्थिकरुपले कमजोर रहेको मुलुकमा ६०१ सदस्यीय संविधानसभा भड्किलो र खर्चिलो भएको देखिन्छ । तसर्थ व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने प्रत्यक्ष निर्वाचनतर्फ देशको जनसंख्या आर्थिक अवस्था जनजातिको संख्याको आधारमा १०० देखि १३० सम्मको र समानुपातिकतर्फ त्यत्तिकै संख्याको अर्थात ५० % प्रत्यक्ष र ५०% समानुपातिक प्रतिनिधित्वको व्यवस्था मिलाउनुपर्दछ ।

- राजनीतिक दलहरुमा शक्ति, पद, सम्पत्ति र प्रतिष्ठाको होड रहेको अवस्थामा पहिलो हुने निर्वाचित हुने प्रणालीलाई निष्पक्ष बनाउन सकिएन भने हाम्रो निर्वाचन प्रणाली तथा यस निर्वाचन प्रणालीका माध्यमद्वारा निर्वाचित हुने सदस्यहरुको राजनीतिक उपादेयता समाप्त हुने देखिन्छ । तसर्थ निर्वाचन प्रणालीमा अंक गणितीय जोड घटाउभन्दा व्यक्तिको तथा निर्वाचित हुने उम्मेदवारको सामाजिक, राजनीतिक आधार बढी महत्वपूर्ण हुने र त्यसलाई मापनको आधार बनाउनुपर्ने देखिन्छ ।
- निर्वाचन प्रणालीलाई बढी पारदर्शी, लोकतान्त्रिक बनाउनका लागि परिवर्तित विश्व व्यवस्थामा अपनाइएको Electronic Voting Machine (EVM) लाई सम्पूर्ण निर्वाचन क्षेत्रहरुमा प्रयोगमा ल्याउनुपर्ने तथा मतदाताहरुलाई दलप्रतिको अस्वीकृत जनाउनका लागि No Vote right प्रदान गरिनुपर्ने सम्मानित सर्वोच्च अदालतको फैसलालाई अबको निर्वाचनमा प्रणालीले अंगिकार गर्नुपर्ने देखिन्छ । दोश्रो संविधानसभाको निर्वाचनलाई बहिष्कार गरेको मोहन वैद्य नेतृत्वको नेकपा-माओवादीलगायतका ३३ दलीय गठबन्धनले समेत वर्तमान निर्वाचन गरेको तथा उक्त समूह संविधानसभामा समावेश नभएको वर्तमान अवस्थामा अबको संविधानसभाले संविधान दिने र उक्त संविधान जारी भएपछि सो संविधान आलोचनामुक्त रहने अनुमान कम गर्न सकिन्छ । तसर्थ संविधानलाई सम्पूर्ण जनताको अपनत्व महसुस हुने साझा सहमतिको दस्तावेज बनाउन तथा

दलीय आचरणलाई प्रजातान्त्रिक बनाउनका लागि निर्वाचन प्रणालीद्वारा निर्वाचित दलहरुलाई नियन्त्रण गर्नु आवश्यक छ ।

- २०६४ को निर्वाचनको तुलनामा २०७० मा भएको संविधानसभाको निर्वाचनमा नेपालको वास्तविक जनसंख्याको अनुपातमा मतदाता नामावलीमा अत्याधिक कममात्र समावेश भएकोले निर्वाचन बहिष्कारको प्रभाव परेको देखिन्छ । निर्वाचनमा खसेको मतको प्रतिशतलाई विश्लेषण गरी उत्साहजनक सहभागिता रह्यो भनी विवेचना गर्नुभन्दा मताधिकार हुन योग्यता पुगेका कति संख्याका वालिगहरुले निर्वाचन बहिष्कार गरेका थिए । र, कति सहभागी भए भन्ने तथ्यपरक आँकडा निकालिएको पाइँदैन । लोकतान्त्रिक व्यवस्थामा नागरिकहरुको पूर्णसहभागिता बेगरको निर्वाचनले लोकतन्त्रलाई संस्थागत गर्न नसक्ने हुँदा निर्वाचन अगावै कुनै पनि नागरिकले निर्वाचन बहिष्कार नगर्ने पृष्ठभूमि तयार गरी राष्ट्रिय र ऐतिहासिक पर्व एवं अवसरको रुपमा निर्वाचनलाई प्रयोग गर्नेतर्फ उपयुक्त वातावरण बनाउनुपर्ने देखिन्छ ।
- निर्वाचन आयोग र सरकारले २०६४ को निर्वाचनको तुलनामा २०७० मा भएको निर्वाचनमा मत बदर प्रतिशत कम भएको तथ्यांक सार्वजनिक गरे तापनि २०५६ मा भएका आमनिर्वाचनमा भएको बदर मत प्रतिशत २.५ भन्दा बढी देखिन्छ र बदर भएका अधिकांश मतपत्रमा मतदाताले छाप प्रयोग गर्नुको सट्टा औठा छाप प्रयोग गरेको, एक मतपत्रमा दुई वटा छाप लगाएको पाइन्छ । सो यथार्थबाट सरकार र निर्वाचन आयोगले मतदाता शिक्षा र प्रचार प्रसारका लागि गरेको राष्ट्रिय जनशक्ति र आर्थिक लगानीको प्रभाव रहेको पाइँदैन । तसर्थ मतदाता शिक्षा र चेतनासम्बन्धी कार्यक्रमलाई निरक्षर जनताको वास्तविक पहुँचसम्म पुऱ्याउने तर्फ उपयुक्त र प्रभावकारी पूर्वतयारी गर्नुपर्ने देखिन्छ ।
- संविधानसभा निर्वाचन २०६४ र २०७० मा समानुपातिक प्रणालीअन्तर्गत दलहरुबाट निर्वाचित हुने संविधानसभा सदस्यको चयन गर्दा दलका नेतृत्व तहले सम्बन्धित उम्मेदवारको शैक्षिक योग्यता, क्षमता, दक्षता भन्दा आफ्नो नातावाद कृपावाद र दलले उठाउन सक्ने उच्चतम आर्थिक लाभलाई आधार बनाइ प्रतिनिधि चयन गरेको पाइन्छ । जसले गर्दा सक्षम योग्य र समावेशी प्रतिनिधित्वको अभाव र दलीय अतिवादको आभास हुने हुँदा प्रतिनिधि छनौट ती आधारभन्दा माथि उठेर उपयुक्त र पारदर्शी प्रणाली अवलम्बन गर्नुपर्ने देखिन्छ ।

- लोकतन्त्रको मूलमान्यता भनेको जनताबाट निर्वाचित प्रतिनिधिले जनताको हितमा शासन गर्ने मान्यतासँग अन्तरसम्बन्धित रहन्छ । तथापि वालिग मताधिकारबाट प्रतिनिधित्व हुन नसकेका व्यक्तिहरु पनि संविधानसभाका सदस्य हुन सक्ने गरी संविधानको धारा ६३ मा जुन संशोधन गरियो त्यसले लोकतन्त्रको मूल्य मान्यतामाथि प्रहार गरेको छ भने निर्वाचनको लागि जनतासमक्ष प्रस्तुत हुनुपर्ने र जनताबाट अनुमोदित हुनुपर्ने निर्वाचनको सार्वभौम एवं निर्वाचनको औचित्य माथि समेत गम्भीर प्रश्न उठेको छ । तसर्थ जनताबाट निर्वाचित प्रतिनिधिबाहेकका अन्य व्यक्ति किमार्थ व्यवस्थापिकामा प्रवेश पाउने व्यवस्था गरिनु हुँदैन । साथै संविधान मूल दस्तावेज हुँदा यसलाई पटक पटक संशोधन गर्न नसकिने गरी संशोधनको लागि कठोर व्यवस्था गरिनु आवश्यक छ ।

# सन्दर्भ सूची

आचार्य, भीमार्जुन (२०६३), *संविधान सभा प्रक्रिया र अनुभवहरु,* काठमाडौंः राष्ट्रिय शान्ति अभियान

*एडभान्स लर्नर्स डिक्सनरी* (सन् २००२), अक्सफोर्ड युनिभर्सिटी प्रेस

कार्की, ज्ञानबहादुर (२०६०), नेपालको राजनीतिमा संविधान सभा एक विवेचना, *जर्नल अफ पोलिटिकल साइन्स,* भोलुम छैटौ, राजनीति शास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा

कुँवर, लालबहादुर (२००५) "समावेशी लोकतन्त्र, औचित्य र सान्दर्भिकता", *जर्नल अफ पोलिटिकल साइन्स,* भोलुम छैटौ, राजनीति शास्त्र विभाग, पोखरा

केसी, हरिसिंह र ढकाल जीवनाथ (२०६४), *ऐतिहासिक संविधान सभा निर्वाचन,* काठमाडौं : शिरा नेपाल

गुरुङ, जूनाकुमारी (२०६४), *समावेशी लोकतन्त्र,* काठमाडौं : संवैधानिक कानुन व्यवसायी मञ्च

ठाकुर, अरुणकुमार (२०६४), *समावेशी प्रजातन्त्र, संवैधानिक सवालमा रचनात्मक छलफल,* काठमाडौ : संवैधानिक कानुन व्यवसायी मञ्च

दाहाल, कपिलमणि (२००४), "नेपालमा राजनीतिक संकट र समाधानको उपायहरु", *जर्नल अफ पोलिटिकल साइन्स,* भोलुम सातौ, राजनीति शास्त्र विभाग, पृ.ना.क्याम्पस, पोखरा

दाहाल, कपिलमणि (२००६), "समावेशी संविधानको निर्माण लोकतान्त्रिक प्रक्रिया" : *जनरल अफ पोलिटिकल साइन्स,* भोलुम नवा ।

दाहाल, काशीराज (२०६४), *संविधान निर्माण प्रक्रियामा नागरिकहरुको सहभागिता र भूमिका,* काठमाण्डौं : संवैधानिक कानुन व्यवसायी मञ्च

देवकोटा, अधिवक्ता खिमलाल (२०६४), *संविधान सभा र राज्यको पुनर्संरचना,* काठमाडौः पैरवी प्रकाशन,

देवकोटा, केशवराज (२०६३), *संविधानसभा र लोकतान्त्रिक गणतन्त्र,* काठमाडौं : जनप्रगतिशील प्रकाशन

*नेपालको अन्तरिम संविधान* (२०६३), काठमाडौं : कानुन किताब व्यवस्था समिति, नेपाल

पोखेल, हरिराज (२०६०), *नेपालमा संकटकाल पछिको राजनीतिक अवस्था एक अध्ययन,* अप्रकाशित शोधपत्र

पौडेल, अग्नीधर (२००६), संक्रमणकालीन नेपाल निर्णायक राजनीतिक मोडमा, *जर्नल अफ पोलिटिकल साइन्स,* भोलुम नवौ, राजनीति शास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा

फुयाँल, राजेन्द्र (२०७०), *संविधान सभा निर्वाचनदेखि अवसानसम्म,* काठमाडौ : साँग्रिला पुस्तक प्रा.लि.

बराल, उमानाथ (२०६०), नेपालमा निर्वाचनसम्बन्धी व्यवस्था, *जनप्राज्ञमञ्च,* जनप्रिय क्याम्पस

बराल, उमानाथ (२०६०), नेपालको राजनीतिक द्वन्द्व र यसको व्यवस्थापन, *जर्नल अफ पोलिटिकल साइन्स भोलुम पांच,* राजनीति शास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा

बराल, उमानाथ (२००६), जनआन्दोलन २ को सन्देश : संविधान सभा, समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचना, *जर्नल अफ पोलिटिकल साइन्स भोलम छैटौं*

भण्डारी, डा. बुद्धिप्रसाद (२०६३), *संविधानसभाको औचित्य,* काठमाडौ : एशिया पब्लिकेशन प्रा.लि.

भण्डारी, डा. बुद्धिप्रसाद (२०६४), *संविधानसभा, लोकतन्त्र, समावेशीकरण र संघीय राज्य प्रणाली,* काठमाडौ : पैरवी प्रकाशन

भुषाल, विष्णुप्रसाद तथा महर्जन, बसन्तलाल (२०६३) *संविधानसभाको सिद्धान्त र व्यवहार,* काठमाडौ

भुर्तेल, भरत (२०६७), *टाकुरामा एक्लो मान्छे,* काठमाडौ : जगदम्बा प्रकाशन

*मानव अधिकारको दृष्टिमा संविधान सभा निर्वाचन अनुगमन प्रतिवेदन (२०६५),* राष्ट्रिय मानवअधिकार आयोग

मास्के, महेश र चापागाई, निनु (२०६०), *संविधान सभा सम्भावना र चुनौती,* काठमाडौ : बौद्धिक एक्यबद्धता समूह

रेग्मी, अधिवक्ता कुमार (२०६४), *संविधान निमाण प्रक्रियामा नागरिकहरुको सहभागिता र भूमिका,* काठमाडौ : संवैधानिक कानुन व्यवसायी मञ्च

रेग्मी, पदमशरण (२००६), नेपालमा राजनीतिक अस्थिरता र यसबाट उत्पन्न चुनौतीहरु, *जर्नल अफ पोलिटिकल साइन्स,* भोलुम सातौ, राजनीति शास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस

रेग्मी, पदमशरण (सन् १९९९), नेपालमा आमनिर्वाचन र संसदीय संरचना, *जर्नल अफ पोलिटिकल साइन्स,* भोलुम २, राजनीति शास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस

रेग्मी, गिरिशचन्द्र (२०५६), *नेपाल र भारतको संविधान र सरकार,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार प्रकाशन

लुइँटेल, पुष्प (२०६७), *नेपाली जनआन्दोलनका ६ दशक,* काठमाडौ : अनुष्का प्रकाशन प्रा.लि.

लुइटेल, सोम (२०६३), *संविधानसभा,* काठमाडौं : मानवअधिकारका लागि जनमञ्च

*विस्तृत शान्ति सम्झौता* (२०६३), नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

विश्वकर्मा, बिर्षलाल (२०६४), *समावेशी प्रजातन्त्र,* काठमाडौ : संवैधानिक कानुन व्यवसायी मञ्च

शिवाकोटी, प्रा.डा. गोपाल (२०६७), *राजनीतिक शब्दकोष,* काठमाडौ : पैरवी प्रकाशन

शुभेच्छु, गोपाल (२०६५), *यसरी आयो नेपालमा गणतन्त्र,* काठमाडौ : युगान्तर प्रकाशन प्रा.लि.

सुवेदी, गिरधारी (२००६), संविधान सभा राज्यको पुनर्संरचना औचित्य र आवश्यकता, *जर्नल अफ पोलिटिक्स साइन्स भोलुम नवौं,* राजनीतिक शास्त्र विभाग पृथ्वीनारायण क्याम्पस

सेन, सुव (२०६४), *गिरिजाशासन,* काठमाडौ : उपहार पुस्तक भण्डार

ज्ञवाली, अधिवक्ता चन्द्रकान्त (२०६४), *संघीय शासन प्रणाली र राज्यको पुनर्संरचना,* काठमाडौ : अमिता ज्ञवाली र जनसेवा प्रिन्टर्स प्रा.लि.

ज्ञवाली, अधिवक्ता चन्द्रकान्त (२०६४), *विश्वको सन्दर्भमा विभिन्न निर्वाचन प्रणाली र नेपालमा यसको अभ्यास,* काठमाण्डौं : संवैधानिक कानुन व्यवसायी मञ्च

अधिवक्ता चन्द्रकान्त (२०६४), *संविधान निमार्ण प्रकियामा नागरिकको सहभागिता,* काठमाडौंः संवैधानिक कानुन व्यवसायी मञ्च ।

**पत्रपत्रिकाहरु**

*कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका, २ असोज, २*

*कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका, १७ जेठ, २०६९*

*नेपाल, राष्ट्रिय साप्ताहिक, वर्ष १४, अङ्क ४*

*हिमाल खबरपत्रिका, पाक्षिक, वर्ष २२, अङ्क ७, पूर्णाङ्क ३१४*

*हिमाल खबरपत्रिका, पाक्षिक, वर्ष २२, अङ्क ११, पूर्णाङ्क ३१८*

*हिमाल खबरपत्रिका, पाक्षिक, वर्ष २२, अङ्क १२, पूर्णाङ्क ३१९*

*हिमाल खबरपत्रिका, पाक्षिक, वर्ष २२, अङ्क १५, पूर्णाङ्क ३२२*

*हिमाल खबरपत्रिका, पाक्षिक, वर्ष २२, अङ्क २२, पूर्णाङ्क ३२६*

*हिमाल खबरपत्रिका, साप्ताहिक, वर्ष २२, अङ्क २१, पूर्णाङ्क ३२८*

*हिमाल खबरपत्रिका, पाक्षिक, वर्ष २२, अङ्क २२, पूर्णाङ्क ३२४*

*हिमाल खबरपत्रिका, साप्ताहिक, वर्ष २२, अङ्क २४, पूर्णाङ्क ३३१*

*हिमाल खबरपत्रिका, साप्ताहिक, वर्ष २२, अङ्क २२, पूर्णाङ्क ३२९*

# अनुसूची १

## २०६४ सालको संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ (पहिलो हुने विजयी हुने) प्रणालीअन्तर्गत निर्वाचित दलीय जातीगत विवरण

| १. ने.क.पा. माओवादी जम्मा सिट संख्या १२० | | | | |
|---|---|---|---|---|
| क.सं. | खस आर्य (अन्य) | मधेशी जनजाति/मधेशी जनजाति | मधेशी | दलित/मधेशी दलित |
| १ | धर्मप्रसाद घिमिरे | पूर्णप्रसाद राजवंशी | रामदेवीकुमारी यादव | गोपीबहादुर सार्की अछामी |
| २ | गौरीशंकर खड्का | विश्वदीप लिङदेन लिम्बु | प्रभु साह तेली | महेन्द्र पासवान |
| ३ | धर्मशिला चापागाई | पूर्णप्रसाद राई | देवेन्द्रप्रसाद पटेल | तेजबहादुर मिजार |
| ४ | हेमराज भण्डारी | पदमबहादुर राई | शिवचन्द्रप्रसाद कुसवाह | दुर्गाकुमारी विक |
| ५ | सावित्रीकुमार काफ्ले | सुदन राई | चिनक कुर्मी | खड्गबहादुर विश्वकर्मा |
| ६ | समिता कार्की | हरिराज लिम्बु | घनश्याम यादव अहिर | तिलक परियार |
| ७ | बालकृष्ण ढुंगेल | लालबहादुर सुसलिङ मगर | | |
| ८ | मोहनबहादुर खत्री | नगेन्द्रबहादुर धिमाल | | |
| ९ | देवी खड्का | किरणकुमार राई | | |
| १० | चन्द्रप्रसाद गजुरेल | गोपाल किराँती | | |
| ११ | नीरकुमारी कुँवर | रामकुमार राई | | |
| १२ | पुष्पविक्रम मल्ल | केशव राई | | |
| १३ | कल्पना धमला | मणि खुम्बु किराँती | | |
| १४ | शालिकराम जमरकट्टेल | हेमबहादुर श्रेष्ठ | | |
| १५ | बिमला सुवेदी | तारानारायण श्रेष्ठ | | |
| १६ | पोष्टबहादुर बोगटी | डिल्लीमान तामाङ | | |
| १७ | झक्कुप्रसाद सुवेदी | प्रेमबहादुर तामाङ | | |
| १८ | हिसिला यमी भट्टराई | हितमान शाक्य | | |
| १९ | पुष्पकमल दाहाल काठमाडौं-१० | वर्षामान पुन | | |
| २० | पम्फा भुषाल | राजकाजी महर्जन | | |
| २१ | अग्नीप्रसाद सापकोटा | सूर्यमान दोङ तामाङ | | |
| २२ | प्रल्हाद लामिछाने | अक्कलबहादुर थिङ | | |
| २३ | जयराम दाहाल | राजेन्द्रकुमार श्रेष्ठ | | |
| २४ | नारायणप्रसाद दाहाल | दावा तामाङ | | |
| २५ | बाबुराम भट्टराई | दिलबहादुर घिसिङ | | |
| २६ | सुदर्शन बराल | प्रेमबहादुर पुलामी | | |
| २७ | टोपबहादुर रायमाझी | कुमारी मुक्तान | | |

| | | | | |
|---|---|---|---|---|
| २८ | सीतादेवी पौडेल | रामबहादुर थापा | | |
| २९ | गोविन्द पौडेल | चित्रबहादुर श्रेष्ठ | | |
| ३० | गुणाखर बस्याल | पार्वती थापा श्रेष्ठ | | |
| ३१ | चुनकुमारी रोका वली | अमरबहादुर गुरुङ | | |
| ३२ | जनार्दन शर्मा | देवप्रसाद गुरुङ मनाङ-१ | | |
| ३३ | पुष्पकमल दाहाल रोल्पा-२ | बुद्धिराम गुरुङ | | |
| ३४ | नारायणप्रसाद अधिकारी | देवप्रसाद गुरुङ कास्की-१ | | |
| ३५ | दीपकबहादुर केसी | राजकाजी गुरुङ | | |
| ३६ | टेकबहादुर बस्नेत | सुरेश आलेमगर | | |
| ३७ | उमाकान्त शर्मा | चन्द्रबहादुर थापा | | |
| ३८ | दामाकुमारी शर्मा | लीलाकुमारी बगाले सोमई | | |
| ३९ | कृष्णबहादुर महरा | जयपुरी घर्ती | | |
| ४० | शिवराज गौतम | इन्द्रजीत थारु | | |
| ४१ | सुष्मा शर्मा घिमिरे | नवराज धामी | | |
| ४२ | रामबहादुर बोहोरा | विष्णुप्रसाद चौधरी थारु | | |
| ४३ | नरेश भण्डारी | सन्तकुमार थारु | | |
| ४४ | कर्णजीत बुढाथोकी | रामचरण चौधरी | | |
| ४५ | कालीबहादुर मल्ल | रुपा सोसी चौधरी | | |
| ४६ | भक्तबहादुर शाह | वीरमान चौधरी | | |
| ४७ | नरबहादुर बिष्ट | कृष्णकुमार चौधरी | | |
| ४८ | पूर्णकुमारी सुवेदी | पुरन राना थारु | | |
| ४९ | सरला रेग्मी | देवीराज चौधरी | | |
| ५० | शरदसिह भण्डारी | | | |
| ५१ | शंकरबहादुर खड्का | | | |
| ५२ | खेमबहादुर बम | | | |
| ५३ | भगतबहादुर बडुवाल | | | |
| ५४ | लेखराज भट्ट | | | |
| ५५ | लीलाकुमारी भण्डारी | | | |
| ५६ | लक्ष्मणदत्त जोशी | | | |
| ५७ | नरेन्द्रबहादुर कुँवर | | | |
| ५८ | रेनुचन्द भट्ट | | | |
| ५९ | टेकेन्द्रप्रसाद भट्ट | | | |
| जम्मा | ५९ | ४९ | ६ | ६ |

**२. ने.क.पा. एमाले जम्मा सिट संख्या ३३**

| **क.सं.** | **खस आर्य/अन्य** | **जनजाति/मधेशी जनजाति** | **मधेशी अन्य** | **दलित** |
|---|---|---|---|---|
| १ | झलनाथ खनाल | डम्बरध्वज तुम्वाहाम्फे | रामचन्द्र झा | |
| २ | दीपक कार्की | डम्बरसिं साम्वाहाम्फे | शत्रुधन महतो | |

| | | | | |
|---|---|---|---|---|
| ३ | डम्बरबहादुर खड्का | सुभासचन्द्र नेम्वाङ | मोहम्मद रिजवान | |
| ४ | धर्मराज निरौला | प्रकाश पाख्रिन | | |
| ५ | भीमप्रसाद आचार्य | लालमणि चौधरी | | |
| ६ | विषमलाल अधिकारी | पृथ्वीसुब्बा गुरुङ | | |
| ७ | कृष्णप्रसाद सापकोटा | किरण गुरुङ | | |
| ८ | पद्मुम्नप्रसाद चौहान | हितकाजी गुरुङ | | |
| ९ | रवीन्द्रप्रसाद अधिकारी | दलबहादुर राना | | |
| १० | प्रदीपकुमार ज्ञवाली | चन्द्रबहादुर गुरुङ | | |
| ११ | कुलप्रसाद नेपाल | राजबहादुर बुढा | | |
| १२ | विष्णुप्रसाद पौडेल | | | |
| १३ | रामनाथ ढकाल | | | |
| १४ | रामजीप्रसाद शर्मा | | | |
| १५ | कमला शर्मा | | | |
| १६ | यमलाल कँडेल | | | |
| १७ | शेरबहादुर कुँवर | | | |
| १८ | भानुभक्त जोशी | | | |
| १९ | हर्कबहादुर सिं | | | |
| जम्मा | १९ | ११ | ३ | |
| **३. नेपाली काँग्रेस जम्मा सिट संख्या ३७** | | | | |
| **क.सं.** | **अन्य/खस आर्य** | **जनजाति/मधेशी जनजाति** | **मधेशी** | **दलित** |
| १ | पूर्णाकुमारी शर्मा | सूर्यमान गुरुङ | रामकृष्ण यादव | |
| २ | केशवकुमार बुढाथोकी | कुलबहादुर गुरुङ | बिमलेन्द्र निधि | |
| ३ | आमोदप्रसाद उपाध्याय | तुलसी सुब्बा | रामवरण यादव | |
| ४ | नारायण खड्का | प्रकाशमानसिं श्रेष्ठ | कृष्णप्रसाद यादव | |
| ५ | रामशरण महत | ध्यानगोविन्द रञ्जित | अजयकुमार दिवेदी | |
| ६ | चक्रबहादुर ठकुरी | गोपालमान श्रेष्ठ | अजयकुमार चौरासिया | |
| ७ | सुप्रभा घिमिरे | नरबहादुर पुन | अफ्ताव आलम | |
| ८ | नरहरि आचार्य | उमाकान्त चौधरी | | |
| ९ | नवीन्द्रराज जोशी | | | |
| १० | रमेश रिजाल | | | |
| ११ | रामचन्द्र पौडेल | | | |
| १२ | मोहनप्रसाद पाण्डे | | | |
| १३ | पुष्पा भुषाल | | | |
| १४ | सशांक कोइराला | | | |
| १५ | महेन्द्रध्वज जिसी | | | |
| १६ | बालकृष्ण खाँड | | | |
| १७ | दीपकुमार उपाध्याय लामिछाने | | | |

| | | | | |
|---|---|---|---|---|
| १८ | अर्जुनप्रसाद जोशी | | | |
| १९ | गणेशबहादुर खड्का | | | |
| २० | देवराज जोशी | | | |
| २१ | शेरबहादुर देउवा डडेलधुरा-१ | | | |
| २२ | शेरबहादुर देउवा कञ्चनपुर-१ | | | |
| जम्मा | २२ | ८ | ७ | |

**४. मधेशी जनअधिकार फोरम जम्मा सिट संख्या ३०**

| **क्र.सं.** | **खस आर्य** | **मधेशी जनजाति** | **मधेशी अन्य** | **दलित/मधेशी दलित** |
|---|---|---|---|---|
| १ | शरदसिं भण्डारी | भीमराज चौधरी राजवंशी | रामानन्द मण्डल | |
| २ | सर्वदेव प्रसाद ओझा | विजयकुमार गच्छदार सुनसरी-३ | उपेन्द्र यादव मोरङ-५ | |
| ३ | | विजयकुमार गच्छदार मोरङ-७ | मुगालाल महतो | |
| ४ | | | उपेन्द्र यादव सुनसरी-५ | |
| ५ | | | हेमराज तातेड | |
| ६ | | | जयप्रकाश प्रसाद गुप्ता | |
| ७ | | | रेणुकुमारी यादव | |
| ८ | | | मृगेन्द्रकुमारसिं यादव | |
| ९ | | | लक्ष्मण महतो | |
| १० | | | राजलाल यादव | |
| ११ | | | विजयकुमार यादव | |
| १२ | | | शत्रुधनप्रसाद सिं कोइरी | |
| १३ | | | राजकिशोर यादव | |
| १४ | | | सञ्जयकुमार शाह | |
| १५ | | | हरिनारायण यादव | |
| १६ | | | कौशलकुमार राय यादव | |
| १७ | | | शिवपुजन राय यादव | |
| १८ | | | प्रमोदप्रसाद गुप्ता | |
| १९ | | | करिमा बेगम | |
| २० | | | रामवचन अहिर यादव | |
| २१ | | | ओमप्रकाश यादव | |
| २२ | | | मोहम्मद वकिल मुसलमान | |
| २३ | | | अभिषेकप्रताप शाह | |
| २४ | | | मोहम्मद इस्तियाक राई | |
| २५ | | | भीमराज चौधरी राजवंशी | |
| जम्मा | २ | ३ | २५ | |

| ५. सद्भावना पार्टी जम्मा सिट संख्या ४ | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **खस आर्य** | **जनजाति** | **मधेशी** | **दलित** |
| १ | | | महेशप्रसाद यादव | |
| २ | | | राजेन्द्र महतो | |
| ३ | | | खोभारी राय | |
| ४ | | | सरोजकुमार यादव | |
| जम्मा | | | ४ | |
| **६. जनमोर्चा नेपाल जम्मा सिट संख्या २** | | | | |
| **क.सं.** | **खस आर्य/अन्य** | **जनजाति** | **मधेशी** | **दलित** |
| १ | गिरिराजमणि पोखरेल | अमिक शेरचन | | |
| जम्मा | १ | १ | | |
| **७. राष्ट्रिय जनमोर्चा नेपाल जम्मा सिट संख्या १** | | | | |
| क.सं. | खसआर्य | | | |
| १ | चित्रबहादुर केसी | | | |
| जम्मा | १ | | | |
| **८. तराई मधेश लोकतान्त्रिक पार्टी जम्मा सिट संख्या ९** | | | | |
| **क.सं.** | **आर्य खस/अन्य** | **जनजाति** | **मधेशी** | **दलित** |
| १ | गणेश तिवारी नेपाल | गोविन्द चौधरी | सुमित्रादेवी राय यादव | जितेन्द्रप्रसाद सोनार |
| २ | रामकुमार शर्मा | | हृदयेश त्रिपाठी | |
| ३ | | | दानबहादुर कुर्मी | |
| ४ | | | वृजेशकुमार गुप्ता | |
| ५ | | | इश्वर दयाल मिश्र | |
| जम्मा | २ | १ | ५ | १ |
| **९. नेपाल मजदुर किसान पार्टी जम्मा सिट संख्या २** | | | | |
| **क.सं.** | **आर्य खस/अन्य** | **जनजाति** | **मधेशी** | **दलित** |
| १ | | सुनिल प्रजापति | | |
| २ | | नारायणमान बिजुक्छे | | |
| जम्मा | | २ | | |
| **१०. स्वतन्त्र जम्मा सिट संख्या २** | | | | |
| **क.सं.** | **खस आर्य** | **जनजाति** | **मधेशी** | **दलित** |
| १ | | | ववन सिं | |
| २ | | | सदुरल मिया हक | |
| जम्मा | | | २ | |

*श्रोत :निर्वाचन आयोग*

# अनुसूचि २

## संविधानसभा निर्वाचन २०६४ मा समानुपातिक प्रणालीतर्फ निर्वाचित जातिगत विवरण

| **१. ने.क.पा. माओवादी, जम्मा सिट संख्या १००** | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **खस आर्य (अन्य)** | **मधेशी जनजाति/जनजाति** | **मधेशी** | **मधेशी दलित/दलित** |
| १ | रेणु दाहाल | लीलादेवी मेहता | जुब्बा सोरेन | बिमला मिजार |
| २ | यशोदा गुरुङ सुवेदी | लक्ष्मीकुमारी चौधरी | ललिताकुमारी साह | रुपा विक |
| ३ | खुमा सुवेदी | सुकदैया चौधरी (थारु) | सुनिताकुमारी महतो | सन्तोषी वि.क. |
| ४ | गीता ठगुन्ना | ध्रुव आङदाम्वे | प्रमिलादेवी यादव | पार्वती रसाइली |
| ५ | रेणुका चौलागाई | सन्तोष थारु | बुधनीदेवी महतो | हिमकुमारी सुनार |
| ६ | गंगा पराजुली | पट्ट थारु | ज्वालाकुमारी साह | हरिराम सिपाइली |
| ७ | शान्ता न्यौपाने | भीष्म धिमाल | इन्द्रमति यादव | पदमलाल विश्वकर्मा |
| ८ | उमा कार्की विष्ट | सुन्दरा थारु | शान्तिदेवी राजवंशी | मंगल वि.क. विनो |
| ९ | पूजा खनाल | संघप्रसाद थारु | हलिना खातुन सोखिन | दुर्गादेवी पासवान |
| १० | बिमला के.सी. | अमृता थापामगर | चन्द्रा देवी | विनोद पहाडी |
| ११ | शारदा घिमिरे | तारा घर्तीमगर | सिद्धार्थ सोमनी | बाबुलाल पासवान |
| १२ | कल्पनादेवी सुवेदी | ओनसरी घर्तीमगर | जगतप्रसाद यादव | धर्मराज वि.क. |
| १३ | भरतकुमारी शर्मा रेग्मी | कमला रोक्का | मातृकाप्रसाद यादव | परशुराम रम्तेल |
| १४ | गोमा पाठक | सन्तमाया तामाङ | शिवराम यादव | |
| १५ | मोहन वैद्य | इन्द्रावती अधिकारी (दनुवार) | अभिलाल (झागड) | |
| १६ | नन्दकुमार प्रसाई | सावित्रा गुरुङ दुरा | भरतप्रसाद साह | |
| १७ | नारायणप्रसाद पौडेल | लक्ष्मी गुरुङ | इस्लाममिया धोवी | |
| १८ | मोहम्मद सफिक मियाँ | सुशीला कन्दङवा | तुलबहादुर माझी | |
| १९ | श्रीराम ढकाल | आङदावा शेर्पा | | |
| २० | अशोककुमार रोक्का क्षेत्री | माया चेपाङ | | |
| २१ | मायाप्रसाद शर्मा | उमा भुजेल | | |
| २२ | दिननाथ शर्मा | माहालक्ष्मी श्रेष्ठ | | |
| २३ | सूर्यबहादुर सेन | उमा गोठे कपाली | | |
| २४ | जोखबहादुर महरा | गमबहादुर श्रीसमगर | | |
| २५ | केशवप्रसाद नेपाल | लोकेन्द्र विष्ट मगर | | |
| २६ | एकराज भण्डारी | पूर्णबहादुर राना | | |
| २७ | खिमलाल देवकोटा | रामबहादुर थापामगर | | |
| २८ | सत्य पहाडी | खुशीराम पाख्रिन | | |
| २९ | धिरेन्द्रकुमारी उपाध्याय | वीरबहादुर तामाङ | | |

| | | | | |
|---|---|---|---|---|
| ३० | ईश्वरीप्रसाद दाहाल | इन्द्रजीत राई | | |
| ३१ | | सन्चपाल मोदेन | | |
| ३२ | | चुनबहादुर थानी | | |
| ३३ | | वीरेन्द्र जुहारचन | | |
| ३४ | | दीलिप महर्जन | | |
| ३५ | | श्रामणेर आनन्द | | |
| ३६ | | सत्यलाल मुल | | |
| ३७ | | छिमी लामा | | |
| ३८ | | विष्णुकुमारी गुरुङ | | |
| ३९ | | ज्ञानेन्द्र कुमाल | | |
| जम्मा | ३० | ३९ | १८ | १३ |

**२. ने.क.पा. एमाले , जम्मा सिट संख्या ७३**

| **क.सं.** | **आर्य खस/अन्य** | **जनजाति/मधेशी जनजाति** | **मधेशी** | **दलित/मधेशी दलित** |
|---|---|---|---|---|
| १ | भीमबहादुर रावल | रणध्वज लिम्बु | लालबाबु पण्डित | छिविलाल विश्वकर्मा |
| २ | युवराज कार्की | चिरञ्जीवी राम थारु | अब्दुल कलाम | विष्णुमाया विश्वकर्मा |
| ३ | राधा ज्ञवाली | डोल्मा तामाङ | विनोदकुमार चौधरी | भैरे कामी |
| ४ | विष्णुप्रसाद रिमाल | धिरेन्द्रबहादुर श्रेष्ठ | गोपाल ठाकुर | दुर्गा परियार |
| ५ | सुरेन्द्र पाण्डे | दुर्गा लिंखा | हसिना मियारु | दलबहादुर सुनार |
| ६ | शंकर पोखरेल | गोविन्दराम प्रजा | जुलीकुमारी महतो | गोविन्द नेपाली |
| ७ | अग्नीप्रसाद खरेल | गोपालसिंह बोहरा | किरणकुमारी राय | पुरनसिह दयाल |
| ८ | विभाकुमारी कार्की | लहारक्याल लामा | नजिर मियाँ | रीमाकुमारी नेपाली |
| ९ | विना ज्ञवाली | मानसिंह राजवंशी | रामचन्द्र प्यासी कुसुवाह | रामरती राय |
| १० | विन्दा पाण्डे | मंगलसिद्धि मानन्धर | रामप्रित पासवान | |
| ११ | देवीलाल थापा | नारदमुनि राना | सरला यादव | |
| १२ | डोलबहादुर कार्की | रत्न गुरुङ | शारदा झा | |
| १३ | जया घिमिरे | रोशन गाहा थापा | शान्तिदेवी चमार | |
| १४ | नेत्रप्रसाद पन्थी | राजकुमार राई | शान्ता चौधरी | |
| १५ | नारायणदेवी घिमिरे अर्याल | सकुन्तला लेप्चा | उर्मिलादेवी शाह | |
| १६ | पदमाकुमारी अर्याल | लक्की शेर्पा | जोगीलाल यादव | |
| १७ | सीताकुमारी पौडेल | सोनाम छेजुङ लामा | | |
| १८ | सावित्रा भुषाल | शारदादेवी कुमाल | | |
| १९ | शान्ति बस्नेत अधिकारी | शान्तिमाया तामाङ | | |
| २० | विजयकुमार पौडेल | शान्ति जिरेल | | |
| २१ | यशोदादेवी अधिकारी | सपना प्रधान मल्ल | | |
| २२ | | थममाया थापामगर | | |
| २३ | | टाँसी स्याङ्वो गुरुङसेनी | | |
| २४ | | उषाकला राई | | |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | २१ | २४ | १६ | ९ |
| **३.नेपाली काँग्रेस, जम्मा सिट संख्या ७७** | | | | |
| **क्र.सं.** | **अन्य/खस आर्य** | **जनजाति/मधेशी जनजाति** | **मधेशी** | **दलित/मधेशी दलित** |
| १ | गिरिजाप्रसाद कोइराला | जीपछिरिङ लामा शेर्पा | शिवचन्द्र मिश्र | शम्भु हजारा दुसाहा |
| २ | बलदेव शर्मा मजगैया | इन्द्रबहादुर गुरुङ | रामसरोज यादव | खड्कबहादुर बस्याल सार्की |
| ३ | लक्ष्मणप्रसाद घिमिरे | जीवनप्रेम श्रेष्ठ | महेन्द्र यादव | महा नेपाली |
| ४ | प्रदीप गिरी | टीकाराम सुब्बा लेप्चा | दिवाकर गोल्छा | चन्द्रीराम टमटा |
| ५ | पूर्णबहादुर खड्का | अमृतलाल राजवंशी | रामेश्वरप्रसाद रौनियार | कविताकुमारी सरदार |
| ६ | मीनेन्द्रप्रसाद रिजाल | बोधनारायण सरदार | बादशाह कुर्मी | लक्ष्मी परियार |
| ७ | प्रकाशशरण महत | कुमार राई | मुन्नीकुमारी गुप्ता | कृष्णकुमारी परियार |
| ८ | रमेश लेखक | पासाङ शेर्पा | कृष्णा ठाकुर | बिमला नेपाली |
| ९ | पुरुषोत्तम बस्नेत | गोकर्ण राई | मिनाक्षी झा | कल्पना सोव |
| १० | शोभाकर पराजुली | तीर्थराम डंगोल | किरण यादव | |
| ११ | जगदीश्वर नरसिह केसी | रामकृष्ण चित्रकार | सावित्रीसिह | |
| १२ | गगन थापा | हर्षजीत लामा | मोहमद्धि सिद्धिकी | |
| १३ | उमा अधिकारी | धनराज गुरुङ | | |
| १४ | मीना  पाण्डे | मानबहादुर महतो | | |
| १५ | महालक्ष्मी अर्याल उपाध्याय | उषा गुरुङ | | |
| १६ | अम्बिका बस्नेत | भुटिनी देवी खवास | | |
| १७ | आरजु राणा देउवा | रामवती चौधरी | | |
| १८ | निर्मला प्रसाई | लीला सुब्बा | | |
| १९ | बिना पौडेल | सीता गुरुङ | | |
| २० | कल्याणी रिजाल | हिरा गुरुङ | | |
| २१ | रमा गुरागाई | प्रमिला राई | | |
| २२ | कमला थापा | सरस्वती चौधरी | | |
| २३ | दूधकुमारी हमाल | कृष्ण अमात्य | | |
| २४ | इश्वरी न्यौपाने | ललिता किङरिङ मगर | | |
| २५ | ओमप्रकाश शर्मा | सुनदेवी जोशी | | |
| २६ | | उर्मिला थापा | | |
| २७ | | रत्ना शेरचन | | |
| जम्मा | २५ | २७ | १२ | ९ |
| **४. मधेशी जनअधिकार फोरम, जम्मा सिट संख्या २२** | | | | |
| **क्र.सं.** | **आर्य खस/अन्य** | **जनजाति/मधेशी जनजाति** | **मधेशी** | **दलित** |
| १ | तिलकबहादुर रावल | रामजनम चौधरी | नन्दनकुमार दत्त | कलावती दुसाध |
| २ | | शिवनारायण उराव | आत्मरामप्रसाद साह | आशाकुमारी सरदार |
| ३ | | सरिताकुमारी साह | श्रवणकुमार अग्रवाल | सेवकी दास तत्मा |

| | | | | |
|---|---|---|---|---|
| ४ | | दुर्गादेवी महतो | मधुसुदन अग्रवाल | |
| ५ | | | रामसहायप्रसाद यादव | |
| ६ | | | चन्द्रिकाप्रसाद यादव | |
| ७ | | | विश्वनाथप्रसाद यादव | |
| ८ | | | रामचन्द्र राय अमात | |
| ९ | | | सन्ध्या देवी | |
| १० | | | निलम वर्मा | |
| ११ | | | ललिता शाह | |
| १२ | | | रम्भा देवी | |
| १३ | | | सल्माखातुन मिकरानी | |
| १४ | | | सवितादेवी यादव | |
| जम्मा | १ | ४ | १४ | ३ |
| **५. तराई मधेश लोकतान्त्रिक पार्टी, जम्मा सिट संख्या ११** | | | | |
| क.सं. | | | मधेशी | दलित |
| १ | | | महेन्द्रप्रसाद यादव | रमणी राम |
| २ | | | काशीदेवी झा | |
| ३ | | | अरविन्द साह | |
| ४ | | | कविन्द्रनाथ ठाकुर | |
| ५ | | | उर्मिला महतो कोइरी | |
| ६ | | | चन्दन साह | |
| ७ | | | बसन्ती झा | |
| ८ | | | बिमलकुमार केडिया | |
| ९ | | | जयप्रकाश यादव | |
| १० | | | सल्लाउद्धिन मुसलमान | |
| जम्मा | | | १० | १ |
| **६. राष्ट्रिय प्रजातन्त्र पार्टी , जम्मा सिट संख्या ८** | | | | |
| **क.सं.** | **आर्य खस/अन्य** | **जनजाति/मधेशी जनजाति** | **मधेशी** | **दलित/मधेशी दलित** |
| १ | लोकेन्द्रबहादुर चन्द | दालकुमारी सुनवार | अलाउद्धिन अन्सारी | बवितादेवी धोवी |
| २ | प्रतिभा राणा | चलनबहादुर तामाङ | | |
| ३ | सूर्यबहादुर केसी | नवोदिता चौधरी | | |
| जम्मा | ३ | ३ | १ | १ |
| **७. ने.क.पा. (मार्क्सवादी-लेनिनवादी) जम्मा सिट संख्या ८** | | | | |
| **क.सं.** | **खस आर्य/अन्य** | **जनजाति/मधेशी जनजाति** | **मधेशी** | **दलित** |
| १ | चन्द्रप्रकाश मैनाली | तिलकबहादुर थापामगर | यदुवंश झा मैथिल बाहुन | शारदा नेपाली |
| २ | निलम के.सी.खड्का | पार्वती महतो कुमाल | | |
| ३ | जनकुमारी चालिसे | दामोदर चौधरी | | |
| जम्मा | ३ | ३ | १ | १ |

| ८.जनमोर्चा नेपाल जम्मा सिट संख्या ५ | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **खस आर्य/अन्य** | **जनजाति** | **मधेशी** | **दलित** |
| १ | भीमप्रसाद गौतम | दुर्गाजयन्ती राई | रामकुमार यादव | |
| २ | सीता पोखरेल | | | |
| ३ | विश्वभक्त दुलाल | | | |
| जम्मा | ३ | १ | १ | १ |
| **९. नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) जम्मा सिट संख्या ५** | | | | |
| **क.सं.** | **अन्य** | **जनजाति** | **मधेशी** | **दलित** |
| १ | चन्द्रदेव जोशी | राघववीर जोशी | रामशिला ठाकुर | |
| | कल्पना राणा | | | |
| | सुनिलबाबु पन्त | | | |
| जम्मा | ३ | १ | १ | |
| **१०. सद्भावना पार्टी जम्मा सिट संख्या ५** | | | | |
| **क.सं.** | **खस आर्य/अन्य** | **जनजाति** | **मधेशी** | **दलित** |
| १ | | मालामती देवी राना | गौरी महतो कोइरी | |
| २ | | | रामनरेश राय | |
| ३ | | | अनिलकुमार झा | |
| ४ | | | लक्ष्मणलाल कर्ण | |
| जम्मा | | १ | ४ | |
| **११. राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल जम्मा सिट संख्या ४** | | | | |
| **क.सं.** | **अन्य** | **जनजाति** | **मधेशी** | **दलित** |
| १ | कुन्ती शाही | चन्द्रबहादुर गुरुङ | रामनारायण सिंह | |
| २ | | बविना मोक्तान तामाङ | | |
| जम्मा | १ | २ | १ | |
| **१२. राष्ट्रिय जनशक्ति पार्टी जम्मा सिट संख्या ३** | | | | |
| **क.सं.** | **खस आर्य** | **जनजाति** | | |
| १ | प्रकाशचन्द्र लोहनी | अर्जुन राई | | |
| २ | | फूलमति देवी चौधरी | | |
| जम्मा | १ | २ | | |
| **१३.राष्ट्रिय जनमोर्चा जम्मा सिट संख्या ३** | | | | |
| **क.सं.** | **खस आर्य** | **जनजाति** | **मधेशी** | **दलित** |
| १ | | | | सन्तबहादुर नेपाली |
| २ | | मीना पुन | | रश्मीराज नेपाली |
| जम्मा | | १ | | २ |
| **१४.नेपाल मजदुर किसान पार्टी जम्मा सिट संख्या २** | | | | |
| **क.सं.** | **खस आर्य** | **जनजाति** | **मधेशी** | **दलित** |
| १ | लीला न्याँनच्याई | नवराज कोइराला | | |

| १५.राष्ट्रिय जनमुक्ति पार्टी जम्मा सिट संख्या २ | | | | |
|---|---|---|---|---|
| क.सं. | खस आर्य | जनजाति | मधेशी | दलित |
| १ | मालवरसिह थापा | | | |
| २ | | छिमाया राई | | |
| जम्मा | १ | १ | | |
| १६.नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) जम्मा सिट संख्या २ | | | | |
| क.सं. | खस आर्य | जनजाति | मधेशी | दलित |
| १ | राधादेवी तिमिल्सेना | परि थापा | | |
| जम्मा | १ | १ | | |
| १७. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) जम्मा सिट संख्या २ | | | | |
| क.सं. | खस आर्य | जनजाति | मधेशी | दलित |
| १ | | | सरिता गिरी | |
| २ | | | मोतिलाल दुगड | |
| जम्मा | | | २ | |
| १८. नेपाली जनता दल जम्मा सिट संख्या २ | | | | |
| क.सं. | खस आर्य | जनजाति | मधेशी | दलित |
| १ | | | विश्वनाथप्रसाद अग्रवाल | |
| २ | | | गायत्री साह | |
| जम्मा | | | २ | |
| १९. संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च जम्मा सिट संख्या २ | | | | |
| क.सं. | खस आर्य | जनजाति | मधेशी | दलित |
| १ | | राजकुमार लिम्बु | | |
| २ | | रुकमिणी चौधरी | | |
| जम्मा | | २ | | |
| २०. दलित जनजाति पार्टी जम्मा सिट संख्या १ | | | | |
| क.सं. | खस आर्य | जनजाति | मधेशी | दलित |
